# सानीभेरी गाउँपालिका

## शैक्षिक स्मारिका
## २०७९




सानीभेरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
**शिक्षा, युवा तथा खेलकूद शाखा**
सिम्ली, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल




मुद्रण : हिमाली छापाखाना एण्ड फोटोकपी उद्योग मु.न.पा. १ रुकुम (पश्चिम) फोन ०८८-५३०२६९, ९८४७९५४१९९, ९८४७९५४०७१

# सानीभेरी गाउँपालिका
## Sanibheri Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
## Office of The Rural Municipal Executive
सिम्ली, रुकुम (पश्चिम)
Simli, Rukum (West)
कर्णाली प्रदेश, नेपाल
Karnali Province, Nepal

☎ सम्पर्क: ९८५७८२४२५३
Email:info@sanibherimun.gov.np
sanibherimun@gmail.com


प.सं. (Letter No.): २०७८/०७९
च.नं. (Ref. No.) :

मितिः २०७९।०३।१३



**विषयः शुभकामना।**

सानीभेरी गाउँपालिका शिक्षा,युवा तथा खेलकुद शाखा द्वारा शैक्षिक स्मारिका-२०७९ तेस्रो अंक प्रकाशन गर्न लागेकोमा असाध्यै खुसी लागेको छ।सानीभेरी गाउँपालिकाको सम्पूर्ण शैक्षिक गतिविधि समावेश गरेर प्रकाशन हुन लागेको यस स्मारिकाले सम्बन्धित सबै सरोकारवालाहरुलाई महत्वपूर्ण जानकारी प्रदान गर्नेछ भन्ने विश्वास मैले लिएको छ।

शिक्षा पाउनु आम जनताको नैसर्गिक अधिकार हो। शिक्षालाई सबै नागरिकको पहुँचमा ल्याउनु पर्दछ। सामाजिक विकास क्षेत्रको पहिलो प्राथमिकता शिक्षा नै भएको हुनाले सानीभेरी गाउँपालिकाले शिक्षा क्षेत्रलाई उच्च प्राथमिकतामा राखी आफ्नो बजेटको ठूलो हिस्सा शिक्षा क्षेत्रलाई छुट्याएको छ।शैक्षिक गुणस्तर हाँसिल गर्नका लागि विद्यालयमा सञ्चालन हुने शिक्षण सिकाइ क्रियाकलापलाई प्रभावकारी रुपमा सञ्चालन गर्नुपर्दछ।यसका साथै बदलिँदो समय, परिस्थिति र जनताको चाहना अनुसार शिक्षालाई सञ्चालन गरी जनताको जिवनस्तर उकास्नु जरुरी देखिन्छ।सानीभेरी गाउँपालिकाको सम्वृद्धिको लागि यहाँको शैक्षिक गुणस्तरलाई वृद्धि गर्नु नितान्त जरुरी छ।

सानीभेरी गाउँपालिकाले शिक्षा सम्बन्धि नीति निर्माण देखि लिएर यसको कार्यान्वयन सम्ममा सम्बन्धित सवै सरोकारवालाहरुको सहभागितामा विगत देखि नै सुनिश्चित गरिदैं आइएको छ। शिक्षा क्षेत्रको विकासको लागि अभिभावकहरुलाई सचेत बनाउनुका साथै समुदायलाई पनि प्रभावकारी रुपमा परिचालन गर्नुपर्दछ। यसरी शिक्षा सँग चासो राख्ने सम्बन्धित सरोकारवालाहरुलाई उपलब्धिमूलक सूचना तथा जानकारी दिने अभिप्रायले यो शैक्षिक स्मारिका प्रकाशन हुन लागेको छ। यो शैक्षिक स्मारिकाले समबन्धित सबै सरोकारवालाहरुलाई महत्वपूर्ण योगदान दिने छ भन्ने विश्वास मैले लिएको छु।अन्त्यमा शैक्षिक स्मारिका प्रकाशन गर्न लागेकोमा धेरै धेरै बधाइ तथा सफलताको शुभकामना दिंदै आगामी दिनहरुमा पनि यसले निरन्तरता पाउने छ भन्ने अपेक्षा तथा विश्वास गर्दछु।

धन्यवाद !

बिर्ख बहादुर विष्ट
अध्यक्ष

# सानीभेरी गाउँपालिका
Sanibheri Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
Office of The Rural Municipal Executive
सिम्ली, रुकुम (पश्चिम)
Simli, Rukum (West)
कर्णाली प्रदेश, नेपाल
Karnali Province, Nepal

☎ सम्पर्कः ९८५७८२४२५३
Email:info@sanibherimun.gov.np
sanibherimun@gmail.com


प.सं. :

च. नं. :



मितिः २०७९/०३/१३

**विषयः शुभकामना।**

सानीभेरी गाउँपालिका अन्तर्गतको शिक्षा, युवा तथा खेलकुद शाखा द्वारा विविध शैक्षिक गतिविधिहरु समेटिएको शैक्षिक स्मारिका, २०७९ प्रकाशन हुन लागेकोमा शुभकामना तथा आभार प्रकट गर्न चाहन्छु। सानीभेरी गाउँपालिकाको शैक्षिक उन्नयनका लागि शिक्षा, युवा तथा खेलकुद शाखाले उल्लेखनिय कार्यहरु गर्दै आएको छ। त्यसै गरी निकै मेहनतका साथ तयार पारेर प्रकाशन हुन लागेको यस स्मारिकाले यस गाउँपालिकाको शैक्षिक झलक सम्बन्धित सबैलाई दिनेछ भन्ने विश्वास मैले लिएको छु।

नेपालको संविधान २०७२ ले शिक्षालाई मौलिक अधिकारको रुपमा स्थापित गरेको छ। साथै सानीभेरी गाउँपालिकाले पनि शिक्षालाई पहिलो प्राथमिकता दिइ अगाडी बढेको छ। शिक्षा मानिसको नैसर्गिक आवश्यकता हो। शिक्षाको महत्वलाई बुझी विद्यालय बाहिर रहेका सबै बालबालिकालई शिक्षाको पहुँचमा ल्याउनु आवश्यक छ। आम जनसमुदायले पनि शिक्षाको महत्वलाई बुझि गाउँपालिकाले लिएको शिक्षाको लक्ष्य हाँसिल गर्नमा सहयोग पुर्याउन अनुरोध गर्दछु। साथै महिला, बालाबालिका, प्रौढ लगायत सबैलाई शिक्षा दिनमा शिक्षा शाखाले पनि महत्वपूर्ण भूमिका खेल्नेछ भन्ने विश्वास व्यक्त गर्न चाहन्छु।

शैक्षिक स्मारिका- २०७९ प्रकाशन गर्न लागेकोमा शिक्षा,युवा तथा खेलकुद शाखालाई धेरै धेरै धन्यबाद दिदैं आगामी दिनमा पनि यसको निरन्तरताको पनि कामना गर्दछु। साथै यसले हाम्रो गाउँपालिकाको शिक्षा क्षेत्रको विकासमा एउटा महत्वपूर्ण कोसे ढुङ्गाको काम गर्ने विश्वास पनि मैले लिएको छु।

धन्यबाद !

कमला रोका पुन
उपाध्यक्ष

सानीभेरी गाउँपालिका
Sanibheri Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of The Rural Municipal Executive
सिम्ली, रुकुम (पश्चिम)
Simli, Rukum (West)
कर्णाली प्रदेश, नेपाल
Karnali Province, Nepal
☎ सम्पर्क: ९८५७८२४२५३
Email:info@sanibherimun.gov.np
sanibherimun@gmail.com

प.सं. (Letter No.): २०७८/०७९
च.नं. (Ref. No.) :



मितिः २०७९।०३।१३

## विषयः शुभकामना।

नेपालमा संघीयता कार्यन्वयन संगै आधारभुत तह सम्मको शिक्षाको अधिकार स्थानीय तहलाई सुम्पिएको छ । माध्यमिक तहसम्मको गुणस्तर कायम राख्न सक्नु स्थानीय तहको जिम्मेवारी हो । मानव पूँजीको विकास विना अन्य विकासले गति लिन सक्दैन ।जीवनउपयोगी शिक्षा र सिपको माध्यमवाट स्थानीय रोजगारी र उत्पादन मार्फत पालिका भित्र रहेको अभाव, गरिवी, विपन्नता, संकटासन्नता र पछौटेपन अन्त्यका लागि कृषि उद्यममा आधारित प्राविधिक तथा व्यवसायिक शिक्षा तर्फ जोड दिने सानीभेरी गाउँपालिकाको दिगो सोच रहेको छ । "जग बलियो नभई घर बलियो हुदैन" भनेझै प्रारम्भिक वालविकास र आधारभुत तह (१-५) सम्मको शिक्षाको गुणस्तरमा विशेष ख्याल पुर्याउनु आवश्यक छ । यसमा शिक्षक, विद्यार्थी, अभिभावक, सरोकारवाला, शिक्षा युवा तथा खेलकुद शाखा र समग्रमा सानीभेरी गाउँपालिकाको पनि महत्वपुर्ण भुमिका निर्वाह गर्न आवश्यक रहेको छ ।

विभिन्न लेख, रचना, अनुसन्धान र दृष्टिकोण समेटी सानीभेरी गाउँपालिकाको शैक्षिक स्मारिका शिक्षा युवा तथा खेलकुद शाखाले प्रकाशन गर्न लागेकोले मैले अत्यन्तै खुशि महसुस गरेको छु ।लेख रचना उपलव्ध गराउने सवैमा हार्दिक आभार तथा धन्यवाद दिन चाहन्छु ।शैक्षिक स्मारिका प्रकाशन गर्न अहोरात्र खट्ने शिक्षा अधिकृत भुपाल सिं विष्ट र प्राविधिक सहायक प्रेम वहादुर विष्ट प्रति विशेष आभार प्रकट गर्न चाहन्छु ।साथै आगामी दिनमा थप नवप्रवर्तनको समेत अपेक्षा राख्दछु ।धन्यवाद !!

दिपक बुढाथोकी
प्रमुख प्रशासकीय अधिकृत

सानीभेरी गाउँपालिका
Sanibheri Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of The Rural Municipal Executive
शिक्षा, युवा तथा खेलकुद शाखा
Education, Youth and Sports Section
सिम्ली, रुकुम (पश्चिम)
Simli, Rukum (West)
कर्णाली प्रदेश, नेपाल
Karnali Province, Nepal

☎सम्पर्क:९८५७८८८९८८
९८६६९२३९५१
:info@sanibherimun.gov.np
sanibherimun@gmail.com

प.सं. :
च. नं. :



## विषयः कृतज्ञता।

शिक्षा मानिसको नैसर्गिक अधिकार हो। शिक्षाको अवसरबाट कुनै पनि नागरिक बञ्चित हुनु हुदैन। नेपालको वर्तमान संविधानले पनि आधारभूत तहको शिक्षालाई अनिवार्य र निशुल्क तथा माध्यमिक तहको शिक्षालाई निशुल्क रुपमा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गरेको छ। नेपाल राज्यभरका ७५३ स्थानीय तहमध्ये सानीभेरी गाउँपालिका पनि एक स्थानीय तह हो। सानीभेरी गाउँपालिकाले शिक्षा क्षेत्रलाई पहिलो प्राथमिकता दिई आफ्ना विविध कार्यक्रमहरु सञ्चालन गरिरहेको छ।

सानीभेरी गाउँपालिकामा ४५ वटा सामुदायिक विद्यालय, १ वटा संस्थागत विद्यालय, ४९ वटा प्रारम्भिक बालविकास केन्द्र र ५ वटा सामुदायिक सिकाइ केन्द्रहरु सञ्चालनमा रहेका छन। गाउँपालिका अन्तर्गतका विद्यालयहरुमा पर्याप्त शिक्षक दरबन्दी नभएको कारण सानीभेरी गाउँपालिकाले गाउँपालिका अनुदानको शिक्षक व्यवस्थापन गरी केही हदसम्म शिक्षक अभावलाई पूर्ति गर्ने प्रयास गरेको छ। साथै विद्यालयहरुमा पुस्तकालय, विज्ञान प्रयोगशाला, सूचना तथा सञ्चार प्रविधि ल्याव, शैक्षिक सामग्री आदिको व्यवस्थापन गर्ने कार्यको सुरुवात भएको छ। समग्र रुपमा गाउँपालिकाको शैक्षिक गुणस्तर अभिवृद्धि गर्नका लागि विभिन्न प्रयासहरुको थालनी भएको छ।

सानीभेरी गाउँपालिकाले हरेक वर्ष यस गाउँपालिकाको शिक्षा सम्बन्धि विविध गतिविधिहरु समावेश भएको शैक्षिक स्मारिका प्रकाशन गर्दै आएको छ। यस वर्ष पनि गाउँपालिकाको शिक्षा क्षेत्रसँग समबन्धित विभिन्न गतिविधिहरु समावेश भएको शैक्षिक स्मारिका, २०७९ प्रकाशन गर्न लागिएको छ। यस स्मारिकामा सानीभेरी गाउँपालिकाको समग्र शैक्षिक विवरण, विद्यालयहरुको विवरण, शिक्षाक तथा विद्यार्थी विवरण, विभिन्न लेख रचनाहरु, शिक्षासँग सम्बन्धित नीति, ऐन, नियमावली, कार्यविधि तथा अन्य विवरण, गाउँपालिकाको नीति, बजेट तथा कार्यक्रम, गाउँपालिकामा कार्यरत सम्पूर्ण कर्मचारी तथा जनप्रतिनिधिहरुको विवरण, गाउँपालिकाबाट विद्यालयमा भएका विभिन्न अनुदान निकासाको विवरण लगायत अन्य सम्बन्धित विवरणहरु समावेश गरिएको छ। यसबाट गाउँपालिकाको शिक्षा लगायत अन्य कुराहरुको बारेमा जानकारी प्राप्त गर्न सकिनेछ। यस स्मारिका तयार पार्ने क्रममा सहयोग गर्नुहुने सम्बन्धित सबैलाई हार्दिक आभार प्रकट गर्न चाहन्छु। साथै यसप्रति सकारात्मक सुझावको अपेक्षा समेत गर्दछु।

भूपाल सिं विष्ट
शाखा अधिकृत

मिति:२०७९/०३/१३

# विषय-सूची


| सिन | विषय | पेज नम्वर |
|---|---|---|
| १. | मन्तव्य/शुभकामना | १-३७ |
| २. | सानीभेरी शिक्षा ऐन, २०७४ | ३८-४४ |
| ३. | सानीभेरी शिक्षा नियमावली, २०७४ | ४५-१०४ |
| ४. | सानीभेरी गाउँपालिकाको शिक्षा नीति-२०७५ | १०५-१०७ |
| ५. | सानीभेरी गाउँपालिकाको शिक्षक तथा कर्मचारी अनुदान व्यवस्थापन निर्देशिका-२०७५ | १०८-११२ |
| ६. | सानीभेरी गाउँपालिकाको शिक्षक तथा कर्मचारी छनौट कार्यविधि-२०७५ | ११३-११५ |
| ७. | सानीभेरी गाउँपालिकाको आ.व. २०७९/८० को नीति तथा कार्यक्रम | ११६-१३१ |
| ८. | सानीभेरी  गाउँपालिकाको शैक्षिक सुधार कार्यदलको प्रतिवेदन-२०७९. | १३२-१६४ |
| ९. | आर्थिक वर्ष २०७९।८० को शिक्षा तर्फको प्रस्तावित वजेट | १६५-१६६ |
| १०. | गाउँ  शिक्षा समितिको विवरण | १६७ |
| ११. | शिक्षा, युवा तथा  खेलकुद शाखामा कार्यरत कर्मचारीहरुको विवरण | १६७ |
| १२. | सानीभेरी गाउँपालिकामा कार्यरत स्थायी कर्मचारीहरुको विवरण-२०७९ | १६७-१६८ |
| १३. | सानीभेरी गाउँपालिकामा कार्यरत अस्थायी करार कर्मचारीहरुको विवरण-२०७९ १६८-१६९ | |
| १४. | स्वास्थ्य तर्फका स्थायी कर्मचारीहरुको विवरण-२०७९ | १७० |
| १५. | स्वास्थ्य तर्फका करार कर्मचारीहरुको विवरण-२०७९ | १७१ |
| १६. | गाउँपालिकाको कृषि सेवा केन्द्रमा कार्यरत करार कर्मचारी (एक गाउँ : एक प्राविधिक) | १७२ |
| १७. | नगर प्रहरी विवरण-२०७९ | १७२ |
| १८. | गाउँ कार्यपालिका सदस्यहरुको विवरण, २०७९ | १७३ |
| १९. | वडा समितिहरुको विवरण-२०७९ | १७४-१७५ |
| २०. | सानीभेरी गाउँपालिका स्थित विद्यालय प्रधानाध्यापकहरुको सम्पर्क  नम्बर | १७६-१७७ |
| २१. | सामुदायिक सिकाइ केन्द्रहरुको विवरण-२०७९ | १७८ |
| २२. | विद्यालयमा आ.व. २०७८/७९ मा भएका विभिन्न अनुदान निकासाहरुको विवरण | १७९-२०४ |

# सानीभेरी गाउँपालिकाको शैक्षिक पृष्ठभूमि



भूपाल सिं विष्ट, शाखा अधिकृत
सानीभेरी गाउँपालिका, रुकुम (पश्चिम

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालका सात प्रदेश मध्ये कर्णाली प्रदेश अन्तर्गत रुकुम(पश्चिम) जिल्लाको सानीभेरी गाउँपालिका १३३.८० वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको छ। यस गाउँपालिकाको केन्द्र सानीभेरी नदीको किनार सिम्लीमा अवस्थित रहेको छ।यस गाउँपालिकामा साबिकका सिम्ली,गरायला,अर्मा,दुली(वडा नं.१-३ र ७-९) र पुर्तिमकाँडा(वडा न.१-३ र ६-८) गाविसहरु रहेका छन।वि.स. सानीभेरी गाउँपालिकाको डिजिटल प्रोफाइल, २०७८ अनुसार यस गाउँपालिकाको कुल जनसंख्या २७,२३७ रहेको छ। सानीभेरी गाउँपालिकामा जम्मा ११ वटा वडाहरु रहेका छन।यस गाउँपालिकाको सिमाना पूर्वमा मुसीकोट नगरपालिका र बाँफिकोट गाउँपालिका, पश्चिममा जाजरकोट जिल्ला, उत्तरमा आठबिसकोट नगरपालिका र दक्षिणमा चौरजहारी नगरपालिका रहेको छ।नेपाल सरकारको २०७३ फागुन २७ गतेको निर्णयानुसार सानीभेरी गाउँपालिका विधिवत रुपमा २०७३ चैत्र ९ गते स्थापना भएको हो।पहिलो स्थानीय सरकारको कार्यकाल समाप्त भई दोस्रो कार्यकालका लागि मिति २०७९ जेठ ६ गते नवनिर्वाचित जनप्रतिनिधिहरुले आफ्नो पदबहाली गरिसकेका छन।

मध्यपहाडी लोक मार्ग सँगै जोडिएको यस गाउँपालिकाको शैक्षिक विकास तिब्र गतिमा अगाडी बढिरहेको छ।शिक्षा देश विकासको मेरुदण्ड हो र शिक्षाको विकास विना मानव समाजको विकास पनि सम्भव छैन।शिक्षाको अपरिहार्य महत्वलाई बुझेर नै सानीभेरी गाउँपालिकाले पहिलो प्राथमिकता शिक्षा क्षेत्रलाई दिएको छ।गाउँपालिकाको कूल बजेटको सबैभन्दा बढी बजेट शिक्षा क्षेत्रमा नै विनियोजन गरिएको छ।यसरी समग्र गाउँपालिका शिक्षाको द्रुततर विकासमा अगाडी बढेको छ।

वि.सं.२०७३ चैत्र ९ गते स्थानीय सरकार गठन भए पश्चात सरकारले पहिलो प्राथमिकता शिक्षा क्षेत्रलाई नै दिई आफ्नो कार्य अगाडी बढाएको छ।२०७४ असोज २९ गते जारी भएको स्थानीय सरकार सञ्चालन ऐन-२०७४ को परिच्छेद ३, दफा ११, उपदफा २ को खण्ड ज ले आधारभूत र माध्यमिक शिक्षा सम्बन्धी २३ वटा अधिकार स्थानीय सरकारलाई दिएपछि गाउँपालिकामा जिम्मेवारी झन थपियो।त्यसै अनुरुप सानीभेरी गाउँपालिकाले शैक्षिक उन्नयनका लागि आफ्नो गतिविधिलाई अगाडि बढाएको छ।गाउँपालिको शैक्षिक गुणस्तर कायम गर्ने सम्बन्धमा विभिन्न प्रयासहरु भएका छन।

विद्यालय शिक्षाको गुणस्तर अभिवृद्धि गर्नका लागि विद्यालयमा भौतिक पक्षका साथसाथै शिक्षक व्यवस्थापन पनि हुनु नितान्त जरुरी छ।४५ वटा विद्यालय र ४९ वटा प्रारम्भिक बाल विकास केन्द्रहरु रहेको यस गाउँपालिकामा जम्मा

शिक्षक दरबन्दी प्रारम्भिक बाल विकास केन्द्रमा-३२,आधारभूत तह(१-५)मा-७५ आधारभूत तह(६-८)मा-२८,माध्यमिक तह(९-१०)मा-१० र माध्यमिक तह(११-१२)मा ६ वटा संघीय सरकारको दरबन्दी रहेको छ।जम्मा ८१५५ जना विद्यार्थी रहेको यस गाउँपालिकामा उक्त शिक्षक संख्याले पठनपाठन गर्न निकै कठिनाइ परेको अवस्थालाई मध्यनजर गरी गाउँपालिकाले गाउँपालिका अनुदानमा केही शिक्षक कर्मचारी व्यवस्थापन समेत गरेको छ।यसका साथै विद्यालयको भौतिक लगायतका अन्य आवश्यकतालाई पनि सम्बोधन गर्ने प्रयास गरिएको छ।शैक्षिक सत्र २०७९ मा सानीभेरी गाउँपालिकामा प्रारम्भिक बाल विकास केन्द्र देखि कक्षा १२ सम्म जम्मा ८१५५ विद्यार्थी,राहत, दरवन्दी तथा गाउँपालिका अनुदान समेत गरी ३२९ जना शिक्षक, १३ जना विद्यालय सहायक र ४५ जना विद्यालय सहयोगी कार्यरत छन।

सानीभेरी गाउँपालिकामा आर्थिक वर्ष २०७५/७६ देखि सानीभेरी गाउँपालिका अन्तर्गतका विद्यालयहरुमा “शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग र गुणस्तर सुधार कार्यक्रम” को शुरुवात गरिएको छ।यस अन्तर्गत सबै विद्यालयहरुमा ICT को लागि आवश्यक पूर्वाधार तथा सामग्रीहरुको सुरुवात गरिएको छ विद्युतको पहुँच नभएका सबै विद्यालयहरुमा पनि वैकल्पिक उर्जाको जडानको लागि शुरुवात गरिसकिएको छ।सबै विद्यालयका शिक्षकरुलाई तालिम, प्रशिक्षणका साथै अभिभावक शिक्षालाई पनि विशेष जोडका साथ अगाडी बढाइने लक्ष्य रहेको छ।

घर बलियो बनाउन जग बलियो बनाउनुपर्छ भन्ने मान्यतालाई हृदयङ्गम गरी गाउँपालिकाको शैक्षिक गुणस्तर अभिवृद्धि गर्नका लागि प्रारम्भिक बाल विकास केन्द्र बाट नै गुणस्तर सुधारको थालनी गरिएको छ।त्यसैले एक विद्यालय-एक प्रारम्भिक बाल विकास केन्द्र का साथै आवश्यकताका आधारमा समुदायमा आधारित प्रारम्भिक बाल विकास केन्द्रको स्थापना गरी सञ्चालनमा ल्याइएको छ। प्रारम्भिक बाल विकास केन्द्रको कक्षाकोठा व्वस्थापन, तालिम लगायत आवश्यक शैक्षिक सामग्रीको पनि व्यवस्था गरिएको छ।सबै प्रारम्भिक बालविकास केन्द्रहरुमा Montessori-based शैक्षिक सामग्रीहरुको व्यवस्था गरिएको छ भने आगामी दिनहरुमा पनि त्यसलाई निरन्तरता दिने योजना रहेको छ।

सानीभेरी गाउँपालिका अन्तर्गतका सबै विद्यालयहरुको शैक्षिक कार्यक्रमहरुमा एकरुपता ल्याउनुका साथै शैक्षिक क्यालेण्डर निर्माण गरी कार्यान्वयनमा ल्याइएको छ।आधारभूत शिक्षा उत्तिर्ण परीक्षा गाउँपालिका स्तरमा सञ्चालन गर्ने कार्यको थालनी गरिएको छ।प्रत्येक वडामा नमूना विद्यालयहरुको घोषणा गरि कार्यक्रम सञ्चलान गरिएको छ।नमूना घोषणा गरिएका विद्यालयहरुमा शैक्षिक सफ्टवेयरको माध्यमबाट विद्यालयका गतिविधिहरुलाई व्यवस्थित गर्ने कार्यको परीक्षण गरी त्यसलाई क्रमशः गाउँपालिका भरिका विद्यालयहरुमा कार्यान्यन गर्ने योजना बनेको छ। एक विद्यालय-एक पुस्तकालयको अवधारणाको शुरुवात गरिएको छ।प्राविधिक तथा व्यावसायिक शिक्षालाई सबैको पहुँचमा ल्याउनुपर्छ भन्ने मान्यता स्वरुप गाउँपालिकाले प्राविधिक शिक्षालाई उच्च महत्व दिएको छ। गाउँपालिका अन्तर्गतका दुई वटा विद्यालयहरुमा प्राविधिक धारतर्फ पठनपाठन भइरहेको छ। यसले गाउँपालिका भित्रै प्राविधिक जनशक्ति उत्पादनको ढोका खोलेको छ।

विकासको संवाहक शिक्षा हो भन्ने अवधारणालाई कार्यन्वयन गर्न शिक्षा क्षेत्रका लगानी बढाउन आवश्यक छ।सानीभेरी गाउँपालिकाको शैक्षिक सुधारको लागि स्थानीय सरकार दत्तचित्त भएर अगाडी बढेको छ।शैक्षिक समस्याहरुको निदान, सरोकारवालाहरु सँग छलफल साथै नियमित प्रधानाध्यापक बैठकमा शैक्षिक सुधारको कार्यलाई तदारुपताका साथ अगाडी बढाइने गरेको छ।शिक्षक, विद्यार्थी, समुदाय, वडा शिक्षा समिति, गाउँ शिक्षा समिति, स्थानीय सरकार सबैको सहभागितमा शिक्षा सम्बन्धी कार्यहरुलाई उच्च प्राथमिकताका साथ अगाडि बढाइएको छ।नियमित अनुगमन, निरीक्षण तथा मूल्याकङ्कनको कार्यलाई समेत शैक्षणिक सहयोगमुखी हुने गरि सञ्चालन गरिएको छ।सानीभेरी गाउँपालिकाको समग्र शैक्षिक सुधारको लागि शैक्षिक सुधार कार्यदल गठन भइ यसले आफ्नो प्रतिवेदन समेत गाउँपालिकामा पेश गरिसकेको छ। यसरी सानीभेरी गाउँपालिका शैक्षिक विकासको प्रक्रियामा अगाडी बढेको छ।

# Challenges of Teaching English as Foreign Language in Nepal



**Amar Chand**
**Sanibheri Ma Vi Balibang**

As we know English is an international language. It is also being lingua- franca or medium ⁄means of communication in the world. people with different nationalities use⁄ speak English to understand each other. English is native or official language of USA, UK, etc. They use original English and use as a first language.

Nowadays the modern technology is forcing us to use it whether you know or do not know English. Specially⁄ particularly modern technology has forced us to use it and teach it in our schools in Nepal.

The major share of English language teaching in the world, is in the hands of non-native speakers and Nepal is also not an exception from this fact. Of course, the major issue is English as a foreign language (EFC) environment itself because there is an overall lack of English speakers for students to interact with. In Nepal, the classes of school level to university level are extremely crowded in such way that some students even do not get the seats. If there is no sound provisions and the teacher has to take every responsibility to manage the classroom the teachers get high stress but are paid low salaries.

English language teachers are not getting effective training according to changes in the methodologies. In Nepal most of the schools do not have listening materials like cassettes CD player etc. Even teachers are not well trained to operate the new technology.

Moreover the cultural and linguistic diversity of our country is another great challenges of ELT. The roles and status teacher and students are perceived differently in different culture. Similarly, Nepal is the country of linguistic diversity. Many people think that the linguistic identities have been lost due to English. Therefore, maintaining a proper balance between English and other languages is one of the big challenges of ELT. The globalization has brought English to corners of the world and our country Nepal has also been influenced by this language very much. Another major problem of ELT in Nepal is the use students mother tongue in the class. Some of the very common challenging issues of ELT English as a foreign language context in general and Nepal in particular are listed below:

1 Local accent of the teachers (non-native teachers)
2 Inadequate EFL environment.
3 Over-crowded classes.
4 Mixed ability classes.
5 Inadequate classroom-management .
6 Poor physical facilities of the academic institution.
7 Lack of well trained teachers.
8 Excessive use of mother-tongue in the class.
9 Problem in assessing students and teachers.
10 Political intervention in education and devoted political teachers appointment at school.
11 Lack of professionalism in English teachers.

Though there lies significant issues and challenges in Nepalese ELT. The situation can be improved there are many organization in our country which are contributing remarkably to uplift the existing ELT situation of Nepal. Some of such organizations are CDC,NCED, Nepal English language teachers Association, British council some private sector ,teacher training institutions and educational institutions etc. some suggestions for improving the present ELT situation of Nepal are as follows :

1 Teacher training should be held effectively once a year .
2 Class size should be manageable
3 The national policy of ECT should be made clear.
4 There should be correlation between the aim of the course and the examination system.
5 Training program should be made qualitative but not quantitative. It must be vocational type not arts type.
6 The trained teachers should be followed so that they apply what they have learnt sincerely.
7 The class ration should be lowered.
8 English teachers should not be given over loads There should be at least be a period go patter each teaching period.
9 More over the teachers must have some marks to provide the students for their everyday work.
10 By means of smart board native speakers should be invited if possible in a month so that authentic teaching/ learning materials should be ensured.

All in all though there are many challenges and problems in English language teaching in our context, these challenges can be solved if the above mentioned suggestions are adopted for improving the current ECT scenario of Nepalese context.
To sum up to improve school education as well as English Language quality teachers should be responsible more and more than the student, guardian and stakeholders.

*(The ideas expressed in the article represent the writer's own personal ideas; it doesn't represent the view of the office)*

# नेपाली भाषा शिक्षणमा उपयोग गरिने शैक्षिक सामग्री र यसको महत्व



कर्णसिंह डाँगी, प्रधानाध्यापक
श्री जनप्रिय माध्यमिक विद्यालय हाँसीबाङ्ग

**परिचय :**

भाषाका विभिन्न सिप तथा पक्ष एंव साहित्यका विभिन्न पाठ्यवस्तुहरूको लागी प्रभावकारी शिक्षण गर्न शिक्षणले पाठ प्रस्तुतीकरण क्रममा सहायक सामाग्रीका रूपमा प्रयोग गर्ने जुनसुकै ठोस वस्तु लाई शैक्षिक सामग्री भन्न सकिन्छ । शिक्षण सिकालाई उद्देश्यपूर्ण रोचक उत्प्रेरक, आकर्षक सिकाइ दिगो बनाउन शिक्षक सामग्रीको ठूलो भूमिका रहेको हुन्छ । त्यस्तै सहभागिता बढाउन अमूर्त कुरालाई मूर्त रूपमा प्रस्तुत गर्न कक्षा लाई जीवन्त प्रदान गर्न शिक्षकको कार्य बोझ घटाउन पनि शिक्षण सामग्रीको अति उपयोगी मानिन्छ । शैक्षिक सामग्रीमा दैनिक प्रयोग मा आउने शैक्षिक सामाग्री साथै शिक्षक निर्मित सामग्री शैक्षिक सामग्री खरिद गरिएका सामग्री एंव अन्य विद्युतिय सामग्री र पाठ्य सामग्रीहरू पर्दछन।

शैक्षिक सामग्रीको व्यवस्था मिलाउदा र कक्षामा तिनको प्रयोग गर्दा विद्यार्थीहरूको बौद्दिक क्षमता, कक्षा को स्तर, विद्यार्थी संख्या, विद्यार्थीहरूको इच्छाशक्ती स्थानिय वातावरण, पाठ्यवस्तुको सन्दर्भ , विद्यार्थीहरूको भाषिक , साँस्कृतिक पृष्ठभूमि, जस्ता आदी विविध कुराको विशेष ख्याल पुर्याएर बनाएपनि यिनिहरूलाई प्रसङ्गत, उचित ढङ्गले प्रयोग गर्न सकिएन भने सिकाइका उद्देश्यहरू प्राप्त गर्न सकिदैन र यिनको कुनै पनि  औचित्य हुदैन । त्यसैले तलका उपलब्धिमूलक सिकाईका फाइदाहरू लिन शैक्षिक सामग्रीको प्रयोग गर्न सकिन्छ ।

**शैक्षिक सामग्री प्रयोग गर्दा फाइदाहरू :**

- शिक्षण रत्रचक र आकर्षक बन्छ साथै अन्यौलता र कठिनतामा कम भै पाठ सरल सुगम बन्छ ।
- सिकाई प्रति रूचि जागरूग हुन्छ र प्राप्त ज्ञान दिगो र स्पष्ट हुन्छ ।
- अभ्यास क्रियाकलापलाई विविधता मुक्त बनाउन सकिन्छ ।
- शिक्षण प्रभावकारी बन्छ र विद्यार्थीहरू माथी उत्प्रेरणा जिज्ञासा र सक्रियता बढ्छ ।
- काल्पनिक वस्तुहरूलाई वास्तविक रूप दिन सकिन्छ ।
- विद्यार्थीहरूमा ज्ञान तथा अनुभव क्षेत्र विस्तार र व्यापक भै चिन्तन शक्तिको विकास हुन्छ ।
- भाषिक अनुभव तथा सुझ बुझमा बृद्दि भै सिर्जनात्मक क्षमताको विकास हुन्छ ।
- शैक्षिक सामाग्री प्रयोग बाट शिक्षकहरूमा मनोवल, विश्वास र पेशा प्रति उत्तरदायी बन्न प्रेरित गर्छ ।

**नेपाली भाषा शिक्षणमा प्रयोग गर्न सकिने शैक्षिक सामाग्री प्रकार**

❖ **मौखिक सामाग्री**

मौखिक सामाग्री अन्तर्गत शैक्षणिक स्तरमा गरिने प्रश्नोत्तर विभिन्न सान्दर्भिक उदाहरण उखान टुक्का आदी पर्दछन ।यसबाट विद्यार्थीहरुको ध्यानकर्षणका साथै आफ्नो पाठ्यवस्तु प्रस्तुत गर्न मद्त पुर्याउछ ।शैक्षिक सामाग्रीको रुपमा प्रयोग हुने प्रश्नहरु छोटा मिठा उखान टुक्का सरल र स्पष्ट रोचक कथा र प्रसङ्गवस स्तरयुक्त भनाइहरु पर्छन ।

- **दृश्य सामग्री**

आँखाले हेरेर देख्न सकिने भन्न सकिने बुझ्न सकिने यान्त्रिक वा अन्य सामग्रीहरू दृश्य सामग्रीहरू हुन । जस्तै

१. **गोजी तालिका** - कार्वबोर्ड वा कडा खाले कागज र कपडाबाट निर्मान गरेको गोजी भएको भित्तामा टास्न मिल्ने पर्दा जस्तो कपडा वा कागजलाई गोजी तालिका भनिन्छ ।यसमा शब्दपत्ति, वाक्यपत्ति, फोटाहरू प्रस्तुत गर्दै नेपाली व्याकरणका नियम,शब्दाअर्थ शिक्षण वाक्यमा प्रयोग कुनै व्यक्तिको जीवनी, साहित्यकारहरूको परिचय आदिको शिक्षण गर्न प्रयोग गरिने शैक्षिक सामग्री हो ।

२. **प्रतिमूर्ति** - प्रर्तिमूर्ति कुनै ठूलो वस्तुको सार नमुना हो । यस्तो वस्तु जुन कक्षाकोठा ल्याएर शिक्षणमा प्रयोग गर्न सकिदैन । यो अपरिचित वस्तुको धाराणा वसाल्नका लागी प्रयोग गरिन्छ ।

३. **चित्रहरू** - नेपाली भाषा शिक्षणमा चित्रहरू व्यापक रूपमा प्रयोग हुने शैक्षिक सामग्री हुन । कुनै व्यक्तिको जीवनी, साहित्यकारहरूको परिचय प्रर्तिमूर्तिहरूको नमुना आदिवस्तुहरूको चित्र बनाई अपधाराणा वसाल्न सकिन्छ ।

४. **फ्लाटिन वोर्ड** - फ्लाटिन वोर्ड यो एक प्रकारको भूवादार कपडाबाट निर्मित महत्वपूर्ण सामग्री हो । यो कालोपाटी, सेतोपाटी, जस्तै विभिन्न चित्रहरू, फ्लास कार्ड , विभिन्न वस्तुका नमुना शब्दपत्ति, वाक्यपत्ति, प्रश्नसूचि, कविताका श्लोकहरू टाँस गरी प्रस्तुत गर्ने गरिएको हुन्छ । यसमा प्रयोग हुने फ्लास कार्ड को ,पछि खाक्सी टाँस गरिएको हुन्छ ।

५. **प्रोजेक्टर** - प्रोजेक्टरका सहायताले नेपाली भाषा शिक्षणका अनेकौ पाठ्यवस्तुलाई कक्षामा स्लाइटद्वारा आकर्षक र मनोरञ्जन बाट भाषिक सीप उपलब्ध गर्न यसको प्रयोग गरिन्छ ।

❖ **श्रव्यसामग्री** -

श्रव्यसामग्री अन्तर्गत रेडियो,टलिभिजन, टेपरेकर्डर, टेलिफोन चलचित्रका साथै वक्तृत्व, वादविवाद, संवाद साहित्य सिर्जना अन्तर्गत कविता वाचन, गीतसंगीत, स्वरवाचन जस्ता क्रियाकलापगराई विद्यार्थीहरूलाई कक्षाकोठामा थप अभ्यास गराउन सकिन्छ ।

❖ **तालिका निर्माण** -

पाठमा आधारित प्रमुख बुँदा वा तथ्यलाई छुट्टै कागजमा क्रमबद्दरूपमा लेखी सबैले देख्नेगरी टाँस गरिएको खाकाको प्रस्तुति नै तालिका हो । व्याकरणका नियम,लेखकको परिचय,साहित्यकारको छोटो जीवनी कविताका श्लेक, ,विशिष्ट व्यक्तिका महावाणी वा भनाई आदि यस तालिका निर्माण अन्तर्गत पर्दछन् ।

*(यस लेखमा अभिव्यक्त विचारहरु लेखकका निजी विचारहरु हुन यसले संस्थागत प्रतिनिधित्व गर्दैन।)*

# शैक्षिक सुधार गर्न वालमैत्री सिकाई



प्रेम बहादुर बिष्ट
प्राविधिक सहायक
शिक्षा यूवा तथा खेलकुद शाखा

वालवालिकालाई कक्षामा विषयवस्तुको ज्ञान सिकाउने नयाँ शैली र प्रविधि प्रयोग गर्ने शिक्षकवाट नै वालवालिकाले लाभ उठाउँछन। प्रविधिको प्रयोग गरेर प्रत्यक्ष देखाएर पढाउँदा छिटो सिक्ने र सम्झने हुन्छन । विद्यार्थीलाई प्रविधिको प्रयोग गरि पढाउने शिक्षक आँफु फुर्सद हुने वित्तिकै सिकाई सामाग्री तगार गर्न लागि हाल्छन । सिकाईमा नयाँ तरिका र सामाग्री खोजिका लागि शिक्षकले इन्टरनेटको मद्धत लिने गर्छन । यस्ता शिक्षकले विद्यार्थीहरुलाई उत्प्रेरित गर्न र सिकाई प्रति ध्यान केन्द्रित गराउन कुनै न कुनै वेला शैक्षीक सान्द्रिभक डकुमेन्टरी पनी देखाउने गर्छन । विद्यालयमा हरेक विद्यार्थी केहि सिक्न आएका हुन्छन । प्रायः हाम्रा वालवालिका सिक्न भन्दापनि किताबका कुरा रटेर घोकेर पढ्ने र परिक्षा पास हुने उदेश्य राख्छन । यसले गर्दा वुझेर पढ्ने र मनमा लागेका कुरा लेख्ने क्षमता कमजोर वन्दै गएको हुन्छ ।

वालवालिकामा निहित प्रतिभालाई परिवार र विद्यालयवाट प्रस्फुटन गराउने हो तर कतिपय अवस्थामा घर र विद्यालयको भाषा एवम् सस्कृति विच देखिने भिन्नताले वालवालिकाको सिकाईमा असहज उत्पन्न हुन सक्छ । तिनलाई विद्यालयको वातावरण फरक फरक लाग्न सक्छ । यो परिस्थिति लामो अवधि सम्म रहदैन। सिकाई प्रक्रियालाई सार्थक तुल्याउने वालवालिकाले वुझ्ने र मनपर्ने भाषा र व्यवहारवाट सिकाई प्रकृया शुरु भयो भने प्रत्यक्ष सिकाई हुन्छ । वाल अवस्थावाट नै वालवालिकाले पनि आफ्नो सामाजिक परिवेशवाट धेरै कुरा सिकेका हुन्छन र तिनलाई आफ्नो जीवनको दैनिक अनुभववाट आफ्नो समुदायमा वुझ्ने प्रयास गर्छन । वालवालिकाले आफ्नो परिवारवाट स्वयम् वोल्न सिक्छन हिड्न जान्छन जसले आफ्नो परिवार भित्र शिक्षित परिवेश पाएका हुन्छन । तिनले विद्यालय पुर्व नै केहि न केहि पढ्न लेख्न पनि सिकिरहेका हुन्छन । अनि जे वोलिन्छ त्यो लेख्न पनि सकिन्छ र त्यसलाई पढ्न सकिन्छ भन्ने वुझ्छन । यस्ता वालवालिकालाई विद्यालय प्रवेश भएपछिको वातावरण सहज हुन्छ । विद्यालयमा थप अरु रमणि वातावरण पाउन तिनको मस्तिष्क विकासमा वल पुग्छ ।तिनको लागि विद्यालयको सिकाई रचनात्मक प्रक्रिया वन्न पुग्छ ।

वालवालिकालाई कक्षाकोठामा हाँसेर खेलेर र रमाएर कक्षाकोठामा सिक्ने वातावरण तय गरिनुपर्छ । तिनलाई अनुशासनका नाममा नियन्त्रणमा राख्ने प्रयास गरिनु हुँदैन वालवालिकामा स्वअनुशासनको भाव विकसित गराउनुपर्छ । तिनलाई त्रास देखाउनुहुँदैन । कतिपय अभिभावक र शिक्षकहरु शारीरिक यातना वा दण्ड दिएर तह लगाउने प्रयास गर्छन । यस्ता वालवालिकाको मनोवल खस्ने विकृति उतपन्न हुने मात्र गर्दछ । वालवालिकालाई शारीरिक दण्ड सजाय दिदा उनिहरु उच्छृङ्खल उदण्ड वनेका थुप्रै उदाहरण छन । यस्ता कुरामा विगत देखिके अध्ययनले गलत सावित गरेको छ । दण्ड र सजायले कालान्तरमा वालवालिका लागु औसध सेवन वा अपराधी गति विधिमा लाग्ने गरेका र अन्य मानसिक समस्याका सिकार वन्न पुगेका छन। शारीरिक यातनाले मानसिक आतमग्लानि, हिनताबोध धवा बदलाको भाव

आदि विकास हुन सक्छ । तसर्थ अभिभावक तथा शिक्षकले बालवालिकालाई आज्ञाकारी भन्दा स्वनिर्णय क्षमता अभिबृद्दी लगाउनु पर्छ । यसो हुन सकेको खण्डमा बालवालिकामा असल गुणका साथै विवेक र सद्गुणी बन्न सक्ने हुन्छ ।
यसैले सबै बालवालिकालाई स्तरीय शिक्षामा सबैको पहुँच हुनुपर्छ भन्ने आम धारणा बन्दै आएको छ । सन १९९० मा थाइल्याण्डको जोम्टेनमा बिश्व शिक्षा मञ्चले आयोजना गरेको विश्व सम्मेलनमा आधारभूत शिक्षामा सबैको पहुँच पुग्नु पर्छ भन्ने प्रतिबद्दता जनाएका थिए । शिक्षाको अवसर सबै बालवालिकालाई पुर्याउने निति र कार्यक्रम तय गरिनु सबै एक सहमत भए ।

अमेरीकाको न्यूयोर्कमा संयुक्त राष्ट्रसंघका तत्वाधानमा बालहित सम्बन्धी सम्मेलमा बसी शिक्षा जोम्टेन घोषणापत्रलाई समर्थन जनाउँदै विद्यालय जाने सबै बालवालिकालाई अनिवार्य शिक्षा प्रदान गर्ने कहिलाशिक्षा र विशेषा शिक्षाका प्रबन्ध मिलाउने प्रतिवद्दता जनाए । सन २००० मा सेनेगलको डकार सम्मेलनले गरिब तथा कम विकसित क्षेत्रका समैका लागी शिक्षा लक्ष्य पुरा गर्ने सामुहिक प्रतिवद्दता भन्ने भावनालई स्वीकार गर्यो । यो लक्षयको कार्यान्वियन २०१५ सम्म पुरा गर्ने अठोट लिए पनि निर्धारित समय पछि पनी निरन्तरता दिदै आएको छ । नेपालले पनी सबै बालवालिकालाई शिक्षाको पहुँच सुनिश्चित गर्ने कार्यक्रम सहित अघि बढिरहेको छ । तथापी शैक्षिक गन्तव्यमा पुग्न हाम्रो आर्थिक अभाव फितलो योजना सरकारवालाहरुको प्रतिबद्दताको कमी आदी कारणले शिक्षा ब्यवस्थित ढंगले अगाडि वढ्न सकेको छैन अझै अन्योल र अव्यवस्थित अवस्थामा छ । पहिले देखी शिक्षा निति स्पष्ट हुन सकेको छैन अझै अन्योल र अव्यवस्थित अवस्थामा छ । शिक्षालाई एका तर्फ व्यापारिकरण र अर्को तर्फ राजनितिकरणले गर्दा सरकारले ल्याएका निति कार्यक्रम शैक्षिक प्रतिवेदन समेत असफल भएका छन् । सामुदायिक विद्यालयका शिक्षकहरु राज्यबाट सके सम्म धेरै सेवा सुविधा लिनु पर्ने तर आफ्ना वालबालिकालाई सामुदायिक विद्यालयमा पढाउन नचाहने प्रवृतीले शिक्षामा अराजक स्थिति निम्त्याउन मदत पुगेको छ ।

सामुदायिक विद्यालयका वालबालिकाहरु विद्यालय पुगेर त्याँहा शिक्षक शैक्षिक वातारणका कारण बिचमै अध्ययनबाट बाहिरिने गरेका छन् । वालमैत्री सहभागिता मुलक शिक्षण क्रियाकलापका वारेमा जति सैद्दान्तिक पुरा गरे पनि व्यवहारमा शिक्षक विद्यार्थी एक अर्को प्रति नकारात्मक भएका प्रसस्त घटना छन् । यसरी शिक्षा निति र व्यवहारमा पहिले देखी विरोधावास देखिदै आएको छ ।

वालबालिका बढि जिज्ञासु र उत्सुक हुने हुँदा जुनसुकै वेला पनि शिक्षकलाई कुनै कुरा सोधि रहन सक्छन् । यसमा शिक्षकले पनि आफ्नो उत्तम जवाफ उसलाई नै प्रति प्रश्न सोध्नु हो । जुन प्रश्नले वालबालिकामा मौलिकताको विकास गरोस् अनि सहज तरिकाले मुल्याङ्न गर्न पनि सजिलो वनोस् । केवल त्रैमासिक र वार्षिक परीक्षा मात्र नभएर मुल्यङ्कन निरन्तर होस् । शिक्षण सिकाई विधि र मुल्यङ्कन संगै चलिरहने प्रक्रिया हुन् । जसले वालबालिकालई उत्सुक र जाँगरीलो बनाउँछ । हाम्रो वालबालिलकाको पहुँच बढे पनि गुणस्तर बढेन । उदार कक्षोन्नतीले तल्लो तहवाट सबै जना वालबालिका माथिल्लो कक्षा चढ्दै गए । यसले गर्दा सामान्य एक हरफ लेख्न नसक्ने राम्रो संग फरर पढ्न नसक्ने पनि माध्यमिक तह सम्म पुग्न थाले । यसरी आउँदा माथिल्लो कक्षामा सहजै पहुँच पुग्न थाल्यो यो स्थिति हेर्दा गुणस्तर अरु खस्कने डर उत्पन्न गरायो र उदार कक्षोन्नती नेपालमा मात्र होईन कयौं विकसित मुलुकमा पनि पहिले देखिनै लागु गरिसकेका कुरा हुन् । यसलाई कार्यान्वियन गर्न सम्बन्धित निकाय चनाखो बन्नु पर्छ ।

*(यस लेखमा अभिव्यक्त विचारहरु लेखकका निजी विचारहरु हुन; यसले संस्थागत प्रतिनिधित्व गर्दैन।)*

# सानीभेरी गाउँपालिकाको वर्तमान भू-उपयोग अवस्था



**लक्ष्मण आचार्य, अमिन**
**सानीभेरी गाउँपालिका, रुकुम (पश्चिम)**

बढ्दो जनसंख्या, आन्तरिक बसाईसराई, अव्यवस्थित र बढ्दो शहरीकरण लगायतका कारणले कृषि योग्य जमिन, वनजंगल, सरकारी, सार्वजनिक जग्गा तथा विभिन्न प्राकृतिक स्रोतहरुको अतिक्रमण हुन गई खाद्य सुरक्षा, वातावरणीय सन्तुलन र दीगो विकासमा चुनौति देखा परेका छन्।

प्राकृतिक विपद र मानव सृजित जोखिमहरुको सुरक्षित र दीगो व्यवस्थापनलाई समेत ध्यान दिनुपर्ने आवश्यकता महशुश गर्दै तर्जुमा भएको राष्ट्रिय भू-उपयोग नीति,२०७२ को उद्देश्यअनुरुप भूमिको वर्गीकरण, समुचित उपयोग र प्रभावकारी व्यवस्थापनको माध्यमबाट अधिकतम र दीगो लाभ हासिल गर्न बनेको भू-उपयोग ऐन, २०७६ र भू-उपयोग नियामावली, २०७९ को व्यवस्था अनुसार सानीभेरी गाउँपालिकाले आफ्नो सिमाभित्र रहेका जमिनको वर्गीकरण गर्नुपर्ने देखिएको छ।स्वभावतः वर्गीकरण हुने भूमिको उपयोगले जग्गाको मूल्यमा आउने अन्तर, छरिएर रहेको बसोबासको प्रचलन र स्थिति, पहाडी क्षेत्रको भू-बनोटलगायत विभिन्न चुनौति रहेको अवस्थामा भूमिको वर्गीकरण योजना कसरी तयार गर्ने भन्ने विषयमा सानीभेरी गाउँपालिका अन्योलमा परेको देखिन्छ।

वर्तमान भू-उपयोग नक्साको विश्लेषण गर्दा यस सानीभेरी गाउँपालिकाको सबै भन्दा धेरै वनक्षेत्रले ६१.५७ प्रतिशत भूभाग ओगटेको पाइएको छ । वनक्षेत्र पछि कृषिक्षेत्रले ३२.७८ प्रतिशत, नदि खोलानाला तथा ताल तलैयाले ३.६३ प्रतिशत, बसोवास व्यावसायिक तथा औद्योगिक क्षेत्रले ०.९१ प्रतिशत र अन्य क्षेत्रले १.१२ प्रतिशत भूभाग ओगटेको पाइएको छ ।

यस सानीभेरी गाउँपालिकामा कुल ३३५६१ वटा कित्ता छन भने जसमध्ये २१९२५ वटा कित्ता अर्थात ६५.३३ प्रतिशत कृषि क्षेत्रमा रहेका छन भने ९२८३ वटा कित्ता अर्थात २७.६६ प्रतिशत बन क्षेत्रमा परेको देखिन्छ । वर्तमान भुउपयोग र भूउपयोग क्षेत्र निर्धारणको विचमा तुलना गर्दा ६५.३३ प्रतिशत कित्ता कृषि क्षेत्रमै रहेको देखिएको छ भने २७.६६ प्रतिशत कित्ता वन क्षेत्रमा परेको देखिन्छ। सानीभेरी गाउँपालिकाका अधिकांश बासिन्दा कृषिमा निर्भर रहेको हुनाले गाउँपालिकाले आफ्ना बासिन्दालाई भू-उपयोग सम्वन्धमा आवश्यक जानकारी उपलब्ध गराउनु पर्ने देखिन्छ साथै पालिकाको धेरै क्षेत्र वनले ओगटेको हुनाले वनको दीगो सदुपयोग गरेर आम्दानीको स्रोतको रुपमा विकास गर्नुपर्ने देखिन्छ। जमिनको दीगो उपयोग गर्न सानीभेरी गाउँपालिकाले भूमि सम्वन्धी आवश्यक नीति तथा कार्यक्रम तर्जुमा गर्नु पर्ने देखिन्छ।

अन्त्यमा, सानीभेरी गाउँपालिकामा भौतिक पुर्वाधारको विकास वन, कृषि तथा वातावरणीय दृष्टिले संवेदनशिल मानिने क्षेत्रमा नगरी खुल्ला तथा कम उत्पादनशिल मानिने क्षेत्रमा मात्र गर्ने नीति निर्माण गरी कार्यान्वयन गर्न जरुरी छ। सानीभेरी गाउँपालिकाको भौगोलिक विकटता, प्राकृतिक प्रकोपको सम्भावना र आधुनिक सेवा सुविधाबाट पछि परेका साथै छरिएर रहेका बस्तिहरुको वर्तमान अवस्थाका आधारमा गाउँपालिकाले सुरक्षित आधुनिक सेवा सुविधा विस्तार गर्न सहज अवस्थिति र प्राकृतिक जोखिम रहित तथा पर्यावरणीय अवस्थामा प्रतिकुल असर नपर्ने ठाउँमा एकीकृत बस्ती विकास योजना तर्जुमा गरी कार्यान्वयन गर्न अति आवश्यक छ भने संघिय तथा प्रदेश सरकारले आवश्यक आर्थिक तथा प्राविधिक सहयोग गर्न जरुरी छ ।

*(यस लेखमा अभिव्यक्त विचारहरु लेखकका निजी विचारहरु हुन यसले संस्थागत प्रतिनिधित्व गर्दैन।)*

# शैक्षिक गुणस्तर कम हुनाको कारण



**गोपाल सिंह खड्का**
**सरस्वती मावि चिन्तु**

कुनै विषयको ज्ञान दिनु वा व्यक्तिलाइ कुनै सिप गुण एवम व्यबहार सिकाउनु नै शिक्षा हो । व्यक्तिमा लुकेर रहेको क्षमतालाइ बाहिर निकाल्नु र क्रमश बिकसित गर्नुलाइ नै शिक्षा भनिन्छ । शिक्षा शास्त्री जोन डिबेले शिक्षालाइ जीवन र जीवनलाइ शिक्षाका रूपमा हेरेको पाइन्छ । उनका अनुसार शिक्षा जीवन हो जीवन भनेको बृद्दि हो त्यसैले शिक्षा भनेको बृद्दि हो । ( Education is life, life is growth, therefore, education is growth -John Dewey )

नेपालको शैक्षिक इतिहासलाइ हेर्ने हो भने प्राचिनकालिन शिक्षा पहिलो भएको मानिन्छ , नेपालमा प्राचिन कालमा समाजमा प्रचलित रितिरिवाज चालचलन संस्कृतिका कुराहरू एक पिढीबाट अर्को पिढीमा हस्तान्तरण हुदै बाबुले छोरालाइ अमाले छोरीलाइ अफ्नो पेशा ब्यवसायको बारेमा शिक्षा दिक्षा दिदै जाने प्रचलन रहेको थियो । त्यस्तै गुरूकुल शिक्षा बैद शिक्षा लिच्छिबिकालीन शिक्षा मल्लकालिन शिक्षा बाइसे चैबिसे राज्यको शिक्षा शाहाकालिन शिक्षा राणाकालीन शिक्षा र अधुनिक शिक्षा केही स्वरूप मान्न सकिन्छ ।

वि.स.१९०३ असोज २ को राती कोटको पटाङगिनिमा भएको हत्याकाण्डबाट भयंकर नरसंहारका बिच जंगबहादुर राणा प्रधानमन्त्री एवम प्रधानसेनापति भएका थिए । बि स . १९०६ मा जव उनले बेलायत भ्रमण गरे उनले बेलायतले गरेको बिकास शिक्षाका कारणले नै सम्भव भएको हो भन्ने मँहसुस गरे । नेपाल फर्किसकेपछि अफ्ना भाइदार र दरवारियाहरूका लागि बि सं. १९१० असोज २७ गते अंग्रेजी शिक्षाको सुरूवात गरे सुपरिबेक्षण गर्ने जिम्मा श्री रोस प्रधानाध्यापक श्री क्यानिङ र शिक्षकहरू बिहारी गोसाइ बंगाली हराधुम घोस रामचन्द्र घोस अएका थिए ।

शिक्षा समय अनुसार चलिरहेको हुन्छ । देशको राजनिति अवस्था परिवर्तन सगै शिक्षामा पनि उथुल पुथुल भइरहेको हुन्छ । यसरी राणाकालिन शिक्षाको अवस्था शिक्षा प्रणाली ज्यादै कठोर र जनताबिहिन रहेको थियो भन्ने कुरा सुन्दै र पढदै अएको जानकारी नै छ । बिद्यार्थीहरू मेहेनत गर्ने शिक्षकलाइ भगवानरूपी देवता सम्झने गरेको पनि देखिन्छ । गुरू र चेलाको सम्बन्ध नङ मासु भन्दा पनि माछा र पानीको जस्तै रहेको थियो । १०७ वर्षे राणाशासन चलाएको राणाहरूको राजनिति यात्रामा जनताहरू र राजनिति दलहरूको दलगत रूपमा अफनो स्वार्थ हात पारेर बिस्तारै बिकासको पुर्वाधार शिक्षा हो यसैलाइ बिस्तारै जनता सामु दरबार बाहिर दिने कामको थालनी भयो।

जुन बेलाको शैक्षिक गुणस्तर शिक्षा प्रणाली कडा रूपमा प्रतिबाद भइरहेको थियो । नेपालमा शिक्षा एन २०२८ निर्माण गर्ने काम राष्टिय शिक्षा पद्दति योजना २०२८ ले शिक्षा मार्ग दर्शक बनाउने काम गर्यो । प्रजातन्त्र सबैका लागि सुहाउँदो र पच्चे हुन लायकको देखिएना । राजनिति दलहरू अ अफनो पदमा पनि सन्तुष्टि हुना सकेनन । अन्तत फेरी २०४६ सालमा जनअन्दोलन भयो । शिक्षा क्षेत्रमा बिभिन्न प्रतिबेदनहरू तयार गर्न समितिहरू बनाउने काम भयो । शिक्षाको प्रतिफल पाउने अवस्था राम्रै रहेको थियो ।

वि. सं. २०५२ फागुन २ गते देखि तत्कालिन नेकपा माअबादी पार्टीले जनयूद्दको लडाइ सुरूवात गर्यो । जस्ले शिक्षा क्षेत्रमा शिक्षक बिद्यार्थी बिचको दुरी झन टाढा टाढा टाडिन पुर्यायो । बिद्यार्थीहरूले शिक्षकहरूलाइ पक्ष बिपक्ष बनाउदै शिक्षकलाइ अपमान जनक र दुर्व्यवहार गरी कार्वाही गर्नुपर्छ भन्दै उल्टै शिक्षकमाथि खनिनु शिक्षा प्रतिको गुणस्तर खस्कनुको एउटा कारण हुनसक्छ ।

राजनिति गर्ने क्रममा त्यतिबेला शिक्षालाइ प्राविधिक र व्यहाररिक बनाउने निहुँमा भएको शिक्षालाइ जलाउने र पढाउने समेत नदिने मावबादी पार्टीको भातृ विद्यार्थी संगठनले चर्को रूप लिन थाल्यो जसको कारण विद्यार्थीहरूमा नैतिकताको अधारमा खस्कदै गयो । विद्यालय राजनितिको थलो बनाउँदै सबै पार्टीको केन्द्रबिन्दु हुन पुग्यो । विचार रूपान्तरण गराउदै विद्यार्थी र शिक्षक बिचको तालमेल नहुनु अर्को कारण बन्न पुगेको छ ।

शिक्षा क्षेत्र खस्किनु त्यतिका कारण हो जस्तो लाग्दैन अर्को कारण बन्न सक्छ लगानी राष्ट्रिय शिक्षा पद्दति योजना २०२८ले नयाँ पाठ्यक्रम निर्माण गर्ने र देशभर एउटै लागु गर्ने गराउने कामका लागि पाठ्यक्रम विकास केन्द्रको स्थापना समेत भयो । वि.सं. २०३१ फागुन १२ गते शिक्षा दिवस मनाउन शुरू गरियो र राजा विरेन्द्रको शुभराज्यभिषेकको अवसरमा प्राथमिक शिक्षा निशुल्क घोषणा गरेता पनि अभिभावकको लगानी निरन्तरता रही रहयो । अफ्नो कमाएको धनको अर्थात रकम शिक्षामा लगाएपछि चासो चिन्ता नबढाउने अभिभावक विद्यार्थीहरू कमै होलान् ।

वि.सं. २०७२ मा देशले नयाँ संविधान पायो । देश संघीय संरचनामा संघ प्रदेश र स्थानीय तह बने । शिक्षाप्रति अ अफ्नो धारणा अए । रस्थानीय तहले विद्यालय शिक्षाका लागि अहिले नेपालको संविधान २०७२ अनुसार नै माध्यमिक तहसम्मको शिक्षा निशुल्क भन्ने अवधारणा अनुसार स्थानीय तहहरूले अहिले शिक्षा निशुल्कको रूपमा पाठ्यपुस्तक, स्टेशनरी तथा पोशाक उपलब्ध बनाए अन्य कुरामा चासो चिन्ता वालुवामा पानी हालेको जस्तै भएको छ । निशुल्कको रूपमा शिक्षा दिनु भन्दा सशुल्क शिक्षा बोडिङ्ग स्कूलको शैक्षिक गुणस्तरको अवस्था शैक्षिक सुधार राम्रो मान्नुको कारण अफ्नो लगानी प्रशंसा योग्य मान्न सकिन्छ ।

पढेर अन्त्यमा पैसा नै कमाउनु हो ,यहाँ पढेको के काम भन्दै १६ वर्षको उमेरमा नागरिकता बनाउने अमेरिका जापान कतार दुवइ मलेसिया अस्ट्रिया भारत लगाएत अन्तराष्ट्रिय रूपमा यूरोपेली यूनियन मूलुक अफ्रिका लगाएतका देशहरूमा विदेशिनु र रोजगारमा पनि लाग्छु टन्न पैसा कमाउँछु भन्ने सोचका साथ सबैको चिन्तन विदेश जानु रहेको छ । विदेश जाने योजना बाहेकका युवा विद्यार्थीहरू कतै वालुवाको खानी कतै ट्याक्टर सहचालक कतै होटेल रेस्टुरेन्ट लगाएतका ठाउँहरूमा रोजगारका लागि विद्यालय छोडेर लागेको देख्न पाइन्छ । जस्को कारण हो शिक्षाप्रतिको वितृष्णा हो ।

विदेशिनु र रोजगार पनि त अहिलेको शिक्षा खस्किनु कारण हुन सक्ने देखियो । अखिर पढेर पनि त पैसा कमाउने हो भने किन पढ्नु भन्ने विद्यार्थीहरूको सोचाइ परिवर्तन भएको छ । विदेश गएर धेरै मोज गरेर नै टन्न पैसा कमाउन पाइन्छ भने किन पढाइका दुख , सोचाइले पढाइलाइ निरूत्साहित बनाएर गाउँघरतिरका साथीहरू विदेशीनु र रोजगार प्राप्त गरेर पैसा कमाउने गरेको कारण नै शिक्षामा गुणस्तर कम अएको छ ।जसको कारण विद्यार्थीहरूले मेहेनेत र तयारीलाइ छाड्ने गरेका छन् ।

विद्यालय शिक्षाको गुणस्तर खस्किनुको कारण सूचना सञ्चार प्रविधिको दुरूप्रयोग भएको जस्तो लाग्छ । विद्यार्थीहरू अहिले डाटा वा वाइ फाइबाट फेसबुक टिक टकमा घण्टै घण्टासम्म रम्ने त्यसैमा डुबेर पढाइ प्रतिको ध्यान नदिनु केटाकेटीहरूको अपसी सम्बन्ध बढाइ सानै कलिलो उमेरमा विवाहतिर लाग्नु ।ICT को सहि सदुपयोग गर्न नसक्नुले पनि शैक्षिक गुणस्तर कम बनाएको छ ।

अर्को कारण शिक्षकहरूलाइ दोषको दोष थुपार्ने प्रतिस्पर्धात्मक सोच नबनाइ राजनिति अवस्था र घुसखोरीको अधारमा नेतृत्व प्रदान गर्ने प्रवृत्ति पनि विद्यालयको शिक्षा खस्किने हो ।शिक्षक भित्र जसले विद्यालय भित्र अमुल परिवर्तन

गर्न योजना र भिजन भएता पनि खुट्टा तान्ने प्रवृत्तिमा काम गर्न सक्नेलाइ अवसर प्रदान गर्न नसक्नुले शिक्षक शिक्षक भित्र मनमुटाव अइ शिक्षा क्षेत्र कमजोर हुदै जानु हो ।त्यसका लागि प्रतिस्पर्धाबाट नेतृत्व प्रदान गर्न जरूर देखिन्छ ।

अर्को कारणको रूपमा राज्यले शिक्षकप्रति गरेको सैतेनी व्यवहार पनि हुन जान्छ । निजामति कर्मचारी र शिक्षकबिचको सम्बन्ध एक अपसमा एक रथका दुइका पाङ्ग्रा हुन भन्ने सोच सरोकारसँग अझै परेको छैन । डाक्टर पाइलट इन्जिनियर निजामति कर्मचारी बकिल लगाएतका सबै दक्ष जनशक्ति तयार गर्ने काम शिक्षकको हो । शिक्षक तल्लो तहको र निजामति कर्मचारी बिच भिन्नता फरक छ । निजामतिलाइ मान पदवी वहोदा दिइन्छ भने शिक्षक मास्टरको रूपमा मात्र रहेको पाइन्छ । त्यसैले विभेदकारी सौतेनी व्यवहारको अन्त्य गरी समान व्यवहार गर्नुपर्छ ।

यति विचारले अब शिक्षा क्षेत्रको शैक्षिक गुणस्तर खस्किनुका कारणहरू यस प्रकार राख्न सकिन्छ ।

१) राजनिति अस्तव्यस्त र देशको अन्दोलन ।
२) विद्यार्थीहरूको पढाइप्रतिको चासो कमि ।
३) वैदेशिक रोजगारको प्रतिस्पर्धा ।
४) व्यक्तिगत रूपमा शैक्षिक लगानी नहुनु ।
५) शिक्षकलाइ काम गर्न हैसला प्रदान नगर्नु ।
६) नेतृत्व निर्माणका घुस खोरी र अफ्नो मान्छे छान्ने प्रवृत्ति ।
७) दोष शिक्षकलाइ मात्रै दिनु ।
८) ICTको सही सदुपयोग नगर्नु ।
९) सरोकारवालाको निगरानी कम हुनु ।
१०)विविध खालको प्रवृत्ति निम्त्याउनु ।

शैक्षिक गुणस्तर वृद्दि गर्न तपसिलको कार्य गर्न जरूर देखिन्छ ।

१) विद्यालय शान्ति क्षेत्रको रूपमा व्यवस्थित गर्ने ।
२) राजनिति अवस्थाको अधार अन्त्य गर्ने ।
३) विद्यार्थीहरूको चिन्ता चासो र शिक्षा प्रतिको सोचाइ प्रविधि मैत्रीबाछ इच्छा प्रकट गराउने
४) देशमै रोजगारको सिर्जना गराउने ।
५) संघ प्रदेश स्थानीय तहको लगानी सँगसँगै व्यक्तिको लगानी पनि बढाउनुपर्ने
६) शिक्षकलाइ सेवा सुविधा मान मर्यादा लगाएत सम्पूर्ण कार्यमा हैसला दिनु पर्ने ।
७) प्रतिस्पर्धात्मक कार्यबाट नेतृत्व प्रदान गर्नुपर्ने ।
८) सम्बन्धित सबैले दोष थुपार्ने काम भन्दा बढी सरोकार भएर लाग्ने ।
९) ICT को सही सदुप्रयोग गर्ने ,बढी शिक्षाप्रति मात्रै गराउने ।
१०) निरन्तर सरोकारवालाहरूको निरीक्षण सुपरिवेक्षण तथा तालिमको व्यवस्था गराउने ।
११)काम गर्दा विद्यालय परिवार, सरोकार पक्ष र अन्य चासो राख्नेहरूको बेला बेलामा नयाँ योजना सहित प्रस्तुति गर्नु पर्ने।

अन्त्यमा शिक्षा क्षेत्र गुणस्तर खस्किनुका कारणहरू धेरै हुन सक्छन् ।जसको बयान गरेर साध्य नै छैन । हामी सबैले शिक्षा क्षेत्र सरोकारवाला सबै जागरूप हुन अवश्यक परामर्श छलफल भेला गोष्ठी एन नियम कानुन कडा रूपमा निर्णय गर्दै पालना गर्नमा चासो दिन अवश्यक छ । अबको शिक्षा प्रणाली कठोर रूपमा बैदेशिक जान रोक्ने र रोजगार सिर्जना गर्न अनिवार्य रूपमा २५ बर्ष सम्मको उमेरमा अनिवार्य शिक्षा गराउन जरूर देखिन्छ।

*(यस लेखमा अभिव्यक्त विचारहरु लेखकका निजी विचारहरु हुन; यसले संस्थागत प्रतिनिधित्व गर्दैन।)*

# विद्यार्थीको विकासमा विद्यालय तथा शिक्षकको भूमिका



चक्र बहादुर भण्डारी
रास्री ज्ञानोदय मा.वि.सिम्ली रूकुम (पश्चिम)

विद्यार्थीहरूको सर्वाङ्गिण विकासमा विद्यालय र शिक्षकको महत्वपूर्ण स्थान रहेको छ। हुनत प्राचीनकालमा विद्यार्थीहरूलाई लेखपढ गर्न पाटी पौव ,देवदेवालय ,चैत्य गुम्बा र गुरुकुल पठाउने प्रचलन थियो। त्यस बेलाको सामाजिक अवस्था जस्तोसुकै भए तापनि विद्यालय र शिक्षाको महत्व त्यस बेला पनि कम थिएन। आजको प्रतिस्पर्धात्मक युगमा राम्रो विद्यालयमा भर्ना गराउन पहिलेको तुलनामा अभिभावकहरूलाई निकै मिहिनेत र अर्थिक बोझ हन गर्नुपरिरहेको छ। तर विडम्बना के छ भने अभिभावकहरूले आफना सन्तानलाई नैतिकवान, चरित्रवान, संस्कारवान, ज्ञानवान र उनीहरूको चौतर्फी विकासका लागि विद्यालयमा भर्ना त गराउँछन् तर यी विद्यालयहरूमा विद्यार्थीले न अपेक्षित व्यवहार पाउँछन्, न संस्कार नै पाएका छन् । त्यसैले त्यस्ता विद्यालय र त्यहाँ पढाउने शिक्षकको भूमिका महत्त्वपूर्ण रहन्छ ।

विद्यालयमा भर्ना भइसकेपछि विद्यार्थीलाई त्यहाँको वातावरणमा समायोजन हुन जुन अप्ठ्यारो सामना गर्नुपर्छ त्यही नै विद्यार्थीहरूको चौतर्फी विकासमा प्रमुख बाधक देखा परेको छ । घर बाहिर विद्यालयमा विद्यार्थीहरूलाई नयाँ साथी बनाउन अनेकौं मनोवैज्ञानिक दबाबको सामना गर्नुपर्छ। साना केटाकेटीहरू आत्मकेन्द्रित हुन्छन्। उनीहरूमा प्रबल ईर्ष्या भाव पाइन्छ। जब उनीहरू ठूलो हुँदै जान्छन्, उनीहरूमा अधिकार भावना पनि विकसित हुँदै जान्छ। बदलिंदो मानसिक परिवेशमा विद्यार्थीहरूलाई कैयौं क्षेत्रमा आफैसँग सङ्घर्ष गर्नुपरिरहेको देखिन्छ ।

परिवारपछि विद्यालय नै यस्तो ठाउँ हो, जसको प्रभाव उनीहरू माथि गहिरो पर्छ। विद्यालयको सुखद वा दुखद अनुभव जीवनपर्यन्त उनीहरूसँग रहिरहन्छ। खासगरी किशोरावस्थामा प्रवेश गरेपछि उनीहरूको व्यवहार घर बाहिरका मानिसहरूसँग राम्रो हुन थाल्छ। उनीहरू ठीक र बेठीक राम्ररी छुट्याउन थाल्छन् । यस कारण उनीहरू समाज, विद्यालय वा कक्षामा अग्र स्थान ओगट्ने कोशिश गर्छन्। जसले परिवर्तित परिस्थितिसँग तालमेल बनाउन सफल हुँदैनन्, उनीहरूलाई समाजले रुचाउँदैन । समाज वा विद्यालयको वातावरणमा समाविष्ट हुन नसक्ने त्रासले उनीहरूमा अनेक कमजोरी देखा पर्न थाल्छ। यी कमजोरी समायोजनको अभाव वा अभिभावक र शिक्षकको उपेक्षाको कारणले पनि देखा पर्छ र यसरी विद्यार्थीहरू समस्याग्रस्त बन्दै जान्छन्।

विद्यालय जाने केटाकेटीहरूमाथि विद्यालयको प्रभाव सम्बन्धमा कैयौ अध्ययन भएको छ। केटाकेटीहरूमा हुने सबैखाले अन्तक्रिया विद्यालयमा नै विकसित हुन्छ । यहाँसम्म कि घरको वातावरण भन्दा बढी प्रभावी विद्यालयको वातावरण हुन्छ। विद्यार्थीहरूले आआफना शिक्षकलाई आदर्शको रूपमा लिएका हुन्छन्, साथसाथै विद्यालयमा चाहेजस्तो साथी पाउनाले पनि विद्यालयको वातावरण अति रोचक हुन जान्छ ।

केही विद्यालयको वातावरण त यस्तो रमाइलो हुन्छ, जहाँ विद्यार्थी समयपूर्व नै पुग्न रुचाउँन्छन र छुट्टी उपरान्त पनि त्यहीं बस्न चाहन्छन्। सही भन्ने हो भने यस्तो वातावरणमा हुर्केका विद्यार्थी मानसिकरूपले अत्यधिक विकसित हुन्छन् । विद्यालयको वातावरणले प्रभावित विद्यार्थीहरूका लागि छुट्टी पनि निकै बोझिलो हुन्छ। कुनै विद्यालयको वातावरण विद्यार्थीहरूलाई सही दिशा प्रदान गर्ने खालको छैन भने उनीहरूमा पढाइप्रति उत्साह जगाउन सकिंदैन। यस सम्बन्धमा मनोवैज्ञानिकहरूको के भनाइ छ भने विद्यालय नै त्यो ठाउँ हो, जहाँ विद्यार्थीहरूको शारीरिक र मानसिक विकास सम्भव हुन्छ। हुनत विद्यार्थीहरूले राम्रो वा नराम्रो संस्कार घरबाट नै प्राप्त गर्छन् तर विद्यालयको वातावरणले त्यसमध्ये कसलाई ग्रहण गर्ने वा नगर्ने सम्बन्धमा दृढता प्रदान गरिदिन्छ। घरबाट रिसाएर आएको विद्यार्थी विद्यालयभित्र प्रवेश गर्नासाथ साथी वा शिक्षकको सम्पर्कमा आउनासाथ 'सामान्य÷ हुन्छ। त्यसैले कैयन संस्कारको बीजारोपण विद्यालयबाट नै हुन्छ। यसकारण विद्यालयको वातावरण र आफनो सन्तानका साथीहरूमाथि अभिभावकले ध्यान पुर्याउनु आवश्यक देखिन्छ।

विद्यार्थीको सफलता र असफलता विद्यालयको परिवेश र शिक्षकहरूको आचरण र क्रियाकलापमा बढी निर्भर हुन्छ। जुन विद्यालयमा शिक्षक व्यक्तिगत राग—द्वेष, लोभ—लालच, लाभ—हानिको गोलचक्करमा विद्यार्थीलाई उत्पीडित गर्छन् त्यस विद्यालयका विद्यार्थी विद्रोही वा कमजोर हुनु स्वाभाविक नै हो। चाहे त्यो विद्यालय भौतिक सुविधासम्पन्न वा ठूलो नै किन नहोस्। नेपालको शैक्षिक स्थिति वा गुणस्तरीयतामा आएको ह्रासको प्रमुख कारण विद्यालयको वातावरण र शिक्षकहरूको असन्तुलित आचरण नै हो ।

शिक्षक त त्यो हस्ति हो जसले फलामलाई पनि सुन बनाउने सधै प्रयत्नशील रहन्छ । यस कारण शिक्षकहरूको तुलना कुमालेसँग गरिन्छ, जसरि कुमाले ले काँचो माटो एउटै बस्तुबाट सुन्दर अनेकौ भाडा वर्तन निर्माण गर्दछ त्यसरी नै एउटा असल शिक्षकले विद्यार्थीहरूको बिच बाट डक्टर ,ईन्जिनियर ,पाइलट ,सामजसेवि ,योजनाकार ,भूगर्ववीध ,दार्शनिक ,राजनीतिज्ञ र अपराधी बनाउने क्षमता राख्दछ । त्यसैगरी असल र दक्ष शिक्षकलाई एउटा कलाकारको रूपमा लिइन्छ जसरी एउटा कलाकारले एउटै वाध्ययन्त्रबाट अनेकन सङ्गितका मधुर धुनहरू निकाल्दै सम्पूर्ण दर्शकलाई मन्त्रमुग्द पार्दछ त्यसरी नै एउटा शिक्षकले पनि आफ्ना सबै बिधि , कला , कौशल ,तरिका ,रणनीति र क्षमताको प्रयोग गरि आफ्न विद्यार्थीहरू लाई सिकाइमा मन्त्र मुग्ध परि सफल शिक्षणमा अघि बढीरहेको हुन्छ ।एउटा असल शिक्षकले कुनै बदमाश विद्यार्थीलाई प्रताडित नगरी उसलाई एक्लै कोठामा बोलाई सम्झाउने—बुझाउने प्रयास गर्दछ, किनभने आत्महीनता र आत्मग्लानिले ग्रसित विद्यार्थी न त्यस्ता शिक्षकसँग प्रभावित हुन्छन्, न शिक्षासँग आफूलाई जोड्न चाहन्छन्। यसका लागि शिक्षकहरू पनि विद्यार्थीको सामाजिक, आर्थिक तथा पारिवारिक पृष्ठभूमिसँग परिचित हुनु अवश्यक छ। यसो भएमा मात्र शिक्षकहरू सजिलै उनीहरूको समस्या समाधान गर्न सक्षम हुन्छन्।

यसकारण अभिभावकहरूले आआफना सन्तानलाई त्यस्ता विद्यालयमा भर्ना गरून् जहाँ शिक्षकहरू विद्यार्थीप्रति समर्पित छन् । विद्यालय वातावरणमा सुधारका लागि शिक्षासँग आबद्ध हरेक पक्ष यसप्रति सकारात्मक र सक्रिय हुनुपर्नेछ । विद्यार्थी—विद्यार्थीबीच सम्बन्ध मधुर तथा आत्मीयतापूर्ण हुनुपर्छ। यसका लागि विद्यालयहरूमा सामूहिक क्रियाकलापको आयोजना निश्चित कार्यतालिका अनुसार हुनुपर्छ। सामूहिक प्रार्थना, कसरत, सङ्गीत, नृत्य, नाटक आदिको सामूहिक प्रदर्शन मञ्चमा हुनुपर्छ। विद्यालयमा प्रतिदिन 'आजको विचार÷ लेखिनुपर्छ र त्यस सम्बन्धमा साप्ताहिक कार्य अन्तर्गत प्रत्येक कक्षाका विद्यार्थीहरूको विचार सुन्नुपर्छ ।

वाद—विवाद, भाषण, निबन्ध, चित्रकला तथा अन्य यस्ता प्रतियोगिताहरू समयानुसार आयोजित हुनुपर्छ र विजयी विद्यार्थीहरूलाई सार्वजनिकरूपमा पुरस्कार दिएर सम्मानित गर्नुपर्छ। सबैलाई वर्षमा कम्तीमा एकपटक मञ्चमा आउने मौका प्रदान गर्नुपर्छ। विद्यालयमा स्काउट, रेडक्रस सर्कल र अन्य खेल दल गठन गर्नुपर्छ र खेल्ने व्यवस्था पनि गरिनुपर्दछ। यसका साथसाथै समयानुसार विद्यार्थीहरूलाई भ्रमणमा लिएर जाने व्यवस्था पनि हुनुपर्छ। यसबाट

विद्यालयको वातारवरण बालमैत्री हुन जान्छ र विद्यालयसँग विद्यार्थीको सम्बन्ध पनि बलियो हुन जान्छ जुन भविष्यमा विद्यालयका लागि नै राम्रो हुन्छ।

विद्यार्थीहरूमा शिक्षाप्रति नयाँ प्रेरणा र उत्साह जागृत गर्न विद्यालयको वातावरण आकर्षक र कक्षा सानो हुनुपर्छ । सम्बन्धित विद्यालयका शिक्षकहरू विद्यालय वरिपरिका भए झन् बेस हुनेछ। विद्यार्थीहरूलाई समाज र राष्ट्रसँग जोड्न विद्यालयमा समय—समयमा सामाजिक तथा राष्ट्रिय उत्सवहरूको आयोजना पनि हुनुपर्छ। समसामयिक घटनाहरूसँग विद्यार्थीहरूलाई परिचित गराउन विद्यालयमा फुर्सदको बेला समाचारपत्रको अध्ययनको प्रबन्ध पनि मिलाउनुपर्छ। विद्यार्थीहरूमा अपनत्वको बोध गराउन शिक्षकहरूले हरेक विद्यार्थीलाई उनीहरूको नाम लिएर नै बोलाउनुपर्छ। विद्यालयमा आयोजन हुने अभिभावक दिवस, विद्यार्थी प्रगतिपत्र वितरण वा अभिभावब बैठकमा विद्यार्थीहरूको विशेषता, उनीहरूको रुचि, कमी—कमजोरी वा गुण—दोषको जानकारी गराउनुको साथै ती कमजोरी हटाउने विषयमा पनि जानकारी आदानप्रदान गर्नुपर्छ। शिक्षकहरूले विद्यार्थीहरूमाथि ट्यूसनका लागि पनि दबाब दिनुहुँदैन।

नराम्रो ग्रेड ल्याएमा विद्यार्थीलाई दोष दिनुको साटो कारण पत्ता लगाई त्यसको निराकरण गर्नु नै बेस हुन्छ। यसका लागि अभिभावक वा शिक्षकले पनि विद्यार्थीहरूले गरेको प्रगतिको मूल्याङ्कन आफनो स्तरमा गर्नुपर्छ। निष्कर्षतः विद्यालयको बालमैत्री वातावरणले जहाँ विद्यार्थीहरूलाई सदाचारी, चरित्रवान, अनुशासनप्रिय, कर्तव्यनिष्ठ तथा सेवाभावी बनाउँछ, त्यहीं प्रदूषित वातावरणले उनीहरूमाथि विपरीत प्रभाव पार्छ र परिणामस्वरूप उनीहरू बेराजगारीको भीडमा ओझेल हुन्छन्, अपराधको गल्लीमा आश्रय लिन्छन् वा विद्रोही बनेर परिवार, समाज र राष्ट्रको टाउको दुःखाइको कारण बन्छन्। यसर्थ विद्यार्थीहरूको आकाङ्क्षाको स्तर उकास्नेतर्फ र्विद्यालय र शिक्षकको प्रयास लक्षित हुनुपर्यो जसले विद्यार्थीहरू पनि आ-आफनो प्रयास र परिश्रमप्रति अस्थावान भएर सफलताको शिखर स्पर्श गर्न सकून् र राष्ट्रले सजिलो ढंगबाट दक्ष जनशक्ति प्राप्ति गर्न सकोस् ।

*(यस लेखमा अभिव्यक्त विचारहरु लेखकका निजी विचारहरु हुन; यसले संस्थागत प्रतिनिधित्व गर्दैन।)*

# शिक्षामा सूचना तथा सञ्चार प्रविधि (ICT IN EDUCATION )



अर्जुन न्यौपाने,सूचना प्रविधि अधिकृत
सानीभेरी गाउँपालिका रुकुम (पश्चिम)

आजको युग सूचना प्रविधिको युगको नामले चिनिन्छ । सूचना प्रविधि भन्नाले ध्वनि, तस्बीर, अक्षर तथा अंकको रूपमा सूचनाहरूलाई विद्युतीय यन्त्रहरू, कम्प्युटर तथा दुरसञ्चार प्रविधिको प्रयोग गरी भण्डारण, सम्पादन, सम्प्रेषण, सङ्ग्रह र प्रवाहलाई मानिने गरिन्छ । सूचना प्रविधिको अर्थ गतिमा मात्र सिमित भने छैन । विज्ञान र प्रविधिको विकास हुनु पुर्व समाज अत्यन्त सजिलो थियो ,किनकी सिक्ने कार्यहरु सिमित मात्रमा थिए र तिनै सिमित कार्यहरुको अध्यन र समापन गर्नु पर्ने हुन्थियो । प्रविधीको विकास सङ्गै समाज जटिल परिस्थितिमा रुपान्तिरित हुदै गएको छ जसको सकारात्मक स्वरुप नविनतम प्रविधिको विकासका साथै प्रविधि मैत्री समाज, डिजिटल विश्व,र विश्वव्यापिकरण मा सहज परिस्थिति उत्पन्न भएको छ ।

सूचना प्रविधिले शिक्षाको क्षेत्रमा विद्यमान रुढीवादी संस्कार र पद्धतिलाई चुनौति दिंदै शिक्षण र सिकाइका नयाँ विधि र मान्यतालाई अभूतपूर्व रुपमा अघि बढाएको छ । शिक्षाका पाठ्यक्रम निर्माणदेखि त्यसको कार्यान्वयन र मूल्यांकनका सम्पूर्ण चक्रमा सूचना तथा प्रविधिको महत्वपूर्ण भूमिका रहेको हुन्छ । सम्पुर्ण शैक्षिक क्षेत्रका क्रियाकलापमा सूचना तथा प्रविधिलाई समावेश गरि पुर्णता दिएको हुन्छ जसकारण शिक्षण शिकाईमा महत्वपुर्ण भुमिका निर्वाह गरेको हुन्छ । शिक्षा क्षेत्रमा सूचना प्रविधिको समिश्रण विना अपूर्ण हुन्छ भन्ने मान्यतालाई सबै पक्षले स्वीकार्नु पर्छ । शिक्षा तथा सूचना र सञ्चार प्रविधि बीच गहिरो सम्बन्ध छ । शिक्षामा प्रविधिको प्रयोग आजको शिक्षा प्रणाली भित्रको महत्वपूर्ण रुपमा रहन गएको छ । विद्यालयका कक्षा कोठामा प्रविधि प्रयोगका कारण हाम्रो प्राचिन रुढिवादि पद्धतिको अन्तय भएर प्रविधिमैत्री शिक्षणको शुरुवात भएको छ।

हाम्रो देशमा समय समयमा शिक्षाको गुणस्तर तथा शिक्षाको स्तरले चर्चा पाउने गरेको छ ।विद्यालयमा परम्परागत शैलि अनुसरण गर्दै शिक्षकले भनेका शव्दहरु दोहोर्याएर ,कराएर,वाचन गर्ने प्रवृति छ । किताबमा लेखियका हुवहु शव्द कन्ठपारि परिक्षामा नक्कल गरि सकेसम्म माथिल्लो ग्रेड प्राप्त गर्ने प्रचलनले शिक्षाको गुणस्तर वृद्धि नहुनु प्रमुख कारण हो । यस्तो प्रवृति कहिले सम्म ? यसको विकल्प खोज्नु पर्ने समय आएको छ ?

अन्तयमा, शिक्षामा सूचना प्रविधिको नविनतम माध्यम प्रयोग गरि शिक्षा क्षेत्रमा सुधार गर्न सकिन्छ उदाहरणका लागि शिक्षकलाई समय-समय मा शैक्षिक अभिवृद्धि तालिम,प्रविधि सम्बन्धि सेमिनार,गोष्ठी नियमित गर्नु पर्ने देखिन्छ ।विद्यालमा सूचना प्रविधिको प्रयोग जस्तै ई-हाजिरि ,ई-हाजिरि, डिजिटल नोटिस बोर्ड,कक्षा कोठामा स्मार्ट बोर्ड प्रयोगमा ल्याएर शिक्षण सिकाईमा महत्पुर्ण परिवर्तन गरि प्रविधि मैत्री बनायर गुणस्तर वृद्धि गर्नु पर्छ ।सघं,प्रदेश तथा स्थानीय सरकारको संयुक्तमा विद्यालयमा सूचना प्रविधिको अनिवार्य प्र्योग सम्बन्धी कानुन निर्माण गरि नियमित कार्यान्वयनमा लैजान आवश्यक छ । यहि अनुसार सानीभेरी गाउँपालिकाले शिक्षा सम्बन्धी ऐन लागु गरि शिक्षामा सूचना तथा प्रविधिको पहुचको अभाव सृजना गरेको खाडललाई कम गर्ने प्रयास थालनी गरेको छ । यस अनुरुप सानीभेरी गाउँपालिकाका सम्पुर्ण माध्यमिक विद्यालय र लक्ष्मी आ.वि कोटगाउँ बाट यसै वर्ष शुरुवात भएको छ ।विद्यालयमा ICT को व्यवस्थापन भए पनि पुर्णरुपमा लागु भएको देखिन्न ,त्यसलाई अनिवार्य रुपमा कार्यान्वयन गर्न आवश्यक देखिन्छ

*(यस लेखमा अभिव्यक्त विचारहरु लेखकका निजी विचारहरु हुन; यसले संस्थागत प्रतिनिधित्व गर्दैन।)*

# पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षक निर्देशिका बीचको सम्बन्ध



**भूपाल सिं विष्ट, शाखा अधिकृत**
**सानीभेरी गाउँपालिका रुकुम(पश्चिम)**

नेपालको विद्यालय शिक्षामा पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षक निर्देशिकाको प्रयोग भएको पाइन्छ। देशको आवश्यकता अनुसार शिक्षा प्रदान गर्नका लागि पाठ्यक्रम निर्माण गरिन्छ। पाठ्यक्रमले शिक्षामा राष्ट्रीय उद्देश्यहरु तय गरेको हुन्छ। त्यसैका आधारमा तहगत र विषयगत उद्देश्यहरु तयार गरिन्छन। पाठ्यक्रमले लिएको लक्ष्य हाँसिल गर्नका लागि पाठ्यपुस्तक तयार गरिन्छ र पाठ्यपुस्तकलाई प्रभावकारी ढंगले शिक्षण गर्न शिक्षकलाई मार्गदर्शन गर्नका लागि शिक्षक निर्देशिका निर्माण गरिन्छ। शिक्षकले पाठ्यक्रमलाई आधार मानेर कक्षामा शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्छ, नकी पाठ्यपुस्तकमा मात्र सीमित भएर। यी तीनै बीच घनिष्ट सम्बन्ध रहेको छ।

**पाठ्यक्रमको परिचय**

देशले लिएको शिक्षाको उद्देश्य हाँसिल गर्नका लागि बनाइएको शैक्षिक दस्तावेज पाठ्यक्रम हो। यसले समग्र रुपमा राष्ट्रको प्रतिनिधित्व गर्दछ। पाठ्यक्रमको अंग्रेजी शव्द “Curriculum” Latin भाषाको Currere बाट आएको हो। जसको अर्थ दौडनु भन्ने हुन्छ। यसरी शाव्दिक अर्थमा पाठ्यक्रम भनेको त्यो बाटो हो, जसमा दौडेर विद्यार्थी आफ्नो लक्ष्यमा पुग्ने गर्दछ। पाठ्यक्रमलाई कक्षाकोठामा सिक्ने विषयवस्तुमा मात्र सीमित गरेर हेर्नु पाठ्यक्रमको संकुचित अर्थ हो भने व्यक्तिको सर्वाङ्गीण विकासका लागि आवश्यक पर्ने ज्ञान, सिप र अनुभवको विस्तृत योजनालाई पाठ्यक्रम मान्नु पाठ्यक्रमको व्यापक अर्थ हो। पाठ्यक्रमको परिभाषालाई यसरी उल्लेख गर्न सकिन्छः

- शिक्षाको लक्ष्य हाँसिल गर्नका लागि बनाइएको शैक्षिक कार्यक्रम पाठ्यक्रम हो- राष्ट्रीय शिक्षा पद्धतिको योजना २०२८
- शिक्षाका उद्देश्यहरु प्राप्तिका लागि विद्यालय तथा शिक्षक द्वारा विद्यार्थीका लागि तयार गरेको योजना र निर्देशन अनुसारको सम्पूर्ण अनुभवलाई पाठ्यक्रम भनिन्छ- यूनेस्को
- मानव जातीको सम्पूर्ण ज्ञान र अनुभवको सार पाठ्यक्रम हो- फ्रोवेल
- पाठ्यक्रम एक सिकाइको योजना हो- हिल्डा टावा
- पाठ्यक्रम कलाकार(शिक्षक) को हातको एउटा औजार हो, जसको माध्यमबाट उसले आफ्नो स्टुडियो(विद्यालय) भित्र पदार्थहरु(विद्यार्थीहरु) लाई आफ्नो विचारमा(लक्षयमा) परिवर्तित गर्दछ- कनिङ्गम
- विद्यालयको भित्री र बाहिरी अवस्थामा अपेक्षित उपलव्धि प्राप्त गर्न गरिने सम्पूर्ण प्रयासलाई पाठ्यक्रम भनिन्छ- सेलर र अलेक्जेण्डर

**पाठ्यक्रमका तत्वहरु**

| | |
|---|---|
| १. उद्देश्य | २. विषयवस्तु |
| ३. शिक्षण सिकाइ क्रियाकलाप | ४. मूल्याङ्कन |

**पाठ्यक्रम निर्माणका चरणहरु**

नेपालमा विद्यालय तहको पाठ्यक्रम निर्माण गर्दा देहायबमोजिमका चरणहरु अपनाइन्छ

i. कार्यक्रम प्रस्ताव र स्वीकृति
ii. मस्यौदा लेखन कार्यदल गठन
iii. मस्यौदा लेखन
iv. शिक्षक कार्यशाला
v. विषय समिति
vi. पाठ्यक्रम, पाठ्यपुस्तक समन्वय समिति
vii. अन्तिम स्वीकृतिका लागि पेश गरिने

**राष्ट्रीय पाठ्यक्रम प्रारुप, २०७६**

राष्ट्रीय पाठ्यक्रम प्रारुप, २०७६ लाई विस्थापित गर्दै मिति २०७६ भदौ २० गते राष्ट्रीय पाठ्यक्रम प्रारुप २०७६ स्वीकृत भएको छ। उक्त प्रारुपले पाठ्यक्रम सम्वद्ध २० वटा समसामयिक पक्षहरु उल्लेख गरेको छ। साथै पाठ्यक्रम विकासका १४ वटा सैद्धान्तिक आधारहरु समेत उल्लेख गरेको छ। यस प्रारुपले विद्यालयको शिक्षाको संरचना देहायबमोजिम हुने उल्लेख गरेको छ।

| क. स. | विद्यालयको तह | कक्षा | उमेर समूह | सिकाइ क्षमतास्तर |
|---|---|---|---|---|
| १. | प्रारम्भिक बालविकास र शिक्षा | प्रा.बा.वि.शि. | ४ वर्ष | - |
| २. | आधारभूत | कक्षा १-३ | ५-७ वर्ष | तह १ |
| | | कक्षा ४-५ | ८-९ वर्ष | तह २ |
| | | कक्षा ६-८ | १०-१२ वर्ष | तह ३ |
| ३. | माध्यमिक | कक्षा ९-१० | १३-१४ वर्ष | तह ४ |
| | | कक्षा ११-१२ | १५-१६ वर्ष | तह ५ |

**पाठ्यपुस्तकको परिचय**

पाठ्यक्रमले निर्धारण गरेका लक्ष्य हाँसिल गर्नका लागि बनाइएको एउटा सामग्री पाठ्यपुस्तक हो। पाठ्यपुस्तकलाई पाठ्यक्रमका आधारमा तयार गरिन्छ। शिक्षा शव्दकोषका अनुसार पाठ्यपुस्तक यस्तो पुस्तक हो, जसको सम्बन्ध कुनै निश्चित अध्ययन विषयसँग हुन्छ, जो क्रमिक रुपमा व्यवस्थित हुन्छ, जो कुनै विशिष्टस्तरको शिक्षणको लागि निर्मित हुन्छ र जसलाई निर्धारित पाठ्यांशको लागि मुख्य सामग्री स्रोतको रुपमा प्रयोग गरिन्छ। प्रोफेसर हिलका अनुसार शिक्षकले केके विषयवस्तु कसरी पढाउने भन्ने विषयवस्तुहरुको आधारशिला नै पाठ्यपुस्तक हो। यसरी पाठ्यपुस्तकलाई पाठ्यक्रमले निर्धारण गरेको सिकाइ उपलव्धीहरु हाँसिल गराउनका लागि शिक्षकलाई मार्गदर्शन गर्ने माध्यमको रुपमा एक अपरिहार्य साधनको रुपमा लिइन्छ। शिक्षक, विद्यार्थी र पाठ्यक्रमबीचको सम्बन्ध स्थापित गर्ने एक पुलरुपी साधन पाठ्यपुस्तक हो। पाठ्यक्रमले तोकेको सिकाइ उपलव्धिलाई विद्यार्थी समक्ष क्रमिक रुपले पुर्याउने विषयवस्तुको संगालो नै

पाठ्यपुस्तकको रुपमा चिनिने हुँदा यसको माध्यमबाट एक शिक्षकले विद्यार्थीहरुलाई आवश्यक पर्ने विभिन्न प्रकारका ज्ञान तथा सिपहरुको धारणा विकास गर्न सहयोग गर्दछ। पाठ्यपुस्तकमा हुनुपर्ने गुणहरु देहायबमोजिम उल्लेख गरिएको छः

- ✓ पाठ्यक्रमले निर्धारण गरेका लक्ष्य तथा उद्देश्यहरु समेट्नुपर्छ;
- ✓ आकार तथा अक्षर स्तर सुहाँउदो र बाहिरी कभर बलियो एवम् आकर्षक हुनुपर्छ;
- ✓ तस्वीर, चार्ट, ग्राफ आदिले सुसज्जित हुनुपर्छ;
- ✓ सस्तो, सुहाउँदो, स्तरयुक्त तथा विद्यार्थीले बोक्न सक्ने साथै बजारमा सहज तरिकाले उपलव्ध हुनुपर्छ;
- ✓ अभ्यास, प्रश्न तथा उदाहरण सरल र उपयुक्त हुनुपर्छ;
- ✓ शिक्षकलाई आवश्यक निर्देशन दिएको हुनुपर्छ;
- ✓ सामयिक हुनुपर्छ।

**शिक्षक निर्देशिका**

पाठ्यक्रमले तोकेका उद्देश्य हाँसिल गर्नका लागि शिक्षकलाई शिक्षणमा सहयोग पुर्याउने किसिमले तयार पारिएको सामग्रीलाई शिक्षक निर्देशिका भनिन्छ। यसमा एक शैक्षिक सत्रभरि अध?यापन गरिने विषयवस्तुहरु, शैक्षिक उद्देश्य, शैक्षिक सामग्री, शिक्षणसिकाइ क्रियाकलाप, शिक्षण विधि, मूल्याङ्कन प्रक्रिया आदि समावेश हुन्छन। पाठ्यपुस्तकमा भएका विषयवस्तुलाई कसरी प्रभावकारी ढंगले पठनपाठन गर्ने भन्ने कुराको विस्तृत विवरणसहित शिक्षकलाई निर्देशन दिने काम शिक्षक निर्देशिकाले गर्दछ। यसको निर्माण शिक्षण सिकाइ प्रक्रियालाई पाठ्यक्रम अनुसार सहज र सरल बनाउनु हो। यसमा निम्नबमोजिमका विषयवस्तुहरु समावेश गरिएका हुन्छनः

(क) पाठ संख्या
(ख) शैक्षिक सामग्री
(ग) पाठ शीर्षक
(घ) अभ्यासहरु
(ङ) पाठको सारांश
(च) मूल्याङ्कन
(छ) पाठको उद्देश्य
(ज) टिपोट गर्ने स्थान
(झ) शिक्षण क्रियाकलाप
(ञ) अनुमानित घण्टी
(ट) पाठको परिचय

**शिक्षक निर्देशिकाको उद्देश्य**

- ❖ विषयवस्तुलाई प्रभावकारी रुपमा शिक्षण गर्न शिक्षकलाई सहयोग गर्नु
- ❖ शिक्षणमा प्रयोग हुने शैक्षिक सामग्री, क्रियाकलाप तथा मूल्याङ्कन विधिबारे मार्गदर्शन गर्नु
- ❖ शिक्षकमा अध्यापनको ज्ञान, सिपको विकास गरी सम्बन्धित विषयहरुको अध्यापनमा प्रभावकारिता ल्याउनु
- ❖ विषयगत सिकाइ उपलव्धिमा वृद्धि गर्नु

**पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षक निर्देशिका बीचको सम्बन्ध**

पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षक निर्देशिका बिच घनिष्ट सम्बन्ध रहेको छ। समग्र रुपमा राष्ट्रको शिक्षालाई कस्तो बनाउने र शिक्षाको स्वरुप कस्तो बनाउने भन्ने कुरा पाठ्यक्रममा निर्भर गर्दछ। यसले देशको आवश्यकता र मागलाई

प्रतिविम्वित गर्ने गर्दछ। तसर्थ पाठ्यक्रमलाई देश विकासको लागि मेरुदण्ड मानिन्छ। पाठ्यक्रमले लिएका शिक्षाका उद्देश्य हाँसिल गर्नका लागि सहयोग पुर्याउन पाठ्यपुस्तकको निर्माण हुन्छ। साथै यसले पाठ्यक्रममा भएका विषयवस्तुहरुलाई प्रभावकारी विद्यार्थीलाई ज्ञान हाँसिल गर्न सहयोग गर्छ। पाठ्यक्रम र पाठ्पुस्तकको प्रभावकारी कार्यान्वयनमा शिक्षकलाई मार्गदर्शन गर्न शिक्षक निर्देशिकाको निर्माण गरिन्छ। यसले शिक्षकलाई शिक्षण गर्न सहयोग गर्दछ। यी तीनबीचको सम्बन्धलाई देहायबमोजिम प्रस्तुत गर्न सकिन्छ।

- पाठ्यक्रमले समग्रमा राष्ट्रको शिक्षाको प्रतिनिधित्व गर्दछ भने पाठ्यपुस्तक र शिक्षक निर्देशिका पाठ्यक्रमका आधारमा तयार गरिन्छ।
- पाठ्यक्रममा विषयवस्तुको क्षेत्र र क्रम निर्धारण गरिएको हुन्छ। पाठ्यपुस्तकमा विषयवस्तुको विस्तृतीकरण गरिएको हुन्छ। साथै शिक्षक निर्देशिकामा कसरी शिक्षण गर्ने भन्ने कुरा उल्लेख हुन्छ।
- शिक्षण गर्नका लागि पाठ्यक्रम अपरिहार्य हुन्छ। तर पाठ्यपुस्तक र शिक्षक निर्देशिका बिना पनि शिक्षण गर्न सकिन्छ।
- पाठ्यक्रम सैद्धान्तिक पक्षसँग सम्बन्धित छ; पाठ्यपुस्तक प्रयोगात्मक अभ्यास सँग र शिक्षक निर्देशिका क्रियाकलाप सँग सम्बन्धित छ।
- पाठ्यक्रम तहगत, पाठ्यपुस्तक र शिक्षक निर्देशिका कक्षागत र विषयगत रुपमा निर्माण गरिन्छ।
- पाठ्यक्रम एक साध्य हो। पाठ्यपुस्तक र शिक्षक निर्देशीका साधन हुन।

## निष्कर्ष

नेपालमा समय समयमा पाठ्यपुस्तकको अभाव भइरहन्छ। समयमै पाठ्यपुस्तक नपाइनु सामान्य समस्या जस्तै भएको छ। विद्यालयमा समयमा पाठ्यपुस्तक उपलव्ध नहुँदा पठनपाठन समेत प्रभावित भएको पाइन्छ। विद्यालय तहमा शिक्षकले पाठ्यपुस्तकलाई पढाइको एक मात्र साधन मान्नाले यो समस्या सिर्जना भएको हो। पाठ्यपुस्तक त पढाइको एउटा साधन मात्र हो। शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्दा पाठ्यपुस्तक बाहेक अरु सन्दर्भ सामग्रीहरुको पनि प्रयोग गर्न सकिन्छ। शिक्षकले पाठ्यपुस्तकका आधा रमा नभएर पाठ्यक्रमका आधारमा विद्यार्थीहरुलाई शिक्षण गर्नुपर्दछ। अनि मात्र राष्ट्रले लिएका शिक्षाका उद्देश्यहरु हाँसिल गर्न सकिन्छ। तसर्थ नेपालको विद्यालय शिक्षामा बहुपाठ्यपुस्तक प्रणालिको विकास गर्दै पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनमा सन्दर्भमा शिक्षकलाई अभिमुखीकरण र क्षमता विकास गर्नु जरुरी छ। शिक्षकलाई पाठ्यक्रमको प्रयोग गरेर शिक्षण गर्नका लागि योग्य र सक्षम बनाउनुपर्दछ। यसबाट शिक्षक तथा विद्यार्थीमा ज्ञानको दायरा फराकिलो हुँदै स्वअध्ययन क्षमताको समेत विकास हुन्छ। विद्यार्थीहरुमा Hard Skill सँगसँगै Soft Skill को समेत विकास गर्नका लागि पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन हुनुपर्दछ। पाठ्यपुस्तक र शिक्षक निर्देशिकालाई पाठ्यक्रमको कार्यान्वयनको लागि साधनको रुपमा प्रयोग गरिन्छ। यी तीनबीच अन्योन्याश्रित सम्बन्ध रहेको छ।

*(यस लेखमा अभिव्यक्त विचारहरु लेखकका निजी विचारहरु हुन; यसले संस्थागत प्रतिनिधित्व गर्दैन।)*

# पशुपन्छीबाट मानिसमा सर्ने जुनोटिक रोगहरु (Zoonotic Diseases)



**भुपेन्द्र पुन,शाखा प्रमुख**
**पशु सेवा शाखा,सानीभेरी गाउँपालिका**

जुनोटिक रोग भन्नाले पशुहरुबाट मानिसमा सजिलै सर्ने र मानिसबाट पशुहरुमा सजिलै सर्ने रोगलाइ जुनोटिक रोग भनिन्छ ।यो विशेष गरी मेरुदण्ड भएका पशुपन्छी र मानिसहरुमा सजिलै सर्ने गर्दछ ।ससार भरी मानिसमा पाइने रोगहरु मध्ये करिव ३०० भन्दा बढी रोगहरु जनावरबाट मानिसमा सर्दछन भने नेपालमा पनि करिव ५९ भन्दा बढी रोगहरु जुनोटिक भएको अनुमान गरिएको छ ।ससारमा करिव १४०७ जिवाणुहरु मानिसको स्वास्थ्यमा गम्भीर असर गर्न सकृय रहेको देखिन्छ । करिव ५८ प्रतिशत भाइरस र जिवाणुहरु जुनोटिक रोगको समूह भित्र नै पर्दछन ।ससाrरमा करिव १७७ जिवाणु तथा विषाणु अति सवेदनशिल, पटक पटक देखिने प्राणघातक समूह(Emerging and Re-emerging) भित्र पर्दछन ।

## १. केहि विषाणुद्धारा सर्ने जुनोटिक रोगहरु

- Rabies
- Avian influenza/bird flu
- Swine flu
- Japanese Encephalitis

## २. केहि जिवाणुद्धारा सर्ने जुनोटिक रोगहरु

- Tuberculosis
- Brucellosis
- Anthrax

## ३. केहि परजिवीद्धारा सर्ने जुनोटिक रोगहरु

- Tape worm
- Ring worm
- Mange
- Laptosphosis

**नेपालमा विद्यमान रहेका जनस्वास्थ्यसँग सरोकार राख्ने जुनोटिक रोगहरु**

रेविज, बर्ड फ्लु ,जापानिज इन्सेफलाटिस ,पटके, स्वाइन फिवर, ब्रुसेलोसिस ,क्षयरोग ,साल्मोनेलासिस ,हाइडेटिडोसिस आदि ।

**मासुबाट मानिसमा सर्ने जुनोटिक रोगहरु**

बर्ड फ्लु ,हाइडेटिडोसिस ,पटके, स्वाइन फिवर, क्षयरोग ,खोरेत, फित्ते जुका ,ब्रुसेलोसिस ,साल्मोनेलोसिस आदि ।

## १. रेविज (Rabies)

रेविज एक प्राणघातक विषाणुजन्य  जुनोटिक रोग हो जुन रोगले नेपालको ९३ प्रतिशत जनसख्या उच्च जोखिममा छ ।यो rhabdo virus नामक विषाणुबाट लाग्ने गर्दछ ।सामान्यतया बहुला कुकुर, स्याल आदिले टोकेमा यो रोग लाग्ने गर्दछ ।यो विशेष गरी तातो रगत हुने जुनसुकै प्राणीलाइ लाग्ने गर्दछ ।कुनै पनि रेविज रोग लागेको कुकुर वा स्याल आदिले टोकेमा विषाणु शरिर भित्र प्रवेश गरी (Lymphatic system) स्नायु प्रणालीमा सक्रमण गरे मात्र यो रोग देखा पर्दछ ।




### रोकथाम तथा नियन्त्रण (Prevention and Control)

- बहुला कुकुरले टोकेमा मनतातो पानी ,पोटास पानी वा साबुन पानीले टोकेको घाउ सफा गर्ने
- पालेका कुकुरलाइ ३ महिना पुगेपछि १ पटक र प्रत्येक वर्ष रेविज खोप अनिवार्य लगाउने
- घरपालुवा जनावरलाइ जगली जनावरबाट टाढा राख्ने
- पशुहरु बधुवा गरी पाल्ने
- सामुदायिक कुकुर नियन्त्रण गर्ने साथै कुकुर बाधेर मात्र पाल्ने
- कुनै पनि कुकुरले मान्छे वा जनावरलाइ टोकेमा उक्त कुकुरलाइ नमारी १० दिन सम्म नियन्त्रण गरी राख्ने ।
- टोकेपछि रेविज विरुद्ध खोप अनिवार्य लगाउने

## २. एभियन इन्फ्लुएन्जा (Avian Influenza)

यो रोग कुखुरा ,हाँस ,टर्कीमा लाग्ने सरुवा जुनोटिक रोग हो । यो एक प्रकारको विषाणुबाट लाग्ने रोग हो । नाक, मुखबाट निस्कने पदार्थ र सुलीबाट यो रोग छिटो छिटो सर्दछ ।यो रोगको मृत्युदर १० देखि १०० प्रतिशत सम्म हुन्छ । मानिसमा यो रोग सक्रमित जिउदो वा मरेको चराको प्रत्यक्ष सम्पर्कबाट सर्दछ ।अप्रत्यक्ष रुपमा वातावरणीय श्रोत वा सक्रामक बस्तुहरु सुली, मासु र अण्डाबाट पनि सर्दछ ।

**रोकथाम तथा नियन्त्रण (Prevention and Control)**

- हालसम्म कुनै पनि उपचार छैन
- क्वारेन्टाइन व्यवस्थापन मजबुत पार्ने
- रोगमुक्त राष्ट्रबाट मात्र प्यारेन्टस्टक तथा कुखुरा र कुखुरा जन्य पदार्थ आयात गर्ने
- शकास्पद अवस्थाका चराहरुलाइ निगरानीमा राख्ने र त्यसको ओसारपसारमा प्रतिवन्ध लगाउने
- रोग लागेको खवर तुरुन्त नजिकको पशु सेवा शाखा वा पशु अस्पताल तथा पशु सेवा कार्यालयमा जानकारी गराउने
- मरेको चल्लालाइ गहिरो खाडल खनि गाडने
- जैविक सुरक्षाका उपाय अवलम्बन गर्ने

**३. ब्रुसेलोसिस (Brucellosis)**

यो रोग जिवाणुबाट हुने महत्वपुर्ण जुनोटिक रोग हो ।यसले गर्दा मानिसमा माल्टा फिवर हुन्छ भने साधारणतया गाइ ,भैसीमा ५ देखि ८ महिनाको गर्भ तुहिन्छ ।यो रोग Brucella abortus नामक जिवाणुबाट लाग्ने गर्दछ ।यो रोग गाइ,भैसी ,भेडा,बाख्रा बगुर, कुकुरमा समेत लाग्दछ ।यसको सक्रमण पाठेघरमा हुने गर्दछ । यसले गर्दा प्रजनन शक्तिमा ह्रास आउने हुन्छ । विर्यमा समेत यो जिवाणु देखिन्छ ।त्यसैले कृत्रिम गर्भाधान गर्नका लागि पालिएका साढेमा यो रोग देखिएमा उक्त साढेलाइ तुरुन्तै अलग गर्नु पर्दछ ।साढेको अण्डकोष सुन्निएको हुन्छ ।पशु स्वास्थ्यकर्मी तथा पशु चिकित्सक यस रोगबाट होसियार हुनुपर्दछ ।



**रोकथाम तथा नियन्त्रण (prevention and control)**

- पशुलाइ नियमित खोप लगाउने
- नियमित रुपमा जुकाको औषधी खुवाउने
- रोगी पशुलाइ अलग्गै राख्ने तथा समयमै उपचार गर्ने
- राम्रोसग उमालेको दुध र पाकेको मासु मात्र खाने
- सरसफाइमा ध्यान दिने र पशु सग अनावश्यक रुपमा लसपस नगर्ने
- तुहिएको पशुको साल सकभर नछुने

**मासु तथा दुधबाट सर्ने रोगको रोकथामका उपायहरु**

- मासु व्यावसायिलाइ स्वच्छ मासु उत्पादन सम्बन्धी तालिम तथा व्यवस्थित बधशाला तथा बधस्थल निर्माण गर्ने
- उपभोक्तालाइ सफा र स्वच्छ मासु सम्बन्धी जानकारी गराउने
- मासु र दुधलाइ धेरै बेर सम्म नराख्ने
- मासु बेच्ने मानिस निरोगी र स्वस्थ हुनुपर्दछ
- राम्रोसग दुध र मासु पकाएर मात्र खाने बानि बसाल्नु पर्दछ ।
- मासु र दुधलाइ सकेसम्म झिगा भन्किने दुषित ठाउमा नराख्ने
- मासु र दुध ओसार पसार गर्ने भाडा, टेवुल, औजार ,अन्य सामाग्री सफा हुनुपर्दछ
- पशु बध गर्दा रगत पुरै निखार्नु पर्दछ ।
- मासु जाँच एन अनुसार मासु जाच गरेर मात्र खाने बानी बसाल्नु पर्दछ ।
- अन्य मासु र आन्द्रा भुडिको मासु सगै नमिसाउने ।
- दुधको गुणस्तर जाँच गरेर मात्र सेवन गर्ने
- गोठ र दुध दुहुने व्यक्ति सफा हुनु पर्दछ ।

**जुनोटिक रोगबाट जोखिममा पर्ने व्यक्तिहरु**

- रोगी पशुपन्छिको दुध र मासु सेवन गर्ने उपभोक्ता सबै
- घरपालुवा जनावर पाल्ने कृषकहरु
- बधशालामा काम गर्ने व्यक्ति तथा मासु व्यावसायिहरु
- प्रयोगशालामा काम गर्ने तथा पशु सग सम्बन्धित निकायमा काम गर्ने सबै प्राविधिकहरु
- मासु निरिक्षक, पशु चिकित्सक, पशु प्राविधिकहरु सबै

**जुनोटिक रोगबाट बच्ने उपायहरु**

- सरसफाइमा विशेष ध्यान दिने
- पशुपन्छिको उचित व्यवस्थापन गर्ने
- पशुपन्छि जनावरको हेरचाह गर्दा सावधानी अपनाउने
- जैविक सुरक्षाको उपाय अवलम्बन गर्ने
- पशुपन्छीको रोग नियन्त्रण गर्ने
- सरसफाइ र निसक्रमण गर्ने
- खाद्य सुरक्षामा ध्यान दिने

*(यस लेखमा अभिव्यक्त विचारहरु लेखकका निजी विचारहरु हुन; यसले संस्थागत प्रतिनिधित्व गर्दैन।)*

# श्री शीतल मावि पक्रैयाको संक्षिप्त परिचय

## (क) ऐतिहासिक पृष्ठभूमि :-

रुकुम पश्चिम जिल्ला सानीभेरी गाउपालिका वडा न १ पक्रैयां स्थित मगर समुदायको बाहुल्यता रहेको यस भुमिमा अबस्थित यस श्री शीतल माध्यमिक बिद्यालयको स्थापना गरिएको छ। यस बिद्यालयको सेवा क्षेत्र रहेका कैयन वालबालिकाहरुलाई शिक्षाको उज्यालो घामबाट बन्चित हुन नदिन २०४३ सालदेखि यस बिद्यालयले चेतनाको दियो बालिरहेको छ । यस बिद्यालयलाई बि स २०४५ सालमा प्रथामिक बिद्यालयको रुपमा स्वीकृती प्राप्त गरेको थियो । त्यसैक्रममा प्रथामिक शिक्षा परियोजना रुकुमले पनि यस बिद्यालयमा भौतिक पूर्बधारलाई मध्यनजर गर्दै बि स २०५१ सालमा ३/३ कोठाका बिद्यालय दुईवटा भवन निर्माण गरि दिएको थियो । यस बिद्यालयलाई क्रमश बि स २०६६ सालमा निम्ना माध्यमिक बिद्यालय ६-८ र बि स २०७० सालमा माध्यमिक ९-१० तहको अस्थाई अनुमति स्वीकृत पाई अध्यन अध्यापन हुदै आएको छ भने कक्षा ९- १२ को अबधारणा अनुसार ११ कक्षाको अस्थाई अनुमति स्वीकृत पाई अध्ययन अध्यापन हुदै आईरहेको छ । यस्ता कार्यहरुको साहाना गर्दै यस बिद्यालय सेवा क्षेत्रका जनसमुदायहरुले अझै पनि चेतनाको दियो बालि भावि सन्ततिहरुको भबिष्य उज्वल हुने कुराको आशा गरिरहेका छन ।

हाल यस विद्यालयमा प्रारम्भिक वालबिकास केन्द्रको कक्षा देखि ११ कक्षा सम्मा पठनपाठन कार्य हुदै आएको छ ।यस विद्यालयमा विभिन्ना तहमा अध्यपन गराउने १४ जना शिक्षक शिक्षिकाहरु कार्यरत छन । यस विद्यालयमा शैक्षिक शत्र २०७७ सालको भर्ना अनुसार कुल विद्यार्थि संख्या झन्डै ४५० जति रहेको तथ्याङकले देखाउछ । विद्यालयको करिव १२० मिटर लामो ५० मिटर चौडाई भएको खेल मैदानको उपलब्धता र विभिन्ना प्रजातिका फलफुलहरुका वोटविरुवाहरुको हरियालि वगैचा निर्माण गरेको छ । आंप ,लिचि ,कटहर ,अम्बा जस्ता फलफुल बिक्रि बितरण गरेर आन्तरिक आम्दानी वढाउने गरेको छ ,यस विद्यालयमा पठन पाठन तथा अन्य कार्यलय पुस्तकालय ,बिज्ञान प्रयोगशाला ५वटा बिद्यालय भवन र शौचालय भवनहरु रहेका छन । माथिल्लो कक्षाहरुमा विद्यार्थिहरुको बढदो अनुपातले गर्दा जति भौतिक पूर्वधार भएपनि कमै भएको मानिन्छ ,विद्यालयमा वलिया र टिकाउ फर्निचर शौचालय कोठा सुरक्षित घेराबार सुबिधायुक्त प्रयोगशाला ,सहयोगि समुदाय लगनशिल बिद्यार्थि कतर्ब्यनिष्ठ शिक्षक प्रभावकारि शिक्षण ,गुणस्तरिय शिक्षा वालमैत्रि वातावरण भएको बिद्यालय स्थापित हुन आबश्यक छ ।

यस विद्यालयको स्थापना सेवा क्षेत्रभित्र रहेका जन्ताहरुको सक्रियता र त्यस समयमाका जनप्रतिनिधि अर्थात वडा अध्यक्ष श्री रगबिर पुनको नेतृत्वमा २०४५ सालमा भएको थियो ।स्थापना पश्चात २०४५ सालसम्म निजि स्रोतबाट विद्यालय संचालन गरिएको थियो । जिल्ला शिक्षा कार्यलय रुकुमबाट वि स २०४५ सालमा स्थायी स्विकृत पाएपछि विद्यालयको आर्थिक वोझको भारि बिसाउन पाउदा निकै खुसि भएका थिए यहांका बासिन्दाहरु । स्थापना समयमा विद्यालय संन्चालनको बि ब्य स अध्यक्षमा पठबिर पुन रहनु भएको थियो भने शिक्षकको रुपमा यसै वडाका वडा बासि श्री डम्बर बहादुर खडका रहनुभएको थियो । स्थायी स्विकृत प्राप्त गरेपछि विद्यालयको स्विकृत दरबन्दिमा दाङ जिल्ला निवासि श्री मदन कुमार शर्मा प्रधानाध्यापक को रुपमा कार्यरत रहनुभएको थियो । बि स २०४७ सालदेखि निज मदन कुमार शर्मा पश्चात रुकुम न पा कोटजहारि ७ निवासि मान वहादुर घर्ति प्र अ भै कार्यरत रहनु भएको थियो ।

## ख) विद्यालय सेवा क्षेत्र भित्रको पहिचान

यस विद्यालयको सेवा क्षेत्र भित्र रजेला ,रिठापानि ,डारा , सरेलटेरा ,पुजारुटोल ,नरेखारा ,खाराखोला ,मुखिया टोल ,खालि आदि डाउंहरु पर्दछन । यसको पश्चिममा श्री आधारभुत विद्यालय भन्डारवन  र त्यसको सेवा क्षेत्र भन्डारवन गाउं पर्दछ त्यसठाउंबाट यस विद्यालय सम्माको दुरि करिब  २ किलोमिटर रहेको छ । यस विद्यालयको पुर्बमा श्री प्रा बि जंगलगाउं वुकिचौर पर्दछ । विचमा घनाजङगल भएको यी दुबै विद्यालयबिचको दुरि करिव करिब २ किलोमिटर रहेको छ । यसैगरि दक्षिणमा भन्डारवनको कांडा भन्ने ठाउ पर्दछ । जहां पुग्न विद्यालयबाट आधा घन्टाको उकालो चढनु पर्दछ भने उत्तरमा करिव करिव आधा घन्टाको ओरालो झरेपछि भेरि नदि भेटिन्छ ,त्यस नदिका किनारामा भएका वस्तिहरु रजेला सोता रिठापानि वाट विद्यालय आउन

करिव करिव पौने एक घन्टा जति लाग्ने अनुमान गरिएको छ । यस विद्यालयकको सेवा क्षेत्रभित्रका स्थायि बासिन्दाहरुलाई सदरमुकाम मुसिकोट पुग्न करिव करिव ७ घन्टा लामो पैदल यात्रा र मध्यपहाडि लोकमार्गहुदै २ घन्टामा पुग्न सकिन्छ ।नेपालको कर्णाली प्रदेश अर्न्तरगत रुकुम पश्चिम जिल्लाको मुसीकोट नगरपालिका देखी ६ कोष पश्चिममा अवस्थित सानीभेरी गाउँपालिका वडा नं. १पक्रैयां, भौगालिक हिसावले विकट, राजनैतिक, आर्थिक, सामाजिक, साँस्कृतिक एवं शैक्षिक रुपले पिछडिएको मात्र नभई राज्यको स्रोत साधन र पहुँज देखि पनि निकै टाँढा र उपेक्षित छ । त्यसमा पनि सानीभेरी १स्थितपक्रैयांमगर र क्षेत्री जातीकोबाहुल्यता भएको कारण उपेक्षित र उत्पेडित छ । यहि पृष्ठभूमिमा शिक्षा विना समाजको कुनै पनि विकास असम्भव छ र समाजको सर्वाङ्गीण विकासका लागि शिक्षा अनिवार्य हो र यसलाई आम नागरिकको पहुँजमा विस्तार गर्न जरुरी छ भन्ने ठानेर त्यसको सचेत पहल कदमी र नेतृत्वदायी भूमिका समाजका केही अगुवा र समाजका लागि केहि गरौं भन्ने उच्च भावनाका व्यक्तिहरुसानीभेरी गा.पा वडा नं.१पक्रैया  निवासी समाजसेवीहरुलेनेपालमा आधुनिक शिक्षाको प्रारम्भ वि.स १९१० देखि भएको मानिन्छ । जङ्ग बहादुर राणा बेलायत भ्रमण बाट त्यहाँको शिक्षा प्रणाली बाट प्रभावित भई आफ्ना भाइ भारदारहरु लाई अंग्रेजी शिक्षा दिने उद्देश्यले खोलेको दरबार स्कुल नै नेपालको विद्यालय शिक्षाको जग हो । यो विद्यालय स्थापना कालदेखि हालसम्मा महत्वपुर्ण योगदान पुर्‍याउने व्यक्तित्वहरु प्रबिर पुन ,रगबिर पुन ,पछे दमाई ,तिलक पुन ,भद्र बहादुर पुन ,हंशे पुन खले पुन डन्डे पुन ,गंगाराम पुन ,तुलाराम पुन ,हिरा पुन ,जित बहादुर पुन ,यज्ञ बहादुर पुन ,टंगी पुन ,झुमा पु ,अम्मरसिंङ पुन मानिसहरुको को सहयोग बाट हाम्रो यो विद्यालय श्री शितल माध्यमिक विद्यालय पक्रैया पनि मिति २०४५ सालमा प्राथमिक पाठशालाको स्वीकृती पाई २०५६ सालमा निम्न माध्यमिक तह कक्षा ६ र ७ को अस्थाई स्वीकृती पाएको थियो, यसै क्रममा मिती २०६८सालमा कक्षा ८ २०६९सालमा कक्षा ९ र मिती २०७० सालमा कक्षा १० को अस्थाई स्वीकृति प्राप्त गरी हाल  कक्षा १० सम्म अध्यापन कार्य भै रहेको कुरा यहाँहरु लाई अवगतनै छ ।

### (ग) भौगोलिक अवस्था :

श्री शितल माध्यमिक विद्यालय पक्रैया रुकुम जिल्लाको  मुसिकोट नगरपालिका  देखि २० किलोमिटर टाढा अवस्थित सानीभेरी गाउँपालिकाको वडा नं १ पक्रैया रुकुम (पश्चिम) जिल्लाको मुसिकोट नगरपालिका देखि पश्चिम तर्फ पर्दछ । पूर्वमासानिभेरी गाउंपालिका ,पश्चिममा चौरजहारी नगरपालिका , उत्तरमा सानीभरी नदि र दक्षिणमा सानीभेरी गाउँपालिकाको कोटजहारी७नम्बर वडा पर्दछ । यो विद्यालयमा पढ्न सेवाक्षेत्र भित्रका वालवालिका लाई सुगमता छ । यस वडाको बुकिचौर ,भन्डारवन ,सोते ,जाजरकोट पिपे ,चाइनावगर, का करीब ४५० घरधुरी र ३,००० जनसंख्या रहेको विशाल सेवा क्षेत्रलाई यस विद्यालयले समेटछ । त्यसकारणले गर्दा नै विद्यार्थीको चाप वढी छ ।

## (घ) विद्यालय समुदायको बनोट

विद्यालय सेवा क्षेत्रको रुपमा पर्दछन् ।गाउँ बिकास समितिको कार्यालयबाट गरिएको सर्वेक्षण अनुसार विद्यालय अवस्थित समुदाय सानीभेरी १ पक्रैयां मा जम्मा घरधुरी संख्या १६५ रहेको छ भने कूल जनसंख्या ९६५रहेको देखिन्छ । जसमा पुरुष ४२५ र महिला ५४०रहेका छन । यस सेवाक्षेत्रमा बसोवास गर्ने जातिहरुमा मगर र क्षेत्रीजातिको बाहुल्यता रहेको छ त्यस्तै मगर र क्षेत्रीलगायतक अन्य जातिहरु पनि रहेका छन् । दशै , तिहार ,माघे सक्रान्ति ,तीज जस्ता चाडपर्वहरु भव्य रुपमा मनाउने चलन छ भने देवीदेवताका पुजाआराधाना समेत गर्ने चनल छ । जन्म विवाह भोजभतेर र मृत्यु संस्कारहरुका पम्पराहरु पनि मौलिकतापन रहेको छ । धार्मिक रुपमा हिन्दु धर्म मान्नेहरुको बाहुल्यता ९५ प्रतिशत भन्दा माथि रहेको छ भने बाँकी अन्य धर्म मान्नेहरु पनि छन । यस गा.पा को मुख्य पेशाको रुपमा कृषि र पशुपालन रहेको छ । तर पछिल्लो चरणमा धेरै जसो युवाहरु विदेशतिर आकर्षित भएको पाइन्छ । खुल्ला दिशामुक्त गा.वि.स.घोषणा भएको छ ।विभिन सरकारी गैरसरकारी संघ संस्थाहरु पनि प्रवेश गरिसकेका छन । आ.सा नेपाल.,जलवयु परिर्वत कार्यक्रम (लाप) सेब्द चिल्डेनको कार्यक्रम पनि संचालन रहेको छ ।जस्ता गैरसरकारी संस्थाहरु र विभिन्न स्थानीय समूहहरु तथा महिला समुह युवा क्लबहरु पनि क्रियाशिल रहेका छन । स्वास्थ्य चौकी, हुलाक, वडा कार्यालय, पशु सेवा केन्द्र र विद्यालयहरु जस्ता सरकारी निकायहरुले पनि आफ्नो सेवा दिइरहेका छन । शिक्षा , स्वास्थ्य, खानेपानी, संचार र यातायात लगायत विकासका पूर्वाधारहरुको सामान्य विकास भए पनि विद्युतको पूर्वाधारहरु विकास हुन सकिरहेको छैन ।यस प्रति राज्यको नजर पुगेको छैन । आर्थिक स्तरलाई वृद्धि गरेर जीवनस्तरलाई उकास्न सिकर्मी, डकर्मी, मजदुरी, पशुपालन, तरकारी उत्पादन, मौरीपालन, व्यापार, फलफुल उत्पादन र वैदेशिक रोजगार जस्ता क्रियाकलापमा संलग्न रहेका छन । बिशेष गरी पशुपालन, कृषिमा संकलन र वैदेशीक रोजगार जस्तो व्यवसायले ख्याति पाएको छ । रुकुम जिल्ला सानीभेरी उपतयका दुवै तिर ठुला दुई पहाडले घेरीएको उपत्यका हो । यहाँको भू -बनोट अत्यन्त चित्ताकर्षक छ । उर्वर भुमि र उपल्लो क्षेत्रमा घना जंगल,तल्लो भागमा बेशी सानाटारले गर्दा प्राकृतिक दृष्टिबाट यो ठाउँ बरदान सावित भएको छ । यो विद्यालयको दक्षिणतिर ठुलो सानीभेरी नदी बगी रहेको छ । पुर्वतिर करीब १० किलो मिटरमा सानीभेरी गाउँपालिका पर्दछ । समस्थल भू बनोटको ०८१५ वर्ग मिटरमा फैलिएको प्राङगणले कुनै पनि पूर्वाधार निमार्णको लागी जग्गाको अभान नहुने देखिन्छ । यस विद्यालयमा विद्यार्थीहरु विद्यालयमा पुग्न धेरै लाग्ने लाई २ घन्टा सम्म लाग्दछ ।

यो विद्यालय सेवा क्षेत्रभित्रका अधिकांश मानिसहरु आफ्नो जग्गाबाट आश्रित छन् । उत्पादनका दृष्टिले यो उर्वर भएकोले पेटपाल्नकै निम्ती अन्यत्र कतै भौतारीनु पर्दैन् । नदि,खोलानाला,भिरपाखा खस्ने ढुङ्गा कुनै पनि असुरक्षाबाट यहाँका मानिस चिन्तीत हुन पर्दैन । आफ्नो साना वालवालिकालाई पनि एक्लै विद्यालय पठाउन सकिन्छ । यस क्षेत्रमा बसोबास गर्ने जातिहरु जनजाति,दलित र क्षेत्रीहरुको बसोबास गर्दछन् । महिला पुरुषले समान क्षेत्र ओगटेका छन भने महिला पुरुषमा खासै विभेदता पाईदैन । रुढि र अन्धविश्वासमा आश्रित भएपनि उल्लेखनिय साँस्कृतिक विविधता यहाँ पाइदैन । फाटफुट किस्चियनमा आवद्ध भएपनि हिन्दु वर्चश्व छ ।

शिक्षा आर्जन गरेपनि मान्छेमा चेतना र व्यक्तित्वको विकास हुन्छ भन्ने अनुभव भएपनि शिक्षा प्राप्त गर्न प्रयास,श्रम,निरन्तरता र लगानी आवश्यक पर्छ भन्ने कुराको चेतना अझै पलाउन सकेको छैन । यहाँका मान्छेमा एउटा नकरात्मक प्रवृति के छ भने उनिहरु विग्रनु अथवा विकास हुन नसक्नु भनेको अरुको हात छ आफ्नो सफलताको लागी अथक परिश्रम गर्नु पर्छ भन्ने धारणा नभएर अरुलाई दोष लगाउनु यहाँका मानिसहरुको मुख्य विशेषता हो । यो पवृति साना ठुला सबैमा निहित छ । यहाँ सबै मानिसहरुले नेपाली बोल्ने एउटै धर्म मान्ने एकै प्रकारले साँस्कृति प्रचलनले कुनै प्रकारको साम्प्रदायिक भड्काव हुने सम्भावना हुदैन । आर्थिक उपार्जनको स्थानी स्रोत छैन । यस ठाउँका मानिसहरु काम गर्न इन्डिया (भारत),अन्य देशहरुमा कमाउन जाने गर्दछन । यहाँका मानिसहरु धनि नभएता पनि अन्यत्रको दाँजोमा सुखि भने अवश्य छन ।

## (ङ) सेवा क्षेत्रको परिभाषा

विद्यालयमा अधिक्तम संख्यामा अध्ययन गर्न आउने विद्‌यार्थीहरु बसोबास गर्ने क्षेत्रलाई सेवा क्षेत्र भनिन्छ । यस विद्यालयमा अध्ययन गर्न आउने सेवा क्षेत्रहरु बुकिचौर,पक्रैयां , भन्डारवन ,सोते , चाइनावगर , जाजरकोट पिपे , सम्मको नक्सात्मक विवरण निम्ननानुसार पेश गरीन्छ ।यो विद्यालय अवस्थित पक्रैयां विद्यालयबाट उत्तर तर्फ १५०० मिटरमा सानीभेरी नदि पर्दछ । मगर जनजातिको बाहुल्यता रहेको क्षेत्री जाति  मिश्रित १६० घरधुरी रहेको छ । यस गाउँका ५ प्रतिशत विद्यार्थी वाहिर रहेका छन ।

## <u>(च) विद्यालयमा संचालित कार्यक्रम विवरण</u>

श्री शितल माध्यमिक विद्‌यालय पक्रैयां सानीभेरी गा.पा १ रुकुम पश्चिम औपचारिक शिक्षा अर्न्तरगत बालविकास देखि कक्षा १०सम्मको पढाइ संचालन भै रहेको छ ।  बालबालिकाहरुको पठन पाठनका अतिरिक्त शारीरिक,मानसिक, बौद्धिक, नैतिक, सामाजिक तथा संबेगात्मक प्रतिभाको सर्वाङ्गीण विकास गराउन हरेक हप्ताको शुक्रबारमा अतिरिक्त क्रियाकलाप संचालन गरिन्छ । विद्‌यार्थीहरुलाई सदन विभाजन टोली नेताको चयन गरिन्छ । यस क्रियाकलापमा उत्कृष्ट स्थान हासिल गर्ने छात्र छात्राहरुलाई पुरस्कारको व्यवस्था गरिन्छ । छात्र र छात्राहरुको लागि डोरी, रिङ र संगितका सामान्य सामाग्री व्यवस्था गरिको छ ।

सामान्यतया कक्षाको तुलनामा  विद्‌यार्थी संख्या सामन्य रहेको छ । बार्षिक कार्यपात्रोको निर्माण गरेर सोही अनुसार शैक्षिक क्रियाकलाप अगाडि बढाइन्छ । प्रथम त्रैमासिक, अर्धबार्षिक, बार्षिक परिक्षा लगायत प्रयोगात्मक परिक्षा र निरन्तर मुल्यांकनलाई जोड दिन प्रयास गरिएको छ । मासिक रुपमा शिक्षक कर्मचारी बैठक हुन्छ भने वि.व्य.स.,शि.अ.स. बैठक पनि आवश्यकता अनुसार हुनुका साथै हरेक वर्षको भाद्र मसान्त भित्र सामाजिक परिक्षण गरि लेखा परिक्षणको लागि कार्वाही अगाडी बढाइन्छ । विद्‌यालय भवन संख्या विद्यार्थी संख्याको अनुपातमा कम भएकाले समय समयमा विभिन्न सरकारी तथा गैरसरकारी संस्थामा योजना माग गरे पनि अझै सम्म पनि भवनको समस्या प्रयाप्तसामाधान भएको छैन ।तसर्थ, भवन निर्माणको लागि आर्थिक सहयोग माग पत्र जिल्लाका सरोकारवाला संघ, संस्थाहरुमा माग गरिएको अबस्था छ । कक्षा कोठामा फर्निचर प्रयाप्त छैनन् । पूर्ण घेरवारको व्यवस्था छैन । विद्‌यालयमा फिल्ड नहुदा विभिन्न खेलकुद तथा अतिरिक्त क्रियाकलाप र कार्यक्रम गर्न निके कठिन रहेको छ । विद्यालयको लागी चाहिने छुट्टै खानेपानीको व्यवस्था रहेको छैन। विद्‌यालयको शैक्षिक गतिविधि समग्रमा सकारात्मक रुपमा अघि बढि रहेको छ ।

खास गरेर विद्‌यालयको भौतिक पक्ष सुधार भएको छैन । वि.व्य.स.,शि.अ.स.,अभिवाक, शिक्षक लगायत सरोकारवाला पनि सक्रिय रुपमा विद्‌यालय प्रति प्रतिवद्ध रहेको पाइन्छ । आर्थिक स्रोतको अभाव भएता पनि शैक्षिक सामाग्रीहरु प्रयाप्त छन भने कम्प्युटर प्रयोगशाला को व्यवस्था पनि  छ । यसरी विद्‌यालयको पठनपाठन क्रियाकलाप सकरात्मक तरिकाले अघि बढिरहको छ । तसर्थ, विद्‌यालय सम्बद्ध सरोकारवालाहरु (स्थानिय स्तर देखि माथिल्लो स्तर सम्म) बाट

जिम्मेवारी बोध भएको र सबैबाट आवश्यक सरसहयोग भएकोले विद्यालयको सुधार भएको देखिन्छ। यसका लागि हामी सबै अझै प्रतिबद्ध र क्रियाशिल हुन जरुरी छ।कक्षा १मा अत्यधिक चाप छ। आधारभूत तहमा ३ जनाको दरबन्दी, १ जना राहत कोटा र गाउँकार्यपालिकाको शिक्षा युवा तथा खेलकुद शाखाबाट नि मा.वि तहका ३ जना, मा बि मा बि तहका ३ जना ,विद्यालय कर्मचारी १ जना , बाल शिक्षिका १ जना र यस विद्यालय कक्षा शिशु देखि कक्षा १० सम्म ४५० जना विद्यार्थीको पठन पाठन गर्न धेरै कठिन भएको छ। विद्यालयमा उपचार बाकस छ भने पोषण सम्बन्धि कुनै कार्यक्रम छैन। यसका साथै खेलकूदको सामग्री र स्थानको पनि राम्रो व्यवस्था गरीएको छ। आधारभूत तहमा विद्यार्थी संख्या अत्यधिक छ। शिक्षक विद्यार्थी अनुपात मिलेको छ। वार्षिक कार्यतालिका बनाएर पठनपाठन कार्यक्रम अगाडि बढाईन्छ। आवश्यकता अनुसार स्टाप बैठक वि.व्य.स,शि.अ.स. बैठक हुनुका साथै यस वर्ष देखि भाद्र महिना भित्र सामाजिक परीक्षण र लेखा परीक्षण कार्य सम्पन्न गर्ने तय गरीएको छ।विद्यार्थी अनुपातमा कक्षाकोठा अपुग भएकोले हाम्रो गाउँपालिका मार्फत विभिन्न संङघसंस्थाहरुमा विद्यालय भवन निमार्णका लागी पहल गर्ने योजना रहेको छ।

माध्यमिक स्तर पूर्ण रुपमा र आधारभूत तहमा आंशिक रुपमा निजिस्रोत शिक्षकको व्यवस्था गरी पठनपाठन सुचारु गरीएको छ। विद्यालयको नियमित आयस्रोत नभएकोले गत्त वर्षको निजि शिक्षकहरुको तलब भुक्तानीमा कठिनाई उत्पन्न भएको छ। सो समस्या समाधानका लागी गाउँपालिकामा अनुरोध जाहेर गरीने छ। हाम्रो विद्यालय मध्यपहाडि रोड देखि करिब २ किलोमिटर नजिक रहेकोले शाखा अधिकृत,गाउँपालिका अध्यक्ष तथा अन्य सरोकारवालाहरु बाट अनुगमन तथा निरीक्षण बेला बेलामा भैरहेको छ।

वि.व्य.स.,शि.अ.स,जनप्रतिनिधि,सरोकारवाला र आम अभिभावकलाई विद्यालयमा सरिक गराई विद्यालय प्रति अपनत्व भावना जागृत गराई विद्यालय प्रतिको जिम्मेवारी बोध गराउने उद्देश्य राखिएको छ। भने व्यवस्थापन समितिको शिक्षक प्रतिको हैकमवादलाई कर्तव्यमा रुपान्तर गर्ने लक्ष्य राखिएको छ। हालको शैक्षिक उपलब्धि ४० बाट बढाएर ५० पुचाउने लक्ष्य राखिएको छ भने विद्यार्थी अनुसासन र उपस्थिती लाई पनि सुधार गर्ने कार्यक्रम छ।

यसरी शैक्षिक गतिविधि लाई सकारात्मक रुपमा अगाडि बढी रहेको छ। अपेक्षित रुपमा विद्यालयको भौतिक सुधार हुन सकेको छैन। आर्थिक अभाव,विद्यालय प्रति सरोकारवालाको उदासिनता आदी कारणले अपेक्षित सफलता हाँसील गर्न सकिएको छैन । यसै वर्ष देखि यस विद्यालयलाई सौर्य उर्जा स्वीकृति भै जडान समेत भै सकेकोले कम्प्युटर ,पुस्तकालय, विज्ञान प्रयोशाला विस्तार तथा सदृढिकरणका लागी आर्थीक सहयोग गरीदिन शिक्षा युवा तथा खेलकूद शाखामा अनुरोध गरीने छ। विविध समस्याको समाधान गदै र अवरोधलाई चिर्दै विद्यार्थीको पढाईलाई अगाडि बढाउने प्रयास भने निरन्तर भै रहेको छ। (स्रोतः सम्बन्धित विद्यालय)

## श्री राप्ती ज्ञानोदय मा.वि.सिम्लीको ऐतिहासिक पृष्ठभूमी तथा वर्तमान अवस्था

**ऐतिहासिक पृष्ठभूमीः**

नेपालको शैक्षिक ऐतिहास २००७ सालको प्रजातन्त्र प्राप्ती पछि आधुनिक काल प्रारम्भ भएता पनि विकट गाउँवस्तीमा शिक्षाको प्रचार र प्रसार नभएको कारण त्यसको एक दशक पछि मात्र यस क्षेत्रमा शिक्षाको सुरुवात भएको पाइन्छ । त्यसमा रुकुम जिल्लाको भौगोलिक अवस्थालाई हेर्दा अन्य क्षेत्र भन्दा सुगम मानिने तत्कालिन अर्मा पञ्चायतको वडा नं. ८ हाल सानीभेरी गाउँपालिका वडा नं. ९ सिम्लीमा शिक्षाको विकास भारत गढवाल निवासी शिवानन्द योगीको पहलमा पठनपाठनको सुरुवात तथा त्यस शुभ कार्यको सहयोग तत्कालिन समाज सेवी प्रधान पञ्च कृपाराम खड्का, समाजसेवी दिर्घु खड्का, चिन्तु खत्री, हेमन्त ओली, मोहलाल ओली, रामलाल घर्तीको सहयोग र व्यवस्थापबाट २०१७ सालमा शिक्षाको उज्यालो दियो बाल्ने कार्यको सुरुवात भई २०२० सालमा स्विकृती प्राप्त गरेको इतिहास छ ।त्यस बेलाको प्रथम सञ्चालन समितिको अध्यक्ष कृपराम खड्का र प्रथम प्रधानाध्यापक शशिराम गौतम हुनुभयो ।त्यसैगरी नि.मा.वि. तह २०३६ सालमा स्वीकृत भएको र त्यसको अध्यक्ष डम्बर खत्री र प्र.अ. परवीर ओली हुनु भएको थियो, भने माध्यमिक तह (९-१०) २०४८ सालमा अनुमति र २०५२ सालमा स्वीकृत पाएको थियो। त्यसको अध्यक्ष धर्मजीत बुढाथोकी र प्र.अ. तिर्थ बहादुर बुढा हुनुभएको थियो । त्यसपछि माध्यमिक तह कक्षा (११-१२) २०६४ सालमा अनुमति पाएको थियो, भने अध्यक्ष रिप बहादुर ओली र प्र.अ. गोपाल सिह के.सी. हुनुभयो ।विद्यालयमा थप व्यवस्थापन गर्ने क्रममा २०६८ सालमा विज्ञान शिक्षा २०७० सालमा व्यवस्थापन २०७२ सालमा विज्ञान **(I.Sc)** २०७३ सालमा १८ महिने पशु स्वास्थ्य २०७५ सालमा १८ महिने बाली विज्ञान कार्यक्रमहरु सञ्चालनमा रहेका छन् र २०७८ साल देखि सानीभेरी गाउँपालिकाबाट अनुमति पाई प्राविधिक धार तर्फ कक्षा (९-१२) सञ्चालन भईरहेको छ । विद्यालय नेपाल सरकारबाट नमुना विद्यालयको रुपमा छनौट भई २०७५ साल देखि कार्यक्रमहरु सञ्चालनमा रहेको अवस्था छ ।

**वर्तमान अवस्थाः**

नेपाल सरकारबाट नमुना विद्यालयको रुपमा छनौट भई २०७५ साल देखि कार्यक्रमहरु सञ्चालनमा भईरहेका अवस्था पछि विद्यालयको वर्तमान अवस्था यस प्रकार छः-

### क. कार्यरत शिक्षक विवरणः

| क्र.स. | तह | दरबन्दी | | | राहात | | | गा.पा. अनुदान | | | नमुना अनुदान | | | निजी | | | जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | म | पु | ज | म | पु | ज | म | पु | ज | म | पु | ज | म | पु | ज | म | पु | ज |
| १ | मा.वि.तह ११-१२ | - | २ | २ | - | - | - | - | - | | - | १ | १ | - | - | - | - | ३ | ३ |
| २ | मा.वि.तह ९-१० | - | ५ | ५ | - | - | - | - | - | | - | - | | - | - | - | - | ५ | ५ |
| ३ | आधारभूत ६-८ | - | ३ | ३ | - | - | - | १ | २ | ३ | - | ३ | ३ | - | १ | १ | १ | १० | ११ |
| ४ | आधारभूत १-५ | १ | ३ | ४ | १ | - | १ | - | - | | - | १ | १ | २ | १ | ३ | ४ | ५ | ९ |
| ५ | बालबिकास | १ | - | १ | - | - | - | - | - | - | १ | - | १ | - | - | - | २ | - | २ |
| जम्मा | | २ | १३ | १५ | १ | - | १ | १ | २ | ३ | १ | ५ | ६ | २ | २ | ४ | ७ | २३ | ३० |

### ख. कार्यरत कर्मचारी विवरणः

| क्र.स. | तह | अनुदान | | | राहात | | | गा.पा. अनुदान | | | नमुना अनुदान | | | निजी | | | जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | म | पु | ज | म | पु | ज | म | पु | ज | म | पु | ज | म | पु | ज | म | पु | ज |
| १ | लेखा व्यवस्थापक | - | - | - | - | - | - | - | - | - | - | १ | १ | - | - | - | - | १ | १ |
| २ | पुस्तकालय व्यवस्थापक | - | - | - | - | - | - | - | - | - | १ | | १ | - | - | - | १ | - | १ |
| ३ | सुरक्षा व्यवस्थापक | - | - | - | - | - | - | - | - | - | - | १ | १ | - | - | - | - | १ | १ |
| ४ | विद्यालय सहायक | - | १ | १ | - | - | - | - | - | - | - | - | - | - | - | - | - | १ | १ |
| ५ | विद्यालय सहयोगी | - | १ | १ | - | - | - | - | - | - | १ | - | १ | | २ | २ | १ | ३ | ४ |
| जम्मा | | ० | २ | २ | ० | ० | ० | ० | ० | ० | २ | २ | ४ | ० | २ | २ | २ | ६ | ८ |

### ग. कक्षागत विद्यार्थी विवरणः २०७९

| क्र.स. | कक्षा | माध्यमिक तह ११-१२ | | | माध्यमिक तह ९-१० | | | आधारभूत तह १-८ | | | बालबिकास | | | जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| १ | कक्षा १२ | ८९ | ७८ | १६ | - | - | - | - | - | - | - | - | - | ९१ | ७८ | १६ |
| ३ | कक्षा ११ | १३५ | १२३ | २५ | - | - | - | - | - | - | - | - | - | १३५ | १२३ | २५ |
| ४ | कक्षा १० | - | - | - | ४८ | ५८ | १०६ | - | - | - | - | - | - | ४८ | ५८ | १०६ |
| ५ | कक्षा ९ | - | - | - | ५० | ७१ | १२१ | - | - | - | - | - | - | ५० | ७१ | १२१ |
| ६ | कक्षा ८ | - | - | - | - | - | - | ४० | ३३ | ७३ | - | - | - | ४० | ३३ | ७३ |
| ७ | कक्षा ७ | - | - | - | - | - | - | २६ | २६ | ५२ | - | - | - | २६ | २६ | ५२ |
| ८ | कक्षा ६ | - | - | - | - | - | - | १६ | ३४ | ५० | - | - | - | १६ | ३४ | ५० |
| ९ | कक्षा ५ | - | - | - | - | - | - | १८ | १३ | ३१ | - | - | - | १८ | १३ | ३१ |
| १० | कक्षा ४ | - | - | - | - | - | - | १२ | २१ | ३३ | - | - | - | १२ | २१ | ३३ |
| ११ | कक्षा ३ | - | - | - | - | - | - | १८ | १५ | ३३ | - | - | - | १८ | १५ | ३३ |
| १२ | कक्षा २ | - | - | - | - | - | - | ५ | १३ | १८ | - | - | - | ५ | १३ | १८ |
| १३ | कक्षा १ | - | - | - | - | - | - | ११ | १० | २१ | - | - | - | ११ | १० | २१ |
| १४ | बालबिकास | - | - | - | - | - | - | - | - | - | ४५ | ४८ | ९३ | ४५ | ४८ | ९३ |
| जम्मा | | २२४ | २०१ | ४२५ | ९८ | १२९ | २२७ | १४६ | १६५ | ३११ | ४५ | ४८ | ९३ | ५१५ | ५४३ | १०५८ |

*नोटः यो विवरण मिति २०७९/०२/१० गते सम्मको भर्ना रेकर्ड अनुसार उल्लेख भएको।*

(स्रोतः सम्बन्धित विद्यालय)

# श्री जनप्रिय माध्यमिक विद्यालय हाँसीबाङको एक झलक

**ऐतिहासिक पृष्ठभूमिः**

नेपालको कर्णाली प्रदेश अन्तरगत रुकुम पश्चिच जिल्लाको सदरमुकाम मुसिकोट नगरपालिका देखि ५ कोष पश्चिममा अवस्थित सानीभेरी गाउँपालिका वडा नं. ९ भौगोलिक हिसाबले विकट, राजनैतिक,आर्थिक, सामाजिक, साँस्कृतिक, एवँ शैक्षिक रूपले पिछडिएको मात्र नभइ राज्यको स्रोत साधन र पहँच देखि पनि निकै टाँढा र उपेक्षित छ । त्यसमा पनि सानीभेरी ९ स्थित हाँसीवाङ्ग क्षेत्री जातीको बहुल्यता भएको कारण उपेक्षित र उत्पेडित छ । यहि पृष्ठभूमिमा शिक्षा विना समाजको कुनै पनि विकास असम्भव छ भन्ने छ र समाजको सर्वाङ्गीण विकासका लागी शिक्षा अनिवार्य हो र त्यसैले यसलाइ आम नागरिकको पहुँचमा विस्तार गर्न जरूरी छ भन्ने ठानेर त्यसको सचेत पहल कदमी र नेतृत्वदायी भूमिका समाजका केहि अगुवा र समाजका लागी केहि गरौं भन्ने उच्च भावनाका व्यक्तीहरू सानीभेरी गा,पा वडा नं. ९ हाँसीबाङ्ग निवासी समाजसेवीहरू । तत्कालिन गाउँपञ्चायत प्रधानपञ्च शेर बहादुर खत्री, सस्थापक अध्यक्ष विरभान खड्का, धर्मु डाँगी,विरबल डाँगी , विरजङ्ग ओली , गँगाराम खड्का , कमारा खड्का लोकु डाँगी नैनु डाँगी जस्ता समाजका अगुवा व्यक्तीहरूबाट हाम्रो यो विद्यालय श्री जनप्रिय माध्यमिक विद्यालय हाँसीबाङ्ग पनि मिति २०३२ सालमा प्राथमिक पाठशालाको रूपमा स्वीकृति भै समय क्रम सँगै २०३५ सालमा निम्न माध्यमिक तह कक्षा ६ र ७ को स्वीकृति पाएको पाएको थियो , सयै क्रममा मिति २०६० सालमा कक्षा ८, २०६५ सालमा कक्षा ९ र मिति २०६६ सालमा कक्षा १० को अनुमति प्राप्त गरी हाल कक्षा १० सम्म अध्ययन अध्यापन कार्य भै रहेको कुरा यहाँहरूलाई अवगतनै छ ।

**(ख) भौगोलिक अवस्था**

श्री जनप्रिय माध्यमिक विद्यालय हाँसीबाङ्ग रूकुम (पश्चिम) जिल्लाको मुसिकोट नगरपालिका देखि पश्चिम ८ किलोमिटर टाढा अवस्थित छ ।यो पूर्व मु.न.पा. १४ पश्चिममा सानीभेरी गाउँपालिका , उत्तरमा सानिभेरी नदि र दक्षिणमा सानीभेरी गाउँपालिकाको ११ नम्बर वडा पर्दछ । यो विद्यालयमा पढ्ने सेवाक्षेत्र भित्रका वालवालिका लाई यातायातका झोलुङ्गे पुलका कारण सुगमता छ । यस वडाको हाँसीबाङ्ग,मगरराङ्जा, मु.न.पा. १४ लोरीबाङ्ग र सानीभेरीको वडा नं. ३ ज्यामिरे,चौखे का करिब ४५० घरदुरी र ३,००० जनसंख्या रहेको विशाल सेवा क्षेत्रलाई यस विद्यालयले समेट्छ ।त्यसकारणले गर्दा नै विद्यार्थीको चाप बढ्ने सम्भावना रहेको छ ।

**(ग विद्यालय समुदायको बनोट**

विद्यालयको सेवा क्षेत्रको रूपमा सानीभेरी गाउँपालिका बाट गरिएको सर्वेक्षण अनुसार विद्यालय अवस्थित समुदाय सानीभेरी ९ हाँसीबाङ्ग मा जम्मा घरधुरी संख्या १६५ रहेको छ भने कूल जनसंख्या९६५ रहेको देखिन्छ । जसमा पुरूष ४२५ र महिला ५४० रहेका छन । यस सेवाक्षेत्रमा बसोबास गर्ने जातिहरूमा क्षेत्री जातिको बहुल्यता रहेको छ त्यस्तै क्षेत्री लगायत अरू जातिहरू पनि रहेका छन । दशैं तिहार माघेसंक्रान्ति ,श्रावन संक्रान्ति हरीतालिका तिज जस्ता चाडपर्वहरू भव्य रूपमा मनाउने चलनका साथ देवीदेवताका पुजाआराधाना समेत गर्ने चलन छ । जन्म,विवाह भोजभतेर मृत्यू संस्कारहरूका परम्परा पनि मौलिकतापन रहेको छ । धार्मिक रूपमा हिन्दु धर्म

मान्नेहरू बाहुल्यता ९५ प्रतिशत भन्दा माथी रहेको छ भने बाँकी अन्य धर्म मान्नेहरू पनि छन । यस क्षेत्रको मुख्य पेशाको रूपमा कृषि र पशुपालन रहेको छ । तर पछिल्लो चरणमा धेरै जसो युवाहरू विदेशतिर आकर्षित भएको पाइन्छ । खुल्ला दिशामुक्त क्षेत्र घोषणा भै सकेको छ ।

विभिन्न सरकारी गैरसरकारी संघ संस्थाहरूले पनि सेवा दिइरहेका छन ।आ.सा नेपाल जलवायू परिवर्तन कार्यक्रम(लापा) सेब द चिल्ड्नको कार्यक्रम संचालन रहेको छ । गैरसरकारी संस्थाहरू र विभिन्न स्थानिय समूहरू तथा महिला समूह युवा क्लबहरू पनि क्रियाशिल रहेका छन । स्वास्थ्य चौकी, हुलाक,वडा कार्यालय, पशुसेवा केन्द्र र विद्यालयहरू जस्ता सरकारी निकायहरूले पनि आफ्नो सेवा दिइरहेका छन । शिक्षा,स्वास्थ्य,खानेपानी,संचार र यातायात लगायत विद्युतिय केन्द्रिय प्रसारण लाइन जडान समेत गरिएके छ । आर्थिक स्तरलाई वृद्दि गरेर जीवनस्तरलाई उकास्न सिकर्मी ,डकर्मी , मजदुरी, पशुपालन,तरकारी उत्पादन, मौरीपालन,व्यापार, फलफूल उत्पादन र वैदेशिक रोजगार जस्ता क्रियाकलाप संलग्न रहेका छन । विशेष गरी पशुपालन,कृर्षिमा संलग्न र वैदेशिक रोजगार जस्तो व्यवसायले ख्याती पाएको छ । रूकुम जिल्ला सानीभेरी उपत्यका दुवै तर्फ दुई ठुला पहाडले घेरीएको उपत्यका हो । यहाँको भू- बनोट अत्यन्त चित्ताकर्षक छ ।उर्वर भूमी र उपल्लो क्षेत्रमा घना जङ्गल तल्लो भागमा बेशी सानाटारले गर्दा प्राकृतिक दृष्टिबाट यो ठाउँ बरदान सावित भएको छ । यो विद्यालयको उत्तर तिर ठूलो सानीभेरी नदी बगी रहेको छ । पश्चिमतिर करिब ४ किलो मिटरमा सानीभेरी गाउँपालिका पर्दछ ।समस्थल भू - बनोटको ०८१५ वर्ग मिटरमा फैलिएको प्राङ्गणले कुनै पनि पूर्वाधार निर्मानको लागी जग्गाको अभान नहुने देखिन्छ । यस विद्यालयमा विद्यार्थीहरू विद्यालयमा पुग्ने धेरै समय लाग्ने लाई १ घन्टा सम्म लाग्दछ ।

यो विद्यालय सेवा क्षेत्रभित्रका अधिकांश मानिसहरू आफ्नो जग्गाबाट आश्रित छन् । उत्पादनका दृष्टिले यो उर्वर भएकोले पेटपाल्नकै निम्ती अन्यत्र कतै भौतारीनु पर्दैन् । नदी , खोलानाला,भिरपाखा खस्ने ढुङ्गा कुनै पनि असुरक्षाबाट यहाँका मानिस चिन्तित हुनु ,पर्दैन् । आफ्नो साना वालवालिकालाई पनि एक्लै विद्यालय पठाउन सकिन् । यस क्षेत्रमा बसोबास गर्ने जातिहरू जनजाति,दलित,र क्षेत्रीहरूको बसोबास गर्दछ । महिला पुरूषले समान क्षेत्रमा बसोबास समान क्षेत्र ओगेटेका छन् भने महिला पुरूषमा खासै विविधता पाइदैन् ।रूढिबादी अन्धविश्वासमा आश्रित भएपनि उल्लेखनिय सांस्कृतिक विविधता यहाँ पाइदैन । फाटफुट क्रिस्चियनमा आबद्द भएपनि हिन्दु वर्चश्व छ।
शिक्षा आर्जन गरेपनि मान्छेमा चेतना व्यक्तित्वके विकास हुन्छ भन्ने अनुभव भएपनि शक्षा प्राप्त गर्न प्रयास,श्रम,निरन्तरता र लगानी आवस्यक पर्छ । भन्ने कुराको चेतना अझै पलाउन सकेको छैन् । यहाँका मान्छेमा एउटा नकारात्मक प्रवृति केछ भने उनिहरू बिग्रनु अथवा विकास हुन नसक्नु भनेको अरूको हात छ । आफ्नो सफलताको लागी अथक परिश्रम गर्नुपर्छ भन्ने धाराणा नभएर अरूलाई दोस लगाउनु यहाँका मानिसहरूका मूख्य विशेषता हो ।यो प्रवृति साना ठूला सबैमा निहित छ ।

यहाँ सबै मानिसहरूले नेपाली बोल्ने एउटै धर्म मान्ने एकै प्रकारले साँस्कृति प्रचलनले कुनै प्रकारको साम्प्रदायिक भड्काव हुने सम्भावना हुदैन् । आर्थिक उपार्जनको स्थानिय स्रोत छैन । यस ठाउँका मानिसहरू काम गर्न भारत र अन्य गल्फ राष्ट्र र विकशित राष्ट्रहरूमा देशहरूमाकमाउन जाने गर्दछन् । यहाँका मानिसहरू धनि नभएतापनि अन्यत्र को दाँजोमा सुखि भने अवस्य छन ।

**(घ) सेवा क्षेत्रको परिभाषा**

विद्यालयमा अधिकतम् संख्यामा अध्ययन गर्न आउने विद्यार्थीहरू बसोबास गर्ने क्षेत्रलाई सेवा क्षेत्र भनिन्छ ।यस विद्यालयमा अध्ययन गर्न आउने सेवा क्षेत्रहरू मुसिकोट नगरपालिकाको लोरीबाङ्ग, मगरगाँउ, हाँसीबाङ्ग, ज्यामिरे, चौखे सम्मको नक्सात्मक विवरण निम्ननानुसार पेश गरिन्छ । यो विद्यालय अवस्थित हाँसीबाङ्ग विद्यालयबाट उत्तर तर्फ ५०० मिटरमा सानीभेरी नदि पर्दछ ।क्षेत्रीको बाहुल्यता रहेको छन् । १ किलोमिटर कै दुरी पूर्वमा मुसिकोट नगरपालिकाको १४ वडामा क्षेत्रीको बाहुल्यता रहेको र पश्चिम मगरगाउँमा जनजाति रहेको छ । यहाँको घरधुरी करिब २४० का वालवालिकाहरू आधारभूत तह देखि मावि तहसम्म अध्ययन गर्न आउने गर्दछन् ।

**(ङ) विद्यालयमा संचालित कार्यक्रम विवरण**

श्री जनप्रिय माध्यमिक विद्यालय हाँसीबाङ्ग सानीभेरी गा.पा. ९ रूकुम(पश्चिम) औपचारिक शिक्षा अन्तरगत प्रारम्भिक बालविकास देखि कक्षा १० सम्मको पढाइ संचालन भै रहेको छ । बालबालिकाहरूको पठन पाठनका अतिरिक्त शारीरिक,मानसिक,बौद्दिक,नैतिक सामाजिक तथा संबेगात्मक प्रतिभाको सर्वाङ्गीण विकास गराउन हरेक शुक्रवार अतिरिक्त क्रियाकलाप संचालन गरिन्छ । विद्यार्थीहरूलाई सदन विभाजन टोली नेताको चयन गरिन्छ । यस क्रियाकलापमा उत्कृष्ट स्थान हासिल गर्ने छात्र छात्राहरूलाई पुरस्कार को व्यवस्था गरिन्छ ।छात्र र छात्राहरूका लागी डोरी,रिङ, र संगितका सामान्य सामाग्रीहरूके व्यवस्था रहेको छ । सामान्यतया कक्षाको तुलनामा विद्यार्थी संख्या सामान्य रहेको छ । वार्षिक कार्यपात्रोको निर्माण गरेर सोही अनुसार शैक्षिक क्रियाकलाप अगाडी बढाइन्छ ।प्रथम त्रैमासिक, अर्धवार्षिक, बार्षिक,परिक्षा लगायत प्रयोगात्मक परिक्षा र निरन्तर मुल्याङ्कनलाई जोड दिन प्रयास गरिएको छ । मासिक रूपमा शिक्षक कर्मचारी बैठक हुन्छ भने वि.व्य.स.,शि.अ.स. बैठक पनि आवश्यकताअनुसार बस्नुका साथै हरेक बर्षको भाद्र मसान्त भित्र सामाजिक परिक्षण गरी लेखा परिक्षणको लागी कार्वाही अगाडी बढाइन्छ । विद्यालय भवन संख्या विद्यार्थी संख्याको अनुपातमा कम भएकाले समय समयमा विभिन्न सरकारी तथा गैरसरकारी संस्थामा योजना माग गरे पनि अझै सम्म् पनि भवनको समस्या प्रायाप्त समाधान भएको छैन । तसर्थ , भवन निर्माणको लागी आर्थिक सहयोग मागपत्र जिल्लाका सरोकारवाला संग संस्थाहरूमा माग गरिएको अवस्था छ ।कक्षा कोठामा फर्निचर प्रयाप्त छैनन् । पूर्ण घेराबारको व्यवस्था राम्रो छ । विद्यालयमा फिल्ड नहुदा विभिन्न खेलकूद तथा अतिरिक्त क्रियाकलाप र कार्यक्रम गर्न निकै कठिन रहेको छ । विद्यालयका लागी चाहिने छुट्टै खानेपानीको व्यवस्था रहेको छैन । विद्यालयको शैक्षिक गतिविधि समग्रमा सकारात्मक रूपमा अघि बढी रहेको छ।

खास गरेर विद्यालयको भौतिक पक्ष सुधार भएको छैन । वि.व्य.स.,शि.अ.स.,अभिभावक,शिक्षक लगायत सरोकारवाला पनि सक्रिय रूपमा विद्यालय प्रति प्रतिबद्द सरोकारवाला(स्थानिय स्तर देखि माथिल्ले स्तर सम्म) बाट जिम्मेवारी बोध भएको र सबैबाट आवस्यक सरसहयोग भएकोले विद्यालय सुधार भएको देखिन्छ ।यसका लागि हामी सबै अझै प्रतिबद्द र क्रियाशिल हुन जरूर छ । कक्षा १ मा अत्याधिक चाप छ । आधारभूत तहमा ६ जनाको दरबन्दी १ जना राहत कोटा र गाउँपालिकाको शिक्षा युवा तथा खेलकूद शाखाबाट मा.वि. तहमा २ जना शिक्षा समन्वयबाट मा.वि. तहको १ जना, विद्यालय कर्मचारी २ जना, बाल शिक्षिका १जना र यस विद्यालय शिशु

कक्षा देखि १० कक्षा सम्म ३०५ जना विद्यार्थी को पठनपाठन गर्न कठिन भएको छ । विद्यालयमा उपचार बाकस छ भने पोषण सम्बन्धि कुनै कार्यक्रम छैन । यसका साथै खेलकूदका सामाग्री र स्थानको पनि राम्रो व्यवस्था गरिएको छ । आधारभूत तहमा विद्यार्थी संख्या अत्यधिक छ । शिक्षक विद्यार्थी अनुपात मिलेको छ । वार्षिक कार्यतालिका बनाएर पठनपाठन कार्यक्रम अगाडि बढाईन्छ । आवस्यकता अनुसार स्टाप बैठक वि.व्य.स.,शि.अ.स. बैठक हुनुका साथै यस वर्ष देखि भाद्र महिना भित्र सामाजिक परीक्षण र लेखा परिक्षण कार्य सम्पन्न गर्ने तय गरीएको छ । विद्यार्थी अनुपातमा कक्षाकोठा अपुग भएकोले हाम्रो गाउँपालिका मार्फत विभिन्न संङघसंस्थाहरूमा विद्यालय भवन निर्मानका लागी पहल गर्ने योजना रहेको छ ।

माध्यमिक स्तर पूर्ण रूपमा शिक्षक दरबन्दी प्रयाप्त मात्रामा विषय अनुरूप शिक्षक नभएकोले विद्यालयको विविध पक्षमा समस्या समाधानका लागि गाउँपालिकामा अनुरोध जाहेर गरीने छ । हाम्रो विद्यालय मध्यपहाडी रोड सँग सटेकोले शाखा अधिकृत, गाउँपालिका अध्यक्ष तथा अन्य सरोकारवालाहरू बाट अनुगमन तथा निरीक्षण बेला बेलामा भैरहेको छ । वि.व्य.स.,शि.अ.स., जनप्रतिनिधि, सरोकारवाला र आम अभिभावकलाई विद्यालयमा प्रति अपनत्व भावना जागृत गराई विद्यालय प्रतिको जिम्मेवारी बोध गराउने उद्देश्य राखिएको छ । हाल शैक्षिक उपलब्धी ४० बाट बढाएर ५० पुर्याउने लक्ष राखिएको छ भने विद्यार्थी अनुसासन र उपस्थिती लाई पनि सुधार गर्ने कार्यक्रम छ । यसरी शैक्षिक गतिविधि लाई सकारात्मक रूपमा अगाडि बढी रहेको छ । यसै वर्ष देखि यस विद्यालयलाई सौर्य उर्जा का साथै केन्द्रिय विद्युतिय प्रसारण लाइन जडान समेत भै सकेकोले कम्प्युटर , पुस्तकालय, विज्ञान प्रयोगशाला विस्तार तथा सुदृढिकरण का लागी आर्थिक सहयोग गरीदिन शिक्षा युवा तथा खेलकूद शाखामा अनुरोध गरिने छ । विविध समस्याको समाधान गर्दै र अवरोधलाई चिर्दै विद्यार्थीको पढाईलाई अगाडी बढाउने प्रयास भने निरन्तर भै रहेको छ । यस विद्यालयलाई भावि योजनाको रूपमा प्राविधिक तथा व्यवसायिक मूलक रोजगार अर्न्तगतका कार्यक्रमहरू +2 सम्म सँचालन गर्ने योजना रहेको छ ।(स्रोतः सम्बन्धित विद्यालय)

# श्री सूर्योदय माध्यमिक विद्यालय बेल्टापु गरायला को एक झलक

नेपाल सरकारद्धारा सञ्चालित एउटा सामुदायिक विद्यालय हो । अन्य सामुदायिक विद्यालयको जस्तै यसको पनि आफ्नै इतिहास र पृष्ठभूमी रहेको छ । कर्णाली प्रदेश सानीभेरी गाउँपालिका वडा न.३ पेदिबजारको मुडाओडारमा अवस्थित विद्यालयको प्रारम्भिक स्थापना अनौपचारिक रुपमा २०१७ साल देखि नेपाल राष्ट्रिय प्रा.वि. पाठशालाको नाममा साबिकको गरायला गाबिस वडा न. १ बेल्टापु बगरमा भएको थियो ।यस विद्यालयलाई स्थापना गर्न अहम भूमिका खेल्ने व्यक्ति विरजङ्ग शाह र शिक्षकमा किर्तिनिधि शाह तथा नर बहादुर नकाल जस्ता आदि व्यक्तिहरुको ठूलो भूमिका रहेको छ ।यसरी सञ्चालन भईरहेको बिद्यालय राष्ट्रिय शिक्षा पद्धतिको योजनाको नीति अनुसार बि.स. २०३२ साल फाल्गुन १२ गते यसले कक्षा ३ को पूर्व प्राथमिक विद्यालयको रुपमा अनुमति पाउन सफल भयो । यसै अनुमति प्राप्त मितिलाई विद्यालयको औपचारिक स्थापनाको मितिको रुपमा मानिएको छ । बि.स. २०३९ सालमा कक्षा ४ सञ्चालनको अनुमति र बि.स. २०४० सालमा १ स्वीकृत दरबन्दी सहित कक्षा ५ सञ्चालनको अनुमति प्राप्त गरी सञ्चालन भईरहेको बिद्यालय प्राकृतिक प्रकोपको कारण बि.स. २०४१ साल असार २५ गते सानीभेरी नदीको बाहव बढेर बिद्यालय क्षेती ग्रस्त भएको कारण साबिककै स्थानको ३०० मिटर उत्तर तिरको झिन्चौरको कोलबोट भन्ने ठाउँमा जनश्रमदान द्धारा बिद्यालय भवन तथा खेलमैदान निर्माण गरी क्षतिग्रस्त बिद्यालयलाई पुनः सञ्चालनमा ल्याईयो । बि.स. २०४१ साल देखि यता थप स्वीकृत दरबन्दी समेत प्राप्त गरी सकेको विद्यालयले धेरै लामो समयपछि बि.स. २०६० साल फाल्गुन २९ गते मात्र कक्षा ६ सञ्चालनको अनुमति प्राप्त गर्‍यो । जुन बेला बि.सं.२०४९ बैशाखमा नै यसले सूर्योदय प्रा.वि.को नाम समेत प्राप्त गरिसकेको थियो ।क्रमश : बि.स. २०६२ सालमा कक्षा ७ र बि.स. २०६३ मा कक्षा ८ सञ्चालनको अनुमति प्राप्त गरी निम्न माध्यमिक तहको कक्षाहरु सञ्चालनमा रहे ।

विद्यार्थीहरुको अत्यधिक चाप तथा बिद्यालयलाई माथिल्लो कक्षा सम्म सञ्चालन गर्नुपर्ने सोचका साथ साबिकको बिद्यालय रहेको स्थानमा जमिन साँघुरो रहेको र सेवा क्षेत्र समेत सानो रहेकोले तत्कालिन राजनैतिक वक्तित्वको पहल कदमीद्धारा जनयुद्धको समयमा जनताको कब्जामा रहेको सानीभेरी गा.पा.को पेदीबजार नजिक मुडाओडार भन्ने ठाउँको राजाखेत जो प्रचण्ड जङ्ग शाहको नाममा रहेको जमिन हकवाला बाट किन्ने र सो किनबेच गर्दा केहि जमिन विद्यालयको नाममा जग्गा वाला शाहलाई नै सहयोग अनुदानको रुपमा दिन माग गर्ने र सोही स्थानमा विद्यालयलाई स्थानान्तरण गर्ने भनी बि.स. २०६३ साल पौष २ मा साबिकको गरायला गाबिस वडा न. १,२ र ३ ले संयुक्त रुममा निर्णय गरे । सो निर्णय अनुसार जग्गा धनी प्रचण्ड जङ्ग शाहलाई तत्कालिन ने.क.पा. माओबादीका व्यक्तिहरु अमरसिङ नकाल, देपेन्द्र बि.क, तिलक ओली र बिर्ख बहादुर बिष्ट तथा नेपाली काङग्रेसका व्यक्ति लिला बहादुर खड्काले भेटी ३१६५ बर्ग कि.मि. जमिन विद्यालयको नाममा सहयोगको रुपमा निशुल्क प्रदान गर्न लगाई विद्यालयको नाममा फराकिलो र सेवाक्षेत्र समेत चख्लावन्दी रहेको स्थानको जमिन लिइकेपछि २०७० साल चैत्र २३ गते देखि साबिकको गा.बि.स.को १,२ र ३ वडाका बासिन्दाहरुले ३/३ कोटे वडागत रुपमा १/१ वटा भवन निमार्ण गर्ने जिम्मा लिई सम्पन्न गरे । त्यसपछि २०७१ साल बैशाख ४ गते विधिवत रुपमा झिनचौरको कोलबोटबाट यस विद्यालयलाई स्थानान्तरण गराई हाल रहेको

स्थानमा सारियो । यसरी कक्षा ९ को अनुमति समेत २०७१ सालमा प्राप्तगरी नियमित रुपमा माध्यमिक तहको कक्षा सञ्चालनमा आयो र माध्यमिक शिक्षा कक्षा ११ र १२ सञ्चालनको अनुमति समेत २०७६ सालमा प्राप्त गऱ्यो ।

प्राथमिक तहका ३ वटा स्वीकृत दरबन्दी मात्र रहेको यस विद्यालयमा राहत प्रा.वि.१ नि.मा.वि.४ र शिक्षण सिकाई अनुदान मा.वि.३ तथा स्थानीय तहका दरबन्दी नि.मा.वि.२ मा.वि.१ मा.वि. (कक्षा ११-१२) १, कम्प्युटर सहायक १, बाल विकास १, तथा संघीय अनुदान अन्तरगत कार्यालय सहायक १, सहयोगी १ र नीजि सहयोगी १ गरी जम्मा २० जना स्टाफ यस विद्यालयमा रहेका छन् ।त्यस्तै संघीय, प्रदेश तथा स्थानीय अनुदानको सहायताले दुई तले ४ वटा १४ कोठे भवन, ८ कोठे ३ वटा कच्ची भवन रहेका छन् । ३ वटा स्टाफ, छात्र र छात्रा शौचालय रहेका छन् । शैक्षिक सत्र २०७८ मा विद्यार्थी संख्या ७८३ रहेका छन ।जस मध्ये छात्र संख्या ३४५ र छात्रा संख्या ४३८ रहेका छन । राज्य संधिय प्रणालीमा गईसकेपछि स्थानीय शासन संचालन ऐन अन्तरतग माध्यमिक तह सम्मको विद्यालय सञ्चालनको जिम्मा स्थानीय सरकारमा आयदेखि स्थानीय सरकारले शिक्षाको समस्यालाई बुझि शिक्षा क्षेत्रमा दरबन्दी मिलान, दरबन्दी सृजना तथा आर्थिक व्ययभारको जिम्मेवारीलाई कुशलता पूर्वक ग्रहन गरिरहेको छ ।

यसरी यस सूर्योदय मा.वि.बेल्टापुको बिगत र वर्तमान समयमा विद्यालय निर्माणमा विभिन्न पक्षहरुको अहम भूमिका रहेको छ र रहिरहने छ भन्ने विश्वास गर्दछौं । विभिन्न समयमा बिरजङ्ग शाह देखि पर्शुराम ओली, लिला बहादुर ओली, कर्णविर ओली, केदार बिष्ट, लिलाबहादुर खडका लगायत व्यक्तिहरुको यस विद्यालयको प्रगतिमा अविस्मरणीय भूमिका रहेको छ ।समग्र विद्यालयको भौतिक सुधारको लागि विभिन्न सरकारी तथा गैरसरकारी संसस्था प्रति हार्दिक आभार प्रकट गर्दछौं । विषेश गरी कर्णाली प्रदेश सरकार र सानीभेरी गाउँपालिका सरकार प्रमुख नर बहादुर पुन (तारा), सानीभेरी गाउँपालिका ३ वडाध्यक्ष विर्ख बहादुर बिष्ट, प्रशासनिक प्रमुख भूपालसिं बिष्ट लगायत समग्र भौतिक आर्थिक,शैक्षिक, नैतिक रुपमा सहयोग गर्ने विभिन्न पक्षहरुलाई आभार व्यक्त गर्दछौ । विद्यालयमा विद्यार्थीको बढ्दो चाप सँग भौतिक पूर्वाधारमा सुधारको साथै गुणस्तर बृद्धिमा पनि आउँदा दिनमा हामी ध्यान दिने छौं । विद्यालयलाई बालमैत्री तथा प्रविधिको पहुँच बनाउन हामी प्रतिबद्ध रहने छौं । बिगत २ बर्ष देखि यस विद्यालयमा रुकुममै पहिलो चोटी सामूदायिक विद्यालयमा कानुन विषयको अध्ययन अध्यापन सुरु गरेका छौं । यसले थप क्षेत्रको कानुनी शिक्षाको मागलाई केही भएपनि पुरा गर्ने आशा लिएका छौं । आगामी दिनमा यस विद्यालयलाई थप व्यवस्थित गर्ने र थप प्राविधिक विषयहरु अध्ययन अध्यापन गर्न लैजाने र श्रम बजारमा प्रतिस्पर्धा गर्ने जनसक्ति बनाउने अभियान जारी रहने छ, भन्ने सबै पक्ष प्रति विद्यालय परिवार हार्दिक आभार व्यक्त गर्दछौ । (स्रोतः सम्बन्धित विद्यालय)

# सानीभेरी गाउँपालिकाको शिक्षा ऐन, २०७४

गाउँ सभा बाट पारित मिति : २०७४/०८/२८

प्रमाणीकरण मिति : २०७४/०९/०४

*नेपालको संविधान, २०७२ को धारा २२१, अनुसूची ८ को सूची नं. ८ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (ज) अनुसार आधारभूत र माध्यमिक शिक्षाको व्यवस्था गर्न बनेको ऐन।*

**प्रस्तावनाः** राष्ट्रिय विकासको लागि आवश्यक जनशक्ति तयार गर्न संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था अनुकूल सर्वसाधारण जनताको सदाचार, शिष्टाचार र नैतिकता कायम गर्न, सानीभेरी गाउँपालिका भित्र स्थापना हुने तथा स्थापना भई सञ्चालन भइरहेका विद्यालयहरुको प्रभावकारी व्यवस्थापन गर्दै शैक्षिक गुणस्तर सुधार गरी जीवनोपयोगी तथा गुणस्तरीय शिक्षा प्रदान गर्न वाञ्छनीय भएकाले,सानीभेरी गाउँपालिकाको गाँउ सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१)यस ऐनको नाम सानीभेरी गाउँपालिकाको शिक्षा ऐन, २०७४ रहेको छ।

(२) यो ऐन सानीभेरी गाउँपालिकाभर लागू हुनेछ।

(३) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "प्रारम्भिक बालविकास शिक्षा" भन्नाले चार वर्ष उमेर पूरा गरेका बालबालिकालाई एक वर्षमा दिइने शिक्षा सम्झनुपर्छ।

(ख) "प्राथमिक शिक्षा" भन्नाले कक्षा एक देखि कक्षा पाँचसम्म दिइने शिक्षा सम्झनुपर्छ।

(ग) "आधारभूत शिक्षा" भन्नाले प्रारम्भिक बालविकास शिक्षा देखि कक्षा आठसम्म दिइने शिक्षा सम्झनुपर्छ।

(घ) "माध्यमिक शिक्षा" भन्नाले कक्षा नौ देखि कक्षा बाह्रसम्म दिइने शिक्षा सम्झनुपर्छ।

(ङ) "विशेष शिक्षा" भन्नाले दृष्टिविहीन, बहिरा, अटिज्म, बौद्धिक अपांगता, सुस्त श्रवण वा अति अशक्त शारीरिक अपांगता भएका बालबालिकालाई छुट्टै समूहमा राखी विशेष प्रकार र निश्चित माध्यमबाट दिइने शिक्षा सम्झनुपर्छ।

(च) "सभा" भन्नाले सानीभेरी गाउँपालिकाको गाउँ सभालाई सम्झनुपर्छ।

(छ) "गाउँपालिका" भन्नाले सानीभेरी गाउँ कार्यपालिका सम्झनुपर्छ।

(ज) "सामुदायिक विद्यालय" भन्नाले नेपाल सरकारबाट नियमित रुपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनुपर्छ।

(झ) "संस्थागत विद्यालय" भन्नाले नेपाल सरकारबाट नियमत रुपमा अनुदान नपाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनुपर्छ।

(ञ) "आधारभूत विद्यालय" भन्नाले प्रारम्भिक बालविकास शिक्षा देखि कक्षा आठ सम्म शिक्षा दिने विद्यालय सम्झनुपर्छ।

(ट) "विद्यालय शिक्षा" भन्नाले आधारभूत र माध्यमिक शिक्षा सम्झनुपर्छ।

(ठ) "विद्यालय" भन्नाले सामुदायिक वा संस्थागत विद्यालय सम्झनुपर्छ।

(ड) "शिक्षक" भन्नाले विद्यालयको अध्यापक सम्झनुपर्छ र सो शव्दले प्रधानाध्यापक समेतलाई जनाउँछ।

(ढ) "कर्मचारी" भन्नाले सामुदायिक विद्यालयमा कार्यरत शिक्षक बाहेकका अन्य कर्मचारी सम्झनुपर्छ।

(ण) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ।

(त) "शैक्षिक गुठी" भन्नाले विद्यालय सञ्चालन गर्नको लागि कुनै व्यक्तिले नाफा नलिने उद्देश्यले स्थापना गरेको सार्वजनिक वा निजी गुठी सम्झनुपर्छ।

(थ) "आधारभूत शिक्षा उत्तिर्ण परीक्षा" भन्नाले आधारभूत तहको अन्त्यमा हुने परीक्षा सम्झनुपर्छ।

(द) "अनुमति" भन्नाले नेपाल सरकार वा गाँउपालिकाले स्थायी स्वीकृति र सहायता प्रदान गरिनसकेको कुनै तोकिएको ठाँउ वा क्षेत्रमा विद्यालय खोल्न वा कक्षा थप गर्न दिएको अस्थायी स्वीकृतिलाई जनाँउछ ।

(ध)"स्वीकृति" भन्नाले तोकिए बमोजिमको शर्त पुरा गरेको विद्यालयलाई नेपाल सरकार वा गाँउपालिकाले दिएको स्थायी स्वीकृतिलाई जनाँउछ।

(न) "स्थायी आवासीय अनुमति" भन्नाले विदेशी मुलुकले कुनै शर्त तोकी वा सो मुलुकमा स्थायी रुपले बसोबास गर्न पाउने गरी नेपाली नागरिकलाई उपलब्ध गराएको डाइभर्सिटी इमिग्रेन्ट भिसा( डि.भि.), परमानेन्ट रेजिडेन्ट भिसा( पि.आर.) वा ग्रिन कार्ड सम्झनुपर्छ र सो शब्दले नेपाली नागरिकलाई विदेशमा स्थायी रुपमा बसोबास गर्न दिइएको जुनसुकै नामको स्थायी आवासीय अनुमतिलाई समेत जनाउँछ।

(प) "आयोग" भन्नाले शिक्षक सेवा आयोग सम्झनुपर्छ।

३. **विद्यालय खोल्न अनुमति लिनुपर्नेः** (१)कुनै नेपाली नागरिकले विद्यालय खोल्न चाहेमा तोकिएको विवरण खुलाई गाउँपालिकामा निवेदन दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा तोकिएको अधिकारीले आवश्यक जाँचबुझ गर्नेछ र जाँचबुझ गर्दा विद्यालय खोल्न अनुमति दिन मनासिब देखिएमा तोकिएको शर्त बन्देज पालना गर्ने गरी अनुमति दिनेछ।

(३) उपदफा (२) बमोजिम अनुमति लिई सञ्चालन भएको विद्यालयले तोकिएको शर्त बन्देज पालना गरेको देखिएमा तोकिएको अधिकारीले स्वीकृति प्रदान गर्नेछ।

(४) यस सम्वन्धि अन्य व्यवस्था तोकिए बमिजिम हुनेछ।

४. **विद्यालयको सञ्चालनः** विद्यालयको सञ्चालन तोकिए बमोजिम हुनेछ।

५. **शिक्षाको माध्यमः** (१)विद्यालयमा शिक्षाको माध्यम नेपाली भाषा, अंग्रेजी भाषा वा दुवै भाषा हुनेछ।

(२) प्राथमिक शिक्षा मातृभाषामा दिन सकिनेछ।

(३) भाषा विषय अध्ययन गराउँदा शिक्षाको माध्यम सोही भाषा हुन सक्नेछ।

(४) अनिवार्य अंग्रेजी विषय अध्ययन गराउँदा अंग्रेजी भाषामा नै गराउनु पर्नेछ।

६. **विद्यालयको पाठ्यक्रम र पाठ्यपुस्तकः** (१) विद्यालयले नेपाल सरकारद्वारा स्वीकृत पाठ्यक्रम र पाठ्यपुस्तक लागू गर्नुपर्छ।

(२) गाउँपालिकाले आफ्नो क्षेत्रभित्र तोकिए बमोजिम स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्न उपदफा (१) ले बाधा पुर्याएको मानिने छैन।

७. **गाउँ शिक्षा समितिः** (१) गाउँपालिका भित्रका विद्यालयको रेखदेख र व्यवस्थापन गर्ने काम समेतका लागि एक गाउँ शिक्षा समिति रहनेछ।

(२) गाउँ शिक्षा समितिको गठन तथा काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

८. **वडा शिक्षा समितिः** (१) गाउँपालिका भित्रका वडाका विद्यालयहरुको रेखदेख र व्यवस्थापन गर्नका प्रत्येक वडामा वडा शिक्षा समिति रहनेछ।

(२) वडा शिक्षा समितिको गठन तथा काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

९. **परीक्षा सञ्चालन तथा समन्वय समितिः** (१) गाउँपालिकाका विद्यालयहरुमा परीक्षा सञ्चालन तथा समन्वयका लागि एक परीक्षा सञ्चालन तथा समन्वय समिति रहनेछ।

(२) परीक्षा सञ्चालन तथा समन्वय समितिको गठन र काम, कर्तव्य तथा अधिकार तोकिए बमोजिम हुनेछ।

(३) आधारभूत तहको अन्त्यमा सञ्चालन हुने परीक्षा उपनियम (१) बमोजिमको समितिले सञ्चालन गर्नेछ।

१०. **विद्यालय व्यवस्थापन समितिः** (१) सामुदायिक विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा एक विद्यालय व्यस्थापन समिति रहनेछ।

(२) विद्यालय व्यवस्थापन समितिको गठन तथा काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

११. **गाउँपालिकाले निर्देशन दिन सक्नेः** (१) गाउँपालिकाले आवश्यकता अनुसार गाउँ शिक्षा समिति र विद्यालय व्यवस्थापन समितिलाई निर्देशन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको निर्देशनको पालना गर्नु गाउँ शिक्षा समिति र प्रत्येक विद्यालय व्यवस्थापन समितिको कर्तव्य हुनेछ।

१२. **गाउँ शिक्षा कोषः** (१) गाउँपालिकामा एउटा गाउँ शिक्षा कोष स्थापना हुनेछ, जसमा देहायका रकमहरु रहनेछनः-

(क) नेपाल सरकार/प्रदेश सरकारबाट प्राप्त अनुदान

(ख) जिल्ला समन्वय समितिबाट प्राप्त अनुदान

(ग) शिक्षा करबाट उठेको रकम

(घ) चन्दाबाट उठेको रकम

(ङ) अन्य स्रोतबाट प्राप्त रकम।

(२) उपदफा (१) बमोजिमको कोषको सञ्चालन तोकिए बमोजिम हुनेछ।

(३) उपदफा (१) बमोजिमको कोषको लेखा परीक्षण तोकिए बमोजिम हुनेछ।

**१३. गाउँपालिकाले विद्यालय सार्न, गाभ्न, नाम परिवर्तन गर्न वा बन्द गर्न सक्नेः** गाउँपालिका वा तोकिएको अधिकारीले गाउँ शिक्षा समितिको राय लिई सञ्चालन भइरहेका कुनै विद्यालयलाई एक स्थानबाट अर्को स्थानमा सार्न वा दुई वा दुई भन्दा बढी विद्यालयलाई गाभी एउटा विद्यालय कायम गर्न वा विद्यालयको नाम परिवर्तन गर्न वा विद्यालय बन्द गर्न वा तोकिएको ठाँउ वा क्षेत्रमा विद्यालय खोल्न वा विद्यालय कक्षा थप गरी सञ्चालन गर्न अनुमति वा स्वीकृति दिन सक्नेछ।

**१४. विद्यालयको सम्पतिः** (१) सामुदायिक विद्यालयको हकभोगमा रहेको सम्पति सार्वजनिक सम्पति मानिनेछ।

(२) शैक्षिक गुठी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पति सोही विद्यालयको नाममा रहनेछ।

(३) कम्पनि अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पति सोही कम्पनिको नाममा रहनेछ।

**१५. विद्यालयलाई छुट र सुविधाः** प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएतापनि सामुदायिक विद्यालय र शैक्षिक गुठीको रुपमा सञ्चालित संस्थागत विद्यालयको नाममा जुनसुकै लिखत पारित गर्दा रजिष्ट्रेशन दस्तुर लाग्नेछैन।

**१६. विद्यालयको वर्गीकरणः** विद्यालयलाई तोकिएको आधारमा वर्गीकरण गरिनेछ।

**१७. विद्यालयलाई सुरक्षित र शान्तिपूर्ण क्षेत्रको रुपमा कायम गर्नु पर्नेः** विद्यालयमा स्वतन्त्र र भयरहित रुपमा अध्ययन अध्यापन गर्ने वातावरण सिर्जना गर्न तथा विद्यालय हाता भित्र कुनै पनि किसिमको अवाञ्छित क्रियाकलाप हुन नदिने गरी विद्यालयलाई सुरक्षित र शान्तिपूर्ण क्षेत्र कायम गर्नु पर्नेछ।

**१८. शुल्क सम्बन्धि व्यवस्थाः** (१) नेपाल सरकार वा गाउँपालिकाले निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षाका लागि सामुदायिक विद्यालयले विद्यार्थीको नाममा कुनै किसिमको शुल्क लिन पाउने छैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै अभिभावकले आफ्नो इच्छाले सामुदायिक विद्यालयलाई दिएको दान, उपहार, चन्दा वा सहयोग लिन सकिनेछ।

(३) सबै बालबालिकालाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निशुल्क तथा माध्यमिक तहसम्म निशुल्क शिक्षा प्रदान गर्नको लागि नेपाल सरकार वा गाउँपालिकाले आवश्यक स्रोतको व्यवस्था गर्नेछ।

**१९.शिक्षक महासंघ, शिक्षक तथा कर्मचारीको पदीय आचरण र अन्य व्यवस्थाः**

(१) सामुदायिक विद्यालयका शिक्षकहरुको पेशागत हक हितको सम्बन्धमा कार्य गर्न गाउँपालिकामा एक शिक्षक महासंघ रहनेछ।

(२) शिक्षक महासंघको गठन तोकिए बमोजिम हुनेछ।

(३) देहायका अवस्थामा शिक्षक वा कर्मचारीलाई पदबाट हटाइने छ।

(क) पदीय दायित्व पुरा नगरेमा,

(ख) बिना सूचना लगातार पन्ध्र दिन भन्दा बढी समय विद्यालयमा अनुपस्थित भएमा,

(ग) विद्यालयमा मादक पदार्थ सेवन गरी आएको कुरा प्रमाणित भएमा,

(घ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा,

(ङ) सामुदायिक विद्यालयका शिक्षक वा कर्मचारीले कार्यालय समयमा अन्यत्र अध्यापन वा काम गरेमा वा अन्य कुनै व्यावसायिक क्रियाकलाप सञ्चालन गरेमा,

(च) शिक्षक वा कर्मचारी राजनीतिक दलको कार्यकारिणी समितिको सदस्य रहेको पाइएमा।

२०. **स्थायी आवासीय अनुमति लिन नहुने:** सामुदायिक विद्यालयमा कार्यरत शिक्षक वा कर्मचारीले स्थायी आवासीय अनुमति लिन वा त्यस्तो अनुमति प्राप्त गर्नको लागि आवेदन दिन हुदैन। यो दफा प्रारम्भ हुनु अघि कसैले स्थायी आवासीय अनुमति लिएको भए वा त्यस्तो अनुमति प्राप्त गर्नका लागि निवेदन दिएको भए त्यस्तो शिक्षक वा कर्मचारीलाई भविष्यमा अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गरिनेछ।

२१. **शैक्षिक योग्यता:** विद्यालय शिक्षकको लागि चाहिने शैक्षिक योग्यता तोकिए बमोजिम हुनेछ।

२२. **शिक्षक विद्यार्थीको अनुपात मिलाउनु पर्ने:** गाउँ शिक्षा समितिले प्रत्येक विद्यालयमा नियमित अध्ययन गर्ने विद्यार्थी संख्या र विषयका आधारमा तोकिए बमोजिम विद्यार्थी तथा शिक्षकको अनुपात कायम गर्नु पर्नेछ।

२३. **बालबालिकालाई निष्काशन गर्न, शारीरिक र मानसिक दुर्व्यवहार गर्न नहुने:** (१) कुनै पनि बालबालिकालाई विद्यालयबाट निष्काशन गर्न पाइने छैन।

(२) विद्यालयमा अध्ययनरत बालबालिकालाई शारीरिक वा मानसिक यातना दिन वा दुर्व्यवहार गर्न पाइने छैन।

२४. **शिक्षकको सरुवा:** (१) सरुवा हुन चाहने शिक्षकले तोकिए बमोजिमको फाराम भरी गाउँपालिकामा निवेदन दिनुपर्नेछ।

(२) शिक्षकको सरुवा सम्बन्धि अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२५. **तलब भत्ता नपाउने र सेवा अवधि गणना नहुने:** नियमानुसार विदा स्विकृत गराई वसेको अवस्थामा बाहेक विद्यालयमा अनुपस्थित रहेको शिक्षकले अनुपस्थित अवधिको तलव भत्ता पाउने छैन र त्यस्तो अवधि निजको सेवा अवधिमा गणना हुने छैन।

२६. **अध्यापन अनुमति पत्र लिनुपर्ने:** आयोगबाट अध्यापन अनुमति पत्र नलिई कसैले पनि विद्यालयमा शिक्षण गर्न पाउने छैन।

२७. **विद्यालय कोष:** (१) प्रत्येक विद्यालयमा एउटा विद्यालय कोष रहनेछ, जसमा देहायका रकमहरु रहनेछन:-

(क) नेपाल सरकार/प्रदेश सरकारबाट प्राप्त अनुदान

(ख) जिल्ला समन्वय समितिबाट प्राप्त अनुदान

(ग) गाउँ शिक्षा कोषबाट प्राप्त अनुदान

(घ) शुल्कबाट प्राप्त अनुदान

(ङ) चन्दा वा दान दातव्यबाट प्राप्त अनुदान

(च) अन्य स्रोतबाट प्राप्त अनुदान

(२) उपदफा (१) बमोजिमको कोषको सञ्चालन र लेखापरीक्षण तोकिए बमोजिम हुनेछ।

२८. **अनुमति नलिई शैक्षिक परामर्श सेवा, ब्रिज कोर्ष कार्यक्रम वा शिक्षण कोर्ष सञ्चालन गर्न नहुने:** (१) कसैले पनि गाउँपालिकाबाट अनुमति नलिई शैक्षिक परामर्श सेवा, ब्रिज कोर्ष, भाषा शिक्षण कक्षा वा पूर्वतयारी कक्षा र ट्युसन वा कोचिङ्ग सेन्टर सञ्चालन गर्न पाउने छैन।

(२) उपदफा (१) बमोजिमको शैक्षिक कार्यक्रम सञ्चालनको अनुमति लिने सम्बन्धि व्यवस्था तोकिए बमोजिम हुनेछ।

**२९. प्रारम्भिक बालविकास शिक्षाः**

(१) प्रारम्भिक बालविकास शिक्षाको सञ्चालन तथा व्यवस्थापन तोकिए बमोजिम हुनेछ।

(२) गाउँपालिकाले प्रारम्भिक बालविकास केन्द्रलाई तोकिए बमोजिम अनुदान दिन सक्नेछ।

**३०. अनौपचारिक शिक्षाः** गाउँपालिकाले स्थानीय आवश्यकताको आधारमा अनौपचारिक शिक्षा, विशेष शिक्षा, निरन्तर सिकाई, दूर शिक्षा तथा समावेशी शिक्षाका कार्यक्रमहरु सञ्चालन गर्न सक्नेछ।

**३१. सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्नेः** गाउँपालिकाले समुदायमा साक्षरता, सिप विकास, आयआर्जन तथा सिपमूलक कार्यक्रम सञ्चालनका लागि तोकिए बमोजिम सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्नेछ।

**३२. प्रगति विवरण बुझाउनु पर्नेः** संस्थागत विद्यालयले प्रत्येक वर्ष तोकिए बमोजिमका विवरण सहितको प्रगति विवरण गाँउपालिकामा बुझाउनु पर्नेछ।

**३३. दण्ड र सजायः** (१) कसैले विद्यालयको सम्पति हिनामिना गरेमा वा नोक्सान गरेमा त्यस्तो व्यक्तिलाई मुद्दा हेर्ने अधिकारीले बिगो असुल गरी जरिवाना गर्न सक्नेछ।

(२) कसैले देहायका कार्य गरेमा, गर्न लगाएमा वा सो कार्य गर्न सहयोग पुर्याएमा त्यस्तो व्यक्तिलाई कसुरको मात्रा हेरी एक लाख रूपैयाँसम्म जरिवाना वा छ महिनासम्म कैद वा दुवै सजाय हुनेछ।

(क) प्रश्नपत्रको गोपनियता भङ्ग गरेमा,

(ख) उत्तरपुस्तिका परीक्षण गर्दा लापरवाही वा गैरजिम्मेवारीपूर्ण कार्य गरेमा,

(ग) परीक्षा केन्द्रमा सम्बन्धित पदाधिकारीको स्विकृति वेगर प्रवेश गर्न प्रयत्न गरेमा वा प्रवेश गरेमा वा परीक्षा केन्द्र नियन्त्रणमा लिई अमर्यादित कार्य गरेमा,

(घ) परीक्षाफल प्रकाशनमा अनियमितता गरेमा,

(ङ) अरुको तर्फबाट परीक्षा दिएमा,

(च) परीक्षाको मर्यादा भङ्ग हुने अरु कुनै कार्य गरेमा,

(छ) विद्यार्थी भर्ना गर्दा दान, उपहार वा कुनै रकम लिएमा,

(ज) अनुमति नलिई कुनै शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्ष, भाषा शिक्षण कक्षा तथा पूर्वतयारी कक्षा सञ्चालन गरेमा।

**३४. अदालतको आदेशबाट पुनर्बहाली हुन सक्नेः** विभागीय सजाय भई नोकरीबाट हटाइएको वा बरखास्त भएको शिक्षक अदालतको आदेश वा फैसलाबमोजिम मात्र नोकरीमा पुनर्बहाली हुन सक्नेछ।

**३५. मुद्दा हेर्ने अधिकारीः** (१) दफा ३३ बमोजिम सजाय हुने कसुर सम्बन्धि मुद्दामा कारवाही र किनारा गर्ने अधिकार स्थानीय न्यायिक समितिलाई हुनेछ।

(२) यस ऐन बमोजिम कारवाही तथा सजाय हुने मुद्दामा अनुसन्धान तथा तहकिकात गर्ने अधिकारीले सम्बन्धित सरकारी वकील कार्यालयको परामर्श तथा सहयोग लिन सक्नेछ।

३६. **दरबन्दी सिर्जना गर्न सक्ने**: नेपाल सरकार द्वारा स्वीकृत दरबन्दी नभएका र दरबन्दी अपुग भएका विद्यालयका लागि गाउँपालिकाले आवश्यकता अनुसारनिश्चित समयका लागि करार शिक्षक तथा कर्मचारी पद सिर्जना गर्न सक्नेछ।

३७. **नियम बनाउने अधिकार**: यस ऐनको उद्देश्य कार्यान्वयन गर्न गाउँ कार्य पालिकाले नियम बनाउन सक्नेछ।

३८. **निर्देशिका बनाउन सक्ने**: यस ऐनको कार्यान्वयनका लागि गाउँपालिकाको शिक्षा हेर्ने निकायले आवश्यक निर्देशिका बनाई लागू गर्न सक्नेछ।

३९. **बाधा अड्काउ हटाउने अधिकार**: यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा गाउँपालिकाले त्यस्तो बाधा अड्काउ हटाउन आदेश जारी गर्न सक्नेछ,त्यस्तो आदेश यसै ऐनमा परे सरह मानिनेछ।

४०. **बचाउ र लागू नहुने**: (१) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा लेखिएजति कुरामा सोही बमोजिम र नलेखिएको कुरामा प्रचलित नेपाल कानुन बमोजिम हुनेछ।

(२) यस ऐनमा लेखिएको कुनै कुराले पनि विद्यालयको सम्पति हिनामिना गरेको कसूरमा भ्रष्टाचार निवारण ऐन, २०१७ अन्तर्गत कारबाही चलाउन बाधा पर्ने छैन।

(३) यस ऐनका कुनै दफा तथा उपदफाहरु संविधानसंग बाझिएको हकमा स्वतः निष्क्रिय हुनेछन।

नेपालको संविधान, २०७२ को धारा २२१, अनुसूची ८ को सूची नं. ८ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (ज) अनुसार आधारभूत र माध्यमिक शिक्षाको व्यवस्था गर्न बनेको ऐन बमोजिम सानीभेरी गाँउसभाद्धारा पारित आर्थिक बर्ष २०७४ को सानीभेरी गाँउपालिकाको ०७५/ शिक्षा ऐन, २०७४ यस सानीभेरी गाँउपालिका अध्यक्ष श्री नरबहादुर पुन बाट प्रमाणिकरण गरिएको छ ।

नरबहादुर पुन
अध्यक्ष

नामः नर बहादुर पुन
पदः गाउँपालिका अध्यक्ष
मितिः २०७४/०९/०४

# सानीभेरी शिक्षा नियमावली, २०७४

**गाउँ कार्यपालिकाबाट पारित मिति : २०७४/०९/१३**

**पहिलो संशोधन : २०७४/१०/१०**

**दोस्रो संशोधनः २०७५/०१/०५**

**तेस्रो संशोधनः २०७५/०५/११**

सानीभेरी शिक्षा ऐन, २०७४ को दफा ३७ ले दिएको अधिकार प्रयोग गरी सानीभेरी गाउँ कार्यपालिकाले सानीभेरी शिक्षा नियमावली, २०७४ जारी गरेको छ ।

**परिच्छेद-१**

**प्रारम्भिक**

**संक्षिप्त नाम र परिभाषा**

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरूको नाम "सानीभेरी गाउँपालिकाशिक्षा नियमावली, २०७४" रहेकोछ ।

(२) यो नियमावली सानीभेरी गाउँपालिका क्षेत्रभर लागु हुनेछ ।

(३) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमाः-

(क) "ऐन" भन्नाले सानीभेरी गाउँपालिकाको शिक्षा ऐन, २०७४लाई सम्झनु पर्छ ।

(ख) "कार्यपालिका" भन्नाले सानीभेरी गाउँकार्यपालिकालाई सम्झनु पर्छ ।

(ग) "कोष" भन्नाले नियम ८५ वमोजिमको विद्यालय संचालनका लागि खडा गरिएको संचित कोषलाई सम्झनु पर्छ ।

(घ) "गाउँपालिका" भन्नाले नेपालको संविधान बमोजिम गठन भएको गाउँपालिका सम्झनु पर्छ ।

(ङ) "धार्मिक विद्यालय" भन्नाले परम्परागत रुपमा चलिआएका गोन्पा, गुरुकुल, आश्रम, मदरसा जस्ता धार्मिक विद्यालयहरुलाई जनाउँदछ ।

(च) "निरीक्षक" भन्नाले विद्यालय निरीक्षण गर्न तोकिएको अधिकृतलाई सम्झनु पर्छ ।

(छ) "परिवार" भन्नाले शिक्षक वा कर्मचारीसँग एकासगोलमा बस्ने तथा निज आफैंले पालनपोषण गर्नु पर्ने पति, पत्नी, छोरा, अविवाहिता छोरी, धर्मपुत्र अविवाहिता धर्मपुत्री, बाबु, आमा वा सौतेनी आमा सम्झनु पर्छ र सो शब्दले पुरुष शिक्षक वा कर्मचारीको हकमा निजको बाजे, बज्यै तथा महिला शिक्षक वा कर्मचारीको हकमा निजको सासू, ससुरालाई समेत जनाउँछ ।

(ज) "परीक्षा समिति" भन्नाले नियम ३४ बमोजिम गठन हुने परीक्षा संचालन तथा समन्वय समितिलाई सम्झनु पर्छ ।

(झ) "पाठ्यक्रम विकास केन्द्र" भन्नाले संघीय ऐन वमोजिम पाठ्यक्रम निर्माणको लागि जिम्मेवार निकायलाई सम्झनु पर्दछ ।

(ञ) "प्रधानाध्यापक" भन्नाले नियम ५० बमोजिम नियुक्त विद्यालयको प्रधानाध्यापक सम्झनु पर्छ ।

(ट) "प्रमुख" भन्नाले गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्छ ।

(ठ) "प्रमुख प्रशासकिय अधिकृत" भन्नाले गाउँपालिकाको प्रमुख कार्यकारी अधिकृतलाई सम्झनु पर्छ ।

(ड) “प्रारम्भिक बाल शिक्षा केन्द्र” भन्नाले चार वर्ष उमेर पूरा भई पाँच बर्ष उमेर पूरा नगरेका बालबालिकाको लागि नियम ३८ बमोजिम खोलिएको प्रारम्भिक बाल शिक्षा केन्द्र, नर्सरी, केजी, मन्टेसरी आदि सम्झनु पर्छ ।

(ढ) “व्यवस्थापन समिति” भन्नाले नियम २६ बमोजिम गठन हुने विद्यालय व्यवस्थापन समिति सम्झनु पर्छ ।

(ण) “मन्त्रालय” भन्नाले नेपाल सरकार, शिक्षा मन्त्रालय सम्झनु पर्छ ।

(त) “शाखा अधिकृत” भन्नाले गाउँपालिकाको शिक्षा शाखाको प्रमुख वा सो प्रमुखको कामकाज गर्न तोकिएको कर्मचारीलाई सम्झनु पर्छ ।

(थ) “शिक्षा,युवा तथा खेललकूद शाखा” भन्नाले गाउँपालिकामा रहेको शिक्षा हेर्ने कार्यालय/ विभाग/महाशाखा वा ईकाईलाई सम्झनु पर्छ ।

(द) “शिक्षक किताबखाना” भन्नाले संघीय शिक्षा कानून वमोजिम गठन भएको शिक्षक किताबखाना सम्झनु पर्छ ।

(ध) “शिक्षक सेवा आयोग” भन्नाले संघीय कानून वमोजिम गठन भएको शिक्षकहरुको नियुक्ती सिफारिस आदि गर्ने आयोग सम्झनु पर्छ ।

(न) “शिक्षा समिति” भन्नाले गाउँपालिकाको नियम २४ अनुसार गठन भएको शिक्षा सम्बन्धी समिति सम्झनु पर्छ ।

(प) “शुल्क” भन्नाले विद्यालयले नियम बमोजिम विद्यार्थीसँग लिन पाउने शुल्क सम्झनु पर्छ ।

(फ) “शैक्षिक गुठी” भन्नाले विद्यालय सञ्चालन गर्नको लागि कुनै व्यक्तिले नाफा नलिने उद्देस्यले स्थापना गरेको सार्वजनिक वा निजी गुठी सम्झनु पर्छ ।

(ब) “शैक्षिक सत्र” भन्नाले विद्यालयमा अध्ययन अध्यापन गराइने वार्षिक अवधि सम्झनु पर्छ ।

(भ) “समुदायद्वारा सञ्चालित विद्यालय” भन्नाले नियम ५ बमोजिम स्वीकृति प्राप्त गरी स्थानीय तह वा व्यवस्थापन समितिले व्यवस्थापन जिम्मा लिएको सामुदायिक विद्यालय सम्झनु पर्छ ।

(म) “सामुदायिक शिक्षक” भन्नाले समुदायद्वारा व्यवस्थित विद्यालयमा नेपाल सरकारबाट स्वीकृत वा अनुमोदन प्राप्त दरबन्दी अन्तर्गत व्यवस्थापन समितिले नियुक्त गरेको शिक्षक सम्झनु पर्छ ।

(य) “सामुदायिक सिकाइ केन्द्र” भन्नाले समुदाय स्तरमा सञ्चालन गरिने आजीवन सिकाई, अध्ययन अनुसन्धान र सीप सिकाई लगायतका काम गर्ने केन्द्र लाई सम्झनु पर्छ ।

(र) “संघीय शिक्षा ऐन” भन्नाले संघीय संसदलेबनाएको शिक्षा ऐनलाई सम्झनु पर्छ ।

(ल) “संस्थागत विद्यालय” भन्नाले निजी लगानीमा संचालन गर्ने गरी नियम ५ बमोजिम अनुमतिपाई स्थापित विद्यालयलाई सम्झनु पर्छ ।

## परिच्छेद-२

## विद्यालय खोल्ने अनुमति वा स्वीकृति सम्बन्धी व्यवस्था

३. **विद्यालय खोल्ने अनुमतिको लागि निवेदन दिनु पर्ने :** (१) कसैले विद्यालय खोल्न चाहेमा वडा समितिको सिफारिस लिई शैक्षिकसत्र सुरु हुनुभन्दा कम्तीमा चार महिना अगावै अनुसूची १ बमोजिमको ढाँचामा गाउँ कार्यपालिकाको कार्यालयमा निवेदन दिनु पर्नेछ ।

४. **विद्यालय खोल्नको लागि पूरा गर्नु पर्ने पूर्वाधार :**
विद्यालय खोल्नको लागि अनुसूची २ बमोजिमको पूर्वाधार पूरा गरेको हुनु पर्नेछ ।

५. **विद्यालय खोल्न अनुमति दिने :** (१) नियम ३ बमोजिम विद्यालय खोल्ने अनुमतिको लागि निवेदन परेमाँ शिक्षा,युवा तथा खेलकूद शाखा प्रमुखले निवेदनसाथ प्राप्त कागजातहरु र स्थलगत जाँचबुझ गर्नेछ । त्यसरी जाँचबुझ गर्दा प्रस्तावित विद्यालयको लागि नियम ४ बमोजिमको पूर्वाधार पूरा भएको देखिएमा आधारभूत विद्यालयको हकमा शैक्षिकसत्र सुरु हुनुभन्दा दुई महिना अगावै र माध्यमिक विद्यालयको हकमा शैक्षिक सत्र सुरु हुनु भन्दा कम्तीमा तीन महिना अगावै आफ्नो राय सहितको प्रतिवेदन ँ शिक्षा शाखा प्रमुखले शिक्षा समितिको वैठकमा पेश गर्नुपर्नेछ । यस्तो प्रतिवेदनमा अनुमति माग गरिएको विद्यालय सामुदायिक वा संस्थागत कुन स्वरुपमा संचालन गर्ने अनुमति माग गरिएको हो सो का सम्बन्धमा एकिन उल्लेख हुनु पर्ने छ ।

(२) उपनियम (१) बमोजिम शिक्षा समितिको वैठकबाट अनुमति दिने सिफारिसको निर्णय भएमा कार्यापालिका समक्ष पठाउनु पर्नेछ । यसरि प्राप्त सिफारिशको आधारमा कार्यपालिकाले स्विकृति सम्बन्धमा आफ्नो सिफारिस सहित गाउँसभामा पेश गर्नुपर्नेछ ।

(३) उपनियम (२) अनुसार गाउँसभाले कार्यपालिकाको सिफारिस उपयुक्त लागेमा विद्यालय खोल्न अनुमति दिन सक्नेछ। गाउँसभा को निर्णय बमोजिम शिक्षा शाखा प्रमुखले अनुसूचि ३ बमोजिमको ढाँचामा अनुमति दिनेछ ।

(४) यसरी अनुमति दिँदा प्राथमिक विद्यालयको हकमा शैक्षिकसत्र सुरु हुनुभन्दा ३० दिन अगावै दिनुपर्नेछ र माध्यमिक विद्यालयको हकमा शैक्षिकसत्र सुरु हुनुभन्दा दुई महिना अगावै अनुमति दिनुपर्नेछ ।

(५) उपनियम (२) वमोजिम शिक्षा समितिले विद्यालय खोल्ने अनुमतिको सिफारिश गर्ने निर्णय गर्दा विद्यालय नक्साङकन, स्कुल जोनिङ्ग र गाउँ शिक्षा समितिले निर्धारण गरेको गाउँपालिका र वडाको लागी विद्यालयको अधिकतम संख्याको अधीनमा रही दिनु पर्नेछ ।

(६) कसैले ऐन तथा यस नियमावली विपरीत अनुमति दिएको वा प्राप्त गरेको पाइएमा गाउँकार्यपालिकाले छानविन गरी त्यसरी अनुमति प्राप्त विद्यालयको अनुमति जुनसुकै बखत रद्द गर्नेछ र त्यस्तो अनुमति दिनका लागि सिफारिस गर्ने र अनुमति प्रदान गर्ने पदाधिकारी तथा कर्मचारीलाई प्रचलित कानून बमोजिम कारबाही गरिनेछ ।

६. **विद्यालयले पालना गर्नु पर्ने शर्त तथा बन्देज :**
विद्यालयले पालन गर्नु पर्ने शर्त तथा बन्देजहरू देहाय बमोजिम हुनेछन् :

(क) नेपाल सरकारबाट स्वीकृत पाठ्यक्रम र पाठ्यपुस्तक लागू गर्नु पर्ने,
(ख) शिक्षा समितिको स्वीकृति नलिई थप पाठ्यपुस्तक तथा पाठ्यसामग्री प्रयोग गर्न नहुने,
(ग) राष्ट्रियता प्रति आँच आउने पाठ्यसामग्री भएको पाठ्यपुस्तक अध्यापन गर्न, गराउन नहुने,
(घ) विद्यालयमा वालमैत्री, अपाङ्गतामैत्री तथा लैङ्गिकमैत्री बातावरण सृजना गर्ने,
(ङ) अभिभावकको वार्षिक भेला गराई विद्यालयको आय व्यय, शैक्षिक उपलब्धि र आगामी शैक्षिक सत्रको कार्यक्रमको जानकारी गराउनु ,
(च) यस नियमावली बमोजिम आय व्ययको लेखा राख्नु पर्ने,
(छ) विद्यालयले गरेको लगानीको अभिलेख राख्नु पर्ने,
(ज) विद्यालयमा नेपालको राष्ट्रिय एकता, सार्वभौमिकता, जातीय, क्षेत्रीय, भाषिक, लैगिक , सामाजिक तथा धार्मिक सहिष्णुतामा खलल पार्ने कुनै पनि क्रियाकलाप हुन नदिने,
(झ) सामुदायिक विद्यालयमा गाउँ कार्यपालिकाले तोकेको संख्याको अधिनमा रही शिक्षक सेवा आयोगको सिफारिस अनुसार शिक्षक नियुक्ति गर्नु पर्नेछ,

(ञ) विद्यालयमा नियमित रुपमा परियोजना कार्य, सामाजिक सेवा,अतिरिक्त क्रियाकलाप, तथा अन्य कार्यक्रम सञ्चालन गर्नु पर्ने,

(ट) विद्यालय तथा छात्रावासमा स्वस्थकर, सत्य, निष्ठा र नैतिक चरित्र निर्माण, उद्यमशिलता पवर्द्धन, समाजिक सद्भाव प्रवर्द्धन तथा सामाजिक विकृति (वालविवाह, नीरक्षरता, छाउपडी, दहेज, बोक्सावोक्सी, छुवाछुत, जातिगत उचनीचता, छोरी माथिको विभेद आदि ) उन्मुलन को वातावरण कायम गर्न स्थानीय पाठ्यक्रम तयार गरी स्वीकृतिको लागि प्रस्तुत गर्ने र कार्यान्वयनको आवश्यक व्यवस्था मिलाउने,

(ठ) आवासीय विद्यालयमा शिक्षा समितिले निर्धारण गरे बमोजिम विद्यार्थीको लागि खाना तथा पौष्टिक आहारको गुणस्तर कायम गर्नु पर्ने,

(ड) गाउँसभाले पारित गरेको कानून तथा शैक्षिक नीतिको अधिनमा रही काम गर्नुपर्ने छ ,

(ढ) यस नियमावली बमोजिम पूरा गर्नु पर्ने पूर्वाधारहरू कायम राख्नु पर्ने र विद्यार्थी संख्याका आधारमा पूर्वाधारको विस्तार तथा स्तर वृद्धि गर्नुपर्ने,

(ण) मन्त्रालय वा शिक्षा युवा तथा केलकूदशाखाले निर्धारण गरेको ढाँचामा विद्यालयले शैक्षिक तथ्याङ्क तयार गरी शैक्षिक सत्र सकिएको १५ दिन भित्र शिक्षा, युवा तथा खेलकूद शाखामा पठाउनु पर्ने,

(त) विद्यालयले विद्यार्थीको लागि प्रयोग गर्ने सवारी साधन प्रचलित कानून बमोजिमको मापदण्ड अनुरुप परीक्षण गरिएको हुनु पर्ने,

(थ) तोकिएको मापदण्ड अनुरुप विद्यालयको भवन तथा कक्षाकोठा सफा तथा सुरक्षित राख्नु पर्ने,

(द) प्रत्येक वर्ष विद्यालयको भौतिक तथा सामाजिक परीक्षण गराई त्यसको प्रतिवेदन शिक्षा, युवा तथा खेलकूद शाखामा पठाउनु पर्नेछ ।

७. **विद्यालय खोल्न स्वीकृति प्रदान गर्ने :** (१) नियम ५ को उपनियम (३) बमोजिम अनुमति प्राप्त आधारभूत तथा माध्यमिक विद्यालयले स्वीकृतिको लागि अनुसूची-४ बमोजिमको ढाँचामा गाउकार्यपालिका समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम निवेदन प्राप्त भएमा शिक्षा युवा तथा केलकूदशाखा मार्फत त्यस्तो विद्यालयको जाँचबुझ गरी वा गराई त्यसको प्रतिवेदन पेश गर्न लगाउनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम जाँचबुझ प्रतिवेदन प्राप्त भएपछि नियम ६ बमोजिमको शर्त तथा बन्देज पूरा गरेको देखिएमा शिक्षा समितिको निर्णयको आधारमा अनुसूची-५ बमोजिमको ढाँचामा कार्यपालिकाले आफ्नो निर्णय सहित गाउँ सभा समक्ष पेश गर्नु पर्नेछ । यसरी प्राप्त सिफारीस सभाबाट स्विकृत भएमा शिक्षा,युवा तथा खेलकूद शाखाले नियम ६ बमोजिमको शर्त तथा बन्देज को अधिनमा रही त्यस्तो विद्यालयलाई अनुसूची-५ बमोजिमको ढाँचामा स्वीकृति प्रदान गर्नेछ ।

८. **मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति तथा स्वीकृति सम्बन्धी व्यवस्था :** (१) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि आधारभूत तहसम्म मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति तथा स्वीकृति सम्बन्धी प्रक्रिया नियम ७ वमोजिम हुनेछ । यसका लागि एकल भाषाभाषी विद्यालयमा मातृभाषामा शिक्षा दिने , द्वीभाषी विद्यालयमा दुवै भाषामा शिक्षा दिने र वहुभाषी विद्यालयमा भाषिक स्थानान्तरणको नीति अपनाई वालवालिकाहरुलाई उनीहरुको मातृभाषाबाट नेपाली वा अंग्रेजी भाषामा सहज रुपमा लाने व्यवस्था गरिने छ । एकल वा द्वीभाषी विद्यालयका अभिभावकले चाहेमा त्यहां पनि भाषिक स्थानान्तरणको नीति अपनाइले छ । सबै खाले भाषाभाषीलाई एकअर्काको भाषा, लिपि तथा संस्कृति सिक्न एवं सिकाउन प्रोत्साहित गरिने छ ।

(२) यस नियमावलीमा जुनसुकै कुरा लेखिएको भए तापनि आधारभूत तह भन्दा माथि मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति तथा स्वीकृति सम्बन्धी प्रक्रिया र मापदण्ड संघीय शिक्षा मन्त्रालयले निर्धारण गरे बमोजिम हुनेछ ।

९. **मुनाफा नलिने विद्यालय सञ्चालन सम्बन्धी व्यवस्थाः** (१) सघीय कानूनको मापदण्ड बमोजिम गुरुकुल, आश्रम, मदरसा, गुम्बा वा गोन्पा समेतका सामाजिक, परोपकारी वा कल्याणकारी संस्थाले विद्यालय सञ्चालन गर्न निवेदन दिने लगायत त्यस्तो विद्यालयको अनुमति, स्वीकृति र कक्षा थप सम्बन्धी व्यवस्था नियम ३, ५, ७ र २० मा उल्लेख भए बमोजिम हुनेछ ।

(२) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि उपनियम (१) बमोजिम विद्यालय सञ्चालन गर्न पूरा गर्नु पर्ने पूर्वाधार अनुसूची-६ मा उल्लेख भए बमोजिम हुनेछ ।

(३) गुरुकुल, आश्रम, मदरसा, गुम्बा वा गोन्पा समेतका सामाजिक, परोपकारी वा कल्याणकारी संस्थाले सञ्चालन गर्ने शिक्षा सम्बन्धी नीति, पाठ्यक्रम, त्यस्ता संस्थालाई दिने अनुदान तथा समन्वय सम्बन्धी व्यवस्था मन्त्रालयले निर्धारण गरे बमोजिम हुनेछ ।

१०. **कम्पनी ऐन अन्तर्गत सञ्चालित विद्यालयलाई शैक्षिक गुठी अन्तर्गत सञ्चालन गर्ने सम्बन्धी व्यवस्थाः**

(१) कम्पनी अन्तर्गत सञ्चालन भएको कुनै विद्यालय शैक्षिक गुठी अन्तर्गत सञ्चालन गर्न चाहनेले सोको अनुमतिको लागि अनुसूची-७ बमोजिमको ढाँचामा कार्यपालिका समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम निवेदन प्राप्त भएमा स्थानीय शाखा अधिकृत वा निरीक्षक द्वारा त्यस्तो विद्यालयको जाँचबुझ गराई त्यसको प्रतिवेदन पेश गर्न लगाउनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम प्रतिवेदन प्राप्त भएपछि उक्त प्रतिवेदन र निवेदनसाथ प्राप्त कागजात जाँचबुझ गर्दा त्यस्तो विद्यालयलाई शैक्षिक गुठी अन्तर्गत सञ्चालन गर्न मनासिब देखेमा शिक्षा समितिको सिफारिस साथ कार्यपालिकामा पेश गर्नु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम प्राप्त सिफारिस जाँचबुझ गर्दा उपयुक्त देखिएमा कार्यपालिकाले त्यस्तो विद्यालयलाई शैक्षिक गुठी अन्तर्गत सञ्चालन गर्न अनुसूचि (८ बमोजिमको ढाँचामा अनुमति दिनेछ ।

**११.** विदेशी शिक्षण संस्थासँग सम्बन्धन गरी विद्यालय खोल्ने अनुमति वा स्वीकृति नेपाल सरकारको पूर्व स्वीकृति नलिई दिन सकिने छैन ।

**१२. यस अघि दर्ता भएका विद्यालय सम्वन्धि व्यवस्था :** (१) माथि जेसुकै उल्लेख भए पनि यस अघि नियमानुसार दर्ता र संचालनमा रहेका विद्यालयहरु यसै नियमावली वमोजिम संचालन भएका मानिनेछन् ।
तर यस अघि संचालनमा भएका विद्यालयले
शिक्षा युवा तथा खेलकुद शाखाले तोकेको ढाँचामा विवरण र कागजपत्र पेश गर्न पर्नेछ ।

(२) उपनियम (१) वमोजिम विवरण प्राप्त भए पछि शिक्षा युवा तथा खेलकुद शाखाले यस नियमावली वमोजिम संचालन गर्न सकिने नसकिने र सकिने भए गर्न पर्ने सुधारको खाका सहित प्रतिवेदन पेश गर्नेछ ।

(३) प्राप्त प्रतिवेदन समेतको आधारमा शिक्षा युवा तथा खेलकुद शाखाले शिक्षा समिति समक्ष संचालन अनुमती दिन नसकिने भए सोही वमोजिम र शर्त सहित संचालन गर्न पर्ने भए शर्तको विवरण सहित पेश गर्नेछ ।

(४) शिक्षा समितिको निर्णय वमोजिम शाखा अधिकृत ले अनुसुची ८ वमोजिमको ढाँचामा विद्यालयलाई प्रमाणपत्र दिनुपर्नेछ ।

**१३. धरौटी राख्नु पर्नेः** संस्थागत विद्यालय खोल्ने अनुमति लिँदा विद्यालय सञ्चालनको सुरक्षण बापत देहाय बमोजिमको रकम धरौटीको रूपमा राख्नु पर्नेछ :

(क) माध्यमिक विद्यालयको लागि पाँच लाख रूपैयाँ,

(ख) आधारभूत विद्यालयको लागि दुई लाख पचास हजार रूपैयाँ,

(ग) प्राथमिक विद्यालयको लागि एक लाख पचास हजार रूपैयाँ ।

तर,

(१) नियम ९ बमोजिम विद्यालय सञ्चालन गर्ने अनुमति लिँदा धरौटी राख्नु पर्ने छैन ।

(२) बिशेष आवश्यकता भएका विद्यार्थिका लागि वा सिमान्तकृत वा अति विकट भौगिलिक क्षेत्रमा विद्यालय खोल्दा कार्यापालिकाले निर्धारण गरेको मापदण्ड बमोजिम धरौटी छुट दिन सकिनेछ ।

**१४. धरौटी रकम जम्मा गरिने :** (१) विद्यालयले नियम १३ बमोजिमको धरौटी बापतको रकम कार्यपालिकाको धरौटी खातामा जम्मा गर्नपर्नेछ ।

**१५.** सार्वजनिक शैक्षिक गुठी तथा नेपाल सरकारले अनुदान दिने निजामती, सैनिक, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल र शहीद प्रतिष्ठानद्वारा सञ्चालित विद्यालयको नियमनको लागि संघीय शिक्षा मन्त्रालयले जारी गरेको कार्यविधिअनुसार हुने ।

**१६. विद्यालय गाभ्न सकिने :** (१) देहायको कुनै अवस्थामा दुई वा दुईभन्दा बढी विद्यालयलाई एक आपसमा गाभी एउटा विद्यालय कायम गर्न सकिनेछ :

(क) अनुसूची-२ बमोजिमको पूर्वाधार कायम नरहेको,
(ख) अधिकांश कक्षामा दश प्रतिशत भन्दा कम विद्यार्थी संख्या भएको,
(ग) दुई वा सोभन्दा बढी विद्यालयको परिसर एक आपसमा जोडिएको,
(घ) दुई वा सोभन्दा बढी विद्यालय बीचको पैदल दूरी तीस मिनेटभन्दा कम रहेको,
(ङ) दुई वा सो भन्दा बढी विद्यालयका व्यवस्थापन समितिले विद्यालय गाभ्न संयुक्त निवेदन दिएको ।

(२) उपनियम (१) बमोजिमको आधारमा विद्यालयहरु गाभ्ने निर्णय गर्दा कार्यपालिकाले त्यस्ता विद्यालयको लागि आवश्यक शिक्षक तथा कर्मचारीको दरबन्दी यकिन गरी बढी हुन आएको शिक्षक तथा कर्मचारीको व्यवस्थापनको विषयमा समेत निर्णय गर्नु पर्नेछ ।

(३) यस नियमावलीमा उल्लेखीत विद्यालय गाभ्ने सम्वन्धी व्यवस्थालाई कार्यान्वयन गर्न कार्यपालिकाले शिक्षा समितिको सिफारिसमा कार्यविधी बनाई लागू गर्न सक्नेछ । यसरी गाभिएर खाली भएको वा बन्द भएको विद्यालयमा सामुदायिक प्रयोजनका लागि पुस्तकालय, म्युजियम, संवाद स्थल, वा सीप विकास केन्द, साम'दायिक केन्द्र जस्ता संस्था बनाउन सकिने छ ।

**१७. गाभिएका वा बन्द गरिएका विद्यालयको सम्पत्तीको व्यवस्थापन :** (१) नियम १६ बमोजिम विद्यालय गाभिएमा गाभिने विद्यालयमा रहेको चल अचल सम्पत्ति, फर्निचर, पाठ्यपुस्तक, पाठ्यसामग्री लगायतका अन्य शैक्षिक सामग्री गाभिएको विद्यालयको नाममा नामसारी गरी वा जिन्सी दाखिला गरी आम्दानी बाँधी अभिलेख राख्नु पर्नेछ ।

**१८. विद्यालयको तह वा कक्षा घटाउन सकिने :** कुनै विद्यालयको सम्बन्धमा नियम १७ को अवस्था विद्यमान रहेको भए तापनि विद्यालय गाभ्ने आधार औचित्यपूर्ण नदेखिएमा शिक्षा युवा तथा केलकूद शाखाको सिफारिसमा कार्यपालिकाले त्यस्तो विद्यालयको माथिल्लो तह वा कक्षा घटाउन सक्नेछ ।

**१९. विद्यालयको कक्षा थप गर्न सकिने** : (१) कुनै विद्यालयले कक्षा थप गर्न चाहेमा शैक्षिकसत्र सुरु हुनुभन्दा कम्तीमा दुई महिना अगावै गाउँकार्यपालिका समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम निवेदन परेमा गाउँपालिकाले थप हुने कक्षाको लागि नियम ४ बमोजिमको पूर्वाधार पूरा भए वा नभएको सम्बन्धमा आवश्यक जाँचबुझ गर्न शिक्षायुवा तथा खेलकूद शाखामा पठाइदिनेछ । गाउँ शिक्षा शाखाले स्थलगत जाँचबुझ गर्दा पूर्वाधार पूरा गरेको देखिएमा निर्णयको निमित्त शिक्षा समितिमा पेश गरी समितिको सिफारिश अनुसार गाउ कार्यपालिकाले शैक्षिकसत्र सुरु हुनु अगावै कक्षा थप गर्न अनुमति दिन सक्नेछ ।

(३) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्राविधिक शिक्षा प्रदान गर्ने वाहेक अन्य विद्यालयको कक्षा एघार र बाह्रको कक्षा थप र विषय थप गर्ने अनुमति संघीय शिक्षा मन्त्रालयबाट स्वीकृत मापदण्डका आधारमा गाउँ सभाले दिनेछ ।

## परिच्छेद-३

## गाउँ कार्यपालिका, प्रमुख प्रशासकीय अधिकृत, शाखा अधिकृत तथा निरीक्षकको काम, कर्तव्य र अधिकार

२०. **गाउँकार्यपालिकाको काम, कर्तव्य र अधिकार** :(१) यस नियमावलीमा अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारका अतिरिक्त गाउँ कार्यपालिकाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) शैक्षिक योजना तथा कार्यक्रम कार्यान्वयन गर्न शिक्षा समिति, प्रमुख प्रशासकिय अधिकृत तथा स्थानीय शाखा अधिकृत लाई आवश्यक निर्देशन दिने,

(ख) शैक्षिक योजना तथा कार्यक्रम कार्यान्वयन गर्न आवश्यकता अनुसार समिति, उपसमिति वा कार्यटोली गठन गर्ने,

(ग) शिक्षक सरुवाको मापदण्ड वनाई गाउंपालिकाको तहमा एक रुपता रहने गरी शिक्षक विद्यार्थी अनुपात मिलाउने, गुणस्तर कायमगर्ने, आचार संहिता बनाई लागु गर्ने,

(घ) शिक्षक तथा कर्मचारीहरूको प्रशासन, व्यवस्थापन तथा शैक्षिक विकास सम्बन्धी कार्य योजना स्वीकृत गर्ने र कार्यान्वयन गर्न निर्देशन दिने ,

(ङ) प्रदेश तथा संघको कानुन वमोजिम हुने शिक्षा सम्वन्धि विषयहरुको कार्यान्वयन गर्न शिक्षा समितिलाई निर्देशन दिने निर्देशन दिने ,

(च) प्रत्येक ६ महिनामा गाउँपालिका भित्रका सबै किसिमका विद्यालयहरुको अनुगमन तथा मूल्याङ्कन गरी गराई अपेक्षित गणस्तर कायम गर्ने,

(छ) विद्यालयमा आर्थिक व्यवस्था पारदर्शी तथा सुनिश्चित गर्न वस्तुगत आधार तथा मापदण्ड बनाई लागू गर्ने, गराउने,

(ज) यस नियमावलीको परिधि भित्र आवश्यक क्षेत्रहरुको मापदण्ड वनाउने,

(झ) शिक्षालाई व्यवहारिक, उद्यमशिल र रोजगारउन्मुख बनाउने नीति अवलम्बन गर्ने ,

(ञ) शिक्षा सम्बन्धी कानून निर्माणको लागी गाउँ सभामा पेस गर्ने ।

(२) उपनियम (१) मा जेसुकै लेखिएतापनि संस्थागत विद्यालयका हकमा त्यस्ता विद्यालयले पालना गर्नु पर्ने मापदण्ड, गुणस्तर, शुल्क प्रावधान, विपन्न तथा सिमान्तकृत वर्गका छात्र छात्रालाईलागि दिईने छात्रबृत्तिका आधार र प्रतिशत, शिक्षक तथा कर्मचारिहरुको सेवा, शर्त एवं पारिश्रमिक जस्ता विषयमा निर्णय गर्दा संस्थागत विद्यालयहरुको संगठन को समेत सहभागिता एवं राय परामर्श लिई निर्णय गर्नुपर्नेछ ।

२१. **प्रमुख प्रशासकीय अधिकृतको काम, कर्तव्य र अधिकार** : ऐन तथा यस नियमावलीमा अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारका अतिरिक्त प्रमुख प्रशासकीय अधिकृतको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) शिक्षालाई मैलिक हकको रुपमा स्थापित गर्न गाउँपालिकाको समग्र शैक्षिक नीति, योजना, कार्यक्रमको कार्यान्वयन एवं अनुगमन गर्ने /गराउने,

(ख) गाउँ कार्यसम्पादन नियमावलिमा प्रमुख प्रशासकीय अधिकृतले गर्ने भनी उल्लेख भएका शिक्षा सम्बन्धि कार्य गर्ने,

(ग) शैक्षिक समन्वयकर्ता तथा सहजकर्ताको भूमिका निर्वाहगर्ने,

(घ) कार्यपालिकाले प्रत्यायोजन गरेका शिक्षा सम्बन्धि कार्य गर्ने ,

(ङ) गाउँको उत्कृष्ट शैक्षिक उपलब्धि का लागि शाखा अधिकृतसँग कार्यसम्पादन करार गर्ने र सो उपलब्धीपूर्ण रहे नरहेको निरन्तर अनुगमन गर्ने ,

(च) विद्यालयहरुको लेखा परीक्षणको व्यवस्था मिलाउने ।

**२२.शाखा अधिकृतको काम, कर्तव्य र अधिकार :** ऐन तथा यस नियमावलीमा अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारका अतिरिक्त शाखा अधिकृतको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) गाउँ कार्यपालिकाबाट स्वीकृत शैक्षिक कार्यक्रम कार्यान्वयन गर्ने गराउने,

(ख) शिक्षा सम्बन्धी प्रस्ताव गाउँपालिकामा पेश गर्ने

(ग) शिक्षा सम्बन्धी गाउँ स्तरीय योजना वनाई कार्यपालिकामा स्वीकृतिको लागि पेश गर्ने र स्वीकृत योजना कार्यान्वयन गर्ने,

(घ) स्थानीय तहको शिक्षाको अवस्था, प्रगति आदि समेटिएको शिक्षा सम्वन्धी स्थितिपत्र तयार गरी प्रत्येक वर्षको चैत्र मसान्त भित्र प्रकाशित गर्ने,

(ङ) स्वीकृत अनौपचारिक शिक्षा, विशेष आवश्यकता शिक्षा र शिक्षाको लागि खाद्य कार्यक्रम कार्यान्वयन गर्ने गराउने तथा सो सम्बन्धी अभिलेख तयार गर्ने,

(च) विद्यार्थी संख्या घट्न गई फाजिलमा परेका सामुदायिक विद्यालयका शिक्षकलाई अर्को समुदायिक विद्यालयमा मिलान गर्ने शिक्षा समितिमा सिफारिश गर्ने,

(छ) स्वीकृत कार्य योजना अनुसार विद्यालय सञ्चालन भए नभएको सम्बन्धमा नियमित रूपले निरीक्षण र सुपरीवेक्षण गरी त्यसको प्रतिवेदन तयार गर्ने,

(ज) शिक्षाको गुणस्तर बढाउनको लागि शिक्षक,प्रधानाध्यापक तथा व्यवस्थापन समितिका पदाधिकारीहरूको समय समयमा बैठक, गोष्ठी वा तालिमको संचालन गर्ने,

(झ) आधारभूत तहको अन्त्यमा लिइने परीक्षा सञ्चालन गर्न परीक्षा संचालन समितिको सदस्य सचिव भइ कार्य गर्ने,

(ञ) विद्यालयको कक्षा ५ तथा ८ को परीक्षाको अभिलेख, प्रश्नपत्र र उत्तर पुस्तिका झिकाई जाँच , विद्यालयमा शिक्षाको गुणस्तर बृद्धि भए नभएको सम्बन्धमा मूल्याङ्कन गरी अभिलेख राख्ने तथा सो सम्बन्धमा सुधारका लागि आवश्यक काम गर्ने,

(ट) गाउँपालिका भित्र रहेका कम्पनी ऐन अन्तर्गत दर्ता भएका वा संस्थागत विद्यालयहरुको शैक्षिक कार्य योजनाको समन्वय र अनुगमन गरी सुधारका लागि सुझाव प्रस्तुत गर्ने

(ठ) ऐन तथा यस नियमावली बमोजिम विद्यालयहरू सञ्चालन भए नभएको जाँचबुझ गर्ने तथा विद्यालयमा शिक्षाको गुणस्तर बढाउन, सुधार गर्न वा विद्यालय बन्द गर्नु पर्ने नपर्ने सम्बन्धमा निरीक्षण गरी विद्यालयको स्तर बढाउनु, सुधार गर्नु वा विद्यालय बन्द गर्नु पर्ने भएमा तत् सम्बन्धी कारबाही प्रक्रिया अगाडि बढाउने ,

(ड) माध्यमिक शिक्षा उत्तीर्ण परीक्षाको लागि रजिष्ट्रेशन फाराम भरेका विद्यार्थीको नाम, थर, उमेर प्रचलित कानून बमोजिम संशोधन गर्ने,

(ढ) नियुक्ति वा बढुवाको लागि आयोगबाट सिफारिस भई आएका शिक्षक वा कर्मचारीलाई विद्यालयमा नियुक्ति गर्ने,

(ण) सामुदायिक विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीको सेवा विवरण तथा अन्य अभिलेख अद्यावधिक गर्ने,

(त) शिक्षक वा कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन गरी त्यसको विवरण आयोगमा पठाउने,

(थ) विद्यालय र प्रारम्भिक बाल विकास केन्द्रको निरीक्षण गर्ने, गराउने,

(द) मन्त्रालयले तोकिदिए बमोजिम सामुदायिक तथा संस्थागत विद्यालयहरूको समूह विभाजन गरी स्रोत केन्द्र निर्धारण गर्ने र स्रोत केन्दबाट विद्यालयको निरीक्षण, शिक्षकको तालिम तथा अन्य शैक्षिक क्रियाकलाप गर्ने,

(ध) माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा, माध्यमिक शिक्षा परीक्षा र आधारभूत तहको अन्त्यमा हुने परीक्षालाई नियमित र मर्यादित ढङ्गबाट सञ्चालन गर्ने, गराउने,

(न) सामुदायिक विद्यालयका लागि वितरण गरिएका दरबन्दी शैक्षिक सत्रको सुरुमा मिलान गर्न शिक्षा समितिमा सिफारिस गर्ने,

(प) निरीक्षकलाई विद्यालय निरीक्षणको सुचक वनाई निरिक्षण गर्न पठाउने र निरीक्षकले विद्यालय निरीक्षण गरे नगरेको यकिन गर्न स्थलगत निरीक्षण गर्ने,

(फ) गाउँपालिकावाट विद्यालयलाई निकासा भएको रकम सदुपयोग भए नभएको अनुगमन गर्ने .

(ब) विद्यालयले स्वीकृत पाठ्यक्रम तथा पाठ्यपुस्तक लागू गरे नगरेको सम्बन्धमा निरीक्षण गर्ने, गराउने,

(भ) विद्यालयमा लागू गरिएको पाठ्यक्रम, पाठ्यपुस्तक तथा पाठ्यसामग्री सम्बन्धमा सुधार गर्नुपर्ने र निःशुल्क पाठ्यपुस्तकको वितरण प्रणालीलाई प्रभावकारी बनाउने विषयमा व्यवस्थापन समिति तथा शिक्षकको राय लिई सुझाव पठाउने तथा सो सम्बन्धमा अन्य आवश्यक कार्य गर्ने, गराउने,

(म) लेखा परीक्षकबाट प्राप्त प्रतिवेदनको आधारमा देखिएका अनियमितता र वेरुजु फर्छ्यौट गर्न लगाउने,

(य) सरकारी तथा गैरसरकारी शैक्षिक परियोजनाहरूको निरीक्षण तथा समन्वय गर्ने,

(र) सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारीको तलबी प्रतिवेदन पारित गराउने,

(ल) विद्यालयको वार्षिक शैक्षिक कार्यक्रमको नियमित रूपमा अनुगमन गरी सो अनुसार गर्ने, गराउने,

(व) विद्यालय निरीक्षक र स्रोत व्यक्तिले दिएको निरीक्षण प्रतिवेदन उपर कारबाही गर्ने

(श) विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ गठन गर्ने, गराउने,

(ष) सामुदायिक विद्यालयको स्वीकृत, रिक्त दरवन्दीमा पदपूर्तिको लागि आयोगमा लेखी पठाउने,

(स) कार्यपालिकाबाट स्वीकृत मापदण्डको आधारमा शिक्षकको सरुवा गर्ने,

(ह) विद्यालय व्यवस्थापन समितिको सिफारिसमा शिक्षकलाई विद्यालय समय बाहेक वा विद्यालयको नियमित पठन पाठनमा असर नगर्ने गरी अतिरिक्त समयमा अन्यत्र कार्य गर्न पूर्व स्वीकृति प्रदान गर्ने,

(क्ष) कार्यसम्पादनको आधारमा विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ,प्रधानाध्यापक, शिक्षक एवं कर्मचारीहरुलाई पुरस्कार तथा दण्डका लागि कार्यपालिका समक्ष सिफारिश गर्ने ,

(त्र) निजी, धार्मिक तथा गुठी बिद्यालयको अनुगमन गरी स्वीकृत मापदण्डको पालना गर्न लगाउने र तदनुसार पुरस्कार र दण्डको लागि कार्यपालिका समक्ष सिफारिश गर्ने ,

(ज्ञ) गाउँकार्यपालिका, राष्ट्रिय परीक्षा बोर्ड र शिक्षा सम्वन्धित आयोगहरुबाट निर्देशित वा प्रत्यायोजित कार्य गर्ने ,

२३. **निरीक्षकको काम, कर्तव्य र अधिकार :** ऐन तथा यस नियमावलीमा अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारका अतिरिक्त शिक्षा अधिकृतको मातहत र प्रत्यक्ष निर्देशनमा रही निरीक्षकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) प्रत्येक दुई महिनामा सवै विद्यालयमा कम्तीमा एक पटक स्थलगत निरीक्षण तथा सुपरीवेक्षण गर्ने । निरीक्षण तथा सुपरीवेक्षण गर्ने क्रममा प्रधानाध्यापक र व्यवस्थापन समितिसँग छलफल गरी छलफल भएको कुरा र निरीक्षण तथा सुपरीवेक्षण सम्बन्धी व्यहोरा विद्यालयको निरीक्षण पुस्तिकामा जनाउने तथा जनाउन लगाउने,

(ख) ऐन र यस नियमावली बमोजिम विद्यालय नियमित रूपले सञ्चालन भए नभएको, त्यस्तो विद्यालयमा भौतिक साधन सुरक्षित विद्यालय अनुरुप भए नभएको, शिक्षक पर्याप्त भए नभएको, उपलब्ध साधनको अधिकतम सदुपयोग भए, नभएको र निर्धारित स्तर बमोजिम पठन पाठन भए नभएको र समग्र शैक्षिक गुणस्तर कायम भए नभएको सम्बन्धमा प्रधानाध्यापक, शिक्षक-अभिभावक संघ र शिक्षकसँग विचार विमर्श गरी सो अनुरूप भएको नदेखिएमा सुधार गर्न लगाउने,

(ग) विद्यालय निरीक्षण सम्बन्धी प्रतिवेदन शिक्षा अधिकृत समक्ष पेश गरी निर्देशन वमोजिम गर्ने,

(घ) विद्यालयको विकासको लागि व्यवस्थापन समिति तथा सरोकावालाहरूसँग सम्पर्क तथा आवश्यक सरसल्लाह र अन्तरक्रिया गर्ने,

(ङ) नमूना शिक्षण गर्ने प्रयोजनको लागि निरीक्षण क्षेत्रभित्रको रोष्टर (समुह) तयार गर्ने र समय-समयमा प्रधानाध्यापक सहित शिक्षकको बैठक बोलाई शिक्षण गर्ने विषयमा देखिएका समस्या समाधानको लागि आवश्यक काम गर्ने,

(च) शिक्षक तथा विद्यालय कर्मचारीको कार्य क्षमताको मूल्याङ्कन गरी त्यसको अभिलेख शिक्षा युवा तथा खेलकूदशाखामा उपलब्ध गराउने

(छ) विद्यालयको शैक्षिकस्तर बृद्धि गर्न प्रधानाध्यापक तथा व्यवस्थापन समितिका अध्यक्षहरूको गोष्ठीको संयोजन गर्ने, गराउने

(ज) परीक्षा समितिको निर्देशन बमोजिम परीक्षा सञ्चालन गर्ने, गराउने,

(झ) विद्यालयको शैक्षिक तथा आर्थिक अभिलेख दुरुस्त भए नभएको निरीक्षण गर्ने, गराउने,

(ञ) आफ्नो क्षेत्र भित्रका शैक्षिक तथ्याङ्क सङ्कलन तथा विश्लेषण गरी शिक्षा युवा तथा खेलकुद शाखामा पठाउने,

(ट) शिक्षकलाई तालिमको लागि सिफारिस गर्ने र तालिम प्राप्त शिक्षकको सीप को प्रयोग भए नभएको एकिन गर्न कक्षा अवलोकन गरी सुधारका लागि कार्य गर्ने,

(ठ) व्यवस्थापन समितिको बैठक नियमित रूपले बसे नबसेको जाँचबुझ गरी नबसेको भए बैठक बोलाउन प्रधानाध्यापकलाई निर्देशन दिने,

(ड) विद्यालय सञ्चालन सम्बन्धमा प्रधानाध्यापक तथा व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने,

(ढ) स्रोत व्यक्तिको कामको अनुगमन गरी प्रत्येक महिना शिक्षा शाखामा प्रतिवेदन पेश गर्ने,

(ण) विद्यालयका शिक्षक तथा कर्मचारीको बिदाको अभिलेख शैक्षिक सत्रको अन्त्यमा प्रमाणित गर्ने र विद्यालयमा राख्न लगाउने,

(त) शिक्षक तथा कर्मचारीको हाजिरी अभिलेख दुरुस्त भए नभएको जाँच वा निरीक्षण गरी बिदा नलिई अनुपस्थित हुने शिक्षक तथा कर्मचारीको हकमा हाजिरी पुस्तिकामा गयल जनाई सोको जनाउ सहित कारबाहीको लागि सम्बन्धित विद्यालय व्यवस्थापन समिति र गाउँ/नगर शिक्षा समितिलाई सिफारिस गर्ने,

(थ) आफनो क्षेत्रभित्र सञ्चालन गरिएका अनौपचारिक शिक्षा, विशेष आवश्यकता शिक्षा, समावेशी शिक्षा र शिक्षाको लागि खाद्य कार्यक्रमको नियमित रूपमा निरीक्षण तथा अनुगमन गरी स्थानीय शिक्षा समितिमा प्रतिवेदन पेश गर्ने,

(द) निजी, धार्मिक तथा गुठी बिद्यालयको अनुगमन गरी स्वीकृत मापदण्डको पालना गर्न लगाउने र तदनुसार पुरस्कार र दण्डको लागि शिक्षा अधिकृत समक्ष सिफारिश गर्ने ,

(ध) आजीवन शिक्षा र सीप शिक्षाको उचित प्रवन्ध गर्ने गराउने ,

(न) शाखा अधिकृतले तोके बमोजिम थप कार्य गर्ने, गराउने ,

(प) गाउँपालिकाले शिक्षा सम्बन्धि प्रत्यायोजित कार्य गर्ने,

## परिच्छेद-४

## गाउँ  शिक्षा समितिको काम, कर्तव्य र अधिकार तथा बैठक सम्बन्धी कार्यविधि

२४. **शिक्षा समितिको सरचना तथा कार्यसंचालन विधिः** (१) गाउँपालिकामा  देहाय वमोजिमको एक शिक्षा समिति रहनेछ :

(क) गाउँ कार्यपालिकाको प्रमुख **-अध्यक्ष**

(ख) गाउँकार्यपालिकाले तोकेको सो पालिकाकोमहिला तथा दलित समेत ३ जना सदस्यहरु **-सदस्य**

(ग) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको एकजना अधिकृत कर्मचारी **- सदस्य**

(घ) सामुदायिक विद्यालयको प्रधानाध्यापकहरु मध्येवाट समितिले तोकेको एक जना प्रधानाध्यापक **- सदस्य**

(ङ) संस्थागत विद्यालयहरुको प्रतिनिधिमुलक संस्था मध्येवाट प्रत्येक वर्ष परिवर्तन हुने गरी अध्यक्षले तोकेको प्रतिनिधि एक जना **- सदस्य**

(च) गाउँपालिका भित्रको विद्यालय व्यवस्थापन समितिको अध्यक्षहरु मध्ये कार्यपालिकाले तोकेको १ जना **- सदस्य**

(छ) गुठी वा परम्परागत धार्मिक विद्यालयका तर्फबाट प्रत्येक वर्ष परिवर्तन हुने गरी गाउँपालिकाको अध्यक्षले तोकेको सदस्य १ जना **- सदस्य**

(छ१) गाउँपालिका भित्रको शिक्षक महासंघको अध्यक्ष **- सदस्य**

(ज) शाखा अधिकृत **- सदस्य-सचिव**

(२ )शिक्षा समितिको वैठक कम्तीमा तीन महिनामा एक पटक वस्नुपर्नेछ ।

(३ )शिक्षा समितिको वैठकभत्ता गाउँपालिकाको प्रचलित कानुन वमोजिम हुनेछ तर एक आर्थिक वर्षमा वढीमा ६ वटा भन्दा वढी वैठकको भत्ता उपलब्ध गराईने छैन।

(४) वैठक संचालनको लागि कम्तीमा ५० प्रतिशत सदस्यको उपस्थीति आवश्यक पर्नेछ भने वैठकको निर्णय वहुमतको आधारमा हुनेछ ।

(५) मनोनित सदस्यको पदावधि पाँच वर्षको हुनेछ

२५. **शिक्षा समितिको काम, कर्तव्य र अधिकार :** ऐन तथा यस नियमावलीमा अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारका अतिरिक्त शिक्षा समितिको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) शिक्षा युवा तथा खेलकुद शाखावाट पेश भएको शैक्षिक योजना माथि छलफल गरी स्वीकृतिको लागी कार्यपालिकामा पेश गर्ने

(ख) गाउँपालिकामा स्वस्थ शैक्षिक वातावरण कायम राख्न तथा शिक्षाको गुणस्तर बृद्धि गर्न शिक्षा युवा तथा खेलकुद शाखा मार्फत पेश भएको कार्ययोजना माथि छलफल गरी आबस्यक देखिएमा परिमार्जन सहित स्वीकृत गर्ने,

(ग) नेपाल सरकारको स्वीकृत नीति र निर्देशन अनुरूप विशेष आवश्यकता शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा कार्यक्रम सञ्चालन सम्बन्धी आवश्यक व्यवस्था गर्ने,

(घ) विद्यालयलाई आर्थिक सहायता उपलब्ध गराउने तथा त्यस्तो सहायताको लागि सम्बन्धित निकायमा सिफारिस गर्ने,

(ङ) शिक्षक, कर्मचारी तथा विद्यार्थी कल्याणको लागि स्वीकृत शिक्षा योजना वमोजिम आवश्यक कार्यक्रम बनाउने,

(च) विद्यालयको सम्पत्तिको सुरक्षा गर्न तथा विद्यालयको समृद्धिको लागि आवश्यक व्यवस्था गर्ने,

(छ) विद्यालयको विकासको लागि सञ्चालित शैक्षिक कार्यक्रमलाई सहयोग गर्ने,

(ज) विद्यालयको लेखापरीक्षण सम्बन्धमा लेखापरीक्षकले दिएको प्रतिवेदन अनुसार आवश्यक कारबाही गर्ने, गराउने,

(ञ) विद्यालयलाई आर्थिक रूपमा आत्मनिर्भर गराउन योजना बनाई कार्य गर्ने,

(ट) विद्यालय बन्द गर्न सिफारिस गर्ने,

(ठ) शैक्षिक क्यालेण्डर बनाई विद्यालय सञ्चालन गर्न शिक्षा युवा तथा खेलकुद शाखा मार्फत व्यवस्थापन समितिलाई निर्देशन दिने,

(ड) गाउँपालिका स्तरीय खेलकुद, स्काउट तथा साँस्कृतिक कार्यक्रमको सञ्चालन तथा विकासको लागि आर्थिक स्रोत जुटाउने र प्राप्त रकम खर्च गर्न शिक्षा युवा तथा खेलकूदशाखालाई निर्देशन दिने,

(ढ) आवासीय विद्यालयका विद्यार्थीका लागि खाना तथा पौष्टिक आहारको गुणस्तर तोक्ने ।

(न) गाउँ कार्यपालिका तथा गाउँ सभावाट स्वीकृत शिक्षा योजना र मापदण्ड भित्र रही आवश्यक निर्देशन दिने ।

(प) विद्यालयले कायम गर्नु पर्ने न्युनतम सरसफाई तथा शौचालयको मापदण्ड तोक्ने ।

फ) गाउँपालिका क्षेत्र भित्र विशेष आवश्यकता भएका वालबालिकाको तथ्यांक संकलन गरी उनीहरुका लागि उचित विद्यालय व्यवस्थापन गर्न आधार तयार पार्ने र सोही अनुसारको पठनपाठन व्यवस्था मिलाउने .

(ब) विद्यालय सुधार तथा बिकासका लागि नीति निर्देशन गर्ने ।

२५ **क. वडा शिक्षा समितिको संरचना र कार्यसञ्चालन विधिः** (१) गाउँपालिकाको प्रत्येक वडामा देहाय बमोजिमको वडा शिक्षा समिति रहनेछः

| | |
|---|---|
| (क) वडा समितिको अध्यक्ष | -**अध्यक्ष** |
| (ख) वडा समितिको एक जना दलित महिला सदस्य | - **सदस्य** |
| (ग) वडा समितिले मनोनोत गरेको एक जना स्थानीय शिक्षाप्रेमी वा वुद्धिजिवी | - **सदस्य** |
| (घ) समितिले तोकेको वडा भित्रको उच्चतम विद्यालयको प्रधानाध्यापक | -**सदस्य** |
| (ङ) वडा हेर्ने सचिव | - **सदस्य-सचिव** |

(२) वडा शिक्षा समितिको बैठक कम्तिमा चार महिनामा एक पटक बस्नेछ।

२५ **ख. वडा शिक्षा समितिको काम, कर्तव्य र अधिकारः वडा शिक्षा समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः**

(क) आफ्नो वडा भित्रका विद्यालयको नियमित अनुगमन तथा मूल्याङ्कन गर्ने,

(ख) विद्यालयको शैक्षिक गुणस्तर सुधारको लागि आवश्यक कार्य गर्ने,

(ग) वडा भित्रका विद्यालय जाने उमेर समूहका बालबालिकालाई विद्यालय जाने वातावरण सिर्जना गर्ने,

(घ) प्रारम्भिक बालविकास केन्द्र स्थापनाको लागि वडा समितिलाई सिफारिस गर्ने,

(ङ) गाउँ शिक्षा समितिले दिएको निर्देशनको पालना गर्ने।

## परिच्छेद ५

## विद्यालय व्यवस्थापन समिति सम्वन्धी व्यवस्था

२६. **विद्यालय व्यवस्थापन समिति रहने :** (१) यस नियमावली र अन्तरगत व्यवस्था भएको समितिहरुको अधिकार क्षेत्र वाहेक विद्यालय संचालन गर्न प्रत्येक सामुदायिक विद्यालयमा देहाय वमोजिमको एक विद्यालय व्यवस्थापन समिति रहनेछ ।

(क) अभिभावकहरुले आफूहरुमध्येबाट छानी पठाएका एक जना महिला र एक जना दलित सहित चार जना -सदस्य

(ख) सम्बन्धित वडाको वडा अध्यक्ष वा वडा समितिले तोकेको सो समितिको सदस्य **- सदस्य**

(ग) विद्यालयका संस्थापक, स्थानीय बुद्धिजिवी, समाजसेवी, शिक्षाप्रेमी र चन्दादाताहरु मध्ये विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको एक जना महिलासहित दुई जना -सदस्य

(घ)विद्यालयका शिक्षकहरुले आफूहरुमध्येबाट छानी पठाएका एक जना -सदस्य

(ङ) विद्यालयको प्रधानाध्यापक -सदस्य सचिव

(२) बाल क्लवका एक जना छात्र र एक जना छात्रा स्थायी आमन्त्रित सदस्यका रुपमा रहनेछन।

(३) प्राविधिक तथा व्यावसायिक धार सञ्चालित विद्यालयमा स्थानीय स्तरका उद्योग वाणिज्य संघका दुई जना प्रतिनिधि सदस्यका रुपमा रहनेछन।

(४) विद्यालय व्यवस्थापन समितिका सदस्यहरुले उपनियम १ को खण्ड (क), (ख) वा (ग) बमोजिमका सदस्यहरुमध्येबाट छानेको सदस्य सो समितिको अध्यक्ष हुनेछ।

(५) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष छनौट नभएसम्मको लागि वा अध्यक्षको अनुपस्थितिमा सो समितिका ज्येष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ।

(६) विद्यालय व्यवस्थापन समितिको कार्य अवधि ४ वर्षको हुनेछ ।

(७) राजीनामा स्वीकृत गर्ने : व्यवस्थापन समितिका सदस्यको राजीनामा सो समितिका अध्यक्षले र व्यवस्थापन समितिका अध्यक्षको राजीनामा सम्बन्धित व्यवस्थापन समितिले स्वीकृत गर्नेछ ।

तर अध्यक्षको पद रिक्त रहेको अवस्थामा त्यस्तो सदस्यको राजीनामा व्यवस्थापन समितिको वरिष्ठ सदस्यले स्वीकृत गर्नेछ । साथै विद्यालय व्यवस्थापन समितिको बैठकमा बाल क्लबका प्रतिनिधी हरुले राखेको दृष्किोण निर्णय पुस्तिकामा उल्लेख गर्नु पर्नेछ तर प्रचलित कानुन विपरितका कुनै निर्णय भएकोमा बालप्रतिनिधीहरुलाई जिम्मेवार बनाईनेछैन ।

(८)अभिभावकको अभिलेख राख्ने : विद्यालयले शिक्षा शाखाले तोकिदिएको ढाँचामा विद्यार्थीको अभिलेख राख्दा विद्यार्थीका बाबु, आमा, बाजे, बज्यै, दाजु, दिदीको नाम, थर, ठेगाना उल्लेख गर्नु पर्दछ र त्यस्ता अभिभावक नभएका विद्यार्थीको हकमा विद्यार्थीलाई संरक्षकत्व प्रदान गर्ने व्यक्तिको अभिलेख राख्नु पर्नेछ ।

(९) उपनियम (१) बमोजिम विद्यार्थीलाई संरक्षकत्व प्रदान गर्ने व्यक्तिलाई अभिभावकको रुपमा अभिलेख राख्दा निजले संरक्षकत्व प्रदान गरेको व्यहोरा सम्बन्धित वडाबाट प्रमाणित गराएको हुनु पर्नेछ ।

(१०) संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिको अध्यक्षमा संस्थापक वा लगानीकर्ताहरु मध्येबाट विद्यालयको सिफारिसमा शाखा अधिकृतले मनोनित गरेको व्यक्ति हुनेछ र अन्य सदस्यहरु उपदफा (१) बमोजिमका नै हुनेछन।

**२७. व्यवस्थापन समितिको सदस्य छनौट सम्बन्धी व्यवस्था :** (१) प्रधानाध्यापकले नियम २६ को उपनियम (१) बमोजिमको व्यवस्थापन समितिको छनौट गर्नको लागि तत्कालको व्यवस्थापन समितिको कार्य अवधि समाप्त हुनु भन्दा तीस दिन अगावै सात दिनको सूचना दिई अभिभावकको भेला गराउनु पर्नेछ ।

तर कुनै कारणले व्यवस्थापन समिति विघटन भएको वा व्यवस्थापन समितिको सदस्यको पद रिक्त भएको अवस्थामा त्यसरी विघटन वा रिक्त भएको मितिले पन्ध्र दिन भित्र व्यवस्थापन समिति वा रिक्त सदस्यको छनौटको लागि यस नियम बमोजिम सूचना दिई अभिभावकको भेला गराउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम सदस्य छनौट गर्ने सम्बन्धमा अभिभावकलाई सहयोग गर्नको लागि सम्बन्धित शिक्षा अधिकृत वा निजले खटाएको अधिकृतको संयोजकत्वमा प्रधानाध्यापक, स्रोत व्यक्ति र स्थानीय तहको प्रतिनिधि रहेको चार सदस्यीय छनौट सहयोग समिति गठन गर्नेछ ।

(३) व्यवस्थापन समितिको अध्यक्ष र सदस्यहरू छनौट सम्बन्धी अन्य कार्यविधि कार्यापालिकाले तोके बमोजिम हुनेछ ।

**२८. व्यवस्थापन समितिको बैठक सम्बन्धी कार्यविधि :**

(१) व्यवस्थापन समितिको बैठक दुई महिनामा कम्तीमा एक पटक बस्नेछ ।

(२) व्यवस्थापन समितिको बैठक समितिको अध्यक्षको निर्देशनमा सदस्य-सचिवले बोलाउनेछ ।

(३) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि व्यवस्थापन समितिका एक तिहाई सदस्यले लिखित अनुरोध गरेमा व्यवस्थापन समितिको सदस्य-सचिवले जहिलेसुकै पनि व्यवस्थापन समितिको बैठक बोलाउनु पर्नेछ ।

(४) व्यवस्थापन समितिको बैठकमा छलफल हुने विषय सूची सदस्य-सचिवले साधारणतया बहत्तर घण्टा अगावै सदस्यहरूलाई दिनु पर्नेछ ।

(५) व्यवस्थापन समितिमा तत्काल कायम रहेका पचास प्रतिशत भन्दा बढी सदस्यहरू उपस्थित भएमा व्यवस्थापन समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(६) व्यवस्थापन समितिको बैठकको अध्यक्षता अध्यक्षले र निजको अनुपस्थितिमा जेष्ठ सदस्यले गर्नेछ ।

(७) व्यवस्थापन समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन सक्नेछ ।

(८) व्यवस्थापन समितिको बैठक सम्बन्धी अन्य कार्यविधि व्यवस्थापन समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

**२९. व्यवस्थापन समितिको अध्यक्ष र सदस्य हुन नसक्ने : देहायको व्यक्ति व्यवस्थापन समितिको अध्यक्ष र सदस्य हुन सक्ने छैन :**

(क) गैर नेपाली नागरिक,

(ख) पच्चीस वर्ष उमेर पूरा नभएको (वाल क्लबको प्रतिनिधी बाहेक) ,

(ग) प्रचलित कानून बमोजिम कालो सूचीमा परेको,

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहरिएको ,

**३०. व्यवस्थापन समिति विघटन गर्न सक्ने :** देहायका अवस्थामा शिक्षा समितिको सिफारिसमा गाउँ कार्यपालिकाले समिति विघटन गर्न सक्नेछ -

(क) विद्यालयको सम्पत्ति हिनामिना गरेमा,

(ख) विद्यालयको शैक्षिक वातावरण खल्बल्याएमा,

(ग) प्रचलित कानुन तथा नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहको नीति एवम् हित विपरीत काम गरेमा,

(घ) विद्यालयको व्यवस्थापन सन्तोषजनक रूपमा गर्न नसकेमा, वा

(ङ) सम्बन्धित निकाय वा अधिकारीले दिएको कानून अनुसारको निर्देशन पटक-पटक उलंघन गरेमा ।

३१. **सामुदायिक विद्यालयको व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार :** (१) यस नियमावलीमा अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारका अतिरिक्त सामुदायिक विद्यालयको व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) विद्यालयको सञ्चालन, रेखदेख, निरीक्षण र व्यवस्थापन गर्ने,

(ख) विद्यालयको लागि चाहिने आर्थिक स्रोत जुटाउने,

(ग) शिक्षक तथा कर्मचारीलाई तालिमको लागि छनौट गर्ने,

(घ) तालिममा जाने शिक्षक तथा कर्मचारीलाई तालिमबाट फर्केपछि कम्तीमा तीन वर्ष विद्यालयमा सेवा गर्नु पर्ने सम्बन्धमा शर्तहरू निर्धारण गरी कवुलियतनामा गराउने,

(ङ) शिक्षक तथा कर्मचारीहरूको सेवाको सुरक्षाको लागी पहल गर्ने,

(च) विद्यालयको स्रोतबाट व्यहोर्ने गरी शिक्षक तथा कर्मचारी नियुक्त गर्ने र त्यसरी नियुक्त शिक्षक तथा कर्मचारीलाई नेपाल सरकारले समान तहका शिक्षक तथा कर्मचारीलाई तोकिदिएको तलब स्केलमा नघटाई तलब भत्ता दिने,

(छ) नेपाल सरकारबाट स्वीकृत दरवन्दीको शिक्षक तथा कर्मचारीको पद रिक्त हुन आएमा स्थायी पूर्तिको लागि सो पद रिक्त भएको मितिले पन्ध्र दिनभित्र शिक्षा शाखामा लेखी पठाउने,

(ज) विद्यालयका शिक्षक तथा कर्मचारीहरूको हाजिरी जाँच गरी गयल हुने शिक्षक वा कर्मचारी उपर आवश्यक कारबाही गर्ने,

(झ) कुनै शिक्षक वा कर्मचारीलाई यस नियमावली बमोजिम व्यवस्थापन समितिले कारबाही गर्न पाउने विषयमा विभागीय कारबाही गरी त्यसको जानकारी शिक्षा युवा तथा खेलकुद शाखालाई दिने तथा आफूलाई कारबाही गर्न अधिकार नभएको विषयमा कारबाहीको लागि सिफारिस गर्नु पर्ने भएमा आवश्यकता अनुसार आफ्नो राय सहितको प्रतिवेदन शिक्षा शाखामा पठाउने,

(ञ) विद्यालयको शैक्षिकस्तर वृद्धि गर्न आवश्यक सामान तथा शैक्षिक सामग्रीहरूको व्यवस्था गर्ने,

(ट) नेपाल सरकारबाट सञ्चालन हुने विभिन्न कार्यक्रमहरूमा विद्यालयलाई सरिक गराउने,

(ठ) विद्यार्थीहरूले पालना गर्नु पर्ने आचार संहिता बनाई लागू गर्ने,

(ड) शिक्षक तथा कर्मचारीहरूको अभिलेख अध्यावधिक गराई राख्ने,

(ढ) प्रत्येक वर्ष विद्यालयका चन्दादाता र अभिभावकहरूको भेला गराई विद्यालयको अघिल्लो शैक्षिक वर्षको आय, व्यय तथा शैक्षिक उपलब्धि र आगामी वर्षको शैक्षिक कार्यक्रमको सम्बन्धमा जानकारी गराउने,

(ण) गाउँपालिकावाट तोकिएको लेखा परीक्षक मार्फत लेखा परीक्षण गराउने ,

(त) विद्यार्थी, शिक्षक, कर्मचारी तथा अभिभावकलाई विद्यालयको विकास तथा पठनपाठन तर्फ उत्प्रेरित गर्ने व्यवस्था मिलाउने,

(थ) विद्यार्थीलाई उपलब्ध गराइएको छात्रवृत्ति रकम प्रदान गर्ने,

(द) निरीक्षकले विद्यालयको चेक जाँच वा निरीक्षण गर्दा हाजिरी पुस्तिका वा विद्युतीय हाजिरीमा गयल जनाएकोमा त्यस्ता गयल भएका शिक्षक तथा कर्मचारीको गयल भएका दिनको तलब कट्टी गर्ने,

(ध) व्यवस्थापन समितिको सचिवालय विद्यालय भवनमा राख्ने तथा विद्यालयको कागजपत्र र अभिलेख सुरक्षित गर्ने,

(न) स्थानीय तहसँग समन्वय गरी शैक्षिक विकासका कार्यक्रमहरु सञ्चालन गर्ने,

(प) विद्यालयमा लक्षित समूहका लागि विशेष प्रकृतिको शैक्षिक कार्यक्रम सञ्चालन गर्न आवश्यक देखिएमा स्थानीय तह तथा स्थानीय शिक्षा युवा तथा खेलकुद शाखा मार्फत गर्ने,

(फ) वार्षिक रुपमा विद्यालयका लागि आवश्यक मालसामान, मसलन्द सामग्रीको खरिद योजना स्वीकृत गर्ने,

(ब) विद्यालयको विपद, जोखिम अवस्था लेखाजोखा गरी प्रभाव न्यूनिकरणका लागि कार्ययोजना बमोजिम कार्यान्वयन गर्ने,

(भ) विद्यालयको चल अचल सम्पत्तिको संरक्षण र सदुपयोग गर्ने,

(म) आफ्नै स्रोतबाट नियुक्त हुने शिक्षक तथा कर्मचारीको सेवा, शर्त तथा विभागीय कारबाहीलाई व्यवस्थित गर्न कार्यविधिबनाई शिक्षा समितिबाट स्वीकृत गराई लागू गर्ने,

(य) स्थानीय तह, स्थानीय शिक्षा समिति र शिक्षा युवा तथा खेलकुद शाखाले दिएको निर्देशन अनुरूप काम गर्ने ।

(र) शिक्षक एवं कर्मचारीलाई मापदण्ढ बनाई पुरस्कृत गर्ने

(ल) विद्यालयको पढाई व्यवाहारिक, सीपमूलक, र स्तरीय बनाउन प्रतिस्पर्धी तथा सहयोगी भूमिका खेल्ने .

व) प्रत्येक वर्ष विद्यालयका चन्दादाता र अभिभावकहरूको भेला गराई विद्यालयको अघिल्लो शैक्षिक वर्षको आय, व्यय तथा शैक्षिक उपलब्धि र आगामी वर्षको शैक्षिक कार्यक्रमको सम्बन्धमा सार्वजनिक परीक्षण गराउने,

(२) व्यवस्थापन समितिले आफ्नो अधिकार मध्ये आवश्यकता अनुसार केही अधिकार व्यवस्थापन समितिको सदस्य-सचिवलाई प्रत्यायोजन गर्न सक्नेछ ।

३२. **शिक्षक अभिभावक संघ सम्बन्धी व्यवस्थाः**

(१) प्रत्येक विद्यालयका शिक्षक र अभिभावकहरू सदस्य रहेको एक शिक्षक अभिभावक संघ रहनेछ ।

(२) व्यवस्थापन समितिले अभिभावकहरूको भेला गराई सो समितिको अध्यक्ष, प्रधानाध्यापक तथा कम्तीमा एक जना शिक्षक र अभिभावकहरू समेत रहने गरी बढीमा एघार सदस्यीय शिक्षक-अभिभावक संघको कार्यकारी समिति गठन गर्नु पर्नेछ ।

(३) स्रोत कक्षा सञ्चालित विद्यालयमा उपनियम (२) बमोजिम शिक्षक अभिभावक संघको कार्यकारी समिति गठन गर्दा अपाङ्गता भएका विद्यार्थीका कम्तीमा एक जना अभिभावक हुनु पर्नेछ ।

(४) उपनियम (२) र (३) बमोजिम गठित कार्यकारी समितिका सदस्यको पदावधि तीन वर्षको हुनेछ ।

(५) उपनियम (२) बमोजिमको कार्यकारी समितिको बैठक तीन महिनामा कम्तीमा एकपटक बस्नेछ र सो समितिको बैठक सम्बन्धी अन्य कार्यविधिकार्यकारी समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(६) उपनियम (२) बमोजिमको कार्यकारी समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) विद्यालयमा शिक्षाको गुणस्तर कायम गर्नको लागि आवश्यक काम गर्ने,

(ख) यस नियमावली बमोजिम विद्यालयले शुल्क निर्धारण गरे नगरेको सम्बन्धमा अनुगमन गर्ने तथा सो सम्बन्धमा विद्यालयलाई आवश्यक सुझाव दिने,

(ग) विद्यालयको शैक्षिक गतिविधिबारे नियमित जानकारी राख्ने तथा सो सम्बन्धमा शिक्षक, विद्यार्थी र अभिभावक बीच नियमित अन्तरक्रिया गर्ने ।

(७) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि संस्थागत विद्यालयको व्यवस्थापन समितिले यस नियम बमोजिम शिक्षक अभिभावक संघको कार्यकारी समिति गठन गर्दा सात सदस्यमा नघटाई गर्नु पर्नेछ ।

## परिच्छेद-६

## पाठ्यक्रम तथा परिक्षा संचालन र समन्वय

**३३. पाठ्यक्रम र पाठ्यसामाग्री :** (१) स्थानीय तहका विद्यालयहरुमा पठन पाठन हुने पाठ्यक्रम मन्त्रालयले निर्धारण गरे वमोजिम हुनेछ।

(२) पाठय सामाग्रीको समयमै सहज उपलब्धताको सुनिश्चत गर्न कार्यपालिकाले आवश्यक कार्ययोजना वनाइ लागू गर्नेछ।

(३) पाठ्यक्रम, पाठयपुस्तक, र पाठयसामग्रीमा सुधार तथा नयाँ पाठ्यक्रमको निर्माण गर्न आवश्यक देखिएमा शिक्षा शाखाको प्रतिवेदनको आधारमा शिक्षा समितिले कार्यपालिकालाई सिफारिस गर्ने र कार्यपालिकाको वहुमत सदस्यको निर्णयले मन्त्रालयमा अनुरोध गर्ने।

**३४. परीक्षा संचालन तथा समन्वय समिति :** (१) गाउँपालिकाको विद्यालयहरुमा परीक्षा संचालन तथा समन्वयको लागि देहायको एक परीक्षा संचालन तथा समन्वय समिति रहनेछ।

(क) शिक्षा समितिको अध्यक्ष **-अध्यक्ष**

(ख) प्रमुख प्रशासकीय अधिकृत **-सदस्य**

(ग) जिल्ला प्रशासन कार्यालयको अधिकृत प्रतिनिधी **-सदस्य**

(घ) प्रमुख, सम्वन्धित स्थानीय तहमा रहेको प्रहरी कार्यालय **-सदस्य**

(ङ) प्रमुख, सम्वन्धित स्थानीय तहमा रहेको सशस्त्रप्रहरी बल **-सदस्य**

(ङ१) गाउँपालिका भित्रका आधारभूत र माध्यमिक तहका स्थायी शिक्षकहरु मध्येबाट शिक्षा समितिले मनोनित गरेको २ जना **-सदस्य**

(च) शाखा अधिकृत **-सदस्य-सचिव**

(२) परीक्षा  संचालन तथा समन्वय समितिको बैठक सम्बन्धी कार्यविधिसो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(३) स्थानीय तहको क्षेत्राधिकार वाहिरको शैक्षिक तहको परीक्षा संचालन गर्न सम्वन्धित निकायवाट भएको व्यवस्था वमोजिम  समितिले सहजीकरण र समन्वय गर्नेछ।

(४) कक्षा ५ र कक्षा ८ को परीक्षा संचालन कार्यपालिकाबाट स्वीकृत मापदण्ड वमोजिम समितिले गर्नेछ।

(५) उपनियम ३ र ४ वाहेकको कक्षाहरुको परीक्षा संचालन समितिले निर्धारण गरेको मापदण्ड वमोजिम विद्यालय व्यवस्थापन समितिको निर्देशनमा प्रधानाध्यापकले गर्नेछ।

(६) उपनियम (१) बमोजिम मनोनित सदस्यको पदावधि २ वर्षको हुनेछ।

**३५.संस्थागत विद्यालयले परीक्षा शुल्क बापतको रकम जम्मा गर्नु पर्नेः** (१) नियम ३४ को ४ वमोजिम परीक्षा गर्दा शिक्षा समितिले तोके वमोजिमको शुल्क सम्वन्धित संस्थागत विद्यालयले स्थानीय संचित कोषमा जम्मा गर्नु पर्नेछ।

(२)संस्थागत विद्यालयले तोकिएको रजिष्ट्रेशन, परीक्षा तथा प्रमाणपत्र बापतको विद्यार्थीहरुबाट लिएको शुल्क परिक्षा संचालन गर्ने निकायको खातामा जम्मा गरी त्यसको जानकारी समेत दिनु पर्नेछ।

**३६.** अनौपचारिक शिक्षा, दुर शिक्षा, समावेशी शिक्षा, निरन्तर शिक्षा, खुला शिक्षा तथा बैकल्पिक शैक्षिक कार्यक्रमको संचालन कार्यपालिकाले मन्त्रालयवाट भएको व्यवस्थासँग तादाम्यता कायम हुने गरी आवश्यक कार्यविधिवनाई गर्नेछ।

३७. शैक्षिक गुणस्तर परीक्षण सम्बन्धी व्यवस्था : (१) गाउँसभाले वार्षिकरुपमा शिक्षाको गुणस्तर मापन गरी सुधारको लागी कार्यपालिकालाई निर्देशन दिनेछ । शिक्षा मंत्रालयले बनाएको गुणस्तरको खाका र पाठयक्रम विकास केन्द्रले बनाएको पाठयक्रम प्रारुपलाई मूल आधार मान्नु पर्नेछ।

(२) गाउँसभाले आफु मध्येवाट एक जना सदस्यलाई शिक्षाको गुणस्तर मापन गर्न लगाई सोको प्रतिवेदन बार्षिक रुपमा सभा समक्ष पेश गर्न तोक्नेछ ।

(३) उपनियम (२) वमोजिम तोकिएको सदस्यले शाखा अधिकृतसँग समन्वय गरी गुणस्तर मापन र प्रतिवेदन तयार गर्नेछ ।

(४) गुणस्तर मापन र प्रतिवेदन तयारीको विधि र ढाँचा उपनियम २ वमोजिम तोकिएको सदस्य आफैले निर्धारण गरे वमोजिम हुनेछ ।

(५) गुणस्तर मापन र प्रतिवेदन शैक्षिक सत्र शुरु हुनु भन्दा दुई महिना अगाडी पेश भई सक्नु पर्नेछ ।

## परिच्छेद-७

## प्रारम्भिक बाल शिक्षा सम्बन्धी व्यवस्था

**३८. प्रारम्भिक बाल शिक्षा केन्द्र स्थापना:** (१) कुनै संस्थाले प्रारम्भिक बाल शिक्षा केन्द्र स्थापना गर्न चाहेमा अनुमतिको लागि सम्बन्धित वडा कार्यालयमा अनुसूची-९ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम निवेदन पर्न आएमा त्यस्तो निवेदनका सम्बन्धमा आवश्यक जाँचबुझ गर्दा निवेदकलाई प्रारम्भिक बाल शिक्षा केन्द्र स्थापना गर्न गाउँ कार्यपालिकाले तोकेको मापदण्ड तथा प्रक्रिया वमोजिम अनुमति दिन मनासिब देखिएमा आवश्यक शर्त तोकी अनुसूची-१० बमोजिमको ढाँचामा अनुमति दिन वडा सचिवले वडा समिति समक्ष पेश गर्नेछ ।

तर स्थानिय तहलाई आर्थिक दायित्व पर्ने गरी यस्तो केन्द्र खोलिने भएमा गाउँ कार्यपालिकाको अनुमति लिनु पर्नेछ ।

(३) उपनियम (२) वमोजिम पेश हुन आएमा वडा समितिको निर्णयमा वडा सचिवले अनुमती दिनेछ ।

(४) कुनै संस्थाले उपनियम (२) बमोजिम तोकिएको शर्त अनुरूप प्रारम्भिक बाल शिक्षा केन्द्र सञ्चालन नगरेमा वडाअध्यक्षले त्यस्तो केन्द्रलाई दिएको अनुमति जुनसुकै बखत रद्द गर्न सक्नेछ ।

**३९. प्रारम्भिक बाल शिक्षा केन्द्र स्थापना गर्न चाहिने पूर्वाधार :** प्रारम्भिक बाल शिक्षा केन्द्र स्थापना गर्नको लागि देहायका पूर्वाधार पूरा गरेको हुनु पर्नेछ :

(क) फराकिलो, खुला र सुरक्षित भवन भएको,
(ख) गाउँपालिका ले तोकिदिएको मापदण्ड बमोजिम जग्गाको क्षेत्रफल र भवन भएको
(ग) बाल उद्यानको व्यवस्था भएको,
(घ) सफा र स्वच्छ खानेपानीको व्यवस्था भएको,
(ङ) शौचालयको राम्रो व्यवस्था भएको,
(च) बाल बालिकाको हेरचाह गर्ने आयाको व्यवस्था भएको ।

**४०. स्वीकृत पाठ्यक्रम प्रयोग गर्नु पर्ने :** प्रारम्भिक बाल शिक्षा केन्द्रमा पाठ्यक्रम विकास केन्द्रबाट स्वीकृत पाठ्यक्रम प्रयोग गर्नु पर्नेछ ।

## परिच्छेद-८

## विद्यार्थी संख्या, भर्ना र कक्षा चढाउने व्यवस्था

४१. **विद्यार्थी संख्याः** (१) सामुदायिक विद्यालयको प्रत्येक कक्षामा विद्यार्थी संख्या सामान्यतया उपत्यका तथा तराई, पहाड र हिमाली क्षेत्रमा क्रमशः पचास, पैंतालीस र चालीस हुनु पर्नेछ ।

(२) संस्थागत विद्यालयको प्रत्येक कक्षामा विद्यार्थी संख्या सामान्यतया न्यूनतम बाइस, अधिकतम चौवालीस र औसत तेत्तीस हुनु पर्नेछ ।

(३) उपनियम (१) वा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि विशेष आवश्यकता शिक्षा दिने विद्यालयको प्रत्येक कक्षामा रहने विद्यार्थी संख्या शिक्षा समितिले तोके बमोजिम हुनेछ ।

(४) कुनै कक्षामा उपनियम (१) मा लेखिए भन्दा बढी विद्यार्थी भएमा विद्यालयले व्यवस्थापन समितिको अनुमति लिई त्यस्तो कक्षाको अर्को वर्ग (सेक्सन) खोल्न सक्नेछ ।

(५) उपनियम (४) बमोजिम कक्षामा वर्ग खोल्न आवश्यक पूर्वाधारको व्यवस्था व्यवस्थापन समिति र विद्यालयले मिलाउनु पर्नेछ ।

४२. **भर्ना सम्बन्धी व्यवस्था :** (१) विद्यार्थीले विद्यालयमा भर्ना हुनको लागि देहाय बमोजिमको प्रमाणपत्र पेश गर्नु पर्नेछ :

(क) कक्षा नौ मा भर्ना हुनको लागि आधारभूत तहको अन्तिम परीक्षामा उत्तीर्ण गरेको प्रमाणपत्र,

(ख) कक्षा एघारमा भर्ना हुनको लागि कक्षा दशको परीक्षामा उत्तीर्ण गरेको प्रमाणपत्र,

(ग) कक्षा एकमा बाहेक अन्य कक्षामा भर्ना हुनको लागि विद्यालयले लिने वार्षिक परीक्षाको लब्धाङ्क र स्थानान्तरण प्रमाणपत्र ।

(२) विद्यालयले शैक्षिक सत्रको बीचमा वा वार्षिक परीक्षा उत्तीर्ण नभएका विद्यार्थीलाई स्थानान्तरण प्रमाणपत्र लिई आए पनि अध्ययनरत कक्षाभन्दा माथिल्लो कक्षामा भर्ना गर्नु हुँदैन ।

(३) विद्यालयको एक तहमा भर्ना भएको विद्यार्थीले सोही विद्यालयको माथिल्लो कक्षामा पुनः भर्ना गर्नु पर्ने छैन ।

(४) विद्यार्थीले पहिलो पटक विद्यालयमा भर्ना हुन आउँदा साधारणतया आफ्नो अभिभावकलाई साथमा लिई आउनु पर्नेछ ।

(५) विद्यालयले विद्यार्थी भर्ना गर्दा निःशुल्क शिक्षाको प्रयोजनको लागि अभिभावकको नाम, ठेगाना समेतका विवरण माग गरी राख्नु पर्नेछ ।

(६) पाँच वर्ष उमेर पूरा नभएकालाई एक कक्षामा भर्ना र सोह्र बर्ष उमेर पूरा नभएकालाई माध्यमिक तह उत्तीर्ण परीक्षामा समावेश गरिने छैन ।

४३. **विद्यालयमा भर्ना नभई अध्ययन गर्ने व्यक्तिको परीक्षा सम्बन्धी व्यवस्था** :

(१) शिक्षा युवा तथा खेलकूद शाखाले विद्यालयमा भर्ना नभई निजी रूपमा अध्ययन गरेको व्यक्तिलाई विद्यालयले सिफारिस गरेको निजको क्षमता र स्तरको आधारमा विद्यालयबाट लिइने कक्षा आठसम्मको वार्षिक परीक्षामा सामेल हुनको लागि भर्ना गर्न आवश्यक व्यवस्था गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम परीक्षा दिन चाहने व्यक्तिले शिक्षा युवा तथा खेलकुद शाखाले तोकेको विद्यालय र समयमा सो कार्यालयले तोकेको शुल्क बुझाई परीक्षा फाराम भर्नु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम परीक्षा दिन चाहने व्यक्तिले जुन कक्षाको वार्षिक परीक्षा दिन चाहेको हो सो भन्दा दुई कक्षा तलसम्मको विद्यालयबाट लिइएको वार्षिक परीक्षा उत्तीर्ण गरेको प्रमाणपत्र पेश गर्नु पर्नेछ ।

(४) माथि जे सुकै लेखिएता पनि खुला वा बैकल्पिक विद्यालयमा पढेका विद्यार्थिको परीक्षा सम्बन्धि व्यवस्था संघीय शिक्षा मन्त्रालयले तोके बमोजिम हुनेछ ।

**४४. स्थानान्तरण प्रमाणपत्र सम्बन्धी व्यवस्था:**

(१) कुनै विद्यार्थीले स्थानान्तरण प्रमाणपत्र लिनु परेमा अभिभावकको सिफारिस सहित विद्यालय छाड्नु परेको यथार्थ विवरण खुलाई प्रधानाध्यापक समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कक्षा दश र बाह्रमा अध्ययन गर्ने विद्यार्थीलाई स्थानान्तरण प्रमाणपत्र दिइने छैन ।

तर देहायका अवस्थामा शैक्षिकसत्र सुरु भएको दुई महिनाभित्र स्थानान्तरण भई आउने विद्यालयको सिफारिसमा शिक्षा युवा तथा खेलकुद शाखाको सहमति लिई स्थानान्तरण प्रमाणपत्र दिन सकिनेछ :

(क) स्थानान्तरण हुने विद्यार्थीको अभिभावक कर्मचारी रहेछ र निजको अन्यत्र सरुवा भएमा,

(ख) अभिभावकले बसाई सराई गरेको सिफारिस प्राप्त भएमा

(ग) विद्यार्थी विरामी भएको कारणले सोही स्थानमा राख्न नहुने भनी प्रचलित कानून बमोजिम स्वीकृत चिकित्सकले सिफारिस गरेमा, वा

(घ) अन्य कुनै मनासिव कारणले विद्यार्थी अन्यत्र स्थानान्तरण हुनु परेमा।

(३) उपनियम (१) बमोजिम निवेदन पर्न आएमा प्रधानाध्यापकले आधारभूत तहको विद्यार्थीको हकमा निःशुल्क र माध्यमिक तहको विद्यार्थीको हकमा शिक्षा समितिले तोके बमोजिमको शुल्क लिई सात दिनभित्र स्थानान्तरण प्रमाणपत्र दिनु पर्नेछ ।

(४) प्रधानाध्यापकले उपनियम (३) बमोजिमको अवधिभित्र स्थानान्तरण प्रमाणपत्र नदिएमा सम्बन्धित विद्यार्थीले स्थानीय शाखा अधिकृत समक्ष उजूरी दिन सक्नेछ र त्यसरी उजूरी पर्न आएमा शाखा अधिकृतले जाँचबुझ गरी स्थानान्तरण प्रमाणपत्र दिन उपयुक्त देखेमा प्रधानाध्यापकलाई यथाशीघ्र स्थानान्तरण प्रमाणपत्र दिन निर्देशन दिनेछ ।

(५) सक्कल स्थानान्तरण प्रमाणपत्र हराएमा वा नष्ट भएमा सम्बन्धित विद्यार्थी वा निजको अभिभावकले प्रतिलिपिको लागि त्यसको व्यहोरा खुलाई सम्बन्धित विद्यालयमा निवेदन दिन सक्नेछ र त्यसरी पर्न आएको निवेदन मनासिव देखिएमा प्रधानाध्यापकले निवेदकलाई स्थानान्तरण प्रमाणपत्रको प्रतिलिपि दिनेछ ।

(६) विद्यालयले कुनै विद्यार्थीलाई आफूले अध्यापन नगराएको कक्षाको स्थानान्तरण प्रमाणपत्र दिएमा त्यस्तो प्रमाणपत्र दिने प्रधानाध्यापकलाई कानून बमोजिम कारबाही गरिनेछ र त्यसरी दिएको स्थानान्तरण प्रमाणपत्र रद्द हुनेछ ।

(७) संस्थागत विद्यालयको हकमा विद्यार्थीले जुन महिनामा स्थानान्तरण प्रमाणपत्र मागेको छ सो महिनासम्मको मासिक पढाई शुल्क र अन्य दस्तुर सोही विद्यालयमा बुझाउनु पर्नेछ । विद्यार्थीले लामो बिदा (वार्षिक जाडो वा गर्मीको बिदा) को अघिल्लो महिनामा स्थानान्तरण प्रमाणपत्र माग्न आएमा सो बिदाको शुल्क र अरु दस्तुर सोही विद्यालयमा बुझाउनु पर्नेछ ।

(८) विद्यालयले विद्यार्थीलाई स्थानान्तरण प्रमाणपत्र दिँदा सो प्रमाणपत्र पाउने विद्यार्थी वा निजको अभिभावकको रीतपूर्वक भरपाई गराउनु पर्नेछ ।

**४५. स्तर वृद्धिको लागि भर्ना हुन चाहने विद्यार्थीलाई भर्ना गर्नु पर्ने :** कक्षा दश र कक्षा बाह्रमा स्तर वृद्धि गर्ने उद्देश्यले विद्यार्थी पुनः सोही विद्यालय र कक्षामा अध्ययन गर्न आएमा विद्यालयले त्यस्तो विद्यार्थीलाई भर्ना गर्नु पर्नेछ ।

**४६. वार्षिक परीक्षा नदिने विद्यार्थीलाई कक्षा चढाउने सम्बन्धी व्यवस्था :** कुनै विद्यार्थी विरामी परी वा निजको काबू बाहिरको परिस्थितिको कारण निजले वार्षिक परीक्षा दिन नसकेको सम्बन्धमा निजको अभिभावकले त्यसको प्रमाण सहित निवेदन दिएमा प्रधानाध्यापकले सो सम्बन्धमा जाँचबुझ गर्दा निवेदनको व्यहोरा मनासिव देखिएमा विद्यालयमा भएको अभिलेखबाट त्यस्तो विद्यार्थीले अन्य परीक्षामा राम्रो गरेको देखेमा आवश्यकता अनुसार मुख्य मुख्य विषयको परीक्षा लिई सो विद्यार्थीलाई कक्षा चढाउन सक्नेछ ।

तर,

(१) शैक्षिकसत्र सुरु भएको एक महिना पछि कुनै विद्यार्थीलाई कक्षा चढाइने छैन ।

(२) कक्षा नौ र एघारमा कुनै विद्यार्थीलाई कक्षा चढाइने छैन ।

**४७. कक्षा चढाउने सम्बन्धी अन्य व्यवस्था :** असाधारण प्रतिभा भएका विद्यार्थीलाई प्रधानाध्यापकले सो कक्षामा अध्यापन गर्ने शिक्षकहरूको सिफारिसमा बढीमा एक कक्षा चढाउन सक्नेछ ।
तर कक्षा नौ र एघारमा कक्षा चढाउन सकिने छैन ।

**४८. शैक्षिकसत्र, भर्ना गर्ने समय र काम गर्ने दिन :** (१) विद्यालयको शैक्षिकसत्र प्रत्येक वर्षको वैशाख एक गतेदेखि प्रारम्भ भई चैत्र मसान्तसम्म कायम रहनेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि हिमाली क्षेत्रमा स्थानीय तहको कार्यपालिकाले फागुन एक गते देखि माघ मसान्त सम्मको शैक्षिक सत्र तोक्न सक्नेछ ।

(३) उपनियम (१) र (२) मा जुन सुकै कुरा लेखिएको भए तापनि कक्षा एघार र बाह्रको हकमा शैक्षिक सत्र श्रावण महिनावाट सुरु हुनेछ ।

(४) विद्यालयले शैक्षिकसत्र सुरु भएको मितिले सामान्यतया एक महिनाभित्र नयाँ विद्यार्थी भर्ना लिई सक्नु पर्नेछ ।

(५) उपनियम (४) बमोजिमको अवधि नघाई कुनै विद्यार्थी भर्ना हुन आएमा विद्यालयले त्यस्तो विद्यार्थीको अध्ययनको स्तर परीक्षण गर्दा निजले सो कक्षामा भर्ना भई वार्षिक परीक्षा उत्तीर्ण गर्न सक्ने देखिएमा त्यस्तो विद्यार्थीलाई अर्को एक महिनासम्म भर्ना गर्न सकिनेछ ।

(६) कुनै पनि विद्यालयले शैक्षिकसत्र सुरु नभई विद्यार्थी भर्ना गर्नु गराउनु हुदैन ।
तर कक्षा एकको उमेर समूह भन्दा कम उमेर भएका बालबालिकाको हकमा शैक्षिक सत्र प्रारम्भ हुनुभन्दा पन्ध्र दिन अगावै प्रारम्भिक बाल शिक्षामा भर्नाको कार्य गर्न वाधा पर्ने छैन ।

(७) विद्यालयको एक शैक्षिकसत्रमा काम गर्ने दिन अध्यापन समय कम्तीमा दुईसय बीस दिन हुनेछ ।

(८) सामुदायिक विद्यालयको प्रधानाध्यापकले हप्ताको कम्तीमा बाह्र, सहायक प्रधानाध्यापकले हप्ताको कम्तीमा अठार र शिक्षकले हप्तामा कम्तीमा छब्बीस कक्षा अध्यापन गराउन' पर्नेछ ।

(९) भौतिक पूर्वाधार पूरा गर्न नसकेका विद्यालयले तोकिएको पाठ्यभारमा नघट्ने गरी विद्यार्थी संख्याको आधारमा एकै दिनमा एकभन्दा बढी समय (सिफ्ट) मा कक्षा सञ्चालन गर्न सक्नेछ ।
तर कक्षा सञ्चालन गर्दा आधारभूत तह वा माध्यमिक तहका कक्षाहरु एकै समय (सिफ्ट) मा सञ्चालन गर्नु पर्नेछ ।

**४९. विद्यालय विदा सम्वन्धमाः** (१) नेपाल सरकारले तोकेको सार्वजनिक बिदासंग तादाम्यता कायम हुने गरी शाखा अधिकृतले शिक्षा समितिको सहमतिमा विद्यालयमा सार्वजनिक विदा निधारण गर्न सक्नेछ ।

(२) शिक्षा युवा तथा खेलकूद शाखाको निर्देशनमा एक शैक्षिकसत्रमा हिउँदे बिदा वा वर्षे बिदा वा दुवै गरी वढीमा पैंतालीस दिन विद्यालय विदा दिन सकिनेछ ।

(३) व्यवस्थापन समितिले एक शैक्षिकसत्रमा थप पाँच दिनसम्म स्थानीय बिदा दिई विद्यालय विदा गर्न सक्नेछ ।

(४) यस नियममा लेखिएदेखि बाहेक अन्य दिन विद्यालय बन्द गरेमा प्रधानाध्यापकलाई विभागीय कारबाही गरिनेछ ।

## परिच्छेद-९

## प्रधानाध्यापक र शिक्षकको नियुक्ति तथा काम, कर्तव्य र अधिकार

**५०. प्रधानाध्यापक सम्बन्धी व्यवस्था :** (१) प्रत्येक विद्यालयमा विद्यालयको प्राज्ञिक तथा प्रशासकीय प्रमुखको रूपमा काम गर्न स्वीकृत दरबन्दीमा नवढ्ने गरी एक प्रधानाध्यापकको पद रहनेछ ।

(२) आधारभूत तहको कक्षा पाँचसम्मको विद्यालय भए कम्तीमा बाह्र कक्षा वा सो सरह उत्तीर्ण गरेको, आधारभूत तहको अन्य विद्यालय भए कम्तीमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको र माध्यमिक तहको विद्यालय भए कम्तीमा स्नाकोत्तर तह वा सो सरह उत्तीर्ण गरेको, विद्यालयमा कम्तीमा पाँच वर्ष स्थायी शिक्षकको रुपमा शिक्षण अनुभव भएको, संघीय ऐन तथा सो ऐन अन्तर्गत बनेको नियमावली बमोजिम शिक्षक बन्ने योग्यता भएको तथा विद्यालय व्यवस्थापन समितिले सिफारिस गरेको व्यक्तिलाईगाँउ शिक्षा समितिको निर्णय बमोजिम पाँच वर्षको लागि शाखा अधिकृतले सामुदायिक विद्यालयको प्रधानाध्यापकको पदमा नियुक्ति गर्नेछ ।

(३) उपनियम (२) बमोजिम प्रधानाध्यापकको पदमा नियुक्ति हुनु पूर्व निजले अनुसूची-११ बमोजिमको ढाँचामा विद्यालय विकासको प्रस्ताव लिई सोही आधारमा शाखा अधिकृतसँग पञ्चवर्षिय कार्य सम्पादन करार सम्झौता गर्नु पर्नेछ ।

(४) एउटै सामुदायिक विद्यालयमा लगातार दुई कार्यकाल भन्दा बढी एकै व्यक्ति प्रधानाध्यापक हुन सक्ने छैन ।

(५) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा सामुदायिक विद्यालयको प्रधानाध्यापकलाई गाँउ शिक्षा समितिको सिफारिसमा शाखा अधिकृतले जुनसुकै बखत हटाउन सक्नेछः–

(क) निजको आचरण खराब रहेमा,

(ख) ऐन तथा यस नियमावली विपरीतको कुनै काम गरेमा,

(ग) निजले कार्यसम्पादन सम्झौता बमोजिम काम गर्न नसकेमा वा निजको काम सन्तोषजनक नभएमा,

(घ) विद्यालयको चल अचल सम्पत्ति हिना मिना गरेमा ,

(६) सामुदायिक विद्यालयको कुनै प्रधानाध्यापकलाई उपनियम (५) बमोजिमको आधारमा पदबाट हटाउनु पर्ने भएमा शाखा अधिकृतले त्यस्तो आधार विद्यमान भए नभएको सम्बन्धमा जाँचबुझ गरीगराई प्रतिवेदन लिनेछ र त्यस्तो प्रतिवेदनबाट प्रधानाध्यापकलाई हटाउनु पर्ने देखिएमा पदबाट हटाउनगाँउ शिक्षा समिति समक्ष राय सहित पेश गर्नु पर्नेछ ।

(७) उपनियम (६) मा जुनसुकै कुरा लेखिएको भए तापनि सो उपनियम बमोजिम प्रधानाध्यापकलाई पदबाट हटाउनु अघि निजलाई सफाई पेश गर्ने मौकाबाट वञ्चित गरिने छैन ।

(८) बहालबाला शिक्षकमध्येबाट छनौट भएको प्रधानाध्यापकलाई उपनियम (५) को खण्ड (क) वा (ख) बमोजिमको आधारमा हटाएको अवस्थामा निजलाई ऐन तथा यस नियमावली बमोजिम विभागीय कारबाही समेत गरिनेछ ।

(९) सामुदायिक विद्यालयको प्रधानाध्यापक विदामा बसेमा वा कुनै कारणले प्रधानाध्यापकको पद रिक्त भएमा प्रधानाध्यापक उपस्थित नभएसम्म वा प्रधानाध्यापकको पदपूर्ति नभएसम्मका लागि सो विद्यालयमा कार्यरत शिक्षकहरुमध्ये माथिल्लो श्रेणीका वरिष्ठ स्थायी शिक्षकले निमित्त प्रधानाध्यापक भई काम गर्नेछ । शिक्षकको वरिष्ठता निर्धारण गर्दा देहायका आधारमा गरिनेछ :

(क) सम्बन्धित तह र श्रेणीको स्थायी नियुक्ति मितिको आधारमा,

(ख) खण्ड (क) को आधारमा वरिष्ठता नछुट्टिएमा सो भन्दा तल्लो तह वा श्रेणीको स्थायी नियुक्ति मितिको आधारमा,

(ग) खण्ड (क) र (ख) को आधारमा वरिष्ठता नछुट्टिएमा सम्बन्धित तह र श्रेणीको अस्थायी नियुक्ति मितिको आधारमा,

(घ) खण्ड (क), (ख) र (ग) को आधारमा पनि वरिष्ठता नछुट्टिएमा खण्ड (क) को सिफारिसको योग्यताक्रमको आधारमा,

तर खुला, कार्यक्षमता मूल्याङकन, आन्तरिक वढुवा एउटै मितिमा भए क्रमशः कार्यक्षमता, आन्तरिक प्रतियोगिता र खुलाको क्रमलाई मान्यता दिइनेछ ।

(१०) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि संस्थागत विद्यालयको व्यवस्थापन समितिले यस नियमावली बमोजिम योग्यता पुगेको व्यक्तिलाई प्रधानाध्यापकको नियुक्ति गर्दा छुट्टै प्रक्रिया निर्धारण गरी नियुक्ति गर्न सक्नेछ ।

(११) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो नियम प्रारम्भ हुँदाको बखत कार्यरत प्रधानाध्यापक उपनियम (२) बमोजिम अर्को प्रधानाध्यापक नियुक्ति नभएसम्म त्यस्तो पदमा कायमै रहन सक्नेछ ।

**५१. प्रधानाध्यापकको काम, कर्तव्य र अधिकार :** प्रधानाध्यापकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) विद्यालयमा शैक्षिक वातावरण, गुणस्तर र अनुशासन कायम राख्ने,

(ख) विद्यालयका शिक्षक तथा कर्मचारीहरूसँग समन्वय गरी शिक्षक, कर्मचारी, विद्यार्थी र अभिभावकहरू बीच पारस्परिक सहयोगको वातावरण सिर्जना गर्ने,

(ग) विद्यालयमा अनुशासन, सच्चरित्रता, शिष्टता कायम गर्न आवश्यक काम गर्ने,

(घ) शिक्षकहरूसँग परामर्श गरी विद्यालयमा कक्षा सञ्चालन सम्बन्धी कार्यक्रम तयार गर्ने तथा त्यस्तो कार्यक्रम बमोजिम कक्षा सञ्चालन भए नभएको निरीक्षण गर्ने,

(ङ) विद्यालयमा सरसफाई, अतिरिक्त क्रियाकलाप आदिको प्रबन्ध गर्ने, गराउने,

(च) विद्यालयको प्रशासनिक कार्यको सञ्चालन तथा नियन्त्रण गर्ने,

(छ) विद्यालयमा विद्यार्थी भर्ना गर्ने तथा परीक्षा सञ्चालन गराउने,

(ज) विद्यार्थीलाई स्थानान्तरण तथा अन्य प्रमाणपत्र दिने,

(झ) विद्यालयमा भए गरेका महत्वपूर्ण काम कारबाहीको अभिलेख राख्ने,

(ञ) कुनै शिक्षक वा कर्मचारीले जानी जानी वा लापरवाही साथ कुनै काम गर्नाले विद्यालयलाई हानी नोक्सानी पर्न गएमा त्यस्तो हानी नोक्सानीको रकम तलबबाट कट्टा गरी असुल गर्ने,

(ट) विद्यालयले आफ्नै स्रोतमा नियुक्त गरेका शिक्षक वा कर्मचारीले पदीय जिम्मेवारी पूरा नगरेमा व्यवस्थापन समितिको सिफारिस बमोजिम अवकाश लगायतका अन्य विभागीय कारबाही गर्ने,

(ठ) शिक्षक र कर्मचारीलाई दिइएको सजायको अभिलेख राख्ने तथा त्यस्तो अभिलेख स्थानीय शाखा अधिकृत तथा निरीक्षकले हेर्न चाहेमा देखाउने,

(ड) शिक्षक तथा कर्मचारीहरूको आचरण र कार्य सम्पादन सम्बन्धी प्रतिवेदन स्थानीय शिक्षा युवा तथा खेलकुद शाखा तथा व्यवस्थापन समितिमा पेश गर्ने,

(ढ) शिक्षक वा कर्मचारीलाई सजाय वा पुरस्कार दिने सम्बन्धमा व्यवस्थापन समिति तथा स्थानीय शिक्षा युवा तथा खेलकुद शाखामा सिफारिस गर्ने,

(ण) गाउँ कार्यपालिकाबाट स्थायी नियुक्ति एवं पदस्थापन भई आएका शिक्षकलाई हाजिर गराई विषय र तह अनुसारको कक्षा शिक्षणमा खटाउने,

(त) महिनामा कम्तीमा एक पटक शिक्षक तथा कर्मचारीहरूको बैठक बोलाई विद्यालयको प्राज्ञिक, भौतिक र शैक्षिक प्रशासन सम्बन्धी विषयमा छलफल गरी त्यसको अभिलेख राख्ने,

(थ) गाउँपालिकाबाट पूर्व स्वीकृति लिई अति आवश्यक भएका विषयमा विद्यालय व्यवस्थापन समितिको निर्णय गराई विद्यालयको स्रोतबाट तलब भत्ता खाने गरी शिक्षकको पद कायम गरी सो अनुसार पद स्वीकृति भएका विषयका शिक्षकको यस नियमावलीमा व्यवस्था भए बमोजिमको प्रक्रिया अपनाई पदपूर्ती गरी करारमा नियुक्त गर्ने र यसरी नियुक्ति भएका शिक्षक तथा कर्मचारीहरूको तलब सम्बन्धी प्रतिवेदन पारित गर्न व्यवस्थापन समितिमा पेश गर्ने,

(द) विद्यालय भवन तथा छात्रावासको हाताभित्र कुनै किसिमको अवाञ्छित क्रियाकलाप हुन नदिने,

(ध) विद्यालयको प्रभावकारी संचालनको लागी वार्षिक योजना बनाई व्यवस्थापन समितिबाट पारित गरी कार्यान्वयन गर्ने, गराउने,

(न) विद्यालयमा अध्ययन, अध्यापन सम्बन्धी मासिक, अर्ध-वार्षिक तथा वार्षिक कार्यक्रम बनाई कार्यान्वयन गर्ने, गराउने,

(प) शिक्षक वा कर्मचारीलाई तालिममा पठाउन व्यवस्थापन समितिबाट अनुमोदन गराई स्थानीय शिक्षा युवा तथा खेलकुद शाखामा पठाउने,

(फ) विद्यालयमा नेपाल सरकारबाट स्वीकृत पाठ्यक्रम तथा पाठ्यपुस्तक लागू गर्ने,

(ब) व्यवस्थापन समितिले दिएको निर्देशन तथा आफूले पाएको अधिकार बमोजिम रकम खर्च गर्ने र आय व्ययको हिसाब राख्ने तथा राख्न लगाउने,

(भ) विद्यालयमा सञ्चालन हुने आवधिक परीक्षा नियमित तथा मर्यादित ढङ्गबाट सञ्चालन गर्ने गराउने,

(म) कुनै शिक्षकले अध्यापन गरेको विषयमा लगातार तीन वर्षसम्म पन्ध्र प्रतिशत भन्दा बढी विद्यार्थी असफल भएमा वा कुनै शिक्षकले लापरवाही वा अनुशासनहीन काम गरेमा त्यस्तो शिक्षकको दुई वर्षसम्म तलब बृद्धि रोक्का गर्ने,

(य) विद्यालयमा नियम बमोजिमको कक्षा लिने तथा शिक्षकलाई लिन लगाउने,

(र) स्वीकृत दरवन्दीमा कार्यरत शिक्षक तथा कर्मचारीको तलवी प्रतिवेदन पारित गर्न शिक्षा युवा तथा खेलकुद शाखामा पठाउने,

(ल) विद्यालयका शिक्षक तथा कर्मचारीहरूको काम, कर्तव्य तोक्ने,

(व) शिक्षा शाखा तथा व्यवस्थापन समितिले दिएका निर्देशन पालन गर्ने, गराउने,

(श) विद्यालयको शैक्षिक प्रगति सम्बन्धी विवरण तथा तथ्यांक मन्त्रालयद्वारा निर्धारित ढाँचा र समय भित्र निरीक्षकद्वारा प्रमाणित गराई स्थानीय शिक्षा युवा तथा खेलकुद शाखा मा पठाउने,

(ष) विद्यालयको आफ्नो स्रोतबाट खर्च बेहोर्ने गरी नियुक्त भएका शिक्षकहरूको कार्य सम्पादन मूल्याङ्कन फाराम भरी व्यवस्थापन समितिमा पेश गर्ने,

(स) विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीको सम्पत्ति विवरण फाराम निर्धारित समयमा भर्न लगाई विद्यालयमा दर्ता गरी शिक्षा युवा तथा खेलकुद शाखा मार्फत शिक्षक किताबखानामा पठाउने,

(ह) विद्यालयका शिक्षक तथा कर्मचारीबाट कट्टी गरेको कर्मचारी सञ्चयकोष, नागरिक लगानी कोष, बीमा, सामाजिक सुरक्षाकोषको रकम सम्बन्धित निकायमा पठाउन लगाउने,

(क्ष) व्यवस्थापन समितिबाट स्वीकृत खरिद योजना अनुसार मालसामन तथा सेवा खरिद गर्ने ।

(त्र) प्रधानाध्यापक स्थानिय तह, अभिभावक एवं विद्यार्थीप्रति जिम्मेवार हुनेछ . यसका लागि :

१) अभिभावक एवं विद्यार्थीको विचार सर्वेक्षण गर्ने,

२) प्रचलित मापदण्डको पालना एवं गुणस्तरिय शिक्षाको लागि विद्यालय व्यवस्थापन समिती र प्रधानाध्यापकले शाखा अधिकृतसँग कार्यसम्पादन करार गरे बमोजिम प्रचलित मापदण्डको पालना एवं गुणस्तरिय शिक्षा प्रत्याभूत गर्नुपर्ने,

३) शिक्षक एवं कर्मचारीलाई प्रधानाध्यापकप्रति जिम्मेवार बनाउन तथा ग'णस्तरीय शिक्षाका लागि गाउँ कार्यपालिका, शिक्षा समिति र शाखा अधिकृतले प्रचलित कानुन बमोजिम दिएका निर्देशन पालना गराउन तथा अपेक्षित शैक्षिक उपलब्धिका लागि शिक्षकहरुसँग कार्यसम्पादन करार गर्नुपर्नेछ ,

४) विद्यालयको भौगोलिक क्षेत्र भित्रका टुहुरा, अलपत्र परेका र बेसाहारा, विशेष आवश्यकता भएका तथा अतिविपन्नतामा परी विद्यालय जान नसकेका वा विद्यालय छोडेका बालवालिकालाई कार्यपालिका मार्फत छात्रबृत्ति वा विशेष व्यवस्था गरी वा निजका अभिभावक वा संरक्षकलाई सघाई वालवालिकालाई विद्यालयमा ल्याउनु प्रधानाध्यापकको जिम्मेवारी हुनेछ। विद्यार्थिलाई अपेक्षित शैक्षिक उपलब्धि हासिल हुने गरी सिकाउने र टिकाउने दायित्व प्रधानाध्यापक र शिक्षकहरुको हुनेछ ,

५) विद्यालयको प्राज्ञिक नेतृत्व गर्ने, प्रवद्धनात्मक कार्य गर्ने ।

**५२. सहायक प्रधानाध्यापक सम्बन्धी व्यवस्था:** माध्यमिक तहको प्रधानाध्यापकलाई सहयोग पुऱ्याउन विद्यालयमा कार्यरत माध्यमिक तहका शिक्षक मध्येबाट विद्यालय व्यवस्थापन समितिले एकजनालाई सहायक प्रधानाध्यापक तोक्न सक्नेछ ।

५३. **विद्यालय सहयोगी सम्बन्धी व्यवस्था :** विद्यालय व्यवस्थापन समितिले स्वीकृत दरवन्दीको अधीनमा रही विद्यालय सहयोगीको न्यूनतम पारिश्रमिक तोकी व्यक्ति वा संस्थासँग करार गरी सेवा करारबाट कार्य सम्पादन गराउनु पर्नेछ ।

५४.**शिक्षक तथा कर्मचारी छनौट समितिः** (१) सामुदायिक विद्यालयमा नेपाल सरकारद्वारा स्वीकृत दरबन्दी र राहत अनुदान कोटामा करारमा शिक्षक र विद्यालयमा कर्मचारी नियुक्तिका लागि सिफारिस गर्न प्रत्येक विद्यालयमा देहाय वमोजिमको एक शिक्षक तथा कर्मचारी छनौट समिति रहनेछ :

(क) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष वा निजले तोकेको सो समितिको सदस्य - **अध्यक्ष**

(ख) शाखा अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी - **सदस्य**

(ग) छनोट समितिले तोकेको विशेषज्ञ दुई जना - **सदस्य**

(घ) प्रधानाध्यापक - **सदस्य-सचिव**

(२) उपनियम (१) बमोजिमको शिक्षक तथा कर्मचारी छनौट समितिको सचिवालय सम्बन्धित विद्यालयमा रहनेछ ।

- (३) ....................................
- (४) ......
- (५) ........
- (६) .......
- (७) .......
- (८) ........

(९) आयोगले शिक्षक वा कर्मचारी छनौट गर्ने सम्बन्धमा मापदण्ड निर्धारण वा कार्यविधिजारी गरेको भए छनौट समितिले त्यस्तो मापदण्ड वा कार्यविधिको पालना गर्नु पर्नेछ ।

(१०) शिक्षक तथा कर्मचारी छनौट समितिको बैठक सम्बन्धी अन्य कार्यविधिसो समिति आफैले निर्धारण गरे वमोजिम हुनेछ ।

- (११) .......

५५. **करारमा शिक्षक नियुक्ति सम्बन्धी व्यवस्थाः** (१) स्वीकृत दरवन्दीमा स्थायी शिक्षक नियुक्ति हुन नसकी तत्काल करारमा शिक्षक नियुक्ति गर्नु पर्ने भएमा व्यवस्थापन समितिले शाखा अधिकृत मार्फत आयोगबाट करारमा शिक्षक नियुक्तिको लागि प्रकाशित भएको सूची माग गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम माग गरेको सूची प्राप्त भए पछि सूचीमा रहेका उम्मेदवारमध्ये व्यवस्थापन समितिले बढीमा एक शैक्षिक सत्रको लागि करारमा शिक्षक नियुक्ति गर्न सक्नेछ ।

(३) उपनियम (१) बमोजिम आयोगबाट प्रकाशित सूचीमा करारका लागि कुनै उम्मेदवार नरहेमा वा सूचीमा समावेश भएका उम्मेदवारले शिक्षक पदमा नियुक्त हुन निवेदन नदिएमा व्यवस्थापन समितिले शिक्षक छनौट समितिको सिफारिसमा बढीमा एक शैक्षिक सत्रको लागि योग्यता पुगेका कुनै व्यक्तिलाई करारमा शिक्षक नियुक्ति गर्न सक्नेछ ।

- दोस्रो संशोधनद्धारा खारेज

(४) उपनियम (२) वा (३) बमोजिम करारमा शिक्षक नियुक्ति गर्दा शिक्षा युवा तथा खेलकूद शाखाबाट दरवन्दी रिक्त रहेको व्यहोरा प्रमाणित गराएर विषय मिल्ने गरी मात्र करारमा शिक्षक नियुक्ति गर्न सकिनेछ ।

(५) उपनियम (३) बमोजिम शिक्षक नियुक्ति गर्न कम्तीमा पन्ध्र दिनको सार्वजनिक सूचना सम्भाव्य सवै माध्यमवाट प्रकाशन गर्नुका साथै वडा कार्यालय, गाउँ कार्यपालिका र सम्बन्धित विद्यालय समेतमा त्यस्तो सूचना टाँस्नु पर्नेछ । यस्तो सूचना सम्बन्धित स्थानीय तहकोवेवसाईट मा समेत राख्ने व्यवस्था मिलाउनुपर्ने छ ।

(६) उपनियम (३) बमोजिम शिक्षक पदमा नियुक्त हुन निवेदन दिने उम्मेदवारले आफ्नो शैक्षिक योग्यता, नेपाली नागरिकताको प्रमाणपत्र निवेदन साथ पेश गर्नु पर्नेछ ।

(७) विद्यालयले यस नियम बमोजिम करारमा शिक्षक नियुक्त गरेको जानकारी शिक्षा युवा तथा खेलकूद शाखा लाई दिनु पर्नेछ र शिक्षा युवा तथा खेलकुद शाखाले सोको अभिलेख राखेको प्रमाण विद्यालयलाई दिनु पर्नेछ ।

(८) उपनियम (२) वा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि करारमा शिक्षक नियुक्त भएको एक शैक्षिक सत्र सम्म पनि रिक्त पदमा स्थायी पद पुर्ति नभएमा व्यवस्थापन समितिले एक पटक को लागि मात्र अधिकतम एक वर्षका लागि करारको म्याद थप गर्न सक्नेछ ।

(९) उपनियम (८) बमोजिम करार गरिएको जानकारी विद्यालयले स्थानीय शिक्षा युवा तथा खेलकुद शाखालाई दिनु पर्नेछ ।

(१०) यस नियम वमोजिमको प्रक्रिया नपुऱ्याई शिक्षक नियुक्ति गरेमा त्यस्तो नियुक्ति बदर गरी सम्बन्धित प्रधानाध्यापकलाई विभागीय कारबाही गरिनेछ।

**५६. दरबन्दी नभएको पदमा शिक्षक वा कर्मचारी नियुक्ति वा सरुवा गर्न नहुने**: (१) शिक्षक वा कर्मचारीलाई दरबन्दी रिक्त नरहेको वा दरवन्दी नभएको विद्यालयमा नियुक्ति वा सरुवा गर्नु हुँदैन ।

(२) अनुसूची-१२ मा उल्लिखित विषयको शिक्षक नरहेको विद्यालयमा अर्को विषयको शिक्षक नियुक्ति वा सरुवा गर्नु हुँदैन ।

(३) उपनियम (१) वा (२) विपरीत कसैले कुनै शिक्षक वा कर्मचारी नियुक्ति वा सरुवा गरेमा त्यस्तो शिक्षक वा कर्मचारीको लागि तलब भत्ता बापत खर्च भएको रकम त्यसरी नियुक्ति वा सरुवा गर्ने अधिकारीबाट असुल उपर गरी त्यस्तो अधिकारीलाई विभागीय कारबाही गरिनेछ ।

५७. **सरुवा सम्बन्धी व्यवस्था :** (१) गाउँपालिका भित्र एक विद्यालयवाट अर्को विद्यालयमा तह तथा विषय मिल्ने दरबन्दी भित्र शाखा अधिकृतले सरुवा गर्न सक्नेछ ।

*(२) स्थायी, अस्थायी, राहत र प्रारम्भिक बालविकास केन्द्रका शिक्षक तथा कर्मचारीको सरुवा गर्न सकिनेछ।

*(३) शिक्षकको सरुवा आवश्यकता अनुसार गर्न सकिनेछ।

(४) एक पटक सरुवा भएको शिक्षकलाई त्यस विद्यालयमा तीन वर्ष सेवा पूरा नगरी सरुवा गरिनेछैन

तर कुनै विद्यालयमा कार्यरत शिक्षक असक्त भई सो स्थानमा निजको उपचार हुन नसक्ने व्यहोरा नेपाल सरकारले तोकेको मेडिकल बोर्ड वा स्वीकृत चिकित्सकले सिफारिस गरेमा निजलाई जुनसुकै वखत पनि सरुवा गर्न सकिनेछ ।

(५) शिक्षक सरुवा गर्दा शिक्षकको तह र अध्यापन गर्ने विषय मिलाउनु पर्नेछ ।

(६) शिक्षकलाई सरुवा गर्दा देहाय बमोजिमको मापदण्डका आधारमा गर्नु पर्नेछ :

(क) तोकिएको जिम्मेवारी तोकिएको समय भित्र पूरा नगरेको भनी सम्बन्धित विद्यालय व्यवस्थापन समितिको निर्णय सहित विद्यालय निरीक्षकबाट सिफारिस भएमा,

(ख) एउटा विद्यालयमा आवश्यकता भन्दा बढी एकै विषयका शिक्षक भएमा,

(ग) दरवन्दी मिलान गर्ने क्रममा तोकिएको मापदण्ड भन्दा बढी शिक्षक भएमा,

(घ) उपनियम (५) को प्रतिबन्धात्मक वाक्यांशमा लेखिए बमोजिमको अवस्था भएमा,

(ङ) विपद्का कारणबाट विद्यालय र विद्यालय रहेको समुदाय नै अन्यत्र स्थानान्तरण गर्नु पर्ने अवस्थामा गाउँपालिकाको विपद् व्यवस्थापन समितिले सिफारिस गरेमा,

(च) नैतिक आचरण तथा निजको व्यक्तिगत अनुशासन लगायतका कारणबाट कुनै शिक्षकलाई सो विद्यालयमा राखिरहँदा विद्यालयको शैक्षिक वातावरण खलवलिएको वा खलवलिन सक्ने व्यहोरा विद्यालय व्यवस्थापन समितिबाट निर्णय भई आएमा,

(छ) कुनै शिक्षकले उत्कृष्ट नतिजा ल्याउन सफल रहेको वा विशेषज्ञता सेवा प्रवाह गरेको अवस्थामा उक्त सेवालाई अन्य विद्यालयमा उपयोग गर्न आवश्यक देखिएमा,

(ज) पति पत्नि दुवै शिक्षक रहेको अवस्था भए सकभर एकै विद्यालय वा वडा भित्र पर्ने गरी सरुवा गर्नु परेमा ।

(झ) शिक्षक सरुवाको अन्य मापदण्ड कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

(८) स्थायी नियुक्ति भएको एक वर्ष नपुगेको शिक्षक र अनिवार्य अवकाश हुन एक वर्ष वा सो भन्दा कम अवधि बाँकी रहेको शिक्षकलाई एक विद्यालयबाट अर्को विद्यालयमा सरुवा गरिने छैन ।

(९) उपनियम (७) बमोजिम सरुवा गर्दा साधारणतया अपाङ्गता भएका शिक्षक र महिलालाई पायक पर्ने स्थानमा सरुवा गरिनेछ ।

(१०) शिक्षक सरुवा गर्दा लामो अवधि एकै विद्यालयमा वसेकालाई पहिलो प्राथमिकता दिइनेछ ।

(११) सरुवा भएको एक्काइस दिनभित्र प्रधानाध्यापकले सम्बन्धित शिक्षक वा कर्मचारीलाई अनुसूची-१३ बमोजिमको ढाँचामा रमाना पत्र दिई सोको जानकारी सम्बन्धित विद्यालय र शिक्षा युवा तथा खेलकुद शाखा लाई समेत दिनु पर्नेछ ।

**५८. अन्तर स्थानीय तह शिक्षक सरुवा सहमती सम्वन्धीः** (१) नियम ५४ वमोजिम र अन्तर स्थानीय तह शिक्षक सरुवा हुन चाहने शिक्षकले सरुवाको लागि अनुसूची-१४ बमोजिमको ढाँचामा शाखा अधिकृत समक्ष निवेदन दिनु पर्नेछ ।

(२) यस नियमको प्रयोजनको लागि शिक्षा युवा तथा खेलकुद शाखाले प्रत्येक महिनामा रिक्त रहेका शिक्षकहरुको पद संख्या यकिन गरी प्रदेश मन्त्रालयमा पठाउनु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम अन्तरस्थानीय तह सरुवाको लागि निवेदन दिने शिक्षकलाई सरुवा भई जान चाहेको विद्यालय र सोसँग सम्बन्धित शिक्षा युवा तथा खेलकुद शाखा तथा आफू सेवारत विद्यालय र शिक्षा युवा तथा खेलकुद शाखाको सरुवा सहमतिको सिफारिस आवश्यक पर्नेछ ।

तर ,यस नियमावलीमा सरुवा गर्ने मापदण्ड विपरित हुने गरी सरुवा सहमती दिइने छैन ।

## परिच्छेद-१०

## छात्रवृत्ति तथा नि:शुल्क शिक्षा सम्बन्धी व्यवस्था

**५९. छात्रवृत्तिको व्यवस्था गर्नुपर्ने :** (१) संस्थागत विद्यालयले देहाय बमोजिमका विपन्न एवं सिमान्तकृत विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ । यसरी सिफारिस गर्दा कम्तीमा ५ प्रतिशत बालिका अनिवार्य रुपमा समाबेश गर्नुपर्नेछ।

(क) विद्यार्थीको परिवारको कुनै पनि सदस्यको नोकरी, व्यापार, व्यवसाय र आय-आर्जनको व्यवस्था नभई जीवन निर्वाह गर्न न्यूनतम आवश्यक पर्ने आम्दानी नभई अनिवार्य शिक्षाको लागि आवश्यक पर्ने पाठ्यपुस्तक तथा कापीकलम जस्ता स्टेशनरी उपलब्ध गराउन नसक्ने अवस्थामा रहेको,

(ख) भूमि सम्बन्धी ऐन, २०२१ बमोजिम जग्गावालाको हैसियतले राख्न पाउने अधिकतम हदवन्दीको तराई तथा उपत्यका, पहाडी र हिमाली क्षेत्रमा क्रमश: पाँच, दश र पन्ध्र प्रतिशत भन्दा कम खेती योग्य जग्गा रहेको, वा

(ग) राष्ट्रिय योजना आयोगबाट परिभाषित भए बमोजिम निरपेक्ष गरिबीको रेखामा पर्ने र सो भन्दा कम आम्दानी भएको ,

(घ) अपाङ्गता भएका वालवालिका ।

२) उपनियम (१) बमोजिम छात्रवृत्ति उपलव्ध गराउनु अघि विद्यालयले त्यस्तो छात्रवृत्तिको लागि निवेदन दिन विद्यालयमा सूचना प्रकाशन गर्नु पर्नेछ ।

**६०. नामावली सार्बजनिक गर्नुपर्ने :** (१)नियम ५८ बमोजिम छात्रवृति उपलब्ध गराइएका बिद्यार्थीहरुको नाम, थर, कक्षा तथा निजको बाबु आमाको नाम, थर वतन सहितको विवरण विद्यालयले विद्यालयको सूचना पाटीमा टाँस गरी र विद्यालयको वेभसाईट भएमा त्यसमा राखी सार्वजनिक गर्नु पर्नेछ र त्यस्तो विवरण शिक्षा युवा तथा खेलकुदशाखा मा पठाउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको विवरण हेर्न चाहने व्यक्तिलाई विद्यालयले त्यस्तो विवरण नि:शुल्क हेर्न दिनु पर्नेछ ।

६१. **बालबालिकालाई अनिवार्य रुपमा विद्यालयमा पठाउनु पर्ने :** (१) सबै अभिभावकले पाँच वर्ष पुरा भएका बालबालिकालाई आधारभुत शिक्षाका लागि अनिवार्य रुपमा विद्यालय पठाउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम आफ्नो क्षेत्रभित्रका बालबालिकालाई विद्यालय पठाए नपठाएको सम्बन्धमा सम्बन्धित शिक्षा समिति, विद्यालय निरिक्षक/शाखा अधिकृत, स्रोत व्यक्ति तथा सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारीले अनुगमन तथा निरीक्षण गर्नु पर्नेछ ।

(३) कुनै अभिभावकले उपनियम (१) बमोजिम बालबालिकालाई विद्यालयमा पठाएको नदेखिएमा त्यस्तो अभिभावकलाई सम्झाई बुझाई, विशेष सहयोग तथा प्रेरित गरी त्यस्ता बालबालिकालाई विद्यालयमा पठाउन लगाउनु पर्नेछ ।

(४) उपनियम (३) वमोजिम सम्झाई बुझाई गर्दा समेत बालबालिकालाई विद्यालय नपठाउने अभिभावकलाई स्थानीय तहवाट उपलब्ध गराउने सेवा सुविधावाट वञ्चित गर्न सकिनेछ ।

(५) यस नियम बमोजिम विद्यालयमा भर्ना भएका विद्यार्थीलाई विद्यालयले नि:शुल्क अध्ययन गराउनु पर्नेछ ।

(६) विद्यालय जाने उमेर समूहका वालवालिकालाई अनिवार्य रुपमा विद्यालय भर्ना अभियान तथा कार्यक्रम तर्जुमा गरी लागु गर्ने दायित्व शिक्षा समितिको हुनेछ ।

## परिच्छेद-११

## बिदा तथा काज सम्बन्धी व्यवस्था

**६२. शिक्षक तथा कर्मचारीले पाउने बिदा:** (१) शिक्षक तथा कर्मचारीले देहाय बमोजिमका बिदाहरू पाउनेछ :

(क) भैपरी आउने बिदा वर्षभरिमा छ दिन,

(ख) पर्व बिदा वर्षभरिमा छ दिन,

(ग) बिरामी बिदा वर्षभरिमा बाह्र दिन,

(घ) प्रसूती बिदा प्रसूतीको अघि वा पछि गरी नब्बे दिन,

(ङ) प्रसूती स्याहार बिदा पन्ध्र दिन,

(च) किरिया बिदा पन्ध्र दिन,

(छ) असाधारण बिदा एक पटकमा एक वर्षमा नबढाई नोकरीको जम्मा अवधिमा बढीमा तीन वर्ष,

(ज) अध्ययन बिदा शिक्षकको सेवाको सम्पूर्ण अवधिमा एकै पटक वा पटक पटक गरी बढीमा तीन वर्ष,

(झ) बेतलवी बिदा बढीमा पाँच वर्ष ।

(२) भैपरी आउने बिदा र पर्व बिदा आधा दिन पनि लिन सकिनेछ । यस्तो बिदा सञ्चित हुने छैन ।

(३) शिक्षक तथा कर्मचारीले बिरामी बिदा सञ्चित गर्न सक्नेछ । शिक्षक तथा कर्मचारीले प्रत्येक वर्ष त्यस्तो बिदा निरीक्षक/शाखा अधिकृत बाट प्रमाणित गराई राख्नु पर्नेछ । कुनै व्यहोराले शिक्षक तथा कर्मचारी सेवाबाट अवकाश भएमा निजको सञ्चित बिरामी बिदा बापत निजको पदाधिकार रहेको पदमा खाइपाई आएको तलब स्केलको दरले हुन आउने रकम निजले एकमुष्ट पाउनेछ ।

(४) कुनै ठूलो वा कडा रोग लागी उपचार गर्न बिरामी बिदाबाट नपुग हुने भएमा स्वीकृत चिकित्सकको प्रमाणपत्र पेश गरी शिक्षक तथा कर्मचारीले पछि पाउने विरामी बिदाबाट कट्टा हुने गरी बाह्र दिनसम्म थप बिरामी बिदा पेश्कीको रूपमा त्यस्तो बिरामी भएको बखत लिन सक्नेछ । यसरी पेश्की बिदा लिएको शिक्षक वा कर्मचारीको मृत्यु हुन गएमा त्यस्तो पेश्की लिएको बिदा स्वतः मिनाहा हुनेछ ।

(५) सञ्चित बिरामी बिदाको रकम लिन नपाउँदै शिक्षक वा कर्मचारीको मृत्यु भएमा त्यस्तो सञ्चित विरामी बिदाको रकम निजले इच्छाएको वा नजिकको हकवालाले एकमुष्ट पाउनेछ ।

(६) कुनै पुरुष शिक्षक वा कर्मचारीको पत्नी प्रसूती हुने भएमा त्यस्तो शिक्षक वा कर्मचारीले प्रसूतीको अघि वा पछि गरी पन्ध्र दिन प्रसूती स्याहार बिदा पाउनेछ । प्रसूती स्याहार बिदा बसेको शिक्षक वा कर्मचारीले पूरा तलब पाउनेछ र यस्तो बिदा सेवा अवधि भरमा दुई पटकमात्र लिन पाइनेछ ।

(७) प्रसूती बिदा पाएको शिक्षक वा कर्मचारीले बढीमा दुईवटा बच्चाको लागि जनही एकमुष्ट पाँचहजार रुपैयाँ पाउनेछ ।

(८) कुनै शिक्षक वा कर्मचारीले कुल धर्म अनुसार आफै किरिया बस्नु परेमा वा त्यस्तो शिक्षक वा कर्मचारीको वावु आमा, वाजे वज्यै, छोरा छोरी वा विवाहित महिला शिक्षक वा कर्मचारीको सासु ससुराको मृत्यु भएमा वा पुरुष शिक्षकको हकमा निजको पत्नीको तथा महिलाको हकमा पतिको मृत्यु भएमा किरिया बिदा पाउनेछ । महिला शिक्षक वा कर्मचारीको पतिले किरिया बस्नु परेमा त्यस्तो महिला शिक्षक वा कर्मचारीले पनि किरिया बिदा पाउनेछ ।

(९) यस नियम बमोजिम किरिया बिदा लिने शिक्षक वा कर्मचारीले विद्यालयमा हाजिर भएको पन्ध्र दिन भित्र मृत व्यक्तिको मृत्यु दर्ताको प्रमाणपत्र तथा मृत व्यक्तिसँगको नाता देखिने प्रमाण पेश गर्नु पर्नेछ । यस्तो प्रमाणपत्र र प्रमाण पेश नगर्ने शिक्षक वा कर्मचारीले त्यस्तो अवधिको लागि पाएको रकम निजले पाउने तलब रकमबाट कट्टा गरिनेछ ।

(१०) बिरामी परेको अवस्थामा बाहेक घटीमा पाँच वर्ष स्थायी सेवा अवधि नपुगेको शिक्षक वा कर्मचारीले असाधारण बिदा पाउन सक्ने छैन ।

(११) स्थायी सेवा पाँच वर्ष पुगेको शिक्षकलाई निजले अध्यापन गर्ने विषयमा एकतह माथिको उच्च अध्ययनका लागि तलब सहितको अध्ययन बिदा दिन सकिनेछ ।

(१२) उच्च अध्ययनका लागि बिदा स्वीकृत गर्दा प्रत्येक शिक्षा समितिले एक आर्थिक वर्षमा आधारभूत तहको पहिलो र दोस्रो तहका लागि एक एक जना र माध्यमिक तहका लागि एक जनाको अध्ययन बिदा स्वीकृत गर्न सक्नेछ ।

(१३) अध्ययन बिदा दिंदा देहायको प्रक्रिया अबलम्बन गरिनेछः-

(क) अध्ययन बिदा स्वीकृतिका लागि गाउँपालिकामा सार्वजनिक रुपमा सूचना गरी इच्छुक शिक्षकको निवेदन आह्वान गर्ने,

(ख) निवेदन दिने शिक्षकले आफ्नो प्रतिबद्धता पत्र, अध्ययनपछिको आफ्नो शिक्षण सिकाइको योजना र व्यवस्थापन समितिको सिफारिस पेश गर्नु पर्नेछ । त्यसरी पेश भएका प्रस्तावका आधारमा मनोनयनका लागि नाम छनौट गरी सूचना प्रकाशन गर्ने,

(ग) खण्ड (ख) बमोजिम मनोनयनका लागि छनौट भएका शिक्षकको नामावली उपर उजूरी गर्ने अवसर प्रदान गरिने छ । उजूरीकर्ताको उजूरीका आधारमा अन्तिम नामावली प्रकाशन गरी अध्ययनका लागि अन्तिम नाम छनौट गर्ने,

(घ) अन्तिम नाम छनौटमा परेका शिक्षकलाई कवुलियत गराई अध्ययनको अवधिका लागि अध्ययन बिदा स्वीकृत गरिनेछ । यसरी अध्ययन बिदा स्वीकृत भएका शिक्षकले प्रत्येक सेमेष्टर वा वार्षिक परीक्षाको नतिजा सहितको प्रतिवेदन शिक्षा शाखामा पेश गर्नु पर्ने,

(ङ) अध्ययन बिदा पाएका शिक्षकले आफूले कबुलियत गरे अनुसारको प्रतिवेदन शिक्षा युवा तथा खेलकुदशाखामा बुझाउनु पर्नेछ । अध्ययनमा सन्तोषजनक प्रगति नगर्ने शिक्षकको बिदा स्वीकृत भएको अवधि समाप्त नहुँदै रद्द गर्न सकिनेछ ।

(च) बिदा रद्द भएमा त्यस्ता शिक्षकबाट अध्ययन अवधिभर पाएको तलब असुल गरिने छ ।

(१४) बेतलवी बिदा देहायका अवस्थामा दिइनेछः -

(क) कुनै शिक्षक वा कर्मचारीको पति वा पत्नी विदेश स्थित नेपाली राजदूतावास वा नियोगमा खटिई गएको प्रमाण सहित त्यस्तो शिक्षकले बेतलवी बिदा माग गरेमा एकै पटक वा पटक पटक गरी नोकरी अवधिभर पाँच वर्षसम्म,

सानीभेरी गाउँपालिका क्षेत्रका विद्यालय उमेर समूहका बालबालिका लगायत सबै नागरिकहरुलाई विद्यालय शिक्षा, अनौपचारिक,वैकल्पिक तथा खुला शिक्षा, निरन्तर शिक्षा र जीवनोपयोगी शिक्षाको माध्यमबाट गुणस्तरीय, प्राविधिक तथा व्यावसायिक र सीपयुक्त शिक्षाको पहुंच सुनिश्चित गर्दै दक्ष, आत्मनिर्भर, शिक्षित र सक्षम नागरिक तयार गरी शान्त,समृद्ध, व्यवस्थित र सभ्य गाउँपालिका निर्माण गर्ने।

**सानीभेरी गाउँपालिकाले अवलम्वन गर्ने शिक्षा नीतिहरु**

(क) ३ देखि ५ वर्ष उमेर समूहका बालबालिकालाई प्रारम्भिक बालविकास शिक्षामार्फत आधारभूत शिक्षाको लागि तयार पारिनेछ ।

(ख) ५ देखि १२ वर्ष उमेर समूहका सबै बालबालिकाका लागि गुणस्तरीय आधारभूत शिक्षामा समतामूलक पहुंच सुनिश्चित गरिनेछ ।

(ग) १३ देखि १६ वर्ष उमेर समूहका बालबालिकाका लागि गुणस्तरीय, प्राविधिक तथा व्यावसायिक र सान्दर्भिक माध्यमिक शिक्षामा पहुंच अभिवृद्धि गरिनेछ ।

(घ) स्थानीय पाठ्यक्रम निर्माणलाई निर्दिष्ट ढाँचाअनुरुप स्थानीय आवश्यकताका आधारमा व्यावहारिक, जीवनोपयोगी एवम् समसामयिक बनाइनेछ ।

(ङ) राष्ट्रिय पाठ्यक्रम प्रारुपलाई आधार मान्दै संघीय, प्रादेशिक तथा स्थानीय पाठ्यक्रमले निर्दिष्ट गरेका विषयवस्तुहरुलाई समेत ध्यान दिइ पाठ्यपुस्तक लगायत अन्य खुला सन्दर्भ सामग्रीहरुको खोजी र प्रयोगमा जोड दिइनेछ।

(च) शिक्षाको माध्यम भाषा मातृभाषा,नेपाली वा अंग्रेजी हुनसक्नेछ ।

(छ) विद्यार्थी मूल्याङ्कन प्रणालीलाई परिमार्जन गरी मासिक, त्रैमासिक, अर्धवार्षिक र बार्षिक मूल्याङ्कनको व्यवस्था मिलाइनेछ। शिक्षक, विद्यार्थी, अभिभावक, वडा शिक्षा समिति रशिक्षा, युवा तथा खेलकुद शाखाको सहभागितामाविद्यार्थी सिकाई उपलब्धीको समिक्षा तथा विश्लेषण गरी शिक्षण सिकाइ सुधारका उपायहरु पहिचान गरी अवलम्बन गरिनेछ साथै मूल्याङ्कनको अभिलेखीकरण र प्रमाणिकरणलाई व्यवस्थित गरिनेछ ।

(ज) विद्यालयमा न्यूनतम पूर्वाधारहरुको सुनिश्चितता गरिनेछ । प्रत्येक शैक्षिक सत्रको अन्त्यमा विद्यालयको भौतिक पुर्वाधारको अध्ययन विश्लेषण गरी सुधारको कार्ययोजना तय गरिनेछ ।

(झ) प्रत्येक बर्ष शैक्षिक सत्र शुरु हुनु अगावै विद्यार्थी संख्या, विषय, संचालित कक्षा र तहको आधारमा विद्यालयहरुको वितरण, पुनर्वितरण, कक्षा तथा तह थप, कक्षा तथा तहबन्द, कक्षा तथा तह गाभ्ने, विद्यालय सार्ने, गाभ्ने तथा विद्यालय वन्द गर्ने काम गरी विद्यालय समायोजन तथा शिक्षक दरवन्दी मिलानलाई एकिकृत रुपमा व्यवस्थित गरिनेछ ।

(ञ) संघिय शिक्षा ऐन र प्रादेशिक शिक्षा ऐनमा उल्लेख भई आएमा सोही अनुसार र नभएमा गाउँ शिक्षा ऐन र नियमावली तथा अन्य कार्यविधि अनुसार शिक्षक कर्मचारी व्यवस्थापन गरिनेछ ।

(ट) प्रधानाध्यापकलाई विद्यालयको समग्र शिक्षण सिकाइ सुधार तथा व्यवस्थापनको लागि जिम्मेवार बनाइनेछ।

(ठ) शिक्षकहरुलाई आ-आफ्नो विषयको विद्यार्थी सिकाइ उपलब्धीको लागि जिम्मेवार तथा जवाफदेही बनाइनेछ ।

(ड) शिक्षकहरुलाई सिकाइ उपलव्धि तथा कार्यसम्पादनको आधारमा पुरस्कार र दण्डको नीति अवलम्बन गरिनेछ।

(ढ) गाउँपालिका स्तरमा राजनैतिक आस्था तथा विचारका आधारमा स्थापना गरिएका शिक्षक कर्मचारीका दलगत ट्रेड यूनियन तथा संगठनहरु भन्दा शिक्षक कर्मचारीका पेशागत हकहितको रक्षा तथा व्यावसायिक दक्षता अभिबृद्धिको लागि गाउँपालिका स्तरमा आधिकारीक रुपमा एक मात्र शिक्षक कर्मचारी पेसागत महासंघ रहने कानूनी प्रावधान गरिनेछ ।

(ण) विद्यालय हाताभित्र विद्यालय समयमा शिक्षण सिकाइलाई नकारात्मक असर पर्नेगरी दलगत सभा, सम्मेलन, बैठक, कार्यशाला, प्रशिक्षण, कार्यक्रम लगायतका दलगत राजनीतिक गतिविधि गर्नको लागि पूर्णतया रोक लगाइनेछ ।

(त) विद्यालय बाहिर रहेका विद्यालय उमेर समूहका बालबालिकाहरुलाई वैकल्पिक तथा खुला शिक्षाको माध्यमबाट शिक्षा प्राप्त गर्ने र प्रमाणीकरण गर्ने व्यवस्था गरिनेछ ।

(थ) महिला तथा आर्थिक रुपले विपन्न समुदायलाई केन्द्रविन्दुमा राखी युवा तथा प्रौढहरुलाई अनौपचारिक, निरन्तर तथा जीवनपर्यन्त शिक्षाको माध्यमबाट जीवनोपयोगी, आधारभूत गणितीय तथा साक्षरता सीप प्रदान गरिनेछ ।

(द) प्राविधिक तथा व्यावसायिक शिक्षालाई सीपमूलक बनाई स्थानीय रोजगारी तथा स्वरोजगारी सृजनामा केन्द्रित गरिनेछ ।

(ध) शिक्षक तालिमलाई खोज, अनुसन्धान र आवश्यकतामा आधारित बनाई नविनतम प्रविधिमैत्री बनाइनेछ ।

(न) विद्यालयका भौतिक, शैक्षिक, आर्थिक र मानवीय पक्षलाई व्यवस्थित गर्नको लागि शिक्षक, अभिभावक र विद्यार्थीको सहभागितामा जिम्मेवारी किटानी सहितका विद्यालय व्यवस्थापन, शिक्षक अभिभावक संघ लगायतका समिति तथा उपसमितिहरुको निर्माण तथा कार्यान्वयन गरिनेछ ।

(ऩ) विशेष आवश्यकताका बालबालिकाका लागि आवासीय सुविधा सहितको विद्यालयहरु संचालन गरिनेछ । प्रत्येक वडामा न्यूनतम पूर्वाधार र गुणस्तर सहितको नमुना सामुदायिक विद्यालयको स्थापना, संचालन गरिनेछ ।

**(प)** चरम गरिबीले आक्रान्त, द्वन्दपिडित, अभिभावक गुमाएका र असहाय बालबालिकालाई गाउँपालिका स्तरमा आवासीय रुपमा पठनपाठनको व्यवस्था मिलाइनेछ ।

(फ) गाउँपालिका स्तरमा संचालित तथा संचालन हुन चाहने संस्थागत विद्यालयहरुले गाउँपालिकाको सिफारिसमा आर्थिक रुपले विपन्न, गरिब, दलित तथा सिमान्तकृत समुदायका बालबालिकालाई ऐन, नियमावलीले तोकेको निश्चित कोटामा निशुल्क शिक्षा प्रदान गर्ने व्यवस्था मिलाइनेछ ।

(ब) गाउँपालिकाको प्रत्येक वडामा न्यूनतम पुर्वाधारहरु रहेको कम्तिमा एउटा नमुना विद्यालय संचालनमा ल्याइनेछ ।

(भ) गाउँपालिका स्तरमा दिर्घकालीन,मध्यमकालीन र तत्कालीन शैक्षिक सुधारका अभियानहरु संचालन गरिनेछ ।

(म) गाउँपालिका स्तरमा संचालित ट्युशन, कोचिङ्ग सेन्टर, शैक्षिक परामर्श केन्द्र, आवधिक छोटो अवधिका तालिम लगायत विद्यालय बाहिर हुने अध्यापन तथा शैक्षिक क्रियाकलापलाई नियमन, अनुगमन, मूल्याङ्कन, अभिलेखीकरण र व्यवस्थापन गरिनेछ ।

(य) गाउँपालिका स्तरमा बन्ने नीति, ऐन, नियम तथा कानून निर्माणमा शैक्षिक सरोकारवालाहरुको सहभागिता सुनिश्चित गरिनेछ ।

(र) गाउँपालिका स्तरमा सरकारी तथा गैरसरकारी क्षेत्रबाट संचालन हुने शिक्षा, युवा तथा खेलकुदसंग सम्बन्धित कार्यक्रमलाई एकिकृत गरी गाउँपालिकाको एकद्वार प्रणालीमार्फत संचालन गरिनेछ ।

(ऱ) "एक विद्यालय- एक पुस्तकालय" को नीति अवलम्बन गरिनेछ।

(ल) "एक विद्यालय- एक प्रारम्भिक बालविकास केन्द्र" को नीति अवलम्बन गरिनेछ।

( ) विद्यालयमा अंग्रेजी माध्यममा पठनपाठनलाई कार्यान्वयनमा ल्याइनेछ।

( ) शिक्षण सिकाईमा सुचना तथा सञ्चार प्रविधि (ICT) को प्रयोगलाई कार्यान्वयनमा ल्याइनेछ।

(व) प्रत्येक माध्यमिक विद्यालयमा गणित, अंग्रेजी र विज्ञान प्रयोगशालाको व्यवस्था गरिनेछ।

(श) अभिभावक सचेतनाका लागि अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ।

(ष) गाउँपालिकाको सम्पूर्ण शैक्षिक गतिविधि समावेश भएको शैक्षिक प्रोफाइल निर्माण गरिनेछ।

(स) बालविवाह न्युनीकरणलाई विद्यालय शिक्षा संग आवद्ध गरी अगाडी बढाइनेछ।

(ह) सानीभेरी गाउँपालिकालई बालविवाहतथा छुवाछुत मुक्त गाउँपालिका बनाउनको लागि शिक्षा क्षेत्रलाई वृहत रुपमा परिचालन गरिनेछ।

(क्ष) दिवा खाजा कार्यक्रमलाई क्रमशः सबै विद्यालयहरुमा विस्तार गरिनेछ।

(त्र) गरिव तथा जेहेन्दार विद्यार्थीहरुका लागि प्रतिस्पर्धाका आधारमा उच्च शिक्षा तथा प्राविधिकशिक्षा अध्ययनको व्यवस्था मिलाइनेछ।

***

# शिक्षक तथा कर्मचारी अनुदान व्यवस्थापन निर्देशिका- २०७५

गाउँ कार्यपालिका द्वारा पारित मितिः२०७५।०८।०९

**प्रस्तावनाः** सानीभेरी गाउँपालिका स्थित विद्यालयहरुमा गाउँपालिका द्वारा उपलव्ध गराइएको शिक्षक तथा कर्मचारी अनुदान रकमलाई व्यवस्थित गरी शिक्षक तथा कर्मचारी व्यवस्थापन गर्न सानीभेरी गाउँकार्यपालिकाले यो निर्देशिका निर्माण गरी जारी गरेको छ।

**परिच्छेद १ः**
**प्रारम्भिक**

**१.संक्षिप्त नाम र प्रारम्भ**

१.१ यो कार्यविधिको नाम **"शिक्षक तथा कर्मचारी अनुदान व्यवस्थापन निर्देशिका - २०७५"** रहेको छ।

१.२ यो निर्देशिका सानीभेरी गाउँपालिकाभर तुरुन्त प्रारम्भ हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

२.१ **शिक्षक** भन्नाले गाउँपालिकाको अनुदानबाट तलब भत्ता खाने गरी विद्यालय व्यवस्थापन समितिबाट नियुक्त शिक्षक सम्झनुपर्छ।सो शव्दले प्रारम्भिक बालविकास केन्द्रमा नियुक्त शिक्षक समेतलाई बुझाउँदछ।

२.२ **कर्मचारी** भन्नाले विद्यालयमा लेखा सम्बन्धि कामकाज गर्न नियुक्त विद्यालय सहायकलाई सम्झनुपर्छ।

२.३ **अनुदान** भन्नाले गाउँपालिकाले विद्यालयमा शिक्षक तथा कर्मचारी अभाव पूर्ति गर्न विद्यालयमा स्थायी दरबन्दी सिर्जना नहुन्जेल सम्मका लागि मात्र उपलव्ध गराएको अनुदान रकम सम्झनुपर्छ।

२.४ **गाउँपालिका** भन्नाले सानीभेरी गाउँपालिका सम्झनुपर्छ।

२.५ **गाउँकार्यपालिका** भन्नाले सानीभेरी गाउँपालिकाको गाउँ कार्यपालिका सम्झनुपर्छ।

२.६ **शिक्षा नियमावली** भन्नाले सानीभेरी गाउँकार्यपालिकाले निर्माण गरेको शिक्षा नियमावली- २०७४ सम्झनुपर्छ।

## परिच्छेद २

## शिक्षक अनुदान उपलव्ध गराउने आधारहरु

३. गाउँपालिकाले विद्यालयलाई शिक्षक अनुदान देहायबमोजिमका आधारमा उपलव्ध गराउनेछ।

३.१. विद्यालयमा सञ्चालित तह र कक्षा,

३.२. विद्यालयमा भएको विद्यार्थी संख्या र विद्यालय सेवा क्षेत्र,

३.३. विद्यालयमा उपलव्ध दरबन्दी संख्या,

३.५. विद्यालयमा पढाइ हुने विषयहरु,

३.६. विद्यालयमा सञ्चालित प्राविधिक धार,

३.७. गाउँकार्यपालिकाले तोकेका अन्य आधारहरु

४. न्यूनतम रुपमा विद्यालयमा देहायबमोजिम दरबन्दी हुने गरी शिक्षक अनुदान रकम उपलव्ध गराइनेछ।

४.१. कक्षा १-३ सञ्चालित विद्यालयः न्यूनतम २ दरबन्दी

४.२. कक्षा १-५ सञ्चालित विद्यालयः न्यूनतम ३ दरबन्दी

४.३. कक्षा ६-८ सञ्चालित विद्यालयः न्यूनतम ३ दरबन्दी

४.४. कक्षा ९-१० सञ्चालित विद्यालयः न्यूनतम ३ दरबन्दी

४.५. कक्षा ११-१२ सञ्चालित विद्यालयः न्यूनतम २ दरबन्दी

## परिच्छेद ३

## शिक्षक नियुक्ति प्रक्रिया

५.गाउँपालिकाको अनुदान रकमबाट तलब भत्ता खाने गरी शिक्षक नियुक्ति गर्दा देहायबमोजिमको प्रक्रिया अवलम्बन गरिनेछ।

५.१. शिक्षक दरबन्दी नभएको वा दरबन्दी अपूग भएको विद्यालयमा शिक्षा,युवा तथा खेलकुद शाखाको सिफारीसको आधारमा गाउँकार्यपालिकाको निर्णयानुसार शिक्षक अनुदान रकम उपलव्ध गराइनेछ।

५.२. विद्यालयमा शिक्षक अनुदान रकम उपलव्ध गराइएपश्चात शिक्षा,युवा तथा खेलकुद शाखाबाट शिक्षक नियुक्तिको लागि अनुमति लिनुपर्नेछ।

५.३. शिक्षा,युवा तथा खेलकुद शाखाबाट अनुमति लिइसकेपछी विद्यालय व्यवस्थापन समितिको निर्णयानुसार कम्तीमा १५ दिनको म्याद राखी विज्ञापन गर्नुपर्नेछ।

५.४. शिक्षकको विज्ञापन गर्दा आधारभूत तह(कक्षा१-५) को लागि विद्यालयको आवश्यकता र आधारभूत तह(कक्षा ६-८) तथा माध्यमिक तह(कक्षा ९-१२) को लागि विषयगत मागलाई समेत ख्याल गर्नुपर्नेछ।

५.५. कक्षा ६-१२ सम्म शिक्षक नियुक्ति गर्दा क्रमशः नेपाली,अंग्रेजी,गणित,विज्ञान र सामाजिक विषयलाई ध्यान दिनुपर्नेछ।

५.६. शिक्षकको योग्यता  शिक्षा नियमावली अनुसार हुनेछ।

५.७. विज्ञापन पश्चात शिक्षा नियमावली बमोजिमको शिक्षक तथा कर्मचारी छनौट समितिले परीक्षा सञ्चालन गरी शिक्षक नियुक्तिको प्रक्रिया अगाडी बढाउने छ।

५.८. शिक्षा नियमावली तथा यस निर्देशिका विपरित कसैले शिक्षक नियुक्ति गरेमा त्यसलाई गाउँकार्यपालिकाले बदर गर्न सक्नेछ।

५.९. यो निर्देशिका जारी हुनुभन्दा अगाडी गाउँपालिकाको अनुदानमा नियुक्त शिक्षकको हकमा यो परिच्छेद लागू हुने छैन।

## परिच्छेद ४

## विद्यालयमा शिक्षक अनुदान रकम निकासा गर्ने प्रक्रिया

६.विद्यालयमा शिक्षक अनुदान निकासा गर्दा देहायबमोजिमका प्रक्रिया अपनाइनेछ।

६.१. गाउँपालिकाको अनुदान रकमबाट तलब भत्ता खाने शिक्षकहरुको अभिलेखीकरण गरिनेछ।

६.२. शिक्षकहरुको चौमासिक माग फाराम विद्यालयबाट संकलन गरिनेछ।

६.३. शिक्षकहरुको माग फारामसंगै नियुक्ति पत्रको प्रतिलिपि,हाजिरी प्रमाणित गरेको पत्र तथा विद्यालयको सिफारीस अनिवार्य रुपमा समावेश गर्नुपर्नेछ।

६.४. माग फारामको रुजु पश्चात विद्यालयको खातामा चौमासिक रुपमा रकम निकासा गरिनेछ।

## परिच्छेद ५: कर्मचारी व्यवस्थापन अनुदान प्रक्रिया

७. विद्यालयमा लेखा सम्बन्धी कामकाज गर्न नियुक्त कर्मचारीको व्यवस्थापन देहायबमोजिम गरिनेछ।

७.१. गाउँकार्यपालिकाको निर्णयानुसार आवश्यकताको आधारमा अनुदान रकम उपलव्ध गराइनेछ।

७.२. कर्मचारी नियुक्तिको प्रक्रिया शिक्षा नियमावली बमोजिमको समितिले गर्नेछ।

७.३. अनुदान रकम चौमासिक रुपमा माग फाराम भराइ विद्यालयको खातामा उपलव्ध गराइनेछ।

७.४. माग फारामसंगै नियुक्तिको प्रतिलिपि,हाजिरी प्रमाणित गरेको पत्र तथा विद्यालयको सिफारीस अनिवार्य रुपमा समावेश गर्नुपर्नेछ।

## परिच्छेद ६: शिक्षक तथा कर्मचारी अनुदान रकम

८.शिक्षक अनुदान रकम देहायबमोजिम उपलव्ध गराइनेछ।

८.१आधारभूत तह(कक्षा१-५): मासिक रु.१५,०००।- का दरले १३ महिना बराबरको,

८.२आधारभूत तह(कक्षा६-८): मासिक रु.१७,०००।- का दरले १३ महिना बराबरको,

८.३माध्यमिक तह(कक्षा९-१०): मासिक रु.२५,०००।- का दरले १३ महिना बराबरको,

८.४माध्यमिक तह(कक्षा११-१२): मासिक रु.३०,०००।- का दरले १३ महिना बराबरको।

९. कर्मचारी अनुदान रकम देहायबमोजिम उपलव्ध गराइनेछ।

९.१ मासिक रु.१०,०००।- का दरले १३ महिना बराबरको।

नोटः उक्त अनुदान रकम गाउँ कार्यपालिकाले हरेक आर्थिक वर्षमा हेरफेर गर्न सक्नेछ।

### परिच्छेद ७ः गाउँपालिकाको अनुदान रोक्का वा बन्द गर्न सकिने

१०.विद्यालयमा उपलब्ध गराइने गाउँपालिकाको अनुदान रकम देहायबमोजिमको अवस्थामा गाउँ शिक्षा समितिको सिफारीसको आधारमा गाउँकार्यपालिकाले रोक्न वा बन्द गर्न सकिनेछ।

१०.१शिक्षक वा कर्मचारीको दरबन्दी स्थायी रुपमा सिर्जना वा पदपूर्ति भइ आएमा,

१०.२संघीय वा प्रादेशिक सरकारबाट शिक्षक वा कर्मचारीको व्यवस्थापनको लागि अनुदान प्राप्त भएमा,

१०.३विद्यालय मर्ज वा तह तथा कक्षा घटुवामा परेमा,

१०.४गाउँकार्यपालिकाले मनासिव ठहराएका अन्य आधारहरु

### परिच्छेद ८ः विविध

**११. निर्देशिका संशोधन**ः यस निर्देशिकालाई आवश्यकता र औचित्यका आधारमा गाउँकार्यपालिकाले संशोधन गर्न सक्नेछ।

**१२. बचाउ**ः यो निर्देशिका जारी हुनुभन्दा अगावै विद्यालयमा उपलब्ध गराइएको अनुदान रकम यसै निर्देशिका बमोजिम विद्यालयमा निकासा भएको मानिनेछ।

# शिक्षक तथा कर्मचारी छनौट कार्यविधि- २०७५

गाउँ कार्यपालिका द्वारा पारित मितिः२०७५।०८।०९

**प्रस्तावनाः** सानीभेरी गाउँपालिका स्थित विद्यालयहरुमा गाउँपालिका द्वारा उपलव्ध गराइएको शिक्षक तथा कर्मचारीका साथै अन्य अस्थायी/करार/राहत शिक्षक लगायत विद्यालय सहायक र विद्यालय सहयोगी पदमा करारमा नियुक्ति प्रक्रियालाई व्यवस्थित गर्न सानीभेरी गाउँकार्यपालिकाले यो कार्यविधि निर्माण गरी जारी गरेको छ।

## परिच्छेद १:प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भ**

१.१. यो कार्यविधिको नाम **"शिक्षक तथा कर्मचारी छनौट कार्यविधि- २०७५"** रहेको छ।

१.२. यो कार्यविधि सानीभेरी गाउँपालिकाभर तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

२.१. **शिक्षक** भन्नाले गाउँपालिकाको अनुदानबाट तलब भत्ता खाने गरी विद्यालय व्यवस्थापन समितिबाट नियुक्त शिक्षक, अन्य अस्थायी/करार/राहत शिक्षक सम्झनुपर्छ।सो शव्दले प्रारम्भिक बालविकास केन्द्रमा नियुक्त शिक्षक समेतलाई बुझाउँदछ।

२.२. **कर्मचारी** भन्नाले विद्यालयमा लेखा सम्बन्धि कामकाज गर्न नियुक्त विद्यालय सहायकलाई सम्झनुपर्छ।सो शव्दले विद्यालय सहयोगी समेतलाई बुझाउँदछ।

२.३. **समिति** भन्नाले शिक्षा नियमावली बमोजिमको शिक्षक तथा कर्मचारी छनौट समितिलाई बुझाउँदछ।

२.४. **गाउँपालिका** भन्नाले सानीभेरी गाउँपालिका सम्झनुपर्छ।

२.५. **गाउँकार्यपालिका** भन्नाले सानीभेरी गाउँपालिकाको गाउँ कार्यपालिका सम्झनुपर्छ।

२.६. **शिक्षा नियमावली** भन्नाले सानीभेरी गाउँकार्यपालिकाले निर्माण गरेको शिक्षा नियमावली-२०७४ सम्झनुपर्छ।

२.७. **विशेषज्ञ(रोष्टर)** भन्नाले गाउँ शिक्षा समितिको सिफारीसमा गाउँकार्यपालिकाले छनौट गरेको आधारभूत र माध्यमिक तहका स्थायी शिक्षकहरु सम्झनुपर्दछ।

२.८. **आयोग** भन्नाले शिक्षक सेवा आयोगलाई बुझाउँदछ।

## परिच्छेद २ः शिक्षक तथा कर्मचारी पदपूर्ति प्रक्रिया

३.शिक्षक तथा कर्मचारीको पदपूर्ति प्रक्रिया देहायबमोजिम हुनेछ।

३.१शिक्षक तथा कर्मचारी करारमा नियुक्तिको लागि अनुमति,विज्ञापन,छनौट प्रक्रिया तथा नियुक्ति शिक्षा नियमावली अनुसार हुनेछ।

३.२आयोगले शिक्षक तथा कर्मचारी छनौट सम्बन्धि कुनै कार्यविधि निर्माण गरेको भए समितिले सोको पालना गर्नुपर्नेछ।

- ३.३ माध्यमिक तहको अंग्रेजी, गणित, विज्ञान, लेखा र कम्प्युटर विषयमा स्थायी अध्यापन अनुमति पत्र नभएको व्यक्तिपनि शिक्षक पदको लागी उम्मेदवार हुन सक्नेछन् । तर त्यस्ता व्यक्तिले नियुक्ति भएको मिति देखि ३ वर्ष भित्रमा स्थायी अध्यापन अनुमति पत्र लिनुपर्नेछ ।

## परिच्छेद ३ः शिक्षक तथा कर्मचारी छनौट समितिको सेवा,शर्त र सुविधा

४.समितिको सेवा,शर्त र सुविधा देहायबमोजिम हुनेछ।

४.१समितिको सचिवालय प्रत्येक विद्यालयमा रहनेछ।

४.२परीक्षालाई नियमानुसार मर्यादित,व्यवस्थित,अनुशासित र निष्पक्ष ढंगबाट सञ्चालन गर्नु समितिको दायित्व हुनेछ।

४.३परीक्षा समितिको बैठक बसेबापत बैठक भत्ता उपलव्ध गराइनेछ।

४.३परीक्षा समितिको बैठक भत्ता सम्बन्धित विद्यालयले व्यहोर्नेछ।

- पहिलो संशोधन २०७६ बाट थप

## परिच्छेद ४ः परीक्षा सञ्चालन खर्च

५.परीक्षा सञ्चालन खर्च देहायबमोजिम हुनेछ।

५.१ भत्ताः रु.३,०००।—(आधारभूत तहका लागि) र रु.४,०००।—(माध्यमिक तहका लागि)

५.२प्रश्नपत्र निर्माणः रु.१०००।—

५.३परीक्षा सञ्चालन र उत्तर पुस्तिका परीक्षणः रु.१५००।—

५.४कोडिङ र डिकोडिङः रु.५००।—

५.५सम्परीक्षणःरु.५००।—

## परिच्छेद ५: विशेषज्ञ(रोष्टर)को सूची तयार

६.समितिको विशेषज्ञ(रोष्टर) छनौटको लागि शिक्षा,युवा तथा खेलकुद शाखाले विशेषज्ञ(रोष्टर)को सूचि तयार गर्नुपर्नेछ।

६.१ विशेज्ञ(रोष्टर)को सूचिलाई कम्तीमा ६/६महिनामा अध्यावधिक गर्नुपर्नेछ।

६.२विशेषज्ञ(रोष्टर)हरु स्थायी शिक्षकहरु मध्येबाट मात्र छनौट गरिनेछ।

६.३सूचिकृत गरिएको विशेषज्ञ(रोष्टर)को कार्यसम्पादन सन्तोषजनक नभएको पाइएमा गाउँ शिक्षा समितिले जुनसेकै बखत विशेषज्ञ(रोष्टर)को सूचिबाट हटाउन सक्नेछ।

६.४समितिले विशेषज्ञ(रोष्टर)को छनौट परीक्षा सञ्चालन हुने दिनमा मात्र गोप्य रुपमा गर्नुपर्नेछ।

६.५विशेषज्ञ(रोष्टर) सम्बन्धित स्थानीय तहमा उपलव्ध नभई बाहिरबाट ल्याउनुपर्ने अवस्था भएमा परीक्षा सञ्चालन हुने दिन भन्दा अगावै गोप्य रुपमा छनौट गर्न सकिनेछ।

६.६प्रश्नपत्र निर्माण र उत्तर पुस्तिका परीक्षणमा विशेषज्ञ(रोष्टर)लाई जिम्मेवार बनाइनेछ।

## परिच्छेद ६: प्रश्न बैंक निर्माण

७.शिक्षा,युवा तथा खेलकुद शाखाले परीक्षा सञ्चालनको लागि प्रश्न बैंक निर्माण गर्न सक्नेछ।

७.१सुचिकृत गरिएका विशेषज्ञ(रोष्टर)हरुबाट गोप्य रुपमा विभिन्न सेटमा प्रश्नहरु निर्माण गराइ सुरक्षित रुपमा भण्डारण गर्ने।

७.२परीक्षामा आवश्यकता अनुसार प्रश्न बैंकबाट प्रश्नहरु प्रयोग गर्न सकिनेछ।

७.३प्रश्न बैंकलाई समय समयमा अध्यावधिक गर्दै जानुपर्नेछ।

## परिच्छेद ७: नतिजा प्रकाशन

८. सम्भव भएसम्म प्रश्नपत्र निर्माण,लिखित परीक्षा सञ्चालन,अन्तरवार्ता सञ्चालन र अन्तिम नतिजा प्रकाशन एउटै बसाइमा गर्नुपर्नेछ।

८.१.समयको अभाव,परीक्षार्थी संख्या धेरै भएको लगायत विशेष अवस्थामा फरक फरक बसाइमा पनि नतिजा प्रकाशन गर्न सकिनेछ।

८.२.नतिजा प्रकाशन गर्दा सफल उम्मेदवार संगसंगै वैकल्पिक उम्मेदवारको नामावली पनि सार्वजनिक गर्नुपर्नेछ।

## परिच्छेद ८: विविध

**९.दयित्व हुने**: यो कार्यविधिको पालना गर्नु समितिको दायित्व हुनेछ।

**१०. बचाउ**: यो कार्यविधि जारी हुनुभन्दा अगावै नियुक्त शिक्षक तथा कर्मचारीको छनौट यसै कार्यविधि बमोजिम भएको मानिनेछ।

# सानीभेरी गाउँपालिकाको आ.व. २०७९/८० को नीति तथा कार्यक्रम

**गाउँसभामा प्रस्तुत मितिः २०७९/०३/०९**

**गाउँसभाबाट पारित मितिः २०७९/०३/०९**

कर्णाली प्रदेश रुकुम (पश्चिम) सानीभेरी गाउँपालिकाको नागरिकहरुको प्रतिनिधिमुलक यस गरिमामय गाउँ सभामा सानीभेरी गाउँपालिका सरकारको नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा हर्षित छु।

आर्थिक वर्ष २०७९/०८० को नीति तथा कार्यक्रम प्रस्तुत भइ रहेको यस अवसरमा नेपालको सार्वभौम सत्ता, भौगोलिक अखण्डता, राष्ट्रिय हित, स्वाभिमान, संघिय लोकतान्त्रिक गणतन्त्र ,समावेशिता ,धर्मनिरपेक्षता,सामाजिक न्याय र समाजवाद उन्मुख अर्थव्यवस्था प्रति प्रतिवद्ध रहदै संघिय लोकतान्त्रिक गणतन्त्रात्मक राज्यव्यवस्था ल्याउनका लागी १० वर्षे महान जनयुद्ध र जन आन्दोलनमा विरगति प्राप्त गर्ने महान सहिदहरु प्रति उच्च सम्मान साथ भावपुर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। यस क्रममा घाईते तथा अपाङग योद्धाहरुप्रति स्वास्थ्य लाभको कामना गर्दै शहिद परिवार प्रति हार्दिक समवेदना व्यक्त गर्दछु।

आवधिक निर्वाचन संघिय लोकतान्त्रिक शासन व्यवस्थाको मेरुदण्ड हो। वि.स.२०७९ वैशाख ३०गते शुक्रवारका दिन दोस्रो स्थानिय तह सदस्य निर्वाचन २०७९ को ऐतिहासिक निर्वाचनवाट निर्वाचित हुने सम्पुर्ण गाउँसभा सदस्य ज्युहरुमा हार्दिक वधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गर्दछु भने स्थानीय तहको निर्वाचनमा अमुल्य मत दिएर विजयी गराउनुहुने सम्पुर्ण सानीभेरी गाउँवासी प्रति हार्दिक आभार तथा नमन व्यक्त गर्न चाहान्छु। नव निर्वाचित जन प्रतिनिधि वाट जनअपेक्षा अनुसारको काम भई समृद्ध सानीभेरी निर्माणमा अतुलनिय योगदान पुयाउनु हनेछ भन्ने पुर्ण विश्वास लिएको छु र निर्वाचित जनप्रतिनिधि प्रति मतदाताको निरन्तर खवरदारीको पनि अपेक्षा गरेको छु। २०७४ सालमा निर्वाचित भएर ५ वर्ष सम्म अध्यक्ष ,उपाध्यक्ष ,वडा अध्यक्ष ,वडा सदस्य , कार्यपालिका सदस्य जस्तो गरिमामय पदमा निर्वाचित भइ सानीभेरीका जनताको सेवा गर्ने प्रथम जननिर्वाचित जनप्रतिनिधिज्यूहरु लाई गाउँपालिका सरकार धन्यवाद व्यक्त गर्दछ।

समृद्ध सानीभेरी सुखारी गाउँवासीका लागि गुणस्तरीय शिक्षा र स्वास्थ्य,उच्च उत्पादकत्व भएको कृषि ,पर्यटन,स्थानीय कच्चा पदार्थमा आधारित लघु तथा घरेलुउद्योग ,निर्यातमुलक व्यापार तथा वाणिज्य, उत्पादनशील रोजगारी र सीपयुक्त मानव पुजी निर्माण गरी नमुना पालिका निमार्णमा विशेष जोड दिइनेछ यसका लागि यहाँहरुको महत्वपुर्ण सल्लाह, सुझाव,राय र मार्गदर्शनको अपेक्षा गरेको छु। संस्थागत सुशासन,पारदर्शी कार्यशैली,समुह गतीशिलता,मितव्ययीता,निरन्तर जनसम्पर्क र भेटघाट सन्निकटता, तटस्थता, निष्पक्षता, न्याय, नैतिकता र सदाचार मेरो नेतृत्वको सरकारको मुख्य ध्येय रहनेछ। सक्षम,प्रतिस्पर्धी, छरितो,प्रविधिमैत्री,सेवा भाव भएका ,उर्जावान र क्षमतावान कर्मचारीको समुह बनाई सरकारका नीति तथा कार्यक्रम कार्यन्वयनमा सफलता हासिल गरिनेछ। जनताको खुशी र जनतासंगको सामीप्यतालाई शासन ,विकास र सेवा प्रवाहको मुल मन्त्रको रुपमा अगाडि बढाइनेछ।

सानीभेरी गाउँपालिकाको पहिलो सरकारले सुरु गरेका सडक, खानेपानी, सिंचाइ, विद्युत, शिक्षा, स्वास्थ्य, कृषि, उद्योग, बाणिज्य तथा मानव पुजीं निर्माणमा गरेको सफलतामा टेकेर थप ब्यवस्थित बनाइने छ। बिगतको सरकारले निर्माण गरेका ऐन, नियम, निर्देशिका, कार्यविधि को पूर्ण कार्यन्वयणमा जोड दिइने छ साथै समयानुकुल परिमार्जन र संशोधन गर्दै लैजाने नीति अंगीकार गरिने छ।

नेपालको संविधान, स्थानीय तहमार्फत प्राप्त गनुपर्ने दीगो बिकासका लक्ष्य संघ र प्रदेश सरकाको नीतिगत मार्गदर्शन, गाउँपालिकाको आवधिक योजना, मध्यमकालिन खर्च संरचना, स्थानीय सरकार संचालन ऐन,कर्णाली प्रदेश सरकारका कानुनहरु  र सानीभेरी गाउँपालिकाले निर्माण गरेका कानुनहरु तथा नीति, बिधि र पद्धतिमा टेकेर सानीभेरी गाउँपालिका सरकार अघि वढ्ने छ।

**सानीभेरी गाउँपालिका सरकारको प्राथामिकता तथा  दृष्टिकोणः**

१.गुणस्तरीय शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाईको विकास मार्फत गतिलो मानव  पूजींको विकास गरी बर्तमान पुस्तालाई आफ्नो भविष्य आफ्नै गाउँमा देख्न सक्ने बनाउने।

२. आर्थिक विकास ( कृषि र पशु ,पर्यटन,उद्योग,व्यापार,रोजगारी,मानव संसाधन ) को क्षेत्रमा नवीनतम पुजी, प्रविधि ,अनुसन्धान र नवप्रवर्तनको माध्यमबाट आम जनतालाई काम, रोजगार र अवसर श्रृजना गर्ने।

३.दिगो,जलवायु उत्थानशील,भुकम्प प्रतिरोधी ,वातारण,भुगोल तथा माटो  सुहाउँदो भौतिक पुर्वाधार( सडक, भवन,विद्युत,संचार,यातायात) निर्माण गरी विस्तारै शहरी सेवा सुविधा गाउँमै विस्तार गर्दै लैजाने।

४.वन क्षेत्रको हैसियतलाई कायम राख्दै वन,वन्यजन्तु,जैविक विविधता, जलाधार, सीमसार, पारिस्थितिक प्रणली, जडीवुटी, दुर्लभ प्राणी आदिको संरक्षण सम्वद्र्धन र प्रवद्र्धन गर्ने। वातावरणीय विपद र जलवायु परिवर्तनका असर न्युनीकरण,ठोस फोहोर मैला व्यवस्थापनको माध्यमबाट सफा बजार र बस्ती स्थापाना गर्ने।

५. संस्थागत स्मरण, चुस्त दुरुस्त प्रशासन, विवेकशीलता, , जवाफदेहीता, उत्तरदायित्व, पारदर्शिता, समन्यायिकता, सदाचारिता जस्ता गुणले सम्पन्न बलियो संस्थागत तथा संरचनागत  व्यवस्था गर्ने।

**(क) शिक्षाः**

१. २१औं शाताव्दी सुहाउदो वैज्ञानिक उत्पादनशील जीवनउपयोगी व्यवसायिक सिपमुलक रोजगार मुलक एवम जनमुखि शिक्षा बनाउँदै सक्षम प्रतिस्पर्धि नैतिकवान एवम राष्ट्र र गाउँपालिकाको विकास र समृद्धि प्रति प्रतिवद्ध नैतिकवान जनशक्ति उत्पादन तर्फ जोड दिइनेछ।

२. सुविधा सम्पन्न भवन, प्रयोगशाला,दक्ष शिक्षकको व्यवस्थापनबाट शैक्षिक गुणस्तर कायम गर्न अधिकतम प्रयास गरिनेछ।  विद्यालय संख्या,शैक्षिक गुणस्तरको अवस्था,पालिकाको आवश्यकता,शैक्षिक सुधार कार्यदलको सिफारिसको आधारमा विद्यालयको संख्या  क्रमश घटाइ र एक वडा एक नमुना विद्यालयको अवधारणा लाई कडाइ पुर्वक कार्यन्वयन गरिने छ।

३. ५ वर्ष सम्म सवै विद्यालयका भौतिक पुर्वाधार आवश्यकताको आधारमा निर्माण गरिनेछ।  शिक्षण सिकाइलाई सूचना प्रवधिमैत्री बनाउन आवश्यक पहल गरिनेछ। राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तगत अनुदान प्राप्त क्ष्ऋत् प्रयोगशाला लाई थप व्यवस्थित बनाइने छ।

४. १२ कक्षा सम्म विद्याथीलाइ शिक्षण सिकाइ शुल्क क्रमश निशुल्क गरिने छ। गाउँपालिकामा १ वटा विद्यालयलाई वहुप्राविधिक  विद्यालय स्थापना गर्न पहल गरिने छ।

५. विस्तारै विद्यार्थी संख्याको आधारमा दरवन्दी हेरफेर गरिने छ। कुल विद्यार्थी संख्याको कम्तीमा १० प्रतिशत विद्यार्थीलाई प्राविधिक जनशक्ति उत्पादनमा जोड गरिने छ। सानीभेरी गाउँपालिकामा लक्षित वर्गबाट विशेषज्ञ

जनशक्ति उत्पादन गर्न प्रत्येक वर्ष उच्च प्राविधिक शिक्षा अध्ययनको लागी गरीव तथा जेहेन्दार विद्यार्थीमध्ये २ जनालाइ अध्ययन गर्न छात्रवृत्ति उपलब्ध गराईने छ। साथै अध्ययन पुरा गरे पश्चात पालिकामा कम्तीमा २ वर्ष अनिवार्य निशुल्क सेवा दिनुपर्ने करारनामा गरिनेछ । मध्यमस्तरीय प्राविधिक जनशक्ति उत्पादन गर्न विशेष जोड दिइनेछ। सीप परिक्षण गराउन चाहने व्यक्तिहरुलाई पालिकाले आवश्यक समन्वय र सहयोग गर्नेछ।

६. शिक्षकलाई नवीनतम शिक्षण कौशल, विधि,प्रविधि र प्रवोधिकरण तालिमको व्यवस्था गरिनेछ।विद्यालय,वडा कार्यलय ,शिक्षा युवा तथा खेलकुद शाखाको निरन्तर समन्वय भइरहने अवस्था सिर्जना गरिनेछ। ७ दिन भन्दा बढी शिक्षक तथा प्रधानाध्यापक विदा बस्दा विदा वस्नुको कारण खोली अनिवार्य रुपमा शिक्षा,युवा तथा खेलकुद शाखामा जानकारी गराउनु पर्ने व्यवस्था गरिनेछ।

७. सिकाई उपब्धिको आधारमा उत्कृष्ट विद्यालय छनोट गरिनेछ। कक्षा २ उत्तीर्ण विद्यार्थीले प्रति मिनेट कम्तीमा ४० वटा शुद्ध अक्षर वाचन गर्न सक्ने गरी नयाँ शिक्षण रणनिति अपनाउन शिक्षकलाई प्रोत्साहन गरिनेछ।

८. वाल विकास शिक्षिकालाइ विशेष तालिम र अवसर, वालमैत्री कक्षा कोठा ,खेल र मनोरञ्जनको माध्यमबाट नानीहरुको खेलेर सिक्ने अधिकार सुनिश्चत गरिनेछ। वालविकास सहयोगी कार्यकर्ता तलबमा केही वृद्धि गरिनेछ।आधारभुत तह कक्षा १ देखि ५ सम्मको शैक्षिक गुणस्तर खस्किन नदिन विशेष ख्याल गरिने छ। प्रत्येक दिनको शिक्षण योजना सवै शिक्षकले बनाउनुपर्ने व्यवस्था अनिवार्य गरिने छ त्यसमा पालिकाले आवश्यक सहयोग र समन्वय गर्नेछ। पालिकाभरिमा क्रमशःटिनको छाना हटाइ पक्की भुकम्प प्रतिरोधी भवन निर्माण गर्दै लगिनेछ।

९. गाउँपालिकामा पशु कृषि प्राविधिक शिक्षा प्रदान गर्दै आएका विद्यालयलाई सुधार गर्दै गइनेछ र आवश्यकता हेरी स्तर वृद्धि गर्दै जाने नीति पालिकाले अंगीकार गर्नेछ।।

१०. व्यवसायिक शिक्षाको आवश्यकतालाइ ख्याल गर्दै भौतिक पूर्वाधार, दक्ष जनशक्ति, सुविधा सम्पम्न भौतिकपूर्वाधार बिकास गर्दै वहु प्राविधीक शिक्षा मार्फत दक्षजनशक्ति उत्पादन व जोड दिईने छ।

११. गाउँपालिका स्तरमा उच्च सिकाई उपलव्धिको आधारमा विद्यालयहरुलाई पुरुस्कृत र सम्मान गरिने छ।

११. गाउँपालिका स्तरमा परिक्षणको लागी एउटा विद्यालयमा एक जना संगीत शिक्षक र एक जना खेलकुद शिक्षक व्यवस्था गरिदै जाने नीति लिइने छ। क्रमश राम्रो परिणाम आएमा सवै विद्यालयमा लागु गरिने छ।

१२. विद्यालयको शैक्षिक गुणस्तर कायम गर्नको लागी विद्यार्थी संख्या,दुरी र यातायात पहुँचको अवस्था ख्याल गरी पालिका स्तरमा एक ओटा नमुना बिद्यालय निर्माण गरीने छ। याथै विद्यालयको तह घटुवा वा मर्ज गरिने छ। यस्तो कार्य अविभावक भेला विद्यालय व्यवस्थापन समिति र वडाको सिफारिस अनिवार्य चाहिने व्यवस्था गरिने छ।

१३. शैक्षिक गुणस्तर कायम गर्ने केहि विद्यालयवाट विषयगत शिक्षक झिकाइ गाउँपालिकाको मातहतमा रहेर विद्यालय अनुगमन नियमन मुल्याङकन गर्ने गरी ३ जना अनुगमण प्रशिक्षक ÷सहजकर्ता शिक्षकको व्यवस्था गरिने छ। नमुना कक्षा अध्यापन समेत गर्नुपर्ने व्यवस्था अनुगमन प्रशिकले गर्नुपर्ने व्यवस्था गरिनेछ।

१३. करार शिक्षकहरु र कर्मचारीहरुको हकमा प्रत्येक वर्ष असार मसान्तमा करार सम्झौता नविकरण गर्ने व्यवस्था गरिनेछ।

१४. योग तथा ध्यान शिक्षालाई प्रत्येक विद्यालयमा विस्तार गर्दै लगिनेछ ।

१५.सेनेटरी प्याड, आईरन तथा फोलिक एसिड चक्की वितरणलाइ व्यवस्थित वनाउदै लगिनेछ। यसको रेकर्डिङ र रिपोर्टिङलाई थप व्यस्थित बनाउदै लगिनेछ।

१६. सवै विद्यालयमा रहेको विद्यार्थीलमई दिवा खाजा स्थानिय उत्पादन र उपभोगको नीतिलाई ख्याल गर्दै प्रत्येक दिनको मेन्यु वनाइ गुणस्तरिय दिवा खाजा प्रदान गर्न सहकारी मार्फत खाजा खुवाउने व्यवस्था मिलाउने।

१७.सानीभेरी गापामा रहेको शिक्षा क्यापसलाइ थप व्यस्थित बनउँदैं क्रमशः बहुप्राविधिक बनाउदै लगिनेछ।

**(ख) स्वास्थ्यः**

१. स्वास्थ्य उपचार निशुल्क वनाउन नेपाल सरकाको मापदण्ड भित्रका सबै औषधिहरुलाई निशुल्ृक वितरण गरिने छ। पालिका भरी गरिव घरधुरी पहिचान गरी निशुल्क स्वास्थ्य विमा गरि क्रमस ५ वर्षमा सवै घर परिवार लाई स्वास्थ्य वीमामा आवद्ध गरिने छ।

२. गाउँपालिका अस्पताल लाइ व्यवस्थापकीय हिसावले व्यवस्थित वनाउने अस्पताल भवन निर्माण कार्यमा जोड दिइ २ वर्ष भित्र नयाँ भवनवाट सेवा दिन शुरु गर्ने र गाउँपालिका अस्पताललाई व्यवस्थित वनाउदै जाने, वडाका सवै स्वास्थ्य केन्द्रलाइ आवश्यकता हेरी स्तर वृद्धि गरिनेछ खोप केन्द्र तथा गाउँघर किल्निक आवश्यकता अनुसार निर्माण गरिनेछ।

३. गाउँपालिका अस्पतालमा आकस्मिक स्वास्थ्य सेवा सुरक्षित मातृत्व तथा नवजात शिशु स्वास्थ्य सेवालाइ दिगो वनाइनेछ।

५. स्वास्थ्य केन्द्रमा सुत्केरी हुने दर वढाइ शिशु र सुत्केरि आमाको जिवनको ख्याल गर्दै गर्भवति महिला लाइ स्वास्थ्य संस्थामा सुत्केरी गराउने लाइ थप सुत्केरी भत्ता प्रदान गरिनेछ।

६. क्यान्सर, मृगौला, हेड इन्जुरी, पार्किनसन, स्पाइनल ईन्ज्युरी, मुटु रोग, सिकलसेन एनिमिया र अल्जाइमर्स गायतका ८ प्रकारका रोग पहिचान गरी गाउँपालिका सरकारले प्रदेश सरकार संग समन्वय गरी उपचारमा सहयोग गर्नेछ।

७.आकस्मिक दुर्घटना सुत्केरी महिला ,गरिव घर परिवारलाई वडाको सिफारिसको आधारमा गरिव घर परिवार पहिचान नहुन्जेल वडाको सिफारिको आधारमा निशुल्ृक एम्वुलेन्स सेवा प्रदान गरिनेछ। र आकस्मिक दुर्घटनामा चौरजहारी मुसिकोट गाउँपालिका अस्पताल र नेपालगंज सम्म वडाको सिफारिसको आधारमा लैजाने।

८. गाउँपालिका अस्पतालमा विषेशज्ञ सेवा उपलव्ध गराउन संघ र प्रदेश सरकार समन्वय गरी टेलि मेडिसिएन सेवा संचालन गर्ने आवश्यक वजेट व्यवस्था गरिने छ।

९.सुरक्षित मातृत्व वाल स्वास्थ्य खोप परिवार नियोजन किशोर अवस्था लगायतका प्रतिकारात्मक प्रवद्धनात्मक उपचारात्मक स्वास्थ्य रणनीति अवलम्वन गरिनेछ।

१०. स्वास्थ्य कर्मचारीलाई जनताको सेवा प्रवाहको कार्यालाइ व्यवस्थित वनाउन तालिमको व्यवस्था गरिने छ। इमान्दार स्वास्थ्यकर्मीलाई प्रोत्साहन तथा पुरुस्कारको व्यबस्था गरिने छ।

११. गाउँपालिका अस्पत्ताल र वडा स्वास्थ्य चौकीमा विशेषज्ञ डाक्टरलाई आमन्त्रण गरी स्वास्थ्य शिविर संचालन गर्ने व्यवस्था गरिनेछ।

१२. एउटा नयाँ एम्वुलेन्स खरिद गरी विरामी ओसारपसारमा सहजता ल्याइने छ।

**(ग) खानेपानी**

१. सानीभेरी गाउँपालिकामा शुद्ध खानेपानी जनताको हरेक घरमा पुर्याउने लक्ष्य यस सरकारले लिएको छ। मापदण्डमा आधारीत शुद्ध खानेपानी वितरण गर्न स्रोतको पहिचान गरि ठुला खानेपानी आयोजना सम्पन्न गर्न पानी नभएका सुख्खा वस्तीहरुलाई पहिलो प्रथामिकता दिइनेछ। निर्माणाधीन योजनाहरु यसै आर्थिक वर्ष पुरा गरिने छ। भएका योजनाहरु मर्मत संभार गरिने छ। यस कार्यका लागि स्थानीय सरकार एक्लैको क्षमताले नभ्याउने भएकोले संघ तथा प्रदेश सरकार संग समन्वय र सहकार्य गरिने छ।

३. पानीका श्रोत नभएका वस्तिहरु विप्पेलेख, तुसारे अध्याचौर गरायला गाउँ, मेलचौर तलिखोला,घापाघार पोखरी लिफ्ट खानेपानी आयोजना समयमै समपन्न गरी एक घर एक धारा निर्माण गर्ने।

४. अरु नँया खानेपानी लिफ्टिङ आयोजना सानीभेरी टुरा चाख्लिमेला, भेरी नदि, पक्रैया घट्टेखोला ज्यामिरे खाली जराचौर साथै थप ठुला लिप्टिङ आयोजनाहरु सम्भाव्यता अध्ययन गरि संघ र प्रदेश सरकार सँग समन्वय गरि खानेपानी आयोजना विस्तृत डिजाइन तयार गरी खानेपानीको काम गर्ने सवै पालिका भरि शुद्ध खानेपानी खुवाउने नीति लिईने छ।

५. तङगपानी चोतरालोटे जुम्लेपोखरी घडेरी ,निगालपानी फुकुजिउला ,तल्लो छहरे टाकुरा भण्डारीपाखा चौरवजार,छहरा स्कुलटोल ,ठुलाखोला सैनारु साइराभुन चाइनावगर ,सानीभेरी नदी टुरा चाख्लेमेला ,घट्टेखोला ज्यामिरे जराचौर ,सीलानीखोला ,काडागाउँ ,उदीनढुङ्गा नाउला ,किचकिचे ,साक्चा गैराखारा लिफ्टिङ तथा नन लिफ्टिङ खानेपानी आयोजना क्रमशःसंघ र प्रदेश सरकारको सहयोगमा क्रमशः सम्पन्न गर्दै लगिनेछ।

**(घ) कृषि**

१. सानीभेरी गाउँपालिका कृषि प्रधान पालिका हो। हाम्रो मुख्य वाली मकै धान गहु तरकारी खेति फलफुल दलहन तेलहन र कोशे वाली नै हनु। हाम्रो पालिकाका अधिकांश जनसंख्याको मुख्य पेशा कृषि नै हो यहाँ साना किसानहरुको वसोवास रहेका देखिन्छ।

२. पालिका भरीका किसानलाई एउटा कृषि एम्वुलेन्स वनाइ जसको घरमा कृषि जन्य वस्तु उत्पादन भई विक्री वितरणको लागि तयार छ। उत्पादित वस्तु ल्याएर वजार सम्म पुर्याउन किसान संग सहकार्य र समन्वय गरिनेछ।

३.खाद्य सुरक्षामा जनताको अधिकार स्थापित गरिने छ। कृषि सहकारी तथा व्यावसायिक कृषक समुह मार्फत व्यावसायिक खेती गर्न प्रोत्साहन गरिने छ। कृषिमा यान्त्रिकिकरण ,विविधिकरण माटो परिक्षण,साना कृषि औजार खरिदमा सहुलियत ,पारिवारिक खेती गर्न उत्प्रेरणा ,मल बीउ खरिदमा सहुलियत ,प्राङगारिक खेती लगायत उन्नत प्रविधिमा जोड दिइनेछ।

४.कृषक परिचयपत्र दिएर कृषकलाइ वर्ग्रीकरण गरिने छ। कृषि खेती गर्ने इच्छा भएका तर जमिन नहुने किसानको लागी जमिनको भाडा समेत स्थानिय सरकारले कृषक साझेदारीमा भाडा बाफतको केही रकम व्यबस्था गर्नेछ। त्यसको लागी कम्तिमा ३ देखि ५ रोपनिमा किसानले खेति गरेको हुनुपर्ने व्यवस्था गरिने छ।

५.एक वडा एक पकेट र ब्लक निर्माण गरीने छ र कृषि सामुदायिक केन्द्र स्थापना गरीने छ। कृषि प्राविधिक अनिवार्य वनाउनेछ ।

६.उत्पादनको आधारमा कृषकलाइ अनुदान दिने अनुदान तरकारी फलफुल प्याज लसुन दाल मास मुलाको विउ प्याजको विउ आलु मह र मसलावाली उत्पादन को आधारमा कार्यविधि वनाइ अनुदान दिने व्यस्था मिलाउने।

७. समयमा मल व्यवस्थापन मिलाउने कृषि वीमा अनिवार्य वनाउने, साथै हावाहुरी वाढि पहिरोले खेति नस्ट भयो भने त्यसको क्षतिपुर्ति किसानलाइ गाउँपालिकाले बिमा मार्फत दिलाउने व्यवस्था मिलाईने छ।

८. पालिका भरीका उत्कृष्ट किसान छनौट गरि ११ जनालाई प्रतेक वर्ष सम्मान गरिनेछ।

९. पालिका स्तरको कृषि उपज संकलन,विक्रीवितरण तथा निर्यात केन्द्र संचालन गरिनेछ।

१०. गाउँपालिका स्तरमा चिस्यान केन्द्र निर्माण गर्न संघ तथा प्रदेश सरकार सगँ समन्वय र सहकार्य गरिने छ।

**(ङ) पशुपंक्षि कार्यक्रम**

१. पशु कृषकलाइ व्यवसायिक वनाउन पशुमा नश्ल सुधार कार्यक्रमलाई अगाडी बढाउन हाल पालिका भरि २ वडाका लागि एक पशु प्राविधिक रहने व्यवस्था गरिने छ। कृषकलाई प्रदेश सरकारले घोषणा गरेको दुधमा प्रतिलिटर ५ रूपैया अनुदानमा गाउँपालिका सरकारले दुधमा प्रतिलिटर ३ रुपैया थपगरी जम्मा रु ८ अनुदान दिइने छ।

२. खसि वोका रागा भैसि कुखुरा गाइ आदिको फारम संचालन गरी व्यवसाय गर्ने कृषक लाई अनुदान तथा उत्कृष्ट किसान छनौट गरी पुरस्कार दिने व्यवस्था मिलाउने छ। उत्पादन तथा विक्रिको आधारमा अनुदान व्यवस्था मिलाईने छ। त्यसका लागि गाउँपालिकाले स्पस्ट कार्यविधि निर्माण गर्नेछ।

३. खसी बोका संकलन केन्द्र बनाई त्यसमा चेक जाँच गर्ने व्यवस्था मिलाइ त्यसबाट विक्री वितरण गर्ने व्यवस्था मिलाइने छ। भैसीस्रोत केन्द्रलाइ थप व्यवस्थित बनाउदै लगिने छ।

४. पशुको बीमा तथा औषधीको व्यवस्था गरिनेछ। पशुपालन पकेट क्षेत्र घोषणा गरी प्रभावकारी कार्यन्वयन गरिनेछ।

**(च) सिंचाइ**

१. हाम्रो सानीभेरी गाउँपालिमा नदिको किनारमा रहेका बस्तिमा सजिलै सगँ सिचाई उपलब्ध भएको छ तर माथिको डाँडामा सुक्खा क्षेत्र बढि भएकोले पाखो जमिनलाई प्राथिकता दिई ठुला लिफ्टिङ आयोजना संघ र प्रदेश सरकारको सहयोगमा सम्पन्न नीति लिइने छ,।

२. पुराना निर्माण भएका सिचाई आयोजना तथा नहरहरुलाई मर्मत सम्भार गर्दै लगिनेछ।

३. नदि माथिको गरा सधै हरा भराको निति अवलम्ब गरि कार्यान्वयन गरिनेछ। लिफ्टिङ सिचाईलाई किसानको उत्पादन सगँ जोडेर लैजाने निति लिईने छ ।

४. साना सींचाइ आयोजना,थोपा सिंचाइ प्रविधि,पलास्टिक पोखरी ,रिचार्ज पोखरी लगायतका आधुनिक प्रविधि प्रयोग गरी सिंचाइलाइ थप व्यवस्थित बनाइने छ।

५. भेरीनदी बुकीचौर,भेरीखोला झासल्ला काफलचौर,हासीबाङ सानीभेरी,सानीभेरी नदी गोलचौर,धुर्सुबगर गुमारखोला श्रीचौर झीनचौँर,सानीखोला तजरे आदि लिफ्टिङ तथा नन लिफ्टिङ सिचांई आयोजना काम क्रमशः सम्पन्न गर्दै लगिनेछ।

**(छ)संस्कृति**

१. पालिका स्तरमा एउटा सास्कृतिक सम्मेलन गर्ने, सामाजिक सास्कृतिक रुपान्तार अभियान अन्तर्गत छुवाछुत गर्नेलाई दण्डित गर्ने साथै प्राचिन मठमन्दिरलाई सम्भार गर्ने,परिक्षणको लागि एउटा सङ्गित शिक्षक राखि बालबालिकालाई सङ्गित क्षेत्रमा बालबालिकाको शिक्षण तथा कलाकारिता स्तरमा सुधार ल्याउन प्रयास गर्ने साथै बालबालिकाको आनि बानि संस्कार आदत पहिचान सास्कृतिक शिक्षक अथवा सगिंत शिक्षक मार्फत गरिने छ ।

२. पालिका भरि लाग्ने मेलालाई सरंक्षण र सम्बर्धन गर्ने र व्यवसायीमुखि बनाउदै लगिनेछ।

३. पालिका भरिका उत्कृष्ट कलाकार साथै सानीभेरीमा तथा देशका राष्ट्रिय कलाकार र संगीत माध्यम बाट जनताको सेवा गर्ने कलाकारलाई पालिकाले सम्मान गरिनेछ।

४. पालिका स्तरको कला सास्कृतिक प्रबद्र्धन मंचलाई व्यवस्थित गरेर लगिनेछ।

५. छोटे बगरको युद्ध संग्रालयलाई प्रदेश सरकार सग समन्बयन गरिने छ। युद्ध संग्रालयमा पालिका भरिका सबै शहिदहरुको जिवनी र योगदान झल्््किने खालको बनाइनेछ।

६. सिम्ली बजारमा रहेको शहिद स्मृति भवनलाई पुरा गरि जनयुद्ध र जनआन्दोलन युद्धफिचर झल््किने प्रतिक चिन्हरु राखिने छ ।

**(ज) युवा तथा खेलकुद**

१. हाम्रो युवा शक्ति अध्ययन पुरा गरेर विदेशको बाटो रोज्ने तथा अध्ययन पुरा नगरी बिचैमा विदेश जाने गरेकोले पालिका भरिका युवाहरुलाई व्यवसायिक बन्न विभिन्न उत्प्रेरणका प्याकेजहरु ल्याइनेछ। यवा रोजगारीलाई ध्यानमा राखेर विउपुजीको व्यवस्था गरिनेछ। युवालाई कृषि,उद्योग संग जोडेर अनुदान दिइनेछ। यसका लागि कार्यविधि व्यवस्थित बनाउनेछ।

२. क्रमश एक वडा एक खेलकुद मैदान निर्माण गरिने छ ,पालिका स्तरको बेल्टापु रंगशाला लाई पुरा गर्न सघं र प्रदेश सरकार सँग समन्वयन गरिने छ।

३. खेलकुद शिक्षको व्यवस्थापन गर्न, पालिका स्तरको खेलकुद विकास समितिलाई अधिकार दिईनेछ , पालिका स्तरमा अध्यक्ष कप खेलकुद कार्यक्रम सन्चालन गरिने छ।

४. जनयुद्ध दिवशको अवसरमा फाल्गुन १ गते गुरिल््ला म्याराथनलाइ थप व्यवस्थित गरि सम्पन्न गरिने छ ,पालिकाको उतकृष्ट खेलाडिलाई सम्मान गरिनेछ।राष्ट्रपति रनिङ शिल्डलाई नियमित सन्चालन गरिने छ ।

५. प्रदेश सरकार संग मिलेर एक वटा कवर्डहल निर्माण गरीने छ।

**(ज) महिला तथा बालबालिका**

१. सामाजिक र लैङ्गिक हिंसा निवारण र पुनर्स्थापना कोष स्थापना , टोल र वडाहरुमा महिला समुह, आमा समुह, र सहकारी स्थापना गरी विपन्न र पिछडिएका महिलाहरुलाई प्रवद्र्धन गरिने छ र महिला सँग उपाध्यक्ष कार्यक्रम मार्फत महिलाहरुलाई उद्यमशील, सिपमुलक, व्यवसायिक बनाई , रोजगारी अवसरको पहुँच पुर्याई स्वआयआर्जनमार्फत आत्मनिर्भर बनाउने, श्रोतसाधनमा महिलाहरुको पहुँच बढाउने र लैङ्गिक समानता, मूलप्रवाहीकरण सशक्तिकरणको पक्षमा चेतना बढाउने तथा महिला श्रमिक दिवस लगायत विभिन्न महिला सम्बन्धि आधारभूत कृयाकलाप गरिनेछ।

२. कुपोषणको अवस्थालाई सुधार गर्ने बहुक्षेत्रिय कार्यक्रम मार्फत व्यपस्थित गरिने छ।

३. पालिका भित्र रहेका ११ वटा आमा समुहलाई क्रियाशिल बनाई स्वास्थ्य सम्बन्धी सचेतना कार्यक्रम सन्चालन गरिने छ।

४.पालिका भित्र रहेका महिला शिक्षक,कर्मचारी ,व्यवसासिय महिला पहिचान गरि क्षमता तथा नेत्तत्व विकास गरिने छ।

५.पालिका भित्रका रहेका ४० वर्ष पुगेका तर विहे नगरी बसेका साथै विहे गरेका तर एकल जीवन बिताइरहेका असाहय तथा विपन्न महिलालाई सामाजिक सुरक्षा भत्ताको दायरमा ल्याईने छ

६.पैतृक सम्पत्तिमा समान अधिकार स्थापित गर्ने, महिला सशक्तिकरणको लागि आर्थिक उत्पादन र नेतृत्व बिकास गर्ने तथा छोरीलाई अशं दिनेलाई पालिका स्तरमा सम्मान गरिने छ।

**(झ) बाल संरक्षणरबालमैत्री स्थानीय शासनः**

१. सानीभेरी गाउँपालिकामा बालबालिका सम्बन्धी प्रोफाइल तथा कार्ययोजना निर्माण गरी कार्यन्वयन गरिनेछ।

२. बालवालिका सम्वन्धी संगठन संरचनागत बिकास र शसक्तिकरण, जनचेतना र कानूनी प्रक्रियामा जोड, बालमैत्री स्थानीय शासन घोषणाको तयारी गरिने छ।

३. बाल उद्दार, अनाथ टुहुरा संरक्षण बिहिन बालवालिकाको पहिचान गरी बिशेष सामाजिक सुरक्षा भत्ता र शैक्षिक सामाग्री बितरण गरिने छ।

५. बिद्यालयमा छात्रा मैत्री बातावरणको लागी छात्रा मैत्री शौचालय र सेनिटरी प्याडको ब्यवस्था गरिने छ।

७. बाल विवाह नियन्त्रण गर्नका गि जनचेतनामुलक कार्यक्रम गरिने छ।

**(ञ) आदिवासी जनजातिः**

१.जनजाती हरुको धर्म, संस्कृति, भाषा, संस्कार र पहिचा तथा हकहित लाई  संरक्षण र प्रवद्र्धन गरिने छ।

२. अति बिपन्न असाहय जनजातिलाई आर्थिक सहयोग र सवै जनजातिहरुलाई सुधारियको चुलो वितरण गरिने छ।

**(ट) दलित विकास**

१. दलितका संवैधानिक हक तथा कानूनी व्यवस्थाले निर्धारण गरेका सेवा सुविधाहरु र जातीय छुवाछुत अपराध कसुर सजाय ऐन, २०६८ लाई पूर्ण रुपले लागु गरिने छ।

२.सामन्ती अर्थप्रणाली अन्तर्गत दलित समुदायमा रहेको बालिघरे विष्ट प्रथाको अन्त्य गरि विकल्प स्वरुप ज्यालादर निर्धारण गरेर दलितका मौलिक सीप, कलाहरुलाई आधुनिकिकरण र व्यवसायीकरण गरिनेछ।

३.अति विपन्न दलित पहिचान गरि क्रमश आवाशिय भवन ,शिप मुलका तालिम तथा आयआर्जनको कार्यक्रम लागु गरिने छ।

४.दलित समुदायमका बिपन्न असाहय छात्र(छात्राहरुको पहिचान गरी प्राविधिक शिक्षा प्रदान गरिनेछ।

**(ठ) जेष्ठ नागरिक संरक्षण र सम्मान कार्यक्रम**

१.जेष्ठ नागरिकहरुलाई सम्मानपूर्ण जीवन जिउन परिवारिक ब्यवहार परिवर्तन र जेष्ठ नागरिक दिवा  केन्द्र स्थापना गरिने तथा अनुभव पुस्तान्तरण गरिने छ।

२. अति बिपन्न असाहय संरक्षण बिहिन जेष्ठ नागरिकहरुको पहिचान गरी आवास, खाद्य र कपासको ब्यवस्था गरिने छ।

३. जेष्ठ नागरिकको सामाजिक सुरक्षा भत्ता वितरण गर्दा अपाङ्गता भएका जेष्ठ नागरिकहरुलाई बैङ्क सग समन्वयन गरि सहज गरिने छ।

**(ड) शहिद परिवारहरु र घाईतेहरुलाई सम्मानः**

१.जनयुद्ध र जनआन्दोलनका शहिद परिवारहरु र घाईतेहरुलाई सम्मान, संरक्षण र प्रवद्र्धन गरिने छ।

२. घाइते तथा अपाङ्ग हरुको अवस्था हेरी अपाङ्ग परिचयपत्र प्रदान गरी उपचारमा आर्थिक सहयोग गरिने छ।

३. अतिविपन्न शहिद परिवार र घाईतेहरुलाई सिपमुलक तालिम र आयआर्जन गर्न आर्थिक अनुदानमा सहयोग गरिने छ।

४. शहिदहरुको संझनामा युद्ध संग्रालय, शहिद स्मृति भवन, शहिद गेट, प्रतिक्षलय र स्मारक क्रमश निर्माण गरिने छ।

५. शहिद स्मृति प्रतिष्ठानलाई व्यबस्थित गरिने छ।

६.जनयुद्धका घाइते तथा शहिद परिवारका छोराछोरीका लागि अध्ययन सहायताको व्यवस्था गरिने छ।

७. घाईते तथा अपांग पूनस्थापना केन्द्र निर्माण गरी सिपमुलक कार्यक्रम संचालन गरीने छ।

**ढ) पर्यटन**

१. गाउँपालिकाको पर्यटन रणनीति योजनालाई ध्यान दिएर प्राकृतिक, धार्मिक, ऐतिहासिक र कृषि पर्यटन गन्तव्यको एकिकृत पूर्वाधारको विकास गरी गाउँपालिकामा एक गनतव्य स्थान छनौट गरिने छ।

२. पर्यटन तथा उद्योग पर्यटनको प्रतिफल गाउँ(गाउँमा पुर्याउन नयाँ पर्यटकीय गन्तब्यको पहिचान, पर्यटकीय पदमार्गको विस्तार र होमस्टे लगायत पर्यटन मैत्री वस्तु उत्पादन गरी आयआर्जनमा टेवा पुर्याइने छ।

३. गाउँपालिकामा पर्यटक आकर्षण गर्ने स्थानको फोटो र अन्य सौन्दर्य र सुविधा जानकारीको लागि प्रचार प्रसार गरिने छ।

४. पर्यटकका लागि गुणस्तरिय होटल, रेस्टुरेण्ट र लज स्थापना गर्न विभिन्न सुविधा सहित नीजि क्षेत्रलाई आकर्षित गरिनेछ।

५. ऐतिहासिक पर्यटन क्षेत्रहरु प्रवद्र्धन गर्न मौराखारा गुरिल्ला युद्ध पुर्बाधार, छोटेवगरमा युद्ध संग्रहालय निर्माण, जनयुद्धको तयारी गरेको दुली सार्दुल्ला घरको संरक्षण, जनमुक्ति सेनाले तालिम गरेका लोपउन्मुख अवशेषहरु हरुलाई क्रमश योजनाबद्ध तरिका संरक्षण गरिने छ।

६. रिम्ना दोभानमा धार्मिक पर्यटनको लागि म्एच् अनुसार भौतिक पुर्वाधार बिकास गरी ट्रिएङ्गल झोलुङगे पुलको निर्माणको म्एच् गरिनेछ।

७. नमुना होम स्टे गाउँ घोषणा गरी पर्यटक आकर्षण गर्ने नीति लिइनेछ। सानीभेरी नदीमा ्याफ्टिङ संचालन गरिनेछ। युद्ध पर्यटन,प्यारागलाइडिङ,च्यअप अष्mिदष्लन लागि साम्भव्यता अध्ययन गरिनेछ।

८. सम्भाब्यता अध्यन गरी पालिका स्तरमा एक वटा पिक्नीक पार्क निर्माण गरीने छ।

**(ण) सहकारी क्षेत्र**

१. गाउँपालिकामा सहकारीहरुको एकिन तथ्याङ्क सङ्कलन गरी समस्या र समाधानका उपाय खोजिने ,उत्पादन,श्रम,वित्तिय सहकारी हरुलाई मापदण्ड अनुसार सन्चालन गर्न पालिका स्तरमा सहकारी कार्यालय स्थापना गर्ने र सहकारी कार्यालय मार्फत तालिम ,अनुगमन तथा नियमण गरिने छ।

२. प्रत्येक वडामा गठन भएका श्रम सहकारीलाई व्यवस्थित बनाई विकास निर्माणका काम गरिने छ।

३. सहकारी संस्थाहरुले कृषिजन्य उत्पादन र सेवामूलक कामलाई पहिलो प्राथमिक्ता दिएर राम्रो काम गर्ने सहकारी संस्थालाई प्रगतिको आधारमा अनुदान प्रदान तथा सम्मान गरिने छ।

४. महिला सहकारी, बचत तथा ऋण सहकारी, साना किसान सहकारी, शहिद परिवार घाईते अपाङ्ग आयआर्जन कृषि समुह संस्थाहरुलाई सशक्तिकरण गर्दै कृषि कार्यलाई योगदान गर्नेगरी अनुदानको व्यवस्था गरीने छ।

५. सहकारी ,वैंक तथा वित्तिय संस्थाहरुको नियमनलाई प्रभावकारी बनाइनेछ।

६. सहकारी मार्फत सस्तो संचालनलाई अभ्यासको रुपमा अगाडि बढाइनेछ।

**(प)लघु उद्योग**

१.सानीभेरी गाँउपालिकाको लघु उद्यम प्रबद्र्धन रणनीतिक योजना अनुसार लक्षित वर्ग गरिबीको रेखामुनि रहेका आर्थिक रूपले विपन्न र सीमान्तकृत समुहलाई लघु उद्यम विकासको माध्यमबाट रोजगारी अवसरको सिर्जना र आयस्तर वृद्धि गरिने छ।

२. स्थानीय तहमै उपलब्ध हुने स्रोत साधनको अधिकतम उपयोग गरी मागमा आधारित उत्पादन तथा सेवाहरूको विकासद्वारा गरिबी न्यूनिकरण गरिने छ।

३. स्थानीय सीप र स्रोतको उपयोग गर्न, युवा रोजगार सिर्जना गर्न उपलब्ध स्रोत साधन र पर्यटकीय संभावनाका अवसरहरु खोजी गरिने छ।

४.गाउँपालिकामा गार्मेन्ट उद्योग र अन्य निजि लगानिका साना उद्यमीहरुलाई प्रविधि र अनुदानले स्तर बृद्धी गरिने छ।

५.मसला संकलन र प्रशोधन केन्द्र निर्माण र सञ्चालन गर्ने, फलफूल र तरकारी पकेट क्षेत्रवाट उतपादित वस्तुलाई प्रशोधन गर्न साना उद्योग निर्माण र सञ्चालन गरिने छ।

६.सहकारी ,वैंक तथा वित्तिय संस्थाहरुको नियमनलाई प्रभावकारी बनाइनेछ।

७.सहकारी मार्फत सस्तो संचालनलाई अभ्यासको रुपमा अगाडि बढाइनेछ।

८. सानीभेरी गाउँपालिका वडा नं. ३ को बैंरेनीतरालाई संघ र प्रदेश सरकार संग समन्वय गरी निर्माण गरीने छ।

**(फ) सडक संजाल विकास निर्माण र स्तरवृद्धिः**

१.गाउँपालिकामा मध्यपहाडी लोकमार्ग, क्षेत्रीय सडक र कृर्षी सडक गरी तीन प्रकारका सडक सञ्जालले गाउँपालिका केन्द्र देखि वडा कार्यालय सम्म, वडा कार्यालय देखि टोलसम्म नालिको निकास सहित एक वडा एक हरित सडक निर्माण र स्तरवृद्धी गरी सबै सडकहरुलाई १२ महिना सूचारु गरिनेछ। स्यालाखोला वडा कार्यालय कालिका डलसिङगे लामडाँडा जोगीनेटा,घुइटे पोखरी ,चाइनाबगर पत्रैया बुकीचौर कोटजहारी,जैदाने पाखेरोल ,सीम्ली मंगरराङजा घरेली उदीनढङगा,सर्पाचौर चाख्लेमेला राम्री टुरा बाधापानी,भलाचौर तिमिले,घन्ठाना चिन्तु,गिठाकोट वसनडाडा चाइनावगर,जुम्लेपोखरी काँडा बागखोर लगायताका कृषि सडकको स्तर उन्नति गरिने छ।

२. अर्मा पाथिहाल्न सिम्ली पेदी बजार,सल्लीचौर घापागार हाँसु पोखरी क्षेत्रिय सडक र रिम्ना गाराघाट क्षेत्रिय सडक निर्माण र स्तर बृद्धी गरी गाउँपालिकालाई समृद्ध बनाइने छ।

३.सर्पाचौर चाखिलमेला बाधापानी मौराखारा टुरा पर्यटकिय सडक र बेलटापु भलाचौर कमैदे मौराखा पर्यटकीय सडकले गाउँपालिकाको बहु चर्चित मौराखारा गुरिल्ला म्याराथन कार्यक्रमलाई सहज मात्र हैन मौराखाराको जैविक बिविधता र पाकृतिक सुन्दरताको सुगम सेवा लिएर अध्ययन गर्ने वातावरण बनाईने छ।

४.माथि उल्लेखित सडक हरु संघ तथा प्रदेश सरकार सगँ समन्वयन गरि पुरा गरिने छ।

**(ब) सहरी तथा बस्ति विकास**

१. सहरी तथा बस्ती विकास भवन संहिता मापदण्डको आधारमा गाउँपालिकामा सिम्ली, पेदीबजार, चाइनावगर, गिठाकोट जिउला, बलिवाङ्ग, काफलवोट, बागखोर, फुक्रु जिउला लगायतका क्षेत्रहरुमा शहरी तथा वस्ती विकास सघं तथा प्रदेश सरकार सगँ समन्वयन गरि क्रमश गरिने छ।

२. गाउपालिका स्तर का ग्रामिण बजारहरुमा प्रतिक्षालय,सडक वत्ति तथा सडक किनारामा वृक्षारोपण गरिने छ।

३. गाउँपालिका प्रशासकीय भवन र यस वर्ष वडा नं। ५, ८ र १० तथा बाकि वडाहरुको क्रमागत निर्माण गरिने छ भने वडा कार्यलयहरुको जग्गा प्रप्तिको प्राथमिकताको आधारमा भवन निर्माण गरिने छ।

४. संघ र प्रदेश सरकार संग साझेदारी गरी खरको छानामा बसोवास गरि जिवन जोखिममा रहेका जनताको पहिचान गरी दुई वर्ष भित्र खरको छाना मुक्त गर्दै अतिबिपन्न सहारा विहिन जनताको जनता आवास बाट घर निर्माण गरिने छ।

५. गाउँपालिका अस्पत्तालको आधुनिक भवन निर्माणाको प्रकृयामा छ, स्वास्थ्य चौकीहरु, आधारभुत स्वास्थ्य सेवा केन्द्रहरु, खोप केन्द्रहरुको केही पक्की भवन निर्माण भएको र कच्ची भवन मुक्तगरी समग्र स्वास्थ्य क्षेत्रमा बिरामी मैत्री दिगो गुनस्तर सेवा र अनलाइन रिपोर्ट दिने गरि पक्की भवन निर्माण गरिने छ।

६. जनयुद्ध र जनआन्दोलनका शहिदहरुको सम्झना स्वरुप शहिद स्मृति भवन, युद्ध संग्राहलय, शहिद गेट र शहिद स्मारक निर्माणगरी सवै महान शहिदहरुलाई सम्मान गरिने छ।

७. सवै वडा कार्यालयका भवनहरु क्रमश सम्पन्न गर्दै लगिनेछ।

**(भ) उर्जा तथा साना जलविद्युत**

१. गाउँपालिकामा साना जलविद्युत आयोजनाहरुलाई मर्मत सम्भारको लागी अनुदानको व्यव्स्था गरिने छ।

२. उज्यालोमा वस्न पाउने जनताको माग अनुसार गाउँपालिकामा सवै वडा तथा टोलहरुलाई पूर्णरुपले दुई वर्ष भित्र बिधुति करण गरिनेछ।

३. राष्ट्रिय ग्रामिण तथा नवीकरणीय उर्जाको सशर्त अनुदान कार्यक्रमको कार्यविधि, माग र आवस्यक्ताको आधारमा प्रभावकारी ढंगले कार्यन्वयण गरीने छ।

४. जिल्ला विद्युत वितरण केन्द्रबाट गाउँपालिकामा हुने ठेक्कालाई अनुगमण गरि विद्युतिय मापदण्डका आधारमा सेवा विस्तार गरिने छ।

५. केन्द्र सरकारको विद्युतिय चुलो अनुदान कार्यक्रमलाई मापदण्डको आधारमा गाउँपालिकामा कार्यन्वयण गरिने छ।

**(म) सूचना सञ्चार र प्रविधि**

१. गाँउपालिकामा दूरसञ्चारले निर्माण गरेका टेलिकम टावर वडा नं। ४ टुरा र वडा नं.११ अर्मा सानोलेख वडा नं ६ दुलीको छहरालेखमा निर्माण भई संचालनमा आएकोले फोन र द्धन्त्रछन् सेवा विस्तार तथा प्रभावकारी बनाइने छ।

२. वडा नं ३ अध्याचौर र वडा नं २ को भलाटाकुरीमा टेलिकम टावर निर्माण गरी सिम्ली(पेदी देखी बलिवाङ(चाइनावगर सम्मको क्षेत्रलाई सूचाना(सञ्चारको पहुच बृद्धी गरिने छ।

३. गाउँपालिका कार्यालय र सबै वडा कार्यालय तथा सरकारी र विषयगत कार्यालयहरु, सवै शिक्षा र स्वस्थ्य संस्थाहरुमा द्रुत गतिको अप्टिकल फाईवर इन्टरनेटर वाइफाई जडानगरी त्यस क्षेत्रलाई प्रविधि मैत्रि बनाईने छ।

४. गाउँपालिका भित्रको समग्र कामको प्रचार, निगरानी र जनताको हितमा परिचालन गर्दै आएको सामुदायिक रेडियो मौराखारा एफ।एम। लाई स्तरवृद्धि गर्ने, समयानुकुल आधुनिकिकरण गरिदै लगिनेछ र एक वडा एक पत्रकार उत्पादन गरी गाउँपालिकाको सुशासन र प्रचारलाई ब्यवस्थित गरिने छ।

५. पत्रकार र पत्रकारिता क्षेत्रको महत्वलाई ध्यानमा राखि पत्रकारिता पुरस्कार व्यवस्था गरिने छ।

६. जिल्लामा भएका पत्रकारहरु सगँ समन्वयन तथा सहकार्य गरेर जाने नीति लिइनेछ।

७. गाउँपालिकामा अप्टिकल फाईवरको पहल गरी अप्टिकल फाईबरलाई वडा कार्यालय सम्म पहुच विस्तार गरिने छ।

८. सूचना प्रविधिको तिब्र परिवर्तनलाई मध्यनजर गर्दै गाउँपालिकालाई केन्द्रमा राखी विभिन्न सफ्टवेर प्रणालीको विकास गरी सबै कार्यालय तथा विद्यालयहरुको व्यवस्थापकीय पक्षलाई एकिकृत गरि प्रविधि मैत्री बनाईने छ। जसको लागी गाउँपालिकाबाट ईन्टरनेटको ब्यवस्था गरिने छ।

९. गाउँपालिको विकास निर्माणका योजनालाई पारदर्शी बनाउन रु तीन लाख भन्दा माथिका योजनाहरुको सार्वजनिक लेखा परिक्षण गर्ने व्यवस्था मिलाइनेछ।

**(य) वन तथा भुसंरक्षण**

१. गाउँपालिकामा सामुदायिक वनको संरक्षण र उपयोग नीति अनुसार वन, जङ्गल, वन्यजन्तु, चराचुरुङ्गी, जल उपयोग, वातावरण, पर्यावरण तथा जैविक विविधता सम्बन्धी योजना निर्माण गरी कार्यान्वयन गरिनेछ।

२.गाउँपालिकामा सामुदायिक वन र जलवायु परिवर्तन अनुकुलित कार्यक्रम गरिने छ।

३. गाउँपालिकामा प्रदुषण नियन्त्रण, हरीयाली प्रर्वद्धन र फोहोर मैला व्यवस्थापनको लागि स्वच्छ वातावरण अभियान चलाइनेछ।

४. वन सम्पदा र प्राकृतिक श्रोत साधनमाथि समुदायको अग्राधिकारलाई सुनिश्चित गरी सामुदायिक वन उपभोक्त समूहहरुलाई सवलीकरण गरिने छ।

५. मौराखारालाई जैविक विविधता संरक्षण का लागि संघ सरकार तथा प्रदेश सरकार सगँ गरिनेछ।

६. गाउँपालिका भित्रका सवै वन उपभोक्ता समितिहलाई गठन पुनगठन सार्बजनिक लेखा परिक्षण गर्नका लागि एक जना वन सहजकर्ताको ब्यवस्थापन गरिने छ।

७. मध्यपहाडी सडक, क्षेत्रिय सडक र वडाका कृषि सडकहरु तथा सानीभेरी र भेरी नदी फाँट वारीपारीको सार्वजनिक जमिनमा बृक्षारोपन तथा संरक्षण गरिने छ।

८. सामुदायिक वनमा आगलागी नियन्त्रण गर्नका लागि उपभोक्ता तथा वन(उपभोक्ता समितिलाई बढि जिम्मेवारी बनाईने छ र आगलागि गर्नेलाई पहिचान गरि कानुन बमोजिम कारवाही गरिने छ।

९. सानीभेरी र भेरी नदी फाँट, मध्यपहाडी, क्षेत्रिय र कृषि सडक संग जोडिएका सार्वजनिक जमिनको संरक्षण र सरकारी कार्यालयको संस्थागत प्रयोग गरिने छ।

**(र) जलाधार संरक्षण**

१.गाउँपालिकामा जलाधार व्यवस्थापन, पानी मुहान र भूसंरक्षण, सामुदायिक अनुकूलन खानी तथा खनिज पदार्थको संरक्षण, ढुंगा, गिट्टी, बालुवा, माटो तथा खानीजन्य वस्तु अन्वेषण, उत्खनन, संरक्षण, उपयोग र व्यवस्थापन गरिने छ।

२. सानभेरी तथा ठुलिभेरी नदि किनार मा नदि कटान रोकाथामका लागि वृक्षारोपण र तटबन्धनको व्यवस्थापन गरिने छ।

३. सिमसार क्षेत्रको पहिचान गरि संरक्षण गरिने छ।

**(ल) जलवायु परिवर्तन**

१. संघीय र प्रदेश सरकार, सामाजिक संघसंस्थाहरु संग साझेदारी गरी जलवायु परिवर्तनको असरलाई न्यूनीकरण गर्न स्वच्छ, हराभर र प्रदूषणमुक्त गरी जैविक विविधता तथा जलवायु परिवर्तन अनुकूलनका कार्यक्रमहरू सञ्चालन गरिनेछ।

**(व) सरसफाई तथा फोहोर व्यवस्थापन**

१. फोहर ब्यवस्थापन समवन्धी रणनीति योजना निर्माण गरी सरकारी, निजि क्षेत्र तथा बजार ब्यवस्थापन समितिको संलग्नतामा गाउँपालिका भित्र बजार उन्मुख क्षेत्रहरुमा सरसफाई तथा फोहर ब्यवस्थापन गरिनेछ।

२. वातावरणीय जोखिम न्यूनीकरण, प्रदूषण नियन्त्रण र हानिकारक पदार्थहरुको नियमन तथा व्यवस्थापन गर्ने नीतिभित्र रही फोहरमैला व्यवस्थापनको लागि गाउँपालिका स्तरमा डम्पिङ साइडको लागि सम्भाव्वयता अध्यन गरि तुरुन्त कार्यान्वयन गरिने छ।

३. सफा घर आगन तथा टोल सरसफाईको लागि वडाका टोल छनौट गरि सरसफाई युक्त टोल र वडा घोषणा गर्दै जाने।

४. सार्बजनिक स्थान जति सक्यौ सफा सुन्दर बनाई सानीभेरीको सुन्दरताको पहिचान दिईने छ।

**(श) विपद् व्यवस्थापन**

१. गाउँपालिकामा विपद् व्यवस्थापन सम्वन्धि कानून निर्माण गरी सोहि बमोजिम नीति र मापदण्ड अनुसार योजना निर्माणगरी कार्यान्वयन र अनुगमन गरिनेछ।

२. गाउँपालिकामा विपद व्यवस्थापन समिति गठन, विपद् पूर्व तयारी तथा बिपद प्रतिकार्य योजना, निर्माण गरी सरकारी तथा गैरसरकारी, सामाजिक संघ संस्थाहरु र स्वयंसेवक भावनामा प्रेरित युवा जनशक्तिलाई परिचालन गर्नेका लागि स्काउट र स्वयसेवक परिचालन गरिनेछ।

३.गाउँपालिकमा आइपर्ने बिभिन्न खाले रोग र प्रकृतिक जन्य बिपदको प्रतिकार्य गरी जनताको जिउ धनको सुरक्षा गर्दै विपदजन्य प्रकोप नियन्त्रण, राहत र उद्धार व्यवस्थापन गर्न बिपद कोषलाई ब्यवस्थित गरिने छ।

४.विपदको समयमा राज्यका विभिन्न समयन्त्रहरु सग समन्वयन गरि व्यवस्थापन तथा नियन्त्रण गरिने छ।

**(ष) मानव संसाधन व्यवस्थापन**

१.गाँउपालिका सेवाको व्यवस्थापन सम्वन्धी नीति र कानून बमोजिम स्थानीय तहको संगठन संरचना तथा दरबन्दी निर्धारण गरिनेछ।

२.स्थानीय सेवाको व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको उपयोग, प्रवद्र्धन र नियमन गर्दै जनप्रतिनिधि र कर्मचारीहरुले सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागिता मूलक बनाइने छ।

३.गाउँपालिका कार्यालय, बिषयगत शाखा तथा शाखा कार्यालयहरु र वडा कार्यालयका स्थायी तथा करार कर्मचारीहरुलाई क्षमता अभिवृद्धी र राम्रो काम गर्नेलाई प्रोत्साहान गरिने छ।

४.गाउँपालिका अन्तरगत बिभिन्न क्षेत्रहरुमा गाउँपालिका अनुदानका करार कर्मचारीहरुलाई गुणस्तरीय सेवा प्रवहा, जिम्मेवारी र जवाफदेही मुल्याङ्कणको आधारमा ताजकिकरण गरिने छ।

५.सबै क्षेत्रका सवै कर्मचारी तथा शिक्षकहरुलाई गुणस्तरीय सेवा प्रदान, अनुभवको आदन(प्रदान र ताजकिकरणको लागि कानून सम्वत सरुवारकाज सरुवारपद स्थापना गरिने छ।

**(स) गाउँपालिका सरकार सुशासन तथा संस्थागत क्षमता विकास**

१. सानीभेरी गाँउपालिकामा सुशासन तथा संस्थागत क्षमता विकासको कार्ययोजना निर्माण गरी आम नागरिकको हित र सन्तुष्टि सर्वोपरी ठानी कार्य सम्पादन गरिने छ।

२.गाउँपालिका सरकारले प्रतिवद्धता अनुसार कार्यसम्पादन गर्ने, जनताको शान्ति सुरक्षा, संरक्षण र न्याय सम्पादन गर्ने, भ्रष्टाचार बिरुद्ध र सदाचारको पक्षमा सुशासन कायम गरी नेतृत्व बिकास गर्न बिभिन्न तालिम, साधन स्रोत र प्रविधियुक्त ई-गभर्नेस बनाइने छ।

४.जनताको माग र गुनासो सामाधान गर्न जहाँ काम त्यहा प्रशासन, जसको प्रश्न उसकै जवाफ भन्ने मान्यतामा आधारित प्रत्यक्ष उत्तरदायित्व सुनिश्चित गर्न दक्ष जनशक्ति व्यवस्थापन गरी परिचालन गरिनेछ। कार्यरत सवै कर्मचारीका लागि पोषाको व्यवस्था गरिनेछ।

**(ह) न्यायिक समिति**

१. नेपालको संविधान र स्थानीय सरकार संचालन ऐन,२०७४ ले न्यायिक समितिलाई दिएको अधिकार सिमाभित्र गाउँपालिकाको कानून बमोजिम उजुरीको कारवाही र किनारा गर्दा अपनाउनुपर्ने कानूनको आधारमा स्पष्टता, एकरूपता एवं पारदर्शिता कायम गरी कानूनको शासन तथा न्याय प्रतिको जनविश्वास कायम र वडा मेलमिलाप केन्द्रका मेलमिलाप कर्ताहरुलाई न्यायीक अभ्यास गर्न क्षमता अभिवृद्धी गरिने छ।

**(क्ष) राजस्व परिचालन**

१. गाउँपालिकामा राजस्व नियन्त्रण, संकलन र बाँडफाँड, प्राकृतिक स्रोत साधन र व्यवसायिक कर, पुर्वाधार सेवा र उपयोगमा सेवा शुल्क दस्तुर सम्बन्धी सबै आर्थिक कृयापकलाप हरुलाई करको दायरमा ल्याई राजस्वको दायरा फराकिलो गरी राजस्व परिचालन समिति मार्फत व्यवस्थित गरिनेछ।

२.करका दरहरु मात्र नबढाई करको दायरा बढाइने छ। सबै नागरिकलाई हामीले तिरेको कर हाम्रै विकासका लागि हो भन्ने भावनाको विकास गरिने छ। नागरिकता वाफत लिइदै आएको सिफारिस र सामाजिक सुरक्षा वाफत लिइने शुल्कलाई निशुल्क बनाइनेछ।

३. आर्थिक कृयापकलापको विस्तारमा सहयोग पुग्ने गरी कर प्रणालीलाई लगानी मैत्री बनाई उत्पादनमूलक उद्योग तथा व्यवसाय प्रवद्र्धन गर्ने, करको संरचना र करका दरहरूमा समय सापेक्ष सुधार गरी कर प्रणालिलाई प्रगतिशील वनाइने छ। करका दरमा सामान्य हेरफेर गरिनेछ।

**(त्र) सेवा प्रवाहमा विद्युतीय सुचना प्रविधिको प्रयोग**

१. सेवा प्रवाहमा विद्युतिय सूचना प्रविधिको प्रयोग गर्दा गाउँपालिकाले नीति, ऐन, कानून लगायत सम्मपूर्ण निर्णयहरु जनतालाई जानकारी गर्न वेबसाईटको राजपत्र, नागरिक वडापत्र, डिजिटल सूचना पार्टीलाई थप सुधार र बिकास गरिने छ।

२. गाँउपालिका, शाखा र वडा कार्यालयहरु, सवै विध्यालयहरु, अस्पत्ताल र सवै आधारभुत स्वस्थ्य सेवा केन्द्रहरुमा डिजिटल हाँजरी तथा अनलाइन सेवाको प्रयोग र विस्तार गरी प्रभावकारी कार्यान्वयन गर्दै डिजिटल उन्मुख गाँउपालिका बनाउने लक्ष कार्यन्वयण गरिने छ।

३. गाउँपालिका तथा मातहतका कार्यालयहरुबाट प्रवाह हुने सेवालाई प्रभावकारी गर्न अनलाईन सिस्टमको विकास गरी सेवा प्रवाह गरिनेछ।

४. सानीभेरी गाउपालिका भित्र हुने टेन्डर लगायत खरीद प्रणालीलाई ब्यवस्थित गर्न अन लाईन सिस्टमको प्रयोगरी व्यवस्थित गरीने छ।

**(ज्ञ)। नागरीक सन्तुष्टी सर्वेक्षण**

१. सानीभेरी गाँउपालिका जनताको सरकार भएकोले राज्यको श्रोत साधनलाई अत्यधिक नागरिक हितमा प्रयोग गर्ने र जनशक्ति वाट गरिने सेवाप्रवाहका सम्पूर्ण कामप्रति नागरिकहरुको सन्तुष्टि र असन्तुष्टि के छ यसलाइ संस्थागत व्यवस्थापन गर्न आवश्यक संरचना, जनशक्ति र कार्याक्रिम तय गरि जनतावाट सुझाव लिएर प्रभावकारी सेवा गरीने छ।

**(क)सुरक्षा**

१. गाँउपालिकाले नगर प्रहरी वारे निर्देशन, नियन्त्रण, प्रभावकारी परिचालन र भरन पोषणमा सुविधा वृद्धि गरिने छ। संघीय, प्रदेश र स्थानीय कानूनको आधारमा नगर प्रहरीको कमाण्ड बिस्तार, सञ्चालन तथा व्यवस्थापन र नियमन गरिनेछ।

२. कानूनको आधारमा नगर प्रहरीले आफनो कर्तव्य पुरा गर्दै सवै प्रकारका गैरकानून कृयकलाप नियन्त्रण गर्ने छ।

३.जिल्ला प्रशासन कार्यालय, जिल््ला प्रहरी कार्यालय लगायत जिल्ला स्थित सवै सुरक्षाका निकायहरु र स्थानिय प्रहरीचौकीहरु संग आपसि समन्वय र सहकार्य, सुरक्षा लगायत आवश्यक समग्री विषयमा साझेदारी गरी जनताहरुलाई प्रभावकारी सेवा प्रवाह गरिनेछ।

**(ख) सरकारी तथा गैर सरकारी संस्थाहरु**

१.आशा प्रोजेक्ट कार्यक्रम, कृषिक्षेत्र बिकास कार्यक्रम, सुआहारा र स्वास्थ्य सक्षम प्रणाली कार्यक्रम, बहुक्षेत्रीय पोषण योजना कार्याक्रम, गरीबी संग विश्वेस्वर कार्यक्रम, लगायत यसक्षेत्रमा कामगर्ने सामाजिक संघ संस्थाहरु संग समन्वय, सहकार्य, साझेदारी गरी जनतामा बिकास र समृद्धिको लागि लगानी भित्राइने छ।

**(ग) रोजगार कार्यक्रम**

१.संघीय सरकारको प्रधानमन्त्री रोजगार कार्यक्रम र प्रदेश सरकाको मुख्यमन्त्री रोजगार कार्यक्रम संग गाउँपालिकाले साझेदारी गरी रोजगार सिर्जना बाट ब्यरोजगार लाई न्युनिकरण गरिने छ।

२.बेरोजगारहरुको सूची तयार गरी रोजगार लक्षित उत्पादनका कार्यक्रम, सीपमूलक तालीम,कृषक सहकार्य समुह गठन गरि सहुलियत ऋणको व्यवस्थाको लागि गाउँपालिकाले बैङ्क सगँ सहजीकरण गर्नेछ।

३.रोजगार कार्यक्रमलाई गाउँपालिकाको उत्पादन सगँ साझेदारी गरेर लैजाने छ।

अन्त्यमा प्रस्तुत नीति तथा कार्यक्रम तर्जुमा गर्न महत्वपुर्ण सुझाव दिनु हुने सम्पुर्णमा हार्दिक हार्दिक आभार प्रकट गर्न चाहान्छु।

धन्यवाद।

**प्रस्तुतकर्ता**
**बिर्ख बहादुर विष्ट**
**गाउँपालिका अध्यक्ष**

# सानीभेरी गाउँपालिकाको शैक्षिक सुधार कार्यदलको प्रतिवेदन-२०७९

**(क)पृष्ठभुमिः**

कर्णाली प्रदेश अन्तर्गत रुकुम(पश्चिम) जिल्लाको सानीभेरी गाउँपालिका १३३.८० वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको छ। यस गाउँपालिकाको केन्द्र सानीभेरी नदीको किनार सिम्लीमा अवस्थित रहेको छ।यस गाउँपालिकामा साबिकका सिम्ली,गरायला,अर्मा,दुली(वडा नं.१-३ र ७-९) र पुर्तिमकाँडा(वडा न.१-३ र ६-८) गाविसहरु रहेका छन।सानीभेरी गाउँपालिकाको डिजिटल प्रोफाइल, २०७८ अनुसार यस गाउँपालिकाको घरधुरी संख्या ५,२७७, कुल जनसंख्या २७२३७, पुरुषको जनसंख्या १४,०१४ र महिलाको जनसंख्या १३,२२३रहेको छ। सानीभेरी गाउँपालिकामा जम्मा ११ वटा वडाहरु रहेका छन।यस गाउँपालिकाको सिमाना पूर्वमा मुसीकोट नगरपालिका र बाँफिकोट गाउँपालिका, पश्चिममा जाजरकोट जिल्ला, उत्तरमा आठबिसकोट नगरपालिका र दक्षिणमा चौरजहारी नगरपालिका रहेको छ।नेपाल सरकारको २०७३ फागुन २७ गतेको निर्णयानुसार सानीभेरी गाउँपालिका विधिवत रुपमा २०७३ चैत्र ९ गते स्थापना भएको हो।पहिलो निर्वाचित जनप्रतिनिधिहरुको कार्यकाल मिति २०७९ जेठ ५ गते समाप्त भई स्थानीय तह निर्वाचन २०७९ वैषाख ३० गते सम्पन्न भई मिति २०७९ जेठ ६ गते देखि लागू हुने गरी दोस्रो कार्यकालका लागि नयाँ जनप्रतिनिधिहरुले आफ्नो जिम्मेवारी सम्हालिसकेका छन।नयाँ जनप्रतिनिधिहरुले आफ्नो कार्यकालमा शिक्षा क्षेत्रमा नयाँ र नवप्रवर्द्धनात्मक कार्य गर्नका साथै सानीभेरी गाउँपालिकाको शैक्षिक क्षेत्रमा सुधार गर्नका साथै आर्थिक वर्ष २०७९/८० देखि लागू हुने गरी ठोस कार्ययोजना प्रस्तुत गर्नका लागि गाउँ कार्यपालिकाको मिति २०७९ जेठ १५ गतेको बैठकको निर्णयानुसार शाखा अधिकृत श्री भूपाल सिं विष्टको संयोजकत्वमा शैक्षिक सुधार कार्यदल गठन भएकोले उक्त कार्यदल द्वारा सम्वद्ध सरोकारवालाहरु सँगको व्यापक छलफल, विद्यालयहरुको निरीक्षण, अनुगमन, स्थलगत भ्रमण तथा विभिन्न शैक्षिक सिद्धान्तहरुको समालोचनात्मक चिन्तन र अध्ययन पश्चात विस्तृत विश्लेषण गरी यो प्रतिवेदन तयार गरिएको छ।

मध्यपहाडी लोक मार्ग सँगै जोडिएको यस गाउँपालिकाको शैक्षिक विकास तिब्र गतिमा अगाडी बढिरहेको छ।शिक्षा देश विकासको मेरुदण्ड हो र शिक्षाको विकास विना मानव समाजको विकास पनि सम्भव छैन।शिक्षाको अपरिहार्य महत्वलाई बुझेर नै सानीभेरी गाउँपालिकाले पहिलो प्राथमिकता शिक्षा क्षेत्रलाई विगत देखि दिँदै आएको छ।गाउँपालिकाको कूल बजेटको सबैभन्दा बढी बजेट शिक्षा क्षेत्रमा नै विगत देखि विनियोजन गर्दै आएको छ।यसरी समग्र गाउँपालिका शिक्षाको द्रुततर विकासमा अगाडी बढी रहेको छ।

वि.स.२०७३ चैत्र ९ गते स्थानीय सरकार गठन भए पश्चात सरकारले पहिलो प्राथमिकता शिक्षा क्षेत्रलाई नै दिई आफ्नो कार्य अगाडी बढाएको छ।२०७४ असोज २९ गते जारी भएको स्थानीय सरकार सञ्चालन ऐन-२०७४ को परिच्छेद ३, दफा ११, उपदफा २ को खण्ड ज ले आधारभूत र माध्यमिक शिक्षा सम्बन्धी २३ वटा अधिकार स्थानीय सरकारलाई दिएपछि गाउँपालिकामा जिम्मेवारी झन थपियो।त्यसै गरी दोस्रो कार्यकालका लागि निर्वाचित जनप्रतिनिधिहरुले पनि शिक्षा क्षेत्रलाई पहिलो प्राथमिकता दिई सानीभेरी गाउँपालिकाले शैक्षिक सुधारको लागि आवश्यक नीति, योजना तथा कार्यक्रम तय गरी अगाडी बढ्नका लागि कार्यदल गठन गरी अगाडी बढेको छ।

शिक्षाको गुणस्तर अभिवृद्धि गर्नका लागि विद्यालयमा भौतिक पक्षका साथसाथै शिक्षक व्यवस्थापन पनि हुनु नितान्त जरुरी छ।४५ वटा विद्यालय र ४९ वटा प्रारम्भिक बाल विकास केन्द्रहरु रहेको यस गाउँपालिकामा जम्मा शिक्षक

दरबन्दी प्रारम्भिक बाल विकास केन्द्रमा-३२,आधारभूत तह(१-५)मा-७५ आधारभूत तह(६-८)मा-२८,माध्यमिक तह(९-१०)मा-१० र माध्यमिक तह(११-१२)मा ६ वटा संघीय सरकारको दरबन्दी रहेको छ।जम्मा ८०८६ जना विद्यार्थी रहेको यस गाउँपालिकामा उक्त शिक्षक संख्याले पठनपाठन गर्न निकै कठिनाइ परेको अवस्थालाई मध्यनजर गरी गाउँपालिकाले प्रारम्भिक बाल विकास केन्द्रमा-१७, आधारभूत तह(१-५) मा-२५, आधारभूत तह(६-८)मा-४९, माध्यमिक तह(९-१०)मा-१६, शिक्षण सिकाइ अनुदान मा १३, माध्यमिक तह (११-१२) मा १ र १३ वटा विद्यालय सहायक र २१ वटा कम्प्युटर सहायकको लागि अनुदान रकमको व्यवस्था गरेर शिक्षक अभावलाई केही हदसम्म पूर्ति गरेको छ।यसका साथै विद्यालयको भौतिक लगायतका अन्य आवश्यकतालाई पनि सम्बोधन गर्ने प्रयास गरिएको छ।शैक्षिक सत्र २०७९ मा सानीभेरी गाउँपालिकामा प्रारम्भिक बाल विकास केन्द्र देखि कक्षा १२ सम्म जम्मा ८१५५ विद्यार्थी,राहत, दरवन्दी तथा गाउँपालिका अनुदान समेत गरी ३१९ जना शिक्षक, १३ जना विद्यालय सहायक र ४५ जना विद्यालय सहयोगी कार्यरत छन।

आर्थिक वर्ष २०७५/७६ देखि सानीभेरी गाउँपालिका अन्तर्गतका विद्यालयहरुमा “शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग र गुणस्तर सुधार कार्यक्रम” को शुरुवात गरिएता पनि यसको प्रभावकारी कार्यान्वयन हुन सकेन।विद्यालयहरुमा सुरु गरिएको ICT को लागि आवश्यक पूर्वाधार तथा सामग्रीहरुले निरन्तरता पाउन सकेनन। साथै सबै आधारभूत तह(६-८) र माध्यमिक विद्यालयहरुमा उपलव्ध गराइएको प्रोजेक्टरको पनि प्रभावकारी कार्यान्वयन हुन सकेन।विद्युतको पहुँच नभएका सबै विद्यालयहरुमा वैकल्पिक उर्जाको जडानको लागि शुरुवात गरिएता पनि अझै सबै विद्यालयमा पुग्न नसकेको अवस्था छ।

**(ख) अध्ययनको सन्दर्भः**

सानीभेरी गाउँपालिकामा मिति २०७९ जेठ ६ गते नवनिर्वाचित जनप्रतिनिधिहरुले पदभार ग्रहण गरी पदबहाली गरेपछी मिति २०७९ जेठ १५ गते बसेको गाउँ कार्यपालिकाको पहिलो बैठकले सानीभेरी गाउँपालिकाको शैक्षिक सुधारको लागि शाखा अधिकृत श्री भूपाल सिं विष्टको अध्यक्षतामा सात सदस्यीय शैक्षिक सुधार कार्यदल गठन गरेको थियो। सानीभेरी गाउँपालिकाको समग्र शैक्षिक पक्षको अध्ययन गरी शिक्षा क्षेत्रको सुधार गर्नका लागि सुझाव पेश गर्नु उक्त कार्यदलको प्रमुख उद्देश्य रहेको थियो।कार्यदलले गाउँपालिका अन्तर्गतका ४५ वटै सामुदायिक विद्यालयको स्थलगत अध्ययन तथा अनुगमन, विद्यालय सेवा क्षेत्रभित्रका अभिभावकहरु सँग छलफल तथा अन्तर्क्रिया, विद्यालयका शिक्षक तथा प्रधानाध्यापकहरु सँगको छलफल, बुद्धिजीवि, समाजसेवी तथा अन्य सरोकारवालाहरुसँगको छलफल तथा अन्तरक्रिया बाट प्राप्त तथ्याङ्क तथा जानकारीको विश्लेषण गरी यो प्रतिवेदन तयार गरिएको छ।

प्रतिवेदन तयार गर्ने सन्दर्भमा विद्यालयमा अनुगमनको क्रममा भर्ना अभिलेखमा भएको विद्यार्थी संख्या, कक्षामा उपस्थित विद्यार्थी संख्या, शिक्षक संख्या, विद्यालयको भौतिक विवरण, शिक्षक उपस्थीति, विद्यालयको अभिलेख, सामजिक परीक्षण र लेखापरीक्षण, सिकाइ उलब्धि, विद्यालय सुशासन, विद्यालय र यसको सेवा क्षेत्रको भौगोलिक अवस्था आदिलाई आधार मानिएको थियो।गाउँपालिकाको शिक्षाको विगतको अवस्था, वर्तमान अवस्था, हालसम्म भएका प्रयासहरु, समास्याको पहिचान, विद्यमान समस्या तथा चुनौतिहरु, अवसर र विद्यालयहरुको कार्यसम्पादनलाई पनि अध्ययनको क्रममा ध्यान दिइएको थियो। वर्तमानको शैक्षिक अवस्था र अबको शिक्षाको बाटो(दूरदृष्टि) लाई मध्यनजर गरी गाउँपालिकाले अंगीकार गर्नुपर्ने नीति तथा सञ्चालन गर्नुपर्ने योजना, कार्यक्रम, तयार गर्नुपर्ने कार्य योजनालाई समेत प्रतिवेदनमा समावेश गरिएको छ।

**(ग)विद्यमान समस्याहरुः**

- शिक्षक दरबन्दीको कमी
- भौतिक पूर्वाधारको अभाव
- फर्निचरको अभाव
- खानेपानी तथा घेराबारको समस्या
- शिक्षणमा ICT को प्रयोग हुन नसक्नु
- सिकाइ उपलव्धी वृद्धि हुन नसक्नु
- कक्षा शिक्षण प्रभावकारी हुन नसक्नु
- शिक्षक तथा विद्यार्थी नियमितता कायम हुन नसक्नु
- विद्यार्थी संख्या न्यून हुनु
- शैक्षिक गुणस्तर कमजोर हुनु
- शिक्षकहरुको क्षमता विकास हुन नसक्नु
- अभिभावक शिक्षा प्रभावकारी रुपमा दिन नसक्नु
- विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघको क्षमता विकास गर्न नसक्नु
- विद्यालय र समुदाय बीच प्रभावकारी सम्बन्ध कायम गर्न नसक्नु
- अभिभावकहरुमा विद्यालय प्रति अपनत्वको भावना विकास गर्न नसक्नु
- शिक्षण सिकाइ क्रियाकलाप प्रभावकारी रुपमा सञ्चालन हुन नसक्नु
- School as a sub system of society को अवधारणा व्यवहारिक रुपमा सही ढंगबाट कार्यान्वयन हुन नसक्नु
- विद्यालय सुशासनको अभाव
- पारदर्शिता, जवाफदेहिता, उत्तरदायित्व र जिम्मेवारीपनको अभाव
- विद्यालय सुधार योजनाको निर्माण वैज्ञानिक ढंगबाट नहुनु।

**(ग) विषय क्षेत्रको पहिचान**

शैक्षिक सुधार कार्यदलले गरेको अध्ययन र अन्य सैद्धान्तिक आधारमा देहायबमोजिमका विषय क्षेत्रहरुको पहिचान गरिएको छ।

❖ **शैक्षिक गुणस्तरः**

शिक्षाको राष्ट्रीय उद्देश्य हाँसिल गर्नका लागि विद्यालय शिक्षाको गुणस्तर अभिवृद्धि गर्नु जरुरी छ।सानीभेरी गाउँपालिकाको हालसम्मको विद्यालयगत सिकाइ उपलव्धीलाई विश्लेषण गर्ने हो भने शैक्षिक गुणस्तरको अवस्था सन्तोषजनक छैन।विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गर्नका कक्षाकोठाको शिक्षण सिकाइ क्रियाकलापलाई व्यवस्थित रुपमा सञ्चालन गर्न आवश्यक छ।

❖ **भौतिक पक्षः**

सानीभेरी गाउँपालिकामा रहेका ४५ वटा विद्यालयहरु मध्ये अधिकाँस विद्यालयहरुको भौतिक अवस्था कमजोर रहेको छ। अझैं पनि ४३ वटा विद्यालयका भवनहरु कच्ची छन र टीनको छानामुक्त विद्यालयहरु बनाउन सकिएको छैन।शैक्षिक गुणस्तर सुधारको पहिलो शर्त विद्यालयको भौतिक पक्षको प्रभावकारी व्यवस्थापन पनि हो।

❖ **आर्थिक पक्षः**

सबैजसो विद्यालयहरु सरकारी अनुदानको भरमा सञ्चालनमा रहेका छन। विद्यालयहरुको आन्तरिक स्रोत नहुँदा विद्यालय सञ्चालनमा समस्या देखा परेको छ। साथै निजी स्रोतमा शिक्षक भर्ना गर्ने परिपाटी अझै नरोकिएकोले विद्यालयको आर्थिक अवस्था नाजुक बनेको छ। विभिन्न किसिमका आयमूलक कार्यक्रमहरु सञ्चालन गरेर विद्यालयको आर्थिक स्रोत वृद्धि गर्नुपर्दछ।

❖ **शिक्षक व्यवस्थापनः**

समग्र रुपमा गाउँपालिकाको शिक्षक दरबन्दी हेर्ने हो भने विद्यालयहरुमा दरबन्दी पर्याप्त मात्रामा छैन। माध्यमिक तह सञ्चालित १३ वटा विद्यालयहरु मध्ये १२ वटा विद्यालयहरुमा स्वीकृत शिक्षक दरबन्दी छैन। अन्य आधारभूत विद्यालयहरुमा पनि न्युनतम शिक्षक दरबन्दी छैन। गाउँपालिकाले उपलब्ध गराएको शिक्षक अनुदान कार्यक्रमले केही राहत दिएको भएतापनि शिक्षक व्यवस्थापन प्रभावकारी रुपमा हुन नसक्दा अपेक्षित उपलब्धी हाँसिल हुन सकेको देखिदैन। शिक्षक पुनर्वितरण गर्दै गाउँपालिकाले उपलब्ध गराउ अनुदानलाई कार्यसम्पादन र नतिजाका आधारमा विद्यालयमा दिने व्यवस्था तत्काल कार्यान्वयनमा ल्याउनुपर्दछ।

❖ **संस्थागत पक्षः**

विद्यालयको संस्थागत सक्षमताको अवस्था सन्तोषजनक रहेको देखिदैन। विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, बाल क्लव समयमै गठन नहुनु, सामाजिक परीक्षण र लेखा परीक्षण समयमै हुन नसक्नु आदि समस्याको रुपमा रहेका छन। विद्यालयको संस्थागत पक्षको सुदृढीकरणका लागि प्रभावकारी संयन्त्र निर्माण गरेर अगाडी बढ्नुपर्छ। साथै संस्थागत सक्षमता विकासका कार्यक्रमहरु सञ्चालन गर्नुपर्छ।

❖ **विद्यालय सुशासनः**

विद्यालयको आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी नहुनु, विभिन्न समितिहरुको बैठक तोकिएको समयमा नबस्नु, पारदर्शिता, जवाफदेहिता र उत्तरदायित्वको अभाव, प्रचलित नियम कानूनको प्रभावकारी पालना हुन नसक्नु समस्याको रुपमा रहेका छन। विद्यालय नियमानुसार सञ्चालन हुन सकेन भने अपेक्षित उपलब्धि हाँसिल सक्दैन।

❖ **विद्यालय समुदाय सम्बन्धः**

विद्यालय शिक्षालाई गुणस्तरीय बनाउनको लागि विद्यालय र समुदाय वीचको सम्बन्धलाई सुदृढ बनाउनु पर्दछ। विद्यालय सेवा क्षेत्र भित्रका अभिभावकहरुसँगको अन्तरक्रिया र छलफलबाट धेरैजसो अभिभावकहरु विद्यालय र विशेष गरी शिक्षकहरुको कार्यसम्पादन प्रति सकारात्मक रहेको पाइएन। विद्यालय र समुदाय वीचको सम्बन्धलाई बलियो बनाउनको लागि अभिभावक शिक्षाका साथ साथै विद्यालयको विकासमा समुदाय परिचालनको आवश्यकता देखियो।

❖ **सूचना तथा सञ्चार प्रविधिः**

अहिलेको समयमा सूचना तथा सञ्चार प्रविधि विद्यालयमा अनिवार्य भइसकेको छ। आजको डिजिटल समयमा सबै यसको पहुँचमा हुन जरुरी छ। परम्परागत शिक्षण विधिको सट्टा सूचना तथा सञ्चार प्रविधिलाई क्रमशःसबै विद्यालयमा लागू गर्नु जरुरी छ। गाउँपालिकाले ठोस नीति निर्माण गरेर सबै विद्यालयहरुमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई अनिवार्य बनाउन आवश्यक छ। यसका लागि शिक्षक र विद्यार्थी दुबैको क्षमता विकास गर्ने कार्यक्रम सञ्चालन गर्नुपर्दछ। डिजिटल डिभाइडको अन्त्य गर्नका लागि यसलाई समुदाय स्तरसम्म समेत लिन जरुरी छ।

**(घ) विद्यमान अवस्थाः**

शैक्षिक सुधार कार्यदलले मिति २०७९ जेठ १९ गते देखि २०७९ असार २ गते सम्म सानीभेरी गाउँपालिका अन्तर्गतका ४५ वटै सामुदायिक विद्यालयहरुको अवलोकन, निरीक्षण तथा अनुगमन गर्दा उक्त अवधिमा विद्यालय अनुगमनको क्रममा विद्यालयमा भर्ना भएका जम्मा विद्यार्थी संख्या, अनुगमनको दिनमा उपस्थित विद्यार्थी संख्या, अनुगमनको क्रममा देखिएका विविध पक्षहरु, विद्यालयको भौतिक पक्षको विवरण, विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारी संख्यालाई यस खण्डमा प्रस्तुत गरिएको छ। यस खण्डमा उल्लेख भएको विद्यार्थी संख्या Integrated Educational Management Information System(IEMIS) मा आधारित नभएर विद्यालय अनुगमनको क्रममा विद्यालयमा उलव्ध विद्यार्थी भर्ना अभिलेखबाट लिइएको हो। विद्यालय अनुगमनको दिन भन्दा पछाडी कुनै विद्यालयमा विद्यार्थी भर्ना भएको भए उक्त अभिलेख यसमा समावेश गरिएको छैन। कार्यदलले विद्यालय अवलोकन तथा अनुगमनको क्रममा विद्यालयबाट प्राप्त गरेको शैक्षिक तथा भौतिक विवरण देहायबमोजिम उल्लेख गरिएको छ।

# विद्यार्थी भर्ना विवरण-२०७९(कक्षा १-५)

| S.N. | Name | Ward No. | ECD | | | G1 | | | G2 | | | G3 | | | G4 | | | G5 | | | G1-5 | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | G | B | T | G | B | T | G | B | T | G | B | T | G | B | T | G | B | T | G | B | T |
| 1 | Shital Ma VI Pakraiya | १ | | | 25 | | | 21 | | | 23 | | | 20 | | | 28 | | | 38 | | | **155** |
| 2 | BheridobhanMa VI Chainabagar | १ | | | 21 | | | 20 | | | 13 | | | 18 | | | 25 | | | 20 | | | **117** |
| 3 | JanapriyaAabiBhandarban | १ | | | 18 | | | 31 | | | 23 | | | 20 | | | 20 | | | 18 | | | **123** |
| 4 | PragatishilAbBukichaur | १ | | | 16 | | | 13 | | | 7 | | | 4 | | | | | | | | | **40** |
| 5 | BalJyoti Ma V Githakot | २ | | | 25 | | | 23 | | | 19 | | | 26 | | | 29 | | | 27 | | | **149** |
| 6 | JanakalyanAdhar V Purtimkanda | २ | | | 12 | | | 16 | | | 11 | | | 10 | | | 12 | | | 16 | | | **61** |
| 7 | GyanodayaAdhar V Ghartigaun | २ | | | 4 | | | | | | | | | | | | | | | | | | **4** |
| 8 | MalikaPahadAdhar V Basandanda | २ | | | 12 | | | 6 | | | 2 | | | 2 | | | | | | | | | **22** |
| 9 | Suryodaya M. V. Beltapu | ३ | | | 16 | | | 39 | | | 30 | | | 37 | | | 39 | | | 45 | | | **206** |
| 10 | BalKalyanAa Bi Goldada | ३ | | | 20 | | | 29 | | | 45 | | | 31 | | | 28 | | | 28 | | | **181** |
| 11 | Aa V Jyamire | ३ | | | 0 | | | 0 | | | 0 | | | 0 | | | 0 | | | 0 | | | **0** |
| 12 | DipjyotiAdhar V Chaukhe | ३ | | | 13 | | | 5 | | | 5 | | | 8 | | | 2 | | | 8 | | | **0** |
| 13 | SaniBheri Ma V | ४ | | | 22 | | | 28 | | | 18 | | | 24 | | | 20 | | | 32 | | | **166** |
| 14 | RastryaAabiChakhlemela | ४ | | | 32 | | | 27 | | | 21 | | | 18 | | | 15 | | | 19 | | | **133** |
| 15 | Nawa Chandra JyotiAa Bi Garchhala | ४ | | | 19 | | | 9 | | | 5 | | | 11 | | | 7 | | | 11 | | | **62** |
| 16 | Kalika Adhar V Ijar | ४ | | | 18 | | | 6 | | | 5 | | | 5 | | | | | | | | | **16** |
| 17 | Jana Jyoti Ma V Melchaura | ५ | | | 20 | | | 9 | | | 9 | | | 12 | | | 15 | | | 12 | | | **77** |
| 18 | Nepal Rastriya Ma Bi Ghapagar | ५ | | | 28 | | | 10 | | | 12 | | | 11 | | | 10 | | | 17 | | | **88** |
| 19 | BalhitAabiHasu | ५ | | | 23 | | | 21 | | | 16 | | | 20 | | | 22 | | | 28 | | | **130** |
| 20 | KalikaAa Bi Ghamtapne | ५ | | | 24 | | | 16 | | | 14 | | | 19 | | | 19 | | | 11 | | | **103** |
| 21 | BalkalyanAbsiltakuri | ५ | | | 9 | | | 7 | | | 4 | | | 7 | | | | | | | | | **27** |
| 22 | BalhitAabipokhari | ५ | | | 22 | | | 15 | | | 16 | | | 14 | | | | | | | | | **64** |

| S.N. | Name | Ward No. | ECD | | | G1 | | | G2 | | | G3 | | | G4 | | | G5 | | | G1-5 | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | G | B | T | G | B | T | G | B | T | G | B | T | G | B | T | G | B | T | G | B | T |
| 23 | LaxmiAabiKotgaun | ६ | | | 17 | | | 21 | | | 14 | | | 19 | | | 18 | | | 18 | | | **107** |
| 24 | PrithviAabiDeutakhola | ६ | | | 9 | | | 13 | | | 8 | | | 9 | | | 4 | | | 9 | | | **52** |
| 25 | JanataAabiChhahara | ६ | | | 15 | | | 9 | | | 3 | | | 6 | | | 8 | | | 4 | | | **45** |
| 26 | Amar JyotiAa Bi Sallichaura | ६ | | | 15 | | | 10 | | | 3 | | | 5 | | | 2 | | | 2 | | | **37** |
| 27 | KalikaAdhar V Phukru | ७ | | | 36 | | | 22 | | | 20 | | | 19 | | | 18 | | | 20 | | | **135** |
| 28 | JanachahanaAa Bi Sahare | ७ | | | 20 | | | 20 | | | 21 | | | 19 | | | 19 | | | 20 | | | **98** |
| 29 | Jana JyotiAdhar V Phukrujyula | ७ | | | 19 | | | 10 | | | 6 | | | 9 | | | 9 | | | 10 | | | **63** |
| 30 | ChandrodayaAabiSahare | ७ | | | 9 | | | 6 | | | 10 | | | 9 | | | 8 | | | 7 | | | **49** |
| 31 | Jana SahayogAdhar V Mathilloamdada | ८ | | | 9 | | | 11 | | | 8 | | | 8 | | | 8 | | | 7 | | | **51** |
| 32 | SaraswatiAabiTalloAamdada | ८ | | | 17 | | | 9 | | | 9 | | | 11 | | | 8 | | | 5 | | | **59** |
| 33 | BalKalyanAdhar V Pakherol | ८ | | | 0 | | | 11 | | | 3 | | | 3 | | | | | | | | | **17** |
| 34 | RaptiGyanodaya Ma V Simlee | ९ | | | 116 | | | 30 | | | 28 | | | 41 | | | 38 | | | 32 | | | **285** |
| 35 | Jana Priya Ma V, Hasibang | ९ | | | 18 | | | 17 | | | 18 | | | 17 | | | 15 | | | 12 | | | **97** |
| 36 | Shiva Aa Bi Magarranja | ९ | | | 13 | | | 14 | | | 12 | | | 11 | | | 11 | | | 12 | | | **95** |
| 37 | Saraswati Ma V Chintu | १० | | | 14 | | | 23 | | | 13 | | | 12 | | | 19 | | | 14 | | | **95** |
| 38 | Saraswati Ma V Armadada | १० | | | 26 | | | 14 | | | 11 | | | 13 | | | 34 | | | 38 | | | **136** |
| 39 | JanasewaAa Bi Ghanthana | १० | | | 23 | | | 11 | | | 10 | | | 13 | | | - | | | - | | | **57** |
| 40 | ShibaAbkapalbot | ११ | | | 16 | | | 17 | | | 10 | | | 15 | | | 29 | | | 36 | | | **123** |
| 41 | JanakalyanAdhar V Bagkhor | ११ | | | 35 | | | 20 | | | 23 | | | 29 | | | 31 | | | 30 | | | **168** |
| 42 | JanajagaranAabiGatina | ११ | | | 25 | | | 24 | | | 20 | | | 19 | | | - | | | - | | | **88** |
| 43 | Deep Jyoti Aa Bi Kanda | ११ | | | 18 | | | 27 | | | 20 | | | 20 | | | 19 | | | 23 | | | **127** |
| 44 | GyanJyotiAabiTimurbot | ११ | | | 13 | | | 13 | | | 13 | | | 11 | | | - | | | - | | | **50** |
| 45 | GyankunjaAabiRanichiura | ११ | | | 15 | | | 9 | | | 9 | | | 6 | | | - | | | - | | | **29** |
| **Total** | | | | | **852** | | | **694** | | | **576** | | | **684** | | | **569** | | | **601** | | | **3080** |

# विद्यार्थी भर्ना विवरण-२०७९ (कक्षा ६-८)

| SN | Name | G6 | | | G7 | | | G8 | | | G6-8 | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | G | B | T | G | B | T | G | B | T | G | B | T |
| 1 | Saraswati Ma V Chintu | | | 32 | | | 35 | | | 49 | | | **116** |
| 2 | Saraswati Ma V Armadada | | | 19 | | | 22 | | | 26 | | | **67** |
| 3 | Jana Jyoti Ma V Melchaura | | | 30 | | | 50 | | | 28 | | | **108** |
| 4 | LaxmiAabiKotgaun | | | 13 | | | 14 | | | 16 | | | **43** |
| 5 | PrithviAabiDeutakhola | | | 20 | | | 18 | | | 17 | | | **55** |
| 6 | BalhitAabiHasu | | | 29 | | | 15 | | | 15 | | | **59** |
| 7 | Nepal Rastriya Ma Bi Ghapagar | | | 11 | | | 20 | | | 19 | | | **50** |
| 8 | BalKalyanAa Bi Goldada | | | 29 | | | 32 | | | 32 | | | **93** |
| 9 | RastryaAabiChakhlemela | | | 31 | | | 24 | | | 24 | | | **79** |
| 10 | SaniBheri Ma VBalibang | | | 53 | | | 53 | | | 47 | | | **153** |
| 11 | Suryodaya M. V. Beltapu | | | 55 | | | 50 | | | 83 | | | **188** |
| 12 | KalikaAdhar V Phukru | | | 27 | | | 19 | | | 25 | | | **71** |
| 13 | Shital Ma V Pakriya | | | 41 | | | 30 | | | 28 | | | **99** |
| 14 | BheridobhanMaBiJangalgaunChainabagar | | | 24 | | | 18 | | | 28 | | | **70** |
| 15 | BalJyoti Ma V Githakot | | | 24 | | | 25 | | | 32 | | | **81** |
| 16 | JanakalyanAdhar V Purtimkanda | | | 16 | | | 16 | | | 8 | | | **40** |
| 17 | JanapriyaAabiBhandarban | | | 18 | | | 19 | | | 28 | | | **65** |
| 18 | Jana Priya Ma V, Hasibang | | | 21 | | | 18 | | | 22 | | | **61** |
| 19 | RaptiGyanodaya Ma V Simlee | | | 61 | | | 60 | | | 75 | | | **257** |
| 20 | JanakalyanAdhar V Bagkhor | | | 47 | | | 39 | | | 48 | | | **134** |
| 21 | ShibaAbkapalbot | | | 38 | | | 45 | | | 34 | | | **117** |
| 22 | JanachahanaAa Bi Sahare | | | 18 | | | 20 | | | 19 | | | **57** |
| | **Total** | | | **657** | | | **645** | | | **703** | | | **2005** |

# सानीभेरी गाउँपालिकाको समष्टिगत विद्यार्थी विवरण-२०७९

| क्र. स. | तह | जम्मा |
|---|---|---|
| १. | प्रारम्भिक बालविकास | ८८१ |
| २. | आधारभूत (कक्षा १-५) | ३१८३ |
| ३. | आधारभूत (कक्षा ६-८) | २००५ |
| ४. | माध्यमिक (कक्षा ९-१०) | १३०८ |
| ५. | माध्यमिक(कक्षा ११-१२) | ७७८ |
| | जम्मा | ८१५५ |

## प्रारम्भिक बालविकास केन्द्र देखि कक्षा १२ सम्म

## जम्मा विद्यार्थी संख्या: ८१५५

# विद्यार्थी उपस्थिति विवरण-२०७९(कक्षा १-५)

| SN | Name | ECD | | | G1 | | | G2 | | | G3 | | | G4 | | | G5 | | | G1-5 | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | G | B | T | G | B | T | G | B | T | G | B | T | G | B | T | G | B | T | G | B | T |
| 1 | Saraswati Ma V Chintu | | | 0 | | | 11 | | | 13 | | | 12 | | | 12 | | | 12 | | | 60 |
| 2 | Deep Jyoti Aa Bi Kanda | | | 10 | | | 12 | | | 12 | | | 17 | | | 11 | | | 15 | | | 67 |
| 3 | Saraswati Ma V Armadada | | | 6 | | | 10 | | | 8 | | | 9 | | | 22 | | | 32 | | | 81 |
| 4 | JanasewaAa Bi Ghanthana | | | 13 | | | 5 | | | 10 | | | 10 | | | | | | | | | 25 |
| 5 | GyanJyotiAabiTimurbot | | | 0 | | | 0 | | | 0 | | | 0 | | | | | | | | | 0 |
| 6 | GyankunjaAabiRanichiura | | | 12 | | | 8 | | | 8 | | | 6 | | | | | | | | | 22 |
| 7 | JanajagaranAabiGatina | | | 14 | | | 6 | | | 4 | | | 9 | | | | | | | | | 19 |
| 8 | Jana Jyoti Ma V Melchaura | | | 11 | | | 9 | | | 7 | | | 10 | | | 9 | | | 10 | | | 45 |
| 9 | LaxmiAabiKotgaun | | | 10 | | | 12 | | | 12 | | | 15 | | | 13 | | | 16 | | | 68 |
| 10 | Amar JyotiAa Bi Sallichaura | | | 10 | | | 6 | | | 1 | | | 3 | | | 0 | | | 1 | | | 11 |
| 11 | PrithviAabiDeutakhola | | | 4 | | | 6 | | | 5 | | | 5 | | | 4 | | | 8 | | | 28 |
| 12 | BalhitAabiHasu | | | 18 | | | 22 | | | 14 | | | 15 | | | 20 | | | 28 | | | 79 |
| 13 | Nepal Rastriya Ma Bi Ghapagar | | | 16 | | | 7 | | | 9 | | | 8 | | | 8 | | | 9 | | | 41 |
| 14 | JanataAabiChhahara | | | 8 | | | 8 | | | 3 | | | 6 | | | 7 | | | 4 | | | 28 |
| 15 | KalikaAa Bi Ghamtapne | | | 0 | | | 0 | | | 0 | | | 0 | | | 0 | | | 0 | | | 0 |
| 16 | DipjyotiAdhar V Chaukhe | | | 9 | | | 4 | | | 3 | | | 5 | | | 4 | | | 8 | | | 17 |
| 17 | Aa V Jyamire | | | 0 | | | 12 | | | 12 | | | 7 | | | 5 | | | 4 | | | 40 |
| 18 | Nawa Chandra JyotiAa Bi Garchhala | | | 9 | | | 5 | | | 4 | | | 11 | | | 6 | | | 8 | | | |
| 19 | BalKalyanAa Bi Goldada | | | 15 | | | 14 | | | 37 | | | 23 | | | 25 | | | 22 | | | 121 |
| 20 | RastryaAabiChakhlemela | | | 6 | | | 11 | | | 14 | | | 13 | | | 6 | | | 10 | | | 54 |
| 21 | SaniBheri Ma VBalibang | | | 0 | | | 23 | | | 10 | | | 16 | | | 13 | | | 19 | | | 81 |
| 22 | Suryodaya M. V. Beltapu | | | 10 | | | 23 | | | 14 | | | 21 | | | 26 | | | 29 | | | 113 |
| 23 | KalikaAdhar V Ijar | | | 7 | | | 6 | | | 4 | | | 4 | | | | | | | | | 14 |
| 24 | Shital Ma V Pakriya | | | 7 | | | 5 | | | 6 | | | 10 | | | 6 | | | 10 | | | 37 |
| 25 | BheridobhanMaBiJangalgaunChainabagar | | | 15 | | | 9 | | | 7 | | | 13 | | | 19 | | | 13 | | | 61 |

| SN | Name | ECD | | | G1 | | | G2 | | | G3 | | | G4 | | | G5 | | | G1-5 | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | G | B | T | G | B | T | G | B | T | G | B | T | G | B | T | G | B | T | G | B | T |
| 26 | BalJyoti Ma V Githakot | | | 17 | | | 19 | | | 12 | | | 19 | | | 28 | | | 17 | | | 95 |
| 27 | JanakalyanAdhar V Purtimkanda | | | 5 | | | 6 | | | 4 | | | 3 | | | 5 | | | 5 | | | 23 |
| 28 | JanapriyaAabiBhandarban | | | 11 | | | 31 | | | 22 | | | 20 | | | 26 | | | 15 | | | 114 |
| 29 | GyanodayaAdhar V Ghartigaun | | | 0 | | | 0 | | | 0 | | | 0 | | | 0 | | | 0 | | | 0 |
| 30 | MalikaPahadAdhar V Basandanda | | | 0 | | | 2 | | | 0 | | | 1 | | | | | | | | | 3 |
| 31 | KalikaAdhar V Phukru | | | | | | | | | | | | | | | | | | | | | |
| 32 | Jana Priya Ma V, Hasibang | | | 16 | | | 15 | | | 20 | | | 20 | | | 16 | | | 15 | | | 86 |
| 33 | RaptiGyanodaya Ma V Simlee | | | 89 | | | 22 | | | 21 | | | 33 | | | 28 | | | 19 | | | 212 |
| 34 | BalKalyanAdhar V Pakherol | | | 5 | | | 5 | | | 2 | | | 3 | | | | | | | | | 10 |
| 35 | Jana SahayogAdhar V Mathilloamdada | | | 2 | | | 2 | | | 4 | | | 0 | | | 3 | | | 2 | | | 11 |
| 36 | SaraswatiAabiTalloAamdada | | | 7 | | | 12 | | | 6 | | | 11 | | | 5 | | | 7 | | | 38 |
| 37 | Jana JyotiAdhar V Phukrujyula | | | 5 | | | 8 | | | 4 | | | 3 | | | 5 | | | 7 | | | 27 |
| 38 | Shiva Aa Bi Magarranja | | | 10 | | | 0 | | | 0 | | | 0 | | | 0 | | | 11 | | | 11 |
| 39 | ChandrodayaAabiSahare | | | 6 | | | 0 | | | 6 | | | 4 | | | 1 | | | 3 | | | 14 |
| 40 | BalhitAabipokhari | | | 13 | | | 8 | | | 7 | | | 8 | | | | | | | | | 23 |
| 41 | BalkalyanAbsiltakuri | | | 6 | | | 4 | | | 3 | | | 4 | | | | | | | | | 11 |
| 42 | JanakalyanAdhar V Bagkhor | | | 19 | | | 12 | | | 19 | | | 14 | | | 24 | | | 23 | | | 92 |
| 43 | ShibaAbkapalbot | | | 10 | | | 9 | | | 5 | | | 7 | | | 10 | | | 19 | | | 50 |
| 44 | PragatishilAbBukichaur | | | 0 | | | 0 | | | 0 | | | 0 | | | | | | | | | 0 |
| 45 | JanachahanaAa Bi Sahare | | | 0 | | | 0 | | | 6 | | | 6 | | | 7 | | | 12 | | | 31 |
| | **Total** | | | | | | | | | | | | | | | | | | | | | |

# विद्यार्थी उपस्थिति विवरण-२०७९(कक्षा ६-८)

| SN | Name | G6 | | | G7 | | | G8 | | | G6-8 | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | G | B | T | G | B | T | G | B | T | G | B | T |
| 1 | Saraswati Ma V Chintu | | | 28 | | | 30 | | | 33 | | | **91** |
| 2 | Saraswati Ma V Armadada | | | 17 | | | 10 | | | 19 | | | **46** |
| 3 | Jana Jyoti Ma V Melchaura | | | 27 | | | 32 | | | 24 | | | **83** |
| 4 | LaxmiAabiKotgaun | | | 12 | | | 13 | | | 12 | | | **37** |
| 5 | PrithviAabiDeutakhola | | | 13 | | | 9 | | | 11 | | | **34** |
| 6 | BalhitAabiHasu | | | 22 | | | 13 | | | 13 | | | **48** |
| 7 | Nepal Rastriya Ma Bi Ghapagar | | | 6 | | | 20 | | | 13 | | | **39** |
| 8 | BalKalyanAa Bi Goldada | | | 20 | | | 18 | | | 24 | | | **62** |
| 9 | RastryaAabiChakhlemela | | | 18 | | | 9 | | | 14 | | | **41** |
| 10 | SaniBheri Ma VBalibang | | | 36 | | | 40 | | | 30 | | | **106** |
| 11 | Suryodaya M. V. Beltapu | | | 37 | | | 29 | | | 37 | | | **103** |
| 12 | Shital Ma V Pakriya | | | 10 | | | 9 | | | 2 | | | **21** |
| 13 | BheridobhanMaBiJangalgaunChainabagar | | | 15 | | | 11 | | | 11 | | | **37** |
| 14 | BalJyoti Ma V Githakot | | | 20 | | | 19 | | | 26 | | | **65** |
| 15 | JanapriyaAabiBhandarban | | | 15 | | | 17 | | | 22 | | | **54** |
| 16 | KalikaAdhar V Phukru | | | | | | | | | | | | |
| 17 | Jana Priya Ma V, Hasibang | | | 18 | | | 16 | | | 17 | | | **51** |
| 18 | RaptiGyanodaya Ma V Simlee | | | 52 | | | 51 | | | 72 | | | **120** |
| 19 | JanakalyanAdhar V Bagkhor | | | 41 | | | 30 | | | 42 | | | **113** |
| 20 | ShibaAbkapalbot | | | 20 | | | 33 | | | 20 | | | **73** |
| 21 | JanachahanaAa Bi Sahare | | | 16 | | | 9 | | | 9 | | | **34** |
| | **Total** | | | **438** | | | **418** | | | **451** | | | **1307** |

# विद्यार्थी उपस्थिति विवरण-२०७९(कक्षा (९-१२)

| SN | Name | G9 | | | G10 | | | G 9-10 | | | G11 | | | G12 | | | G11-12 | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | G | B | T | G | B | T | G | B | T | G | B | T | G | B | T | G | B | T |
| 1 | RaptiGyanodaya Ma V Simlee | | | 123 | | | 108 | | | 231 | | | **170** | | | **166** | | | **336** |
| 2 | Saraswati Ma V Armadada | | | 15 | | | 11 | | | 26 | | | | | | **49** | | | |
| 3 | SaniBheri Ma VBalibang | | | 31 | | | 38 | | | 69 | | | | | | **54** | | | |
| 4 | Jana Jyoti Ma V Melchaura | | | 27 | | | 22 | | | 49 | | | | | | **29** | | | |
| 5 | Suryodaya M. V. Beltapu | | | 70 | | | 62 | | | 132 | | | | | | **67** | | | |
| 6 | Shital Ma V Pakriya | | | 14 | | | 10 | | | 24 | | | | | | **26** | | | |
| 7 | BalJyoti Ma V Githakot | | | 21 | | | 20 | | | 41 | | | | | | **33** | | | |
| 8 | BheridobhanMaBiJangalgaunChainabagar | | | 29 | | | 0 | | | 29 | | | | | | **17** | | | |
| 9 | Saraswati Ma V Chintu | | | 30 | | | 53 | | | 83 | | | | | | | | | |
| 10 | Jana Priya Ma V, Hasibang | | | 17 | | | 23 | | | 40 | | | | | | | | | |
| 11 | Nepal Rastriya Ma Bi Ghapagar | | | 17 | | | 15 | | | 32 | | | | | | | | | |
| | **Total** | | | **394** | | | **362** | | | **756** | | | | | | **441** | | | |

# सानीभेरी गाउँपालिका रुकुम(पश्चिम)को समष्टिगत शिक्षक विवरण-२०७९

| क्र.स. | विद्यालयको नाम | वडा नं. | सञ्चालित कक्षा | शिक्षक विवरण | | | | | | | | | | | | | | | | | | | | | | जम्मा | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | प्रावि | | | | | निमावि | | | | | मावि | | | | | उमावि | | | प्रविधिक धार | | ECD | | | |
| | | | | स्था | ल | र | गाप | शिस अनु | स्था | ल | र | गा पा | शिस अनु | स्था | ल | र | गा पा | शिस अनु | द | लनु | गा पा | लनु | गा पा | लनु | गाप | | |
| १ | शितल मावि पक्रैया | १ | १-१२ | २ | १ | - | १ | - | - | - | - | २ | १ | - | - | - | २ | १ | - | - | - | - | - | १ | - | ११ | |
| २ | भेरीदोभान मा.वि. चाइनाबगर | १ | १-१२ | ३ | - | - | - | - | - | - | - | २ | १ | - | - | - | २ | - | - | - | - | - | १ | १ | - | ११ | |
| ३ | जनप्रिय आ.वि. भण्डारवन | १ | १-८ | २ | - | १ | १ | - | - | - | - | २ | १ | - | - | - | - | - | - | - | - | - | - | १ | - | ८ | |
| ४ | प्रगतिशिल आवि बुकीचौर | १ | १-३ | - | - | - | १ | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | १ | २ | |
| ५ | बालज्योति मावि गिठाकोठ | २ | १-१२ | ३ | - | - | - | - | - | - | ३ | - | - | - | - | - | १ | ३ | - | - | - | - | - | १ | - | ११ | |
| ६ | जनकल्याण आ.वि. पूर्तिमकाँडा | २ | १-८ | १ | | २ | | - | - | - | - | २ | १ | - | - | - | - | - | - | - | - | - | - | - | १ | ७ | |

| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ७ | ज्ञानोदय आवि घर्तिगाँउ | २ | १-३ | - | - | - | २ | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | १ | ३ | |
| ८ | मालिका पहाड आवि बसनडाँडा | २ | १-३ | - | - | - | १ | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | १ | २ | |
| ९ | सुर्योदय मावि बेल्टापु | ३ | १-१२ | ३ | - | १ | - | - | - | - | ४ | २ | - | - | - | - | १ | २ | - | - | १ | - | - | १ | - | १५ | |
| १० | बालकल्याण आवि गोलडाँडा | ३ | १-८ | ३ | - | - | - | - | - | - | - | ३ | १ | - | - | - | - | - | - | - | - | - | - | १ | - | ८ | |
| ११ | आधारभूत विद्यालय ज्यामिरे | ३ | १-५ | ३ | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | १ | - | ४ | |
| १२ | दिपज्योति आवि चौखे | ३ | १-५ | ३ | - | - | - | - | - | - | - | - | - | - | - | - | | | - | - | - | - | - | १ | - | ४ | |
| १३ | सानीभेरी मावि बलिबाङ | ४ | १-१२ | ३ | - | १ | १ | - | १ | - | २ | १ | - | - | - | २ | १ | - | - | २ | - | - | - | १ | - | १५ | |
| १४ | बालदिप आवि चाख्लेमेला | ४ | १-८ | ३ | - | - | - | - | - | - | - | ३ | - | - | - | - | | | - | - | - | - | - | - | १ | ७ | |
| १५ | नवचन्द्रज्योति आवि गारछाला | ४ | १-५ | १ | - | २ | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | १ | - | ४ | |
| १६ | कालिका आवि इजर | ४ | १-३ | - | - | २ | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | १ | ३ | |

| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १७ | जनज्योति मावि मेलचौर | ५ | १-१२ | ३ | - | - | - | - | - | - | ३ | - | - | - | - | - | १ | २ | - | - | १ | - | - | १ | - | ११ | |
| १८ | ने.रा.मा.वि. घापागार | ५ | १-१० | २ | १ | - | - | - | - | - | - | २ | १ | - | - | - | २ | १ | - | - | - | - | - | - | १ | १० | |
| १९ | बालहित | ५ | १-८ | - | - | २ | १ | - | - | - | - | २ | १ | - | - | - | - | १ | - | - | - | - | - | १ | - | ८ | |
| २० | कालिका आवि घामताप्ने | ५ | १-५ | - | - | - | ३ | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | १ | - | ४ | |
| २१ | बालकल्याण आवि | ५ | १-३ | - | - | - | १ | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | १ | २ | |
| २२ | बालहित आवि पोखरी | ५ | १-३ | - | - | - | ३ | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | १ | ४ | |
| २३ | लक्ष्मी आवि कोटगाउँ | ६ | १-८ | २ | १ | - | - | - | - | - | १ | २ | - | - | - | - | - | - | - | - | - | - | - | - | १ | ७ | |
| २४ | पृथ्वी आवि | ६ | १-६ | ३ | - | १ | १ | - | - | - | - | २ | १ | - | - | - | - | - | - | - | - | - | - | १ | - | ९ | |
| २५ | जनता आवि छहरा | ६ | १-५ | - | - | २ | १ | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | १ | - | ४ | |
| २६ | अमरज्योति | ६ | १-५ | १ | - | १ | | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | १ | - | ३ | |
| २७ | जनचाहना आवि सहरे | ७ | १-८ | ३ | - | १ | - | - | - | - | - | २ | १ | - | - | - | - | - | - | - | - | - | - | - | १ | ८ | |
| २८ | जनज्योति आवि फुक्रुजिउला | ७ | १-५ | - | - | ३ | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | १ | - | ४ | |
| २९ | चन्द्रोदय आवि सहरे | ७ | १-५ | - | - | ३ | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | १ | - | ४ | |
| ३० | जनसहयोग आवि | ८ | १-५ | १ | १ | १ | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | १ | - | ४ | |

| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | माथिल्लो आँमडाँडा | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| ३१ | सरस्वति आवि तल्लो आँमडाँडा | ८ | १-५ | - | - | ३ | - | - | - | - | - | | - | - | - | - | - | - | - | - | - | - | - | १ | - | ४ | |
| ३२ | बालकल्याण आवि पाखेरोल | ८ | १-३ | - | - | - | १ | - | - | - | - | | - | - | - | - | - | - | - | - | - | - | - | - | १ | २ | |
| ३३ | कालिका आवि फुक्रु | ८ | १-८ | ४ | १ | १ | - | - | - | - | - | २ | १ | - | - | - | - | - | - | - | - | - | - | १ | - | १० | |
| ३४ | राष्ट्री ज्ञानोदय मावि सिम्ली | ९ | १-१२ | ४ | - | १ | - | - | ३ | - | - | १ | - | ५ | - | - | - | - | २ | - | - | | २ | १ | - | १९ | |
| ३५ | जनप्रिय मावि हाँसिबाङ | ९ | १-१० | ४ | - | १ | - | - | ३ | - | - | - | - | - | - | - | २ | १ | - | - | - | - | - | १ | - | १२ | |
| ३६ | शिव आवि मगरराङ्जा | ९ | १-५ | - | - | २ | १ | - | - | - | - | | - | - | - | - | | | - | - | - | - | - | १ | - | ४ | |
| ३७ | सरस्वति मावि चिन्तु | १० | १-१० | ३ | - | - | - | - | - | - | - | २ | १ | - | - | - | १ | २ | - | - | - | - | - | - | १ | १० | |
| ३८ | सरस्वति आवि अर्मांडाँडा | १० | १-१२ | ३ | - | - | - | - | १ | १ | ३ | | - | - | - | ३ | | - | - | २ | - | - | - | १ | - | १४ | |
| ३९ | जनसेवा आवि घनठाना | १० | १-३ | - | - | १ | १ | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | १ | - | ३ | |
| ४० | शिव मा.वि. काफलबोट | ११ | १-१० | २ | - | १ | १ | - | १ | - | - | २ | १ | - | - | - | - | - | - | - | - | - | - | १ | - | ९ | |

| क.स. | विद्यालयको नाम | वडा नं. | सञ्चालित कक्षा | शिक्षक विवरण | | | | | | | | | | | | | | | | | | | | | | जम्मा | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | प्रावि | | | | | निमावि | | | | | मावि | | | | | उमावि | | | प्रविधिक धार | | ECD | | | |
| | | | | स्था | अ | रा | गापा | शिस अनु | स्था | अ | रा | गापा | शिस अनु | स्था | अ | रा | गापा | शिस अनु | दर | अनु | गापा | अनु | गापा | अनु | गापा | | |
| ४१ | जनकल्याण मा.वि. बागखोर | ११ | १-१० | ५ | - | - | - | - | - | - | १ | २ | - | - | - | - | - | - | - | - | - | - | - | १ | - | ९ | |
| ४२ | दिपज्योति आवि काँडा | ११ | १-५ | १ | - | १ | १ | - | - | - | - | | - | - | - | - | - | - | - | - | - | - | - | १ | - | ४ | |
| ४३ | जनजागरण आवि गात्तिना | ११ | १-३ | - | - | - | २ | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | १ | - | ३ | |
| ४४ | ज्ञानज्योति आवि टिम्मुरबोट | ११ | १-३ | - | - | १ | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | १ | - | २ | |
| ४५ | ज्ञानकुञ्ज आवि रानिच्यूरा | ११ | १-३ | - | - | - | १ | - | | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | १ | - | २ | |
| ४६ | जनजार्गिती बा.वि. गोलचौर | ४ | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | १ | १ | |
| ४७ | बा.वि. तिमिले पोखरी | ३ | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | १ | १ | |
| ४८ | बा.वि. स्याला | ३ | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | १ | १ | |
| ४९ | बा.वि. परियार टोल | २ | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | १ | १ | |
| **जम्मा** | | | | ७१ | ४ | ३६ | २५ | | ९ | १ | १८ | ३३ | १३ | ५ | - | ५ | १५ | १३ | २ | ४ | २ | - | ३ | ३२ | १७ | ३०८ | |

**नोटः** स्था- स्थायी शिक्षक, अ- अस्थायी शिक्षक, रा- राहत शिक्षक, गापा- गाउँपालिका अनुदानमा कार्यरत शिक्षक, शिस अनु- शिक्षण सिकाइ सहयोग अनुदानमा कार्यरत शिक्षक, अनु- सशर्त अनुदान

## १. शिक्षक संख्याः -३२९

१. वालविकासः SSDPअनुदान -३२, गाउँपालिका अनुदान -१७ जम्माः ४९

२. आधारभूत (कक्षा १-५) - स्थायी -७१, अस्थायीः ४, राहतः ३५, गाउँपालिका अनुदानः २२
जम्माः १३५

३. आधारभूत (कक्षा ६-८) —स्थायीः ९, अस्थायीः-१ , राहतः-१८, शिसअः १३ गाउँपालिका अनुदानः ३५
जम्माः ७६

४. माध्यमिक (कक्षा ९-१०) —स्थायीः ५, अस्थायीः ० , राहतः ५, गाउँपालिका अनुदानः १३ शिसअः १४
जम्माः ३७

५. माध्यमिक (कक्षा ११-१२) —दरवन्दी-२, अनुदान -४, गाउँपालिका अनुदान-२ जम्माः ८

६. प्राविधिक धार तर्फ- सहायक प्रशिक्षक -२ प्रशिक्षक -१ जम्माः ३

७. कम्प्युटर सहायक — जम्माः २१

## २. स्रोत विवरणः-

क. दरवन्दी - आ.वि. (१-५)— ७५, आ.वि.(६-८)-१०, मा.वि(९-१२)—५ जम्माः ९०

ख. राहत - आ.वि. (१-५)— ३५, आ.वि.(६-८)-१८, मा.वि(९-१२)—११ जम्माः ६४

ग. शिसिसअनुदान - आ.वि. (१-५)— आ.वि.(६-८)-१३, मा.वि(९-१०)— १४ जम्माः २७

घ. गा.पा. अनुदान - आ.वि. (१-५)— २२, आ.वि.(६-८)-३५, मा.वि(९-१२)—१५, प्राविधिक तर्फ -३,
कम्प्युटर सहायक— २१

ङ. बालविकास अनुदान — ३२

च. बालविकास गा.पा. -१७

जम्मा विद्यालयः ४५

**जम्मा प्रारम्भिक वालविकास केन्द्रः ४९ (विद्यालयमा आधारित-४५, समुदायमा आधारितः४)**

# विद्यालयहरुको भौतिक विवरण-२०७९

| क्र.स. | विद्यालयको नाम | वडा नं. | जगगाको क्षेत्रफलब.मि. | खेल मैदान | खानेपानी | शौचालय | | भवन विवरण | | | प्रयोगशाला | पुस्तकालय | कम्प्युटर ल्याव | ईन्टरनेट | फर्निचर | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | कच्ची | पक्की | कच्ची | पक्की | जम्मा कोठा संख्या | | | | | डेस्क | बेन्च | अन्य |
| १ | शितल मावि पक्रैया | १ | ५९४० | छ | अपर्याप्त | १ | १ | ४ | १ | १४ | छैन | छ | छ | छैन | ४२ | ४२ | ९ |
| २ | भेरीदेभान मा.वि. चायनाबगर | १ | २७८० | छ | छ | ० | २ | ३ | ३ | २२ | छ | छैन | छ | छ | ६५ | ६५ | १८ |
| ३ | जनप्रिय आधारभूत विद्यालय भण्डारबन | १ | १७१० | सामान्य | छ | १ | १ | २ | २ | १४ | छैन | छैन | सामान्य | छैन | ६२ | ६२ | १६ |
| ४ | प्रगतिशील आवि बुकीचौर | १ | | छ | सामान्य | १ | ० | १ | ० | ४ | छैन | छैन | छैन | छैन | १० | १० | ४ |
| ५ | बालज्योति मावि गिठाकोट | २ | २२८५ | अपर्याप्त | छ | २ | ० | ३ | २ | १९ | छ | छ | छ | छ | ६० | ६० | ३८ |
| ६ | जनकल्याण आवि पूर्तिमकाँडा | २ | ३३३५ | छ | छैन | १ | ० | १ | २ | ६ | छैन | छ | सामान्य | छैन | ३१ | ३१ | १४ |
| ७ | ज्ञानोदय आवि घर्तिगाँउ | २ | ६७० | सामान्य | छ | १ | ० | २ | ० | ४ | छैन | छैन | छैन | छैन | ८ | ८ | ८ |
| ८ | मालिका पहाड आवि बसनडाँडा | २ | १५५ | छ | छैन | १ | ० | २ | ० | ५ | छैन | छैन | छैन | छैन | १२ | १२ | ११ |
| ९ | सुर्योदय मावि बेल्टापु | ३ | ४८४० | छ | छ | ० | ३ | ३ | ३ | १८ | छ | छ | छ | छ | १२५ | १२५ | ३५ |
| १० | बालकल्याण आवि गोलडाँडा | ३ | ७३५ | अपर्याप्त | अपर्याप्त | २ | १ | ३ | २ | १५ | छैन | छैन | सामान्य | छ | ५० | ५० | १५ |
| ११ | आधारभूत विद्यालय ज्यामिरे | ३ | २७६० | छ | छ | १ | ० | ३ | ० | १० | छैन | छैन | सामान्य | छैन | २० | २० | ११ |
| १२ | दिपज्योति आवि चौखे | ३ | ११९० | छ | पर्याप्त | १ | ० | ३ | ० | ११ | छैन | छैन | छैन | छैन | १७ | १७ | १६ |
| १३ | सानीभेरी मावि बलिबाङ | ४ | २१०८ | छ | छ | २ | ० | ४ | २ | २२ | छ | छैन | छ | छ | १२० | १२० | ११ |
| १४ | राष्ट्रीय आवि चाख्लेमेला | ४ | २३०५ | सामान्य | अपर्याप्त | ० | १ | ३ | १ | १० | छैन | छैन | सामान्य | छैन | ५० | ५० | १८ |
| १५ | नवचन्द्रज्योति आवि गारछाला | ४ | ३६६५ | छैन | सामान्य | १ | ० | २ | १ | ६ | छैन | छैन | छैन | छैन | ८ | ८ | १३ |
| १६ | कालिका आवि इजर | ४ | १७८० | सामान्य | छैन | १ | ० | ३ | ० | ७ | छैन | छैन | छैन | छैन | ६ | ६ | ११ |
| १७ | जनज्योति मावि मेलचौर | ५ | ५०० | छ | छ | २ | ० | ३ | १ | १५ | छैन | छैन | छैन | छैन | १०२ | १०२ | २१ |
| १८ | नेपाल राष्ट्रिय मावि घापागार | ५ | २१८५ | छ | छ | ३ | १ | ३ | २ | १५ | छैन | छैन | छ | छैन | ६२ | ६२ | ३४ |
| १९ | बालहित आवि हाँसु | ५ | १२६० | छ | छैन | १ | ० | ४ | १ | १३ | छैन | छैन | छैन | छैन | २५ | २५ | १६ |
| २० | कालिका आवि घामताप्ने | ५ | ३००० | छैन | सामान्य | १ | ० | ३ | ० | ५ | छैन | छैन | छैन | छैन | २५ | २५ | १० |
| २१ | बालकल्याण आवि शिलटाकुरी | ५ | ३०० | छ | छैन | १ | ० | १ | ० | ४ | छैन | छैन | छैन | छैन | ४ | ४ | ६ |
| २२ | बालहित आवि पोखरी | ५ | १०८० | छ | छ | १ | ० | २ | ० | ५ | छैन | छैन | छैन | छैन | १० | १० | १० |
| २३ | लक्ष्मी आवि कोटगाँउ | ६ | १६५५ | सामान्य | छ | १ | ० | ३ | १ | १० | छैन | छैन | सामान्य | छैन | ६५ | ६५ | १७ |
| २४ | पृथ्वी आवि देउताखोला | ६ | २९९० | सामान्य | छ | १ | ० | ३ | १ | १५ | छैन | छैन | सामान्य | छैन | ४५ | ४५ | १७ |
| २५ | जनता आवि छहरा | ६ | १५०० | छ | छ | १ | ० | २ | ० | ४ | छैन | छैन | छैन | छैन | १८ | १८ | १५ |
| २६ | अमरज्योति आवि सल्लीचौर | ६ | २६४५ | छ | छ | १ | ० | २ | ० | ६ | छैन | छैन | छैन | छैन | १२ | १२ | १२ |
| २७ | जनचाहना आवि सहरे | ७ | २९४५ | सामान्य | सामान्य | २ | ० | ४ | १ | १२ | छैन | छैन | छैन | छैन | ३५ | ३५ | १२ |
| २८ | जनज्योति आवि फुक्रुज्यूला | ७ | ११४५ | छ | छ | १ | ० | ० | २ | ४ | छैन | छैन | छैन | छैन | १७ | १२ | ३ |

| क.स. | विद्यालयको नाम | वडा नं. | जग्गाको क्षेत्रफलब.मि. | खेल मैदान | खानेपानी | शौचालय | | भवन विवरण | | | प्रयोगशाला | पुस्तकालय | कम्प्युटर ल्याव | ईन्टरनेट | फर्निचर | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | कच्ची | पक्की | कच्ची | पक्की | जम्मा कोठा संख्या | | | | | डेस्क | बेन्च | अन्य |
| २९ | चन्द्रोदय आवि सहरे | ७ | ९०५ | सामान्य | सामान्य | १ | | २ | | ६ | छैन | छैन | छैन | छैन | २० | २० | १० |
